CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यसद्धर्म-

लङ्कावतारसूत्रम्



प्रकाशक : जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थाको दशौं पुष्प - १०

नेपालीभाषानुवादसहित

आर्यसद्धर्म–

लङ्कावतारसूत्रम्

अनुवादक
सहप्राध्यापक : डा. काशीनाथ न्यौपाने

सम्पादन
सहप्राध्यापक : नवराज कट्टेल

प्रकाशक
जयतु संस्कृतम्
काठमाडौँ, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक नाम	:	आर्यसद्धर्म– लङ्कावतारसूत्रम्
Book Name	:	Aryasaddharma—Lankavatarasutram
प्रकाशक	:	जयतु संस्कृतम् (दूरभाष : ४–२३०३७१)
Publisher	:	*Jayatu Sanskritam* *Anamanagar, Kathmandu*
संस्करण	:	प्रथम
Edition	:	*First, 2068 (2012)*
पुस्तक सङ्ख्या	:	१,००० प्रति
Printed Copies	:	*1,000 copies*
प्रकाशन वर्ष	:	२०६८ चैत्र
Publication Year	:	2068
पुनःप्रकाशनाधिकार	:	लेखक
©	:	*Authors*
अनुवादक	:	सहप्राध्यापक : डा. काशीनाथ न्यौपाने
Translator	:	*Reader Dr. Kashinath Nyaupane*
सम्पादक	:	सहप्राध्यापक : नवराज कट्टेल
Editor	:	*Reader Nawaraj Kattel*
आवरण	:	राज श्रेष्ठ
Cover Design	:	Raj Shrestha
टङ्कण	:	रञ्जन घिमिरे
Type Setting	:	Ranjan Ghimire : *9851003016*
मुद्रक	:	किशोर अफसेट प्रेस (प्रा.) लि., काठमाडौं ।
Printed	:	*Kishor Offset Press (P.) Ltd., KTM., Nepal*
मूल्य	:	रू. ४५०/–
Price	:	Rs. 450/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

जयतु संस्कृतम् विशुद्ध सामाजिक सेवामूलक गैर-सरकारी संस्था हो । जयतु संस्कृतम् आन्दोलन २००४ ले राजनीतिक, सामाजिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा ठूलो हलचल ल्यायो । सोही आन्दोलनको पचास वर्ष पुगेको स्मृतिमा वि.सं. २०५४ सालमा जयतु संस्कृतम् आन्दोलन २००४ को स्वर्णमहोत्सव मनाउने सन्दर्भमा वर्षभरि नै अनेक कार्यक्रमहरू आयोजना गरिए । त्यसै आन्दोलनको गरिमा र स्वर्ण महोत्सवको स्मृतिलाई जीवन्त राख्ने ध्येयले वि.सं. २०५५ मा जयतु संस्कृतम् संस्था स्थापनाको घोषणा गरी सोही वर्ष जिल्ला प्रशासन कार्यालय काठमाडौंमा (द.नं.२४२, ०५५/०५६) दर्ता भएपछि औपचारिक रूपमा सामाजिक र प्राज्ञिक क्रियाकलापका साथ अगाडि बढिरहेको छ ।

तत्काल संस्कृत पढ्ने छात्रहरूले पनि संस्कृत वाङ्मयका विभिन्न विधाका साथै इतिहास, भूगोल, अर्थशास्त्र आदि अनेक आधुनिक विषयको अध्ययन गर्न पाउनुपर्ने माग सहित यो आन्दोलन सुरू भएको थियो । जयतु संस्कृतम् आन्दोलनको पृथक् महत्त्व रहन गएको छ । त्यही आन्दोलनको उत्तराधिकारी यो संस्था आज संस्कृत भाषाको लोकप्रियता बढाउन संस्कृत पठनपाठन प्रक्रियालाई अरू व्यापक बनाउने, संस्कृत वाङ्मयका महत्त्वपूर्ण ग्रन्थहरूलाई नेपालीसहित विभिन्न लोकभाषामा अनूदित गर्दै प्रकाशित गर्ने, संस्कृत भाषाको प्रचारप्रसार गर्दै नेपाली संस्कृति र सभ्यताको संरक्षण र संवर्द्धन गर्ने, गोष्ठी, प्रशिक्षण, कार्यशाला आदि सञ्चालन गर्ने, उत्तर महाभारतजस्ता महत्त्वाकाङ्क्षी गुरुयोजना सञ्चालन गर्ने जस्ता विविध उद्देश्य एवं लक्ष्यका साथ कार्य गर्दै आइरहेको छ । संस्कृतमा महत्त्वपूर्ण ग्रन्थहरू लेखी प्रकाशित गर्ने विद्वान्हरूलाई जयतु संस्कृतम् पुरस्कारद्वारा सम्मान गर्नु पनि यसको उद्देश्य र कार्यक्रम रहेको छ ।

ग्रन्थ प्रकाशन योजनाअन्तर्गत हालसम्म नौवटा ग्रन्थ प्रकाशित भइसकेका छन् । प्रकाशित ग्रन्थहरू निकै महत्त्वपूर्ण छन् । कतिपय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकहरूका सबै प्रति सिद्धिएका छन् । पुनः प्रकाशन गर्नुपर्ने भएको छ । २०६८ मा ४ वटा ग्रन्थ ब्रह्मसूत्र, गौतमन्यायसूत्र, लङ्कावतारसूत्र, र चार्वाक दर्शन अनुवाद एवं सम्पादन भई प्रकाशनको आलोकमा आउँदा हामीलाई ज्यादै खुसी लागेको छ । जयतु संस्कृतम् संस्थाले ग्रन्थानुवाद र ग्रन्थ प्रकाशन परियोजनालाई पनि आफ्नो उद्देश्यअन्तर्गत समावेश गरेको छ । तदनुसार वर्तमान कार्यसमितिका अध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको विशेष सक्रियता र निर्देशनमा संस्कृतमा रहेका मुख्य दश दर्शनका मुख्य-मुख्य सूत्रग्रन्थहरूलाई नेपालीमा अनुवाद गरी नेपाली भाषाभाषीका माझमा पुऱ्याउने अठोट गऱ्यो यस संस्थाले । जस अनुसार आस्तिक दर्शन (वेदप्रामाण्य मान्ने) वेदान्त, मीमांसा, न्याय, वैशेषिक, योग, साङ्ख्य र नास्तिक दर्शनमा बौद्ध (योगाचार, सौत्रान्त्रिक, माध्यमिक, वैभाषिक) ४, जैन र चार्वाक गरी ६ दर्शन रहेका छन् । यी दर्शनबाहेक शैव दर्शन र यसका ४ (नकुलीशपाशुपत दर्शन, वीरशैवदर्शन, शैवसिद्धान्त दर्शन, प्रत्यभिज्ञा दर्शन) भेद समेत गरी सर्वदर्शनसङ्ग्रहमा १६ दर्शनको व्याख्या गरिएको पाइन्छ । यी सबै दर्शनलाई नेपाली पाठक समक्ष प्रस्तुत गर्ने इच्छा राखेको छ संस्थाले । साधन-स्रोतले भ्याएसम्म संस्था अगाडि बढ्ने नै छ । संस्कृत भाषामा लेखिएका र सम्पादन गरिएका महत्त्वपूर्ण कृतिहरूलाई पनि प्रकाशनको आलोकमा लैजाने संस्थाको पूर्वप्रतिवद्धता पनि यथावत् नै कायम छ ।

यस परियोजनालाई आर्थिक सहयोग गर्नुहुने अध्यक्ष विद्यानाथ उपाध्याय, उपाध्यक्ष शरदकुमार भट्टराई, अर्थव्यवस्थापनको चाँजोपाजो मिलाई दिनुहुने कोषाध्यक्ष डा.बद्री पोखेल, विद्याकुमारी बज्राचार्य, भैरव रिसाल, अच्युतराज रेग्मी, केशव भट्टराई, संस्थाको अनुसन्धान एवं प्रकाशन परियोजनालाई सहयोग गर्ने नेपाल सरकार, संस्कृति मन्त्रालय र यसका सहयोगी कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । लङ्कावतारसूत्रको नेपालीमा अनुवाद गर्न संस्थाले गरेको अनुरोधलाई स्वीकारी सहयोग पुऱ्याउनुभएकामा यसका अनुवादक डा. काशीनाथ न्यौपाने विशेष धन्यवादका पात्र हुनुहुन्छ । एवं रीतले यस ग्रन्थलाई सम्पादन, प्रकाशन र अन्य कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछौं ।

-जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

लङ्कावतारसूत्रमा चित्तलाई परमार्थसत् मानिएको छ। यसबाहेक लोकमा दृश्यमान समस्त जगत् मायामय मानिएको छ, त्यसैले उक्त जगत्लाई आकाशपुष्प तथा स्वप्नवत् मिथ्या नै बुझ्नुपर्छ।

यो त्रिविधभव (कामधातु, रूपधातु र अरूपधातु) तिमिररोगीले देखेको केशोण्डुक (केशजाल) समान भ्रममात्र हो। यथा- "उत्पादभङ्गरहितो लोकः, खपुष्पसन्निभः"।

सम्पूर्ण पञ्चस्कन्धहरू पनि जलमा पतित छायाझैं असार छन् : यथा-

जलवृक्षछायासदृशाः स्कन्धा विज्ञानपञ्चमाः ।

माया स्वप्नोपमा दृश्याः...................... ॥

वस्तुतः चित्त नै यी विविध आकारहरूमा ग्राह्य-ग्राहक भावले प्रवृत्त हुन्छ, अत एव लङ्कावतारसूत्रमा भनिएको छ-

चित्तमात्रमिदं सर्वं द्विधा चित्तं प्रवर्तते ।

ग्राह्यग्राहकभावेन, आत्मात्मीयं न विद्यते ॥

संसार

प्राणीहरूद्वारा विभिन्न योनीहरूमा संसरण गर्नु नै संसार हो। त्यो संसरण (आवागमन)-लाई लङ्कावतार सूत्रमा भित्तामा उत्कीर्ण आकृतिझैं निश्चेष्ट दृश्यमात्र मानिएको छ। अतः त्यस्तो मिथ्याभूत एवं निश्चेष्ट सत्त्वको संसरण कसरी हुन सक्छ, सक्दैन। त्यसैले चित्तका स्वरूपमा सूक्ष्म विश्लेषण गर्दा चित्तको नै संसरण हुन्छ भन्ने स्पष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ। "कल्याणमित्रजिनपुरस्कृतैर्महामते ! शक्यं चित्तमनोविज्ञानं स्वचित्तदृश्यभाव-गोचरविकल्पसंसारभवोदधिं कर्मतृष्णाज्ञानहेतुकं तर्त्तुम् ।"

यस लङ्कावतारसूत्रमा चित्त (विज्ञान) आठ प्रकारको मानिएको छ। ती मध्ये आलयविज्ञान मूल विज्ञान हो। त्यही आलयविज्ञान नै अन्य विज्ञानहरूको आश्रय मानिन्छ। उक्त आलयविज्ञान समुद्रका तरङ्गझैं सदा प्रवाहमान हुन्छ। उक्त प्रवाह अनवरत गतिले तथा व्युच्छेदरहित भएर चलि नै रहन्छ। एउटा योनिको स्थिति समाप्त भएपछि आलयको विच्छेद हुँदैन। त्यही आलय एउटा योनिवाट अर्को योनिमा संसरण गर्दछ। त्यस आलयको त्यही प्रवृत्तिलाई 'संसार' भन्दछन्।

निर्वाण

आलयविज्ञानको अनादिकालिक प्रपञ्चवासनाले वासित भएर ग्राहय-ग्राहक रूपले प्रवृत्त हुनु नै संसार हो। उक्त आलयविज्ञानबाट सवै वासना, क्लेश तथा कर्मबीजहरूको विनाश भएर आलयको शुद्ध रूपमा हुने परिणति नै 'निर्वाण' हो। अथवा समस्त विकल्परहित चित्त नै निर्वाण हो।

जब समस्त दृष्टिगत वासनाहरूका उत्पादक आलय, मन तथा मनोविज्ञान आदि समस्त विज्ञानहरू स्वभाव तथा वासनारहित भएर परावृत्त हुन्छन्, त्यही अवस्था निर्वाण हो। "सर्वविज्ञानस्वभाववासना-लयमनोविज्ञानदृष्टिवासनापरावृतिः निर्माणमित्युच्यते सर्ववुद्धैः"।

सविकल्प मनोविज्ञानको व्यावृत्ति नै निर्वाण हो। सविकल्प चित्त-चैत्यकलापको व्यावृत्तिसँग तथागतको प्रत्यात्म आर्यज्ञानले निर्वाणको अधिगम हुन्छ। चित्तको विविध विकल्पहरूका रूपमा प्रवृत्तिको जो निवृत्ति हो त्यही निर्वाण हो।

शुद्ध चित्त नै निर्वाण हो। त्यही परमार्थसत् हो। तथता, शून्यता, निर्वाण र धर्मधातु शुद्ध चित्तका पर्याय हुन्।

निर्वाण भनेको नाश पनि होइन र मरण पनि होइन किनभने मरण हुनेवित्तिकै पुनर्जन्म हुन्छ। निर्वाण नाश पनि होइन किनभने त्यसो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदा निर्वाण संस्कृतलक्षणयुक्त हुन्छ। त्यसैले निर्वाण नाश र मरण हुन सक्दैन।

निर्वाणको न प्रहाण हुन्छ न त्यसलाई प्राप्त नै गर्न सकिन्छ। त्यो न उच्छेद हो न शाश्वत। त्यो न एक छ न अनेक नै। उपर्युक्त विवेचनाबाट वोध हुन्छ कि निर्वाण भनेको समस्त विकल्परहित, अस्तिरूप र शुद्ध विज्ञानस्वरूप हो। यसको साक्षात्कार योगीले मात्र गर्न सक्छ।

लङ्कावतारसूत्र

महायान परम्परानुसार भगवान् बुद्धले सारनाथका पञ्चभद्रवर्गीय भिक्षुहरूसमक्ष धर्मचक्रप्रवर्तन गरेको १६ वर्षपछि राजगृहको समीपवर्ती वैपल्य पर्वतमा केही भिक्षुहरूलाई ९ वटा सूत्रको उपदेश दिएका थिए। ती नौवटा सूत्रका उपदेशहरू क्रमशः यी हुन्- १. अष्टसाहस्रिका प्रज्ञापारमिता सूत्र, २. ललितविस्तर सूत्र, ३. सधर्मपुण्डरीक सूत्र, ४. लङ्कावतार सूत्र, ५. सुवर्णप्रभाससूत्र, ६. गण्डव्यूहसूत्र, ७. तथागतगुह्यक सूत्र, ८. समाधिराज सूत्र र ९. दशभूमीश्वर सूत्र यी सवै सूत्रहरू भगवान् बुद्धका सिद्धान्तहरूलाई हृदयङ्गम गर्नका लागि पठनीय, मननीय र अभ्यसनीय छन्।

लङ्कावतारसूत्रको प्रतिपाद्यविषय निरूपण गर्न गाह्रो छ। यद्यपि कतिपय स्थलमा त दुईवटा परस्परविरोधी विचारधाराहरू देख्दा उक्त प्रसंग प्रक्षिप्त हो कि भन्ने आभास हुन्छ तथापि यस ग्रन्थमा विशेष रूपमा विज्ञानवादको प्रतिपादन गरिएको छ। यस ग्रन्थमा प्रसंगवश आत्मवादको स्थापनापूर्वक निराकरण, शून्यवाद, लोकायतवाद, शाश्वतवाद र अशाश्वतवादको विवरण तथा चित्तको परमार्थसत्ताको निरूपण गरिएको पाइन्छ तापनि सिद्धान्ततः यस ग्रन्थले विज्ञानवादको नै समर्थन गर्दछ।

यस ग्रन्थमा निम्नलिखित प्रसंगहरूमाथि विचार गरिएको छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. तथागतगर्भका व्याजले आत्मवादको स्थापना तथा पुनः त्यो (आत्मवाद) तीर्थिकहरूका आकर्षणका लागि हो भनेर त्यसको निराकरण,
२. अनात्मवादको समर्थन,
३. माध्यमिक दर्शनप्रति सिद्धान्तको उन्मुखता र
४. चित्त (विज्ञान)-को परमार्थसत्का रूपमा निरूपण ।

यस सूत्रग्रन्थमा तथागतगर्भको वर्णन प्राप्त हुन्छ । तथागतगर्भलाई स्वभावतः प्रभास्वर, अतिविशुद्ध, मलिनवस्त्रमा वेष्टित रत्नवत् समस्त प्राणीहरूका देहअन्तर्गत स्कन्ध, आयतन तथा धातुद्वारा वेष्टित, राग-द्वेष-मोहाभिभूत, परिकल्प मलद्वारा मलिन, नित्य, ध्रुव, शिव तथा शाश्वत बताइएको छ । तथागतगर्भको यो उपदेश आत्मवादीहरूको आत्मवादझैं प्रतीत हुन्छ तर उक्त उपदेश वस्तुतः नैरात्म्यवादका लागि गरिएको छ ।

लङ्कावतारसूत्रमा कतै-कतै सिद्धान्तका रूपमा मध्यमक दर्शनको शून्यवादको पनि वर्णन प्राप्त हुन्छ ।[१] जस अनुसार आकाश, शशशृङ्ग र खपुष्पझैं भावपदार्थहरू नभए पनि तिनको कल्पना गरिन्छ । त्यसै गरी काल, निर्वाण, धर्मता, बुद्ध, सत्य, फल र हेतु आदि सबै अवास्तविक हुन् अर्थात् ती सबै प्रतिबिम्ब मात्र हुन् । यसरी लङ्कावतार सूत्रले मध्यमक दर्शनको पोषण गर्दछ परन्तु उक्त शून्यतावादको निष्ठाको निर्वाह पनि सर्वत्र देखिँदैन । मध्यमक दर्शनमा जहाँ शून्यवाद सिद्धान्तको स्थापना गरिएको छ त्यहाँ कतै पनि आदिबाट मध्य वा अन्त्यसम्म त्यसको विरोध पाइँदैन, अपितु त्यहाँ त्यस सिद्धान्तको युक्ति तथा आमगपूर्वक सर्वत्र स्थापना नै उपलब्ध छ । तत्तत् स्थलमा त्यसको विरोधमा केही पनि लेखेको पाइँदैन, किन्तु लङ्कावतारसूत्रमा त्यस्तो युक्तिमय पद्धति प्राप्त छैन ।

---

१. **देशेमि शून्यतां नित्य शाश्वतोच्छेदवर्जितम्** । (ल.सू. २/१३५) ।
यः प्रतीत्यसमुत्पादः शून्यतां तां प्रचक्ष्महे । (म.का. २४/१८) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लङ्कावतारसूत्रमा चित्तलाई परमार्थसत् मानिएको छ। त्यसमा (चित्तका) अतिरिक्त व्यवहारमा जे देखिन्छ त्यो सबै अलीक (मिथ्या) हो। ग्रन्थमा अनेकत्र वर्णित छ कि चित्तमात्र सत् हो र अवशिष्ट समस्त दृश्यपदार्थ त्यसका विकल्पमात्र हुन्। त्यो चित्त स्वभावतः प्रभास्वर छ, किन्तु त्यो आगन्तुक मलद्वारा उपक्लिष्ट भइरहन्छ। त्यो आगन्तुक मल भनेको आलयमा सञ्चित वासना वा क्लेशवीज हो। त्यही अनादिकालिक वासनाले वासित भएपछि चित्तको द्विधा प्रवृत्ति हुन्छ र जब चित्तको यो अनादिकालिक वासना प्रहीण हुन्छ अनि त्यो आफ्नो शुद्ध रूपमा स्थित हुन्छ। यी समस्त विकल्परहित चित्त नै निर्वाण हो। यस ग्रन्थमा अनेक स्थलमा चित्तलाई सत् तथा अन्य पदार्थलाई असत् मानिएको छ। चित्तलाई नै शून्यता, तथता, निर्वाण, धर्मधातु तथा मनोमय काय आदि भनिएको छ।

उक्त चित्त भाव, अभाव, शाश्वत, उच्छेद एवं विकल्परहित शुद्ध विज्ञान मात्र हो।[२] उक्त उद्धरणवाट स्पष्ट हुन्छ कि लङ्कावतारसूत्रमा विज्ञानवादका सिद्धान्तको प्रतिपादन पनि गरिएको छ।

उपयुक्त विवरणवाट सिद्ध हुन्छ कि यस ग्रन्थमा कुनै एउटा मात्र सिद्धान्तको वर्णन उपलब्ध भएकाले कुनचाहिँ प्रमुख सिद्धान्तको निरूपणहेतु यस ग्रन्थको रचना भएको हो भन्ने ठम्याउन गाह्रो पर्छ। आत्मवादको निरूपण हो कि ? अनात्मवादको पो हो कि ? अथवा शून्यतावादको हो ? वा विज्ञानवादको ? यस्ता कठिन स्थलमा तात्पर्यनिर्णयार्थ मीमांसाशास्त्रकारहरूले सातवटा उपायबोधक चिह्नहरू बताएका छन् :

उपक्रमोपसंहारावभ्यासोऽपूर्वता फलम् ।
अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये ॥

१. **उपक्रम** भनेको आरम्भ हो र उपसंहार भनेको अन्त हो। जहाँ कुनै शास्त्र-ग्रन्थमा एउटा सिद्धान्तको प्रतिपादन रहन्छ त्यहाँ यी दुवै उपक्रम र उपसंहारमा प्रतिपादित विषयका बिचमा एकरूपता हुनु

---

२. **चित्तमात्रं वदाम्यहम्** । (ल.सू. **अनित्यतापरिवर्त** : मूलो. १२२)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवश्यक हुन्छ। यस दृष्टिले लङ्कावतारसूत्रमा सर्वप्रथम कुन सिद्धान्तको प्रतिपादन गर्न आरम्भ छ भन्ने कुराको बोध आवश्यक छ। प्रस्तुत ग्रन्थ सर्वप्रथम चित्तको चर्चाबाट आरम्भ भएको छ जसबाट अनुसार लङ्काधिपति रावणको जिज्ञासा शान्त गर्नका लागि भगवान् वुद्धले चित्तलाई प्रकृतिशुद्ध, परमार्थसत् र धर्मता भनी वर्णन गरेका छन्। तथागत र तथागतगर्भ त्यसै शुद्ध चित्तका पर्यायमात्र हुन्। चित्त समस्त विकल्प तथा प्रपञ्चरहित स्वभावतः शुद्ध छ। वाह्य जगत् त्यसको विकल्प मात्र हो। त्यो विकल्प स्वप्न, माया र गन्धर्वनगरसमान छ। यो सम्पूर्ण जगत् त्यसै चित्तको विवर्तमात्र हो। यसरी यस ग्रन्थका आरम्भमा चित्तलाई नै परमार्थसत् र वाह्य जगत्लाई मिथ्या बताइएको छ।

२. **उपसंहार** भनेको अन्त हो। यस ग्रन्थमा उपसंहारमा पनि तिनै तथ्यको समर्थन र प्रतिपादन गरिएको छ जसको प्रतिपादन ग्रन्थका आरम्भमा भएको छ। विज्ञानको परमार्थता एवम् जगत्को असारताको पुष्टि (यस तथ्यको समर्थन) यस ग्रन्थका प्रत्येक अध्याय (परिवर्त)-का उपसंहारवाक्यबाट हुन्छ।[३]

३. **अभ्यास** तात्पर्यनिर्णायक तृतीय चिह्न हो। अझ स्पष्ट भन्नु पर्दा अभ्यास भनेको कुनै सिद्धान्तको ग्रन्थमा वारम्वार उल्लेख वा पुनः पुनः कथन हो। यस ग्रन्थमा जुन विषयको पुनः पुनः कथन छ त्यो हो चित्त। यथा–

अणुशो भज्यमानं हि नैव रूपं विकल्पयेत्।
चित्तमात्रव्यवस्थानं कुदृष्ट्या न प्रसीदति।

अपि च–

चित्तं मनश्च विज्ञानं स्वभावं धर्मपञ्चकम्।
नैरात्म्यं द्वितयं शुद्धं प्रभासन्ते विनायकाः।

---

३. **व्रह्मादिस्थानपर्यन्तं चित्तमात्रं वदाम्यहम्।**
चित्तमात्रविनिर्मुक्तं व्रह्मादिर्नोपलभ्यतो॥ (ल.सू., ३/१२२)।
चित्तं हि सर्व सर्वत्र, सर्वदेहेषु वर्तते।
विचित्रं गृह्यतेऽसद्भिश्चित्तमात्रं ह्यलक्षणम्॥ (समाकथम्, १३४ गाथा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी अनेक स्थलमा चित्तको वारम्बार उल्लेख यस ग्रन्थमा पाइन्छ ।

४. **अपूर्वता** भनेको अज्ञातपूर्वता (अकथित पूर्वता हो । अर्थात् ग्रन्थमा कुनै सिद्धान्तको निरूपण गरिँदै छ भने त्यो अपूर्ण रूपले कथित हुनुपर्छ । यस ग्रन्थमा चित्तलाई परमार्थसत् भनिएको छ । त्यो वचन अज्ञातपूर्व तथा अकथितपूर्व हो । निर्वाणको स्वरूपलाई प्रकाशित गर्दै भनिएको छ कि अनादिकालिक प्रपञ्चवासना तथा विकल्परहित चित्त नै निर्वाण हो । यो निरोध नभएर अविनाशी हो । त्यो प्रकृतिप्रभास्वर हो- आदि । निर्वाणलाई त्यस रूपमा प्रतिपादन गर्नु नै यस ग्रन्थको अपूर्णता हो । वौद्धपरम्परामा जुन निर्वाणको कल्पना स्थविरवाद, सौत्रान्तिक, सर्वास्तिवाद, मध्यमक तथा क्षणिक विज्ञानवादमा छ, त्यसको अपेक्षा यहाँ अपूर्वता उपलब्ध हुन्छ ।

५. **फल**को अर्थ प्रयोजन वा लाभ हो । न्यायदर्शनमा भनिएको छ कि "यमर्थमधिकृत्य प्रवर्तते तत् प्रयोजनम् ।"(जुन अर्थको प्राप्तिका लागि मनुष्य क्रियामा प्रवृत्त हुन्छ त्यसलाई फल, प्रयोजन वा अर्थ भन्दछन् ।) जस अनुसार जुन सिद्धान्तको निरूपण गरिन्छ । त्यसको एउटा निश्चित प्रयोजन हुनु पर्दछ । उक्त दृष्टिले यस ग्रन्थको अध्ययनवाट स्पष्ट प्रतीत हुन्छ कि यसको आफ्नो एउटा विशिष्ट प्रयोजन छ । तथागतको धर्मदेशनाले निर्वाणतर्फ लैजान्छ ।[४] अतः निर्वाणको अधिगम नै ग्रन्थको प्रयोजन हो ।

६. **अर्थवाद** भनेको प्रस्तुतप्रकरणविषयक प्रशंसा वा निन्दा हो जस अनुसार विधेय अर्थको प्रशंसा एवं निषेध्य अर्थको निन्दाको सम्यक् निर्वाह हुनुपर्दछ ।

यस ग्रन्थको विधेय अर्थ भनेको चित्त हो । त्यसको स्थापना एवं निरूपणका प्रसङ्गमा यसग्रन्थमा सर्वत्र प्रशंसा गरिएको छ ।

---

४. **महामते ! सर्वबुद्धानां धर्मदेशना निर्वाणप्रवाहानुकूला संवर्तते ।**
(ल.सू. ६, क्षणिकपरिवर्तः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथता, शून्यताकोटि, निर्वाण, धर्मधातु आदि चित्त हुन्[५] । वन्धन, मोक्ष, धर्म, अधर्म, बुद्ध, निर्वाण आदि मिथ्या हुन सक्छन् परन्तु चित्तलाई मिथ्या भन्न सकिँदैन । चित्तका कारण संसार र निर्वाण छंन् । अमलका विषयको पवनेरित भएर प्रवृत्त हुनु 'संसार' हो भने त्यसको व्यावृत्ति नै निर्वाण हो ।

यथा–

न कोटि न च वै शक्तिर्न मोक्षो न च बन्धनम् ।.......
न च बुद्धो न सत्यानि न फलं न च हेतवः ॥..........
सर्वदृष्टिप्रहाणाय चित्तमात्रं वदाम्यहम् ॥

(सगा : २७५-२७८)

तथा च–

"आलयौघस्तथा नित्यं विषय पवनेरित : ।
चित्रैस्तरङ्गविज्ञानैर्नृत्यमानः प्रवर्तते ॥" (ल.सू., २/१००)

अर्को पक्ष, जसले अविधेय (निषेध्य) अर्थको निन्दा गर्छ, त्यसको पनि निर्वाह यस ग्रन्थमा पूर्णतया पालन गरिएको छ। क्षणिकवाद, शून्यवाद, लोकायतवाद, नित्यानित्यवाद शाश्वत अशाश्वततावाद र आत्मवाद आदिको खण्डन नै गरिएको छ[६] ।

यसरी लङ्कावतार सूत्रमा अर्थवादका दृष्टिले विज्ञान अर्थात् चित्तमात्र नै प्रतिपाद्य विषयका रूपमा वर्णन सिद्ध हुन्छ ।

७. उपपत्ति भनेको 'प्रमाणाबाधता' हो। अर्थात् प्रतिपाद्य सिद्धान्त प्रत्यक्षादि प्रमाणहरूद्वारा वाधित हुनु हुँदैन । लङ्कावतारको सिद्धान्त

५: **तथता शून्यताकोटि निर्वाणं धर्मधारकम् ।**
कायं मनोमयं चित्रं चित्तमात्रं वदाम्यहम् ॥ (ल.सू., ३/३१)

६. **योगिनां हि समापत्तिः, सुवर्णं जिनधातवः ।**
आभास्वरविमानाश्च, अभेद्या लोककारणात् ॥
स्थितयः प्राप्तिधर्माश्च, बुद्धानां ज्ञानसम्पदः ।
भिक्षुत्वं समयप्राप्तिर्दृष्ट्वा वै क्षणिकाः कथम् ॥ (ल.सू., ६/१५-१६) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेको चित्तमात्र सत् हो। बाह्यार्थ सबै मिथ्या हुन्। चित्त नै ग्राह्य-ग्राहक भावले प्रवृत्त हुन्छ।

प्रश्न उत्पन्न हुन सक्छ कि यदि बाह्यार्थ अलीक छन् भने तिनका अभावमा विषयविज्ञान कसरी हुन्छ ? अनुभवमा त बाह्य विषयका अभावमा विज्ञानको सत्त्व (सत्ता) अनुभवले बाधित भन्न सकिन्छ ?

त्यसको उत्तर यस्तो छ- विषयका अभावमा पनि विज्ञानको सत्ता (हुनु) अनुभवसिद्ध छ। जस्तो तिमिर व्याधिग्रस्त पुरूषले सर्वत्र केशगुच्छ र द्विचन्द्र आदिलाई देख्दछ। यद्यपि उसले जुन ठाउँहरूमा केशगुच्छादि देख्दछ, ती ठाउँमा केशगुच्छादिको स्थिति हुँदैन, परन्तु तैमिरिकका लागि त्यहाँ विज्ञान सिद्ध हुन्छ।[७] यसरी नै सर्वत्र वुभ्नुपर्दछ।

जसरी वेदान्तशास्त्रमा एउटा मात्र सत्, चित् र आनन्दरूप ब्रह्मलाई परमार्थसत् भनिएको छ र त्यस अतिरिक्त समस्त बाह्य पदार्थहरू अवास्तविक छन्; त्यहाँ बाह्य दृश्यको प्रतीतिमात्र हुन्छ त्यसो हुँदा वेदान्तशास्त्रको सिद्धान्त वाधित हुँदैन त्यसरी नै लङ्कावतारसूत्रले पनि प्रकृतिप्रभास्वर चित्तलाई सत् र बाह्य अर्थलाई अवास्तविक मान्दछ अतः उक्त पद्धतिले यस ग्रन्थका सिद्धान्तको बाध हुँदैन त्यसैले लङ्कावतारसूत्रद्वारा प्रतिपादित विषय प्रमाणवाट बाधित हुँदैन।

यसरी तात्पर्यनिर्णयका यी सातवटा गमक चिह्नका आधारमा यस ग्रन्थको समीक्षा गर्दा यसको प्रतिरूप विषय अक्षय, अविनाशी, नित्य र सुखस्वरूप चित्त अर्थात् विज्ञान नै सिद्ध हुन्छ। अतः लङ्कावतारसूत्रको मुख्य प्रतिपाद्य विषय शुद्ध विज्ञानवाद नै हो।

---

७. **केशोण्डुकं यथा मिथ्या गृह्यते तिमिरैर्जनै :।**
तथा भावविकल्पोऽयं मिथ्या बालैविर्कल्प्यते ॥ (ल.सू., ३/५१)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सद्धर्मलङ्कावतारसूत्रको रचनाकाल

महायान परम्पराको मान्यतानुसार भगवान् बुद्धको अवतारकालमा राजगृह एउटा धनधान्यसम्पन्न तथा सर्वथा समृद्ध नगर थियो। त्यसलाई 'गिरिव्रज' पनि भन्दथे, किनभने त्यो चारैतिरबाट (१. ऋषिगिलि, २. पाण्डव, ३. वेभार, ४. गृध्रकूट, ५. वैपुल्य) पाँचवटा पर्वतहरूले घेरिएको थियो। त्यसबेला त्यो नगर मगधप्रदेशको राजधानी थियो र विम्बिसारनामक राजा त्यहाँका शासक थिए। तिनले श्रद्धावश साधनाहेतु भगवान्को वासका लागि वेभार पर्वतको उपत्यकामा स्थित आफ्नो वेणुवननामक उद्यान दान गरेका थिए। उक्त वनमा वस्ता भगवान् यदा कदा साधनाहेतु उपर्युक्त समीपस्थ पर्वतहरूमा पनि जाने गर्थे। त्यस्तै कुनै बेला वैपुल्यपर्वतमा विराजमान् भगवान्ले भिक्षुसङ्घका लागि नौवटा सूत्र-ग्रन्थहरूको उपदेश गरेका थिए। ती सबै सूत्र-ग्रन्थहरू महायानमतानुयायी भिक्षुहरूका लागि सर्वथा पठनीय, मननीय र अभ्यसनीय छन्, त्यसैले तिनका दृष्टिमा ती ग्रन्थहरू परम पवित्र एवं पूजनीय मानिन्छन्। भगवान्ले वैपुल्यपर्वतमा विराजमान भएर ती सूत्रको उपदेश गरेकाले ती सबैको नाम वैपुल्य हुनगयो। ती नौवटा सूत्रहरू निम्नवत् छन् :

१. अष्टसाहस्रिका प्रज्ञापारमितासूत्र,

२. ललितविस्तरसूत्र,

३. सद्धर्मपुण्डरीकसूत्र,

४. लङ्कावतारसूत्र,

५. सुवर्णप्रभाससूत्र,

६. गण्डव्यूहसूत्र,

७. तथागतगुह्यकसूत्र,

८. समाधिराजसूत्र,

९. दशभूमीश्वारसूत्र।

विद्वान्हरूका मतमा सम्राट् कनिष्क (प्रथम शतक)-का शासनकालमा आयोजित चतुर्थसंगीति अनंतर नै यी ग्रन्थहरूको रचनाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रपात भएको हो। यस आधारमा उक्त ग्रन्थहरूको रचनाकाल प्रथम शतकदेखि चतुर्थशतकसम्म मान्नुपर्ने हुन्छ किनभने यसको ४४३ ई. मा चिनियाँ भाषामा गरिएको अनुवाद उपलब्ध छ।

लङ्कावतारसूत्रको प्रमुखपात्र : लङ्काधिपति रावण

यस ग्रन्थमा प्रथम परिवर्तको कथा समुद्रस्थ नागराजभवनबाट निस्किएर लङ्कापुरी नजिक मलयगिरिका शिखरमाथि विराजमान भगवान् बुद्धसँग धर्मद्वयका उपदेशको अध्येषणा गर्दै लङ्काधिपति रावणको यात्राचर्चाबाट आरम्भ हुन्छ। यसमा रावणलाई राक्षसेन्द्र, लङ्काधिपति तथा दशग्री आदि विशेषणहरूले महिमामण्डित गरिएको छ। लङ्कावर्णनका क्रममा अशोकावनिकाको पनि चर्चा आएको छ त्यसैले यसलाई लङ्कावतारसूत्र भनिएको हो।

–अनुवादक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयक्रम

रावणाध्येषणापरिवर्तः / १

षट्त्रिंशत्साहस्रसर्वधर्मसमुच्चयो नाम परिवर्तः / २९

अनित्यतापरिवर्तः / १६८

अभिसमयपरिवर्तः / २५७

तथागतनित्यानित्यप्रसङ्गपरिवर्तः / २६४

क्षणिकपरिवर्तः / २६८

नैर्माणिकपरिवर्तः / २९१

मांसभक्षणपरिवर्तः / २९६

धारणीपरिवर्तः / ३१४

सगाथकम् / ३१७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावणाध्येषणापरिवर्तः प्रथमः

एवम् मया श्रुतम् । एकस्मिन् समये भगवाँल्लङ्कापुरे समुद्रमलय-शिखरे विहरति स्म नानारत्नगोत्रपुष्पप्रतिमण्डिते महता भिक्षुसङ्घेन सार्धं महता च बोधिसत्त्वगणेन नानाबुद्धक्षेत्रसंनिपतितैर्बोधिसत्त्वैर्महासत्त्वैः अनेकसमाधि-वशिता-बलाभिज्ञाविक्रीडितैर्महामतिबोधिसत्त्वपूर्वगमैः-सर्वबुद्धपाण्यभिषेकाभिषिक्तैः स्वचित्तदृश्यगोचरपरिज्ञानार्थकुशलैर्नानासत्त्व-चित्तचरित्ररूपनयधारिभिः पञ्च-धर्मस्वभावविज्ञाननैरात्म्याद्वयगतिङ्गतैः ॥

लङ्कावतारसूत्रम्

मैले यस्तो सुनें । कुनै एक समयमा लङ्कापुरीका समीपमा रहेको समुद्रमा स्थित मलयशिखरमा, भगवान् विहार गर्दै हुनुहुन्थ्यो । जुन पर्वत शिखर अनेक रत्नसमूह र धेरै प्रकारका फूलहरूले सुशोभित थियो । त्यसै पर्वत शिखरमा धेरै भिक्षुसमूह, धेरै बोधिसत्त्व एवम् महासत्त्वहरू जो भिन्न-भिन्न बुद्धक्षेत्रबाट आएका थिए । ती महासत्त्व, बोधिसत्त्वहरू अनेक प्रकारका समाधि, सिद्धि, बल एवम् प्रज्ञामा निपुण थिए । त्यस्ता महाज्ञानी बोधिसत्त्व महासत्त्वहरूले घेरिएर साथै सबै पूर्व-बुद्धका पवित्र हातहरूद्वारा गरिएका अभिषेकले अभिषिक्त, आफ्ना- चित्तद्वारा देखिने दृश्यको ज्ञानका लागि प्रसिद्ध धेरै प्राणीहरूका चित्त, चरित्र, रूप, नीति, विनयलाई धारण गर्न सक्ने, र पाँच धर्म, स्त्रीस्वभाव, आठ विज्ञान, दुई नैरात्म्य र अद्वयतत्त्व बुझेका यी बोधिसत्त्व एवम् महासत्त्वहरूद्वारा सुशोभित एवम् पूजित भगवान् तथागत हुनुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेन खलु पुनः समयेन भगवान् सागरनागराजभवनात् सप्ताहेनोत्तीर्णोऽभूत् । अनेकशक्रव्रह्मनागकन्याकोटिभिः प्रत्युम्यमानो लङ्कामलयमवलोक्य स्मितमकरोत् पूर्वकैरपि तथागतैरर्हद्भिः सम्यक्संवुद्धैरस्मिँल्लङ्कापुरीमलयशिखरे स्वप्रत्यात्मार्यज्ञानतर्कदृष्टितीर्थ्यश्रावकप्रत्येकवुद्धार्यविषये तद्भावितो धर्मो देशितः । यन्न्वहमपि अत्रैव रावणं यक्षाधिपतिमधिकृत्यैतदेवोद्भावयन् धर्मं देशयेयम् ॥

त्यो वेला निश्चय पनि भगवान् फेरि सागरमा अवस्थित नागराजका भवनवाट एक सप्ताहमा वाहिर आउनुभयो । त्यो वेला भगवान् तथागत धेरैकोटि– इन्द्र, व्रह्मा र नागकन्याहरूद्वारा चारैतिरवाट घेरिएर– अगाडि लगाइएर लङ्काको मलयपर्वतलाई हेर्दै, केही मन्द मुस्कुराउनुभयो र भन्नुभयो मभन्दा पहिलेको तथागत, अर्हत् एवम् सम्यक् सम्वुद्ध वुद्धहरूले यस लङ्कापुरीका मलयशिखरमा स्वचित्त–आर्यज्ञान-तर्कदृष्टि-तीर्थ्य-श्रावक-प्रत्येक वुद्ध एवम् आर्यहरूका विषयमा र उनीहरूद्वारा वुझ्नु पर्ने धर्मका विषयमा उपलेश गरेका थिए । त्यसैले मैले पनि यक्षहरूका अधिपति रावणलाई चेला वनाई त्यही पूर्ववुद्ध, अर्हत् र तथागतहरूद्वारा पहिले उपदेश गरिएको धर्मको उपदेश गर्नु उचित हुन्छ ।

अश्रौषीद्रावणो राक्षसाधिपतिस्तथागताधिष्ठानाद्-भगवान् किल सागरनागराजभवनादुत्तीर्य अनेकशक्रव्रह्मनागकन्याकोटिभिः परिवृतः पुरस्कृतः समुद्रतरङ्गानवलोक्य आलयविज्ञानोदधिप्रवृत्तिविज्ञानविषये प्रेरिततांस्तेभ्यः संनिपतितेभ्यश्चित्तान्यवलोक्य तस्मिन्नेवस्थितः उदानमुदानयतिस्म-यन्न्वहं गत्वा भगवन्तमध्येष्य लङ्का प्रवेशयेयम् । तन्मे स्याद्दीर्घरात्रमर्थाय हिताय सुखाय देवानां च मनुष्याणां च ॥

भगवान् तथागतले सागरमा अवस्थित नागराजका भवनवाट वाहिर आएर धेरैधेरै कोटि इन्द्र, व्रह्मा र नागकन्याहरूद्वारा घेरिएर आफू अगाडि लागेर समुद्रका तरङ्गहरूलाई हेरेर आलयविज्ञान आदि र प्रवृत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञान आदिका विषयमा उनीहरूद्वारा संप्रेरित भएर तिनीहरू, जो त्यहाँ चारैतिरवाट आएका थिए, उनका चित्तहरूलाई हेरेर त्यहीं वसेर उदान-उपदेश गर्नुभएको कुरा राक्षसहरूका अधिपति रावणले पनि सुने। त्यसपछि भगवान्लाई त्यहाँ गएर मैले लङ्का प्रवेश गराउनुपर्दछ भन्ने विचार गरे। भगवान्लाई लङ्का प्रवेश गराउनाले मेरो मात्र नभएर देवता र मनुष्यहरूको पनि सुख, समृद्धि, कल्याण धेरै समयसम्म हुनेछ।

अथ रावणो राक्षसाधिपतिः सपरिवारः पौष्पकं विमानमधिरुह्य येन भगवांस्तेनोपजगाम। उपत्य विमानादवतीर्य सपरिवारो भगवन्तं त्रिष्कृत्वः प्रदक्षिणीकृत्य तूर्यतालावचरैः प्रवाद्यद्भिरिन्द्रनीलमयेन दण्डेन वैदूर्यमुसार प्रत्युप्तां वीणां प्रियङ्गुपाण्डुना अनर्घ्येण वस्त्रेण पार्श्वावलम्बितां कृत्वा षड्जर्षभगान्धारधैवतनिषादमध्यमकौशिकगीतस्वरग्राममूर्छनादियुक्तेनानुसार्य सलीलं वीणामनुपविश्य गाथाभिगीतैरनुगायति स्म–

त्यसपछि राक्षसहरूको अधिपति रावण, सपरिवार पुष्पकविमानमा चढेर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहीं गए। त्यहाँ पुगेर विमानवाट सपरिवार उत्रिएर भगवान्लाई तीनपटक प्रदक्षिणा गरेर तुरीयतालले युक्त भएका वाद्यवाद सहित इन्द्रनीलजडित दण्ड लगाएको वैदुर्यमणि जडित अति उज्ज्वल वीणा, जसलाई नील एवम् श्वेत अति उत्तम वस्त्रद्वारा दुईतिर ढाकेर मयूर, ऋषभ, गान्धार, धैवत, निषाद मध्यम, कौशिक आदि उत्तम स्वरयुक्तगीत एवम् ग्राय, मूर्छना आदि सहितका अनेक रागहरूद्वारा युक्त भएका लीलायुक्त वीणालाई भुईंमा (वजाउने स्थितिमा) राखेर अनेक गाथाले युक्त गीत गाए–

चित्तस्वभावनयधर्मविधिं नैरात्म्यं दृष्टिविगतं ह्यमलम्।
प्रत्यात्मवेद्यगतिसूचनकं देशेहि नायक इह धर्मनयम् ॥१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे नायक ! चित्तको स्वभाव के हो ? नीति के हो ? धर्मविधि के हो ? नैरात्म्य, दृष्टिशुद्धि एवम् प्रत्यात्मवेद्य गतिसूचकतत्त्व के हो र अत्यन्त पवित्र धर्मनय के हो ? उपदेश गर्नुहोस् ॥१॥

शुभधर्मसंचिततनो सुगत निर्माणनिर्मितप्रदर्शनक ।
प्रत्यात्मवेद्यगतिधर्मरत लङ्कां हि गन्तुं समयोऽद्य मुने ॥२॥

हे ! शुभधर्मशरीर धारण गर्ने, हे सुगत, निर्माणरूपी सिद्धिद्वारा आफ्नो स्वरूप प्रदर्शन गर्ने, हे सर्वजनवेद्यगति, धर्ममा हजुरको अब लङ्का प्रस्थान गर्नुहोस् । हे मुनि आज लङ्का जाने समय भइसकेको छ ॥२॥

लङ्कामिमां पूर्वजिनाध्युषितां पुत्रैश्च तेषां बहुरूपधरैः ।
देशेहि नाथ इह धर्मवरं श्रोष्यन्ति यक्षबहुरूपधराः ॥३॥

हे प्रभु, यस लङ्कापुरीमा पूर्वबुद्धहरू र उनका धेरै प्रकारका भिन्न रूपधारी बोधिसत्त्वहरूले पनि बास गरेका थिए। त्यसैले यही लङ्कामा पजानमान भई उत्तम धर्मको उपदेश गर्नुहोस् । हजुरको उपदेशलाई भिन्नभिन्न रूपधारी यक्षहरूले त्यसलाई सुन्नेछन् ॥३॥

अथ रावणो लङ्काधिपतिः तोटकवृत्तेनानुगाय्य पुनरपि गाथाभिगीतेनानुगायतिस्म–

अब यसरी लङ्काधिपति रावणले तोटक छन्दयुक्त गाथाको गान गरिसकेपछि फेरि पनि गाथाले युक्त गीत गाएका थिए –

सप्तरात्रेण भगवान् सागरान्मकरालयात् ।
सागरेन्द्रस्य भवनात् समुत्तीर्य तटे स्थितः ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सात रातसम्म भगवान् गोहीहरूको वासस्थान बनेको सागरमा अवस्थित सागरका स्वामी नागराजका भवनबाट बाहिर निस्किएर समुद्रतटमा बस्नुभयो ॥४॥

स्थितमात्रस्य बुद्धस्य रावणो ह्यप्सरैः सह ।
यक्षैश्च नानाविविधैः शुकसारणपण्डितैः ॥५॥
ऋद्ध्या गत्वा तमध्वानं यत्र तिष्ठति नायकः ।
अवतीर्य पौष्पकाद्यानाद्वन्द्य पूज्यतथागतम् ।
नाम संश्रावयंस्तस्मै जिनेन्द्रेण अधिष्ठितः ॥६॥
रावणोऽहं दशग्रीवो राक्षेसेन्द्र इहागतः ।
अनुगृह्णीहि मे लङ्कां ये चास्मिन् पुरवासिनः ॥७॥

जब भगवान् त्यहाँ बस्नु मात्र के भएको थियो अप्सरागणहरूले सहित र यक्षहरूको समूह एवम् भिन्नभिन्न सुगा कोइली आदि प्रसारण एवम् दुरुक्ति पण्डितले घेरिएर रावण त्यहाँ आए । ऋद्धिसिद्धि आदिले युक्त भगवान् जुन ठाउँमा विराजमान हुनुभएको थियो त्यसै ठाउँमा पुष्पक विमानबाट उत्रेर वन्दनीय, पूजनीय तथागतलाई आफ्नो परिचय दिए त्यसपछि भगवान्का समीपमा अवस्थित भएर उनले भने– हे प्रभो राक्षसहरूको मुखिया, दसवटा शिर भएको म रावण हुँ । कृपया यस नगरका बासी र म आफैंलाई पनि अनुग्रह गर्नुहोस् ॥५-७॥

पूर्वैरपि हि संबुद्धैः प्रत्यात्मगतिगोचरम् ।
शिखरे रत्नखचिते पुरमध्ये प्रकाशितम् ॥८॥
भगवानपि तत्रैव शिखरे रत्नमण्डिते ।
देशे तु धर्मविरजं जिनपुत्रैः परीवृतः ।
श्रोतुकामा वयं चाद्य ये च लङ्कानिवासिनः ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभो, परापूर्वकालमा पनि अतीतकालीन बुद्धहरूले यसै रत्नखचित विभिन्न पुरमा सर्वजनवेद्य गति-ज्ञानको प्रकाश पार्नुभएको थियो। भगवान्ले पनि यस अवसरमा रत्नले भरिएको पवित्र शिखरमा मलरहित धर्मको देशना गर्नुहुन प्रार्थना गर्दछु जहाँ भगवान्का आफ्ना शिष्यहरू पनि चारैतिर उपस्थित हुनुहुन्छ।

साथै हामी लङ्काकावासीहरू पनि प्रभुको त्यो अपूर्व उपदेश सुन्नका लागि यहाँ उपस्थित छौं ॥ ८-९॥

देशनानयनिर्मुक्तं प्रत्यात्मगतिचगोचरम् ।
लङ्कावतारसूत्रं वै पूर्वबुद्धानुवर्णितम् ॥१०॥
स्मरामि पूर्वकैर्बुद्धैर्जिनपुत्रपुरस्कृतैः ।
सूत्रमेतन्निगद्यते भगवानपि भाषताम् ॥११॥

हे प्रभो, उपदेशक नियमभन्दा भिन्न रहेको प्रत्येक व्यक्तिले आचरण एवम् ज्ञान गर्ने योग्य पूर्व बुद्धहरूद्वारा पनि उपदिष्ट लङ्कावतारसूत्र म आफैं पनि स्मरण गरिरहेको छु, जुन सूत्र पूर्व-पूर्वबुद्ध एवम् उनका शिष्यहरूद्वारा वर्णित थियो र आज फेरि उक्त सूत्रको व्याख्या गर्नका लागि म आग्रह गर्दछु ॥१०-११॥

भविष्यन्त्यनागते काले बुद्धा बुद्ध सुत्राश्च ये ।
एतमेव नयं दिव्यं शिखरे रत्नभूषिते ।
देशयिष्यन्ति यक्षाणामनुकम्पाय नायकाः ॥१२॥

अनागत अर्थात् भविष्यमा पनि जुन वुद्ध एवम् बुद्धशिष्यहरू हुनेछन्, उहाँहरूले पनि यस पवित्र, दिव्य नीति एवम् धर्मलाई यसै रत्नविभूषित शिखरमा यक्षहरूका कल्याणका लागि उपदेश गर्नु हुनेछ ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिव्यलङ्कापुरीम्यां नानारत्नैर्विभूषिताम् ।
प्राग्भारैः शीतलैः रम्यै रत्नजालवितानकैः ॥१३॥
रागदोषविनिर्मुक्ताः प्रत्यात्मगतिचिन्तकाः ।
सन्त्यत्र भगवन् यक्षाः पूर्ववुद्धैः कृतार्थिनः ।
महायाननये श्रद्धानिविष्टान्योन्ययोजकाः ॥१४॥
यक्षिण्यो यक्षपुत्राश्च महायानवुभुत्सवः
आयातु भगवान् शास्ता लङ्कामलयपर्वतम् ॥१५॥

हे प्रभो, यो लङ्कापुरी अत्यन्त स्मरणीय छ। भिन्नभिन्न धेरै रत्न आभूषणद्वारा यो अत्यन्त आह्लादजनक एवम् मन्द सुगन्ध शीतल वायुद्वारा सदासेवित, यो लङ्कापुरी राग द्वेष आदि दोषद्वारा रहित तथा आफ्नो ज्ञानद्वारा सर्वथा अनुशासित चिन्तक यक्षहरू छन्। जसलाई पूर्व वुद्धहरूले उपदेश गर्नुभएको थियो। ती यक्षहरू कृतार्थ छन् र महायान धर्म एवम् शास्त्रप्रति विशिष्ट श्रद्धा राख्दछन् र अरूलाई पनि प्रेरित गर्दछन्। यक्ष, यक्ष-पुत्रपुत्रीहरू सवै नै महायान शास्त्र-धर्म वुझ्न धेरै नै लालायित छन्। त्यसैले यस मलय पर्वतमा भगवान् आउनुहोस् र सद्धर्मको उपदेश गरिदिनुहोस्। (१३-१५।

कुम्भकर्णपुरोगाश्व राक्षसाः पुरवासिनः ।
श्रोष्यन्ति प्रत्यात्मगतिं महायानपरायणाः ॥१६॥

हे नाथ, यस नगरका निवासी राक्षसहरू र कुम्भकर्ण समेतले यस विशिष्ट प्रत्यात्मगति (प्रत्येक व्यक्तिले जान्नु पर्ने ज्ञान) लाई सुन्ने छन् किनकि ती सवै नै महायान धर्ममा दीक्षित छन् ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृताधिकारा बुद्धेषु करिष्यन्त्यधुना च वै ।
अनुकम्पार्थं मह्यं वै याहि लङ्कां सुतैः सह ॥१७॥

ती सबै महायान परायण पुरवासीहरू बुद्धक्षेत्रमा अधिकार प्राप्त छन् । भविष्यमा पनि तिनले धर्मको श्रवण एवम् आचरण गर्ने नै छन् । त्यसैले मेरो र पुरवासीहरूको कल्याणार्थ आफ्ना शिष्यहरूसहित यहाँ आउनुहोस् ॥१७॥

गृहमप्सरवर्गाश्च हाराणि विविधानि च ।
रम्यां चाशोकवनिकां प्रतिगृह्य महामुने ॥१८॥
आज्ञाकरोऽहं बुद्धानां ये च तेषां जिनात्मजाः ।
नास्ति तद्यन्न देयं मे अनुकम्प महामुने ॥१९॥

यहाँ भएका रमणीय आरामगृहहरू, अप्सराहरू, राम्रा मालाहरू र रमणीय अशोकवाटिका समेत म प्रभुलाई समर्पण गर्दछु । हे महामुनि ! ग्रहण गर्नुहोस् । भगवान् बुद्ध एवम् उनका शिष्यहरूको म आज्ञाकारी सेवक हुँ (भगवान् बुद्धलाई नै भनिरहेका छन्) त्यसैले हे नाथ मेरो लागि भगवान्लाई समर्पण नगर्ने केही पनि छैन । कृपया ग्रहण गर्नुहोस् र ममाथि अनुकम्पा गर्नुहोस् ॥१८-१९॥

तस्य तद्वचनं श्रुत्वा उवाच त्रिभवेश्वरः ।
अतीतैरपि यक्षेन्द्र नायकैः रत्नपर्वते ॥२०॥
प्रत्यात्मधर्मो निर्दिष्ट त्वं चैवाप्यनुकम्पितः ।
अनागताश्च वक्ष्यन्ति गिरौ रत्नविभूषिते ॥२१॥
योगिनां निलयो ह्येष दृष्टधर्मविहारिणाम् ।
अनुकम्प्योऽसि यक्षेन्द्र सुगतानां ममापि च ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यक्षाधिपति रावणको यस्तो विचार सुनेर तीनै लोकका स्वामी भगवान्‌ले भन्नुभयो– हे यक्षेन्द्र ! यस रत्नमय पर्वतमा अतीतकालीन बुद्धहरूले प्रत्यात्म धर्मको उपदेश गर्नुभएको थियो र तिमीमाथि करुणा प्रदर्शित गर्नु भएको यसै रत्नभूषित पर्वतमा अनागत बुद्धहरूले पनि धर्मको उपदेश गर्नु हुनेछ। किनकि यो पर्वत प्रत्यक्ष धर्ममा विहार गर्ने योगीहरूको निवासस्थान नै हो। त्यसैले हे यक्षेन्द्र ! म र अन्य सुगतहरूद्वारा पनि तिमी कृपा गर्न योग्य छौ ॥२०-२१॥

अधिवास्य भगवांस्तूष्णीं शमबुद्धचा व्यवस्थितः ।
आरुढः पुष्पके याने रावणेनोपनामिते ॥२३॥
तत्रैव रावणोऽन्ये च जिनपुत्रा विशारदाः ।
अप्सरैर्हास्यलासाद्यैः पूज्यमानाः पुरीं गताः ॥२४॥

यति भनिसकेपछि भगवान्‌ले शमथद्वारा आफूलाई मौन अवस्थामा राखी रावणको आग्रहलाई स्वीकार गरेर पुष्पक विमानमा आरुढ भएर रावण एवम् अन्य आफ्ना शिष्यहरूले घेरिएर, भिन्नभिन्न अप्सरा यक्ष आदिद्वारा हास-परिहास आदिद्वारा पूजित हुँदै भगवान् लङ्कापुरीमा प्रविष्ट हुनुभयो ॥२३-२४॥

तत्र गत्वा पुरीं रम्यां पुनः पूजां प्रलब्धवान् ।
रावणाद्यैर्यक्षवर्गैर्यक्षिणीभिश्च पूजितः ।
यक्षपुत्रैर्यक्षकन्याभी रत्नजालैश्च पूजितः ॥२५॥

त्यस रमणीय नगरमा पुगेपछि फेरि पनि भगवान्‌को पूजा भयो। त्यसमा रावण, यक्षवर्ग यक्षिणीहरू, यक्षपुत्र, यक्षपुत्री-कन्या आदि सबैले विभिन्न रत्नसमूहद्वारा पूजा गरे ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावणेनापि वुद्धस्य हारा रत्नविभूषिताः ।
जिनस्य जिनपुत्राणामुत्तमाङ्गेषु स्थापिताः ॥२६॥

त्यस अवसरमा रावण– आफैंले पनि उत्तम रत्नजडित हारहरू भगवान्का उत्तमाङ्गमा लगाइदिए साथै जिनपुत्रहरूलाई पनि हार लगाइदिए ॥२६॥

प्रगृह्य पूजां भगवान् जिनपुत्रैश्च पण्डितैः ।
धर्मं विभावयामास प्रत्यात्मगतिगोचरम् ॥२७॥

यसरी भगवान् एवम् जिनपुत्रद्वारा उक्त पूजा ग्रहण गरियो र विद्वान् वुद्धशिष्यहरूले र स्वयं भगवान्ले पनि प्रत्यात्मगतिगोचर धर्मको उपदेश गर्नुभयो ॥२७॥

रावणो यक्षवर्गाश्च संपूज्य वदतां वरम् ।
महामतिं पूजयन्ति अध्येषन्ति पुनः पुनः ।
त्वं प्रष्टा सर्ववुद्धानां प्रत्यात्मगतिगोचरम् ॥२८॥
अहं हि श्रोता यक्षाश्च जिनपुत्राश्च सन्निहः ।
अध्येषयामि त्वां यक्षा जिनपुत्राश्च पण्डिताः ॥२९॥
वादिनां त्वं महावादी योगिनां योगवाहकः ।
अध्येषयामि त्वां भक्त्या नयं पृच्छ विशारद ॥३०॥
तीर्थ्यदोषैर्विनिर्मुक्तं प्रत्येकजिनश्रावकैः ।
प्रत्यात्मधर्मताशुद्धं वुद्धभूमिप्रभावकम् ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वोल्नेहरूमध्ये सर्वश्रेष्ठ वुद्धको पूजा गरेर रावण एवम् यक्षवर्गले पुनः पुनः पूजा एवम् प्रार्थना गरी नै रहे। हे नाथ, सवै वुद्धहरूको प्रतिनिधि स्वरूप प्रत्यात्मगति ज्ञानको वक्ता हुनुहुन्छ। हे प्रभो ! यहाँ म स्वयं र यक्षहरू भगवान् एवम् यहाँका शिष्यहरू जो विद्वान् छन् लाई वारम्वार प्रार्थना गर्दछु। वादीहरूमा तपाईं महावादी, योगीहरूमा महायोगी त्यस्ता प्रभुलाई भक्तिपूर्वक प्रार्थना गर्दछु। कृपया धर्मको उपदेश गर्नुहोस्। तीर्थिकहरूका दोषले रहित, प्रत्येक वुद्ध, श्रावक आदिद्वारा ग्राह्य आत्मधर्मरहित वुद्धभूमिमा स्थान प्राप्त गराउने धर्मको उपदेश गर्नुहोस् ॥२८-३१॥

निर्माय भगवांस्तत्र शिखरान् रत्नभूषितान् ।
अन्यानि चैव दिव्यानि रत्नकोटीरलङ्कृताः ॥३२॥
एकैकस्मिन् गिरिवरे आत्मभावं विदर्शयन् ।
तत्रैव रावणो यक्ष एकैकस्मिन् व्यवस्थितः ॥३३॥
अत्र ताः पर्षदः सर्वा एकैकस्मिन् हि दृश्यते ।
सर्वक्षेत्राणि तत्रैव ये च तेषु विनायकाः ॥३४॥
राक्षसेन्द्रश्च तत्रैव ये च लङ्कानिवासिनः ।
तत्प्रतिस्पर्धिनी लङ्का जिनेन अभिनिर्मिता ।
अन्याश्च शोकवनिका वनशोभाश्च तत्र याः ॥३५॥

रावणको यस्तो प्रार्थनापछि भगवान्ले ती समग्र शिखरहरूलाई रत्नविभूषित गर्नुभयो साथै अन्य कोटिकोटि रत्नहरूद्वारा दिव्यरूपमा सुसुज्जित गराउनुभयो। प्रत्येक पर्वतप्रान्तमा आफूलाई स्थिर गराउनु भयो। तीमध्ये एउटा पर्वत शिखरमा रावण यक्ष वसे, सवै पार्षदहरू, यक्ष किन्नंर आदि र वुद्धपुत्रहरू पनि एकएक क्षेत्रमा व्यवस्थित भए। त्यसक्षेत्रका रक्षकहरू पनि अन्य पर्वतमा वसे। अर्को कुरा, भगवान्ले आफ्ना ऋद्धिद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो लङ्काभन्दा राम्रो अर्को नगर, अशोकवाटिका, रमणीय वन, नदी, पर्वत आदिको निर्माण गर्नुभयो ॥३२-३५॥

एकैकस्मिन् गिरौ नाथो महामतिप्रचोदितः ।
धर्मं दिदेश यक्षाय प्रत्यात्मगतिसूचकम् ।
दिदेश निखिलं सूत्रं शतसाहस्रिकं गिरौ ॥३६॥

त्यस अवसरमा प्रत्येक पर्वतशिखरमा भगवान्ले महाविद्वान् रावणद्वारा उत्प्रेरित भएर प्रत्येक प्राणीको आफ्नो मूलस्वरूप बुझाउने धर्मको उपदेश गर्नुभयो । त्यो धर्मसूत्र एक लाख सूत्रले युक्त भएको थियो जसको उपदेश त्यस पर्वतशिखरमा गरिएको थियो ॥३६॥

शास्ता च जिनपुत्राश्च तत्रैवान्तर्हितास्ततः ।
अद्राक्षीद्रावणो यक्ष, आत्मभावं गृहे स्थितम् ॥३७॥

त्यसपछि भगवान् शास्ता, उहाँका शिष्यहरू सबै नै अन्तर्ध्यान हुन पुगे । रावणले आफूलाई आफ्नै घरभित्र पाए ॥३७॥

चिन्तेति किमिदं कोऽयं देशितं केन वा श्रुतम् ।
किं दृष्टं केन वा दृष्टं नगरो वा क्व सौगतः ॥३८॥
तानि क्षेत्राणि ते बुद्धा रत्नशोभाः क्व सौगताः ।
स्वप्नोऽयमथ वा माया नगरं गन्धर्वशब्दितम् ॥३९॥
तिमिरो मृगतृष्णा वा स्वप्नो बन्ध्याप्रसूयतम् ।
अलातचक्रधूमो वा यदहं दृष्टवानिह ॥४०॥
अथ वा धर्मता ह्येषा धर्माणां चित्तगोचरे ।
न च बालावबुध्यन्ते मोहिता विश्वकल्पनैः ॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनी भयङ्कर चिन्तामा परे। तर्कना गर्न थाले। यो के भयो ? देशना भगवान्‌ले कसरी र कहाँ गर्नुभयो। र ककसले यसलाई सुने। ककसले के देखे, त्यो नगर कहाँ गयो साथै सुगत भगवान् कहाँ जानुभयो। ती सबै क्षेत्रहरू कता गए। ती बुद्धहरू, रत्नहरूको शोभा के भयो। के यो स्वप्न हो, माया हो, या गन्धर्वनगरजस्तै हो ? यो अँध्यारो हो या मृगतृष्णा हो ? अथवा स्वप्न, वन्ध्यापुत्र, अलातचक्र, धूम, अथवा के हो जो मैले देखेँ। अथवा यो धर्मको मूलरहस्य हो ? जुन धर्म चित्तमा स्फुरित हुन्छ तर मूर्खहरूले त्यसलाई वुझ्न सक्तैनन् किनकि तिनीहरू विश्वकल्पनाद्वारा मोहित हुने गर्दछन् ॥३८-४१॥

न द्रष्टा न च द्रष्टव्यं न वाच्यो नापि वाचकः ।
अन्यत्र हि विकल्पोऽयं बुद्धधर्माकृतिस्थितिः ।
ये पश्यन्ति यथादृष्टं न ते पश्यन्ति नायकम् ॥४२॥

यहाँ न द्रष्टा, न दृश्य, न वाच्य न वाचक नै छ। यो विकल्पमय जगत् हो जसलाई बुद्धधर्मका गम्भीर उपदेशद्वारा सदाका लागि भ्रम नष्ट हुन्छ। जसले यस जगत्‌लाई यथार्थरूपमा बुझ्दछन् तिनले बुद्ध र धर्मलाई बुझ्न सक्दैनन ॥४२॥

अप्रवृत्तिर्विकल्पश्च यदा बुद्धं न पश्यति ।
अप्रवृत्तिर्भवे बुद्धः संबुद्धो यदि पश्यति ॥४३॥

जब, अप्रवृत्ति र विकल्पलाई नै सत्य मान्दछन् तिनले बुद्धलाई जान्दैनन् विकल्पको बोधद्वारा बोधिद्वारा जब भव प्रति अप्रवृत्ति हुन्छ अनिमात्रै त्यसले बुद्ध र उनका धर्मलाई जान्दछ ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समनन्तरप्रतिविवुद्धे परावृत्ताश्रये खचित्तदृश्यमात्राधिगमे विकल्प-प्रचार-स्थितस्य लङ्काधिपतेः पूर्वकुशलमूलसंचोदितस्य सर्वशास्त्रविदग्ध-बुद्धेर्यथातथ्य-दर्शनस्य अपरप्रणेय स्वबुद्धिविचालनकुशलस्य तर्कदृष्टिव्यपेतदर्शनस्य अपरप्रणेयस्य महायोगयोगिनो महाविश्वरूपधारिणः उपायकौशल्यगतिङ्गतस्य सर्वभूम्युत्तरोत्तरस्वलक्षणाधिगमनकुशलस्य चित्तमनोमनोविज्ञानस्वभावविवेकरतस्य त्रिसंततिव्यवच्छिन्नदर्शनस्य सर्वकारणतीर्थ्यब्यपेतवुद्धेः तथागतगर्भवुद्धभूम्यध्यात्मसमापन्नस्य स्थितबुद्धबुद्धेर्गगनादध्यात्मवेद्यशब्दमश्रौषीत्-साध साधु लङ्काधिपते, साधु खलु पुनस्त्वं लङ्काधिपते । एवम् शिक्षितव्यं योगिना यथा त्वं शिक्षसे । एवम् च तथागता द्रष्टब्या धर्माश्च, यथा त्वया दृष्टाः । अन्यथा दृश्यमाने उच्छेदमाश्रयः । चित्तमनोमनोविज्ञानविगतेन त्वया सर्वधर्मा विभावयितव्याः । अन्श्चारिणा न वाह्यार्थदृश्यभिनिविष्टेन । न च त्वया श्रावकप्रत्येकबुद्धतीर्थाधिगमपदार्थगोचरपतितदृष्टिसमाधिना भवितव्यम् ।

त्यसपछि लङ्काधिपति रावणका समस्तमोह-विकल्पवोध नष्ट भइसकेपछि दृश्यको अस्तित्त्व समाप्त भएर अविकल्पित पदार्थको स्वरूपा वोधको अवस्था उत्पन्न भएपछि, पहिलेका कुशल कर्म परिपाकद्वारा प्रेरित हुँदै, सर्वशास्त्रज्ञाता रावणको वुद्धिले यथार्थ तत्त्व वुझेपछि, मूलतत्त्वज्ञाता, आफ्नो वुद्धिद्वारा तर्क गर्न सक्ने, तर्कद्वारा तत्त्व नवुझिने ठहर गरेर, मूलतत्त्ववोद्धा, महान् योगी, महाविश्वरूपधारी, उपाय कौशल गतिमा पुगेका सवै भूमिलाइ पार गरेर स्वलक्षणद्वारा निर्दिष्ट स्वभूमिमा जान सक्ने चित्त, मनोविज्ञान, त्रिस्वभाव, विवेकमारत, सवै त्रिसन्तत्तति, विज्ञान, इन्द्रिय, विषयलाई वुझेका, सवै तीर्थिकशास्त्रवाट माथि उठेका, तथागत गर्भ-वुद्धभूमिमा अवस्थित रावणले स्थिरवुद्धि, वोधद्वारा आकाशवाट आएको शव्द सुने– साधु, साधु लङ्काधिपति ! फेरि पनि साधु साधु । जसरी तिमीले वुझ्यौ त्यसरी नै योगीहरूले वुझ्नुपर्दछ । त्यसरी नै तथागत एवम् धर्मलाई जान्नुपर्दछ, जसरी तिमीले जान्यौ । अन्य तरिकाले वुझ्दा उल्टो हुन्छ । चित्त, मन, मनोविज्ञानलाई जानेका तिमीले सवै धर्मको मनन गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दछ। तिमीले भित्र हेर्नुपर्दछ– चित्तलाई, वाहिर होइन– दृश्यलाई। तिमीले श्रावक, प्रत्येक बुद्ध, वुद्धतीर्थले जाने र छोडेका पदार्थ दृष्टि अर्थात् सत्कायदृष्टियुक्त समाधिमा जांनुहुँदैन।

नाख्यायिकेतिहासरतेन भवितव्यम्। न स्वभावदृष्टिना, न राजाधिपत्यमदपतितेन, न षड्ध्यानादिध्यायिना। एष लङ्काधिपते अभिसमयो महायोगिनां परप्रवादमथनानामकुशलदृष्टिदालनानामात्मदृष्टिव्यावर्तन-कुशलानां सूक्ष्ममभिविज्ञानपरावृत्तिकुशलानां जिनपुत्राणां महायानचरितानाम्। तथागतस्वप्रत्यात्मभूमिप्रवेशाधिगमाय त्वया योगः करणीयः। एवम् क्रियमाणे भूयोऽप्युत्तरोत्तरविशोधकोऽयं लङ्काधिपते मार्गो यस्त्वया परिगृहीतः समाधिकौशलसमापत्या। न च श्रावकप्रत्येकबुद्धतीर्थ्यानुप्रवेशसुखगोचरो यथा वालतीर्थयोगयोगिभिः कल्प्यते आत्मग्राहदृश्यलक्षणाभिनिविष्टैर्भूत-गुणद्रब्यानुचारिभिरविद्याप्रत्ययदृष्ट्यभिनिवेशाभिनिविष्टैः शून्यतोत्पाद-विक्षिप्तैर्विकल्पाभिनिविष्टैर्लक्ष्यलक्षणपतिताशयैः।

आख्यायिका इतिहासरत भएर तिमीले रहनु हुँदैन। निस्वभादृष्टि र राजाहरूले गर्ने मदमा पनि फस्नुहुँदैन। छ प्रकारको ध्यानमा पनि लाग्नु हुँदैन। हे लङ्काधिपति ! यो अभिसमय, महायोगिहरूको, अरूको प्रवादमथन गर्न कुशलदृष्टि सम्पन्न, एवम् आत्मदृष्टिलाई हटाउन सक्ने, अतिसूक्ष्मज्ञानद्वारा अकुशललाई हटाउन सक्ने ठूलो चरित्र भएका वुद्धशिष्यहरूद्वारा अभ्यास गरिने यो (अभिसमय) समाधि हो। तथागतद्वारा आफैंले वुझेर अरूलाई त्यस स्थितिमा लैजाने जुन योग हो त्यो तिमीले गर्नु पर्दछ। यसरी गर्न थालेपछि फेरि पनि उत्तरउत्तर संशोधक यो मार्ग, जुन तिमीले लिएका छौ, त्यो हो समाधिकौशल समापत्तिद्वारा हे लङ्काधिपति।

तर श्रावक, प्रत्येक वुद्ध तथा तीर्थिकहरूद्वारा प्रवेश गरेर सुखको चाहनामा रमाउने जस्तो कि वालक, तीर्थिक, योगिहरूद्वारा कल्पना गरिन्छ– त्यो हो आत्मग्रहदृष्टि लक्षणले युक्त सिद्धपदार्थद्वारा आफूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविद्या दृष्टिमा अभिनिविष्ट गराउने, शून्यतालाई उत्पन्न गर्नमा बाधक विकल्पहरूमा रमाउने लक्ष्यभ्रष्ट बालिशहरूको आशयमा तिमीले रमाउनु हुँदैन।

विश्वरूपगतिप्रापकोऽयं लङ्काधिपते स्वप्रत्यात्मगति-बोधकोऽयं महायानाधिगमः । विशेषभवोपपत्तिप्रतिलम्भाय च प्रवर्तते । पटलकोशविविध-विज्ञानतरङ्गव्यावर्तकोऽयं लङ्काधिपते महायानयोगप्रवेशो न तीर्थ्ययोगाश्रयपतनम् । तीर्थ्ययोगो हि लङ्काधिपते तीर्थ्यानामात्माभिनिवेशात्-प्रवर्तते । विज्ञानस्वभावद्वयार्थानामभिनिवेशदर्शनादसौम्ययोगस्तीर्थकराणाम् । तत्साधु लङ्काधिपते एतमेवार्थमनुविचिन्तये । यथा विचिन्तित्त्वांस्तथागतदर्शनात् । एतदेव तथागतदर्शनम् ॥

हे लङ्काधिपति ! यो महायान धर्मको बोध विश्वरूप गतिलाई प्राप्त गराउने, आफ्नो वास्तविक स्वरूप शून्यतालाई दर्शाउने हो। संसारको विशेष बन्धनात्मकतालाई हटाउनमा समर्थ छ। संसारका भिन्न पदार्थ ज्ञानका तरङ्गलाई हटाउने यो महायानयोग प्रवेश हो तर तीर्थिकहरूको योगमा पतन गराउने होइन। तीर्थिकहरूको योग हे लङ्काधिपति ! आत्मवुद्धि गराउने योग हो। विज्ञानका दुई स्वभावका अभिनिवेशद्वारा अनुपयुक्त आत्मदृष्टिवर्धक योग नै तैर्थिकहरूको योग हो। त्यसैले हे लङ्काधिपति ! यसै शून्यतामूलक अर्थको चिन्तन गर। जस्तो तिमीले विचार गऱ्यौ त्यो तथागत दर्शनकै अनुरूप छ। त्यही नै तथागत बुद्धको दर्शन हो।

अथ तस्मिन्नन्तरे रावणस्यैतदभवत्-यन्न्वहं पुनरपि भगवन्तं सर्वयोगवशवर्तिनं तीर्थ्ययोगव्यावर्तकं प्रत्यात्मगतिगोचरोद्भावकं नैर्मितनैर्माणिकव्यपेतमधिगमबुद्धिर्यद्योगिनां योगाभिसमयकाले समाधिमुखे समाधीनामधिगमो भवति । तस्य च अधिगमाद्योगिनां योगशब्दो निपात्यते अधिगमनेनेति । तदहं कारुणिकं क्लेशेन्धनविकल्पक्षयकरं तं जिनपुत्रैः परिवृतं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वसत्त्वचित्ताशयानुप्रविष्टं सर्वगतं सर्वज्ञं क्रियालक्षणविनिवृत्तं तयैवमृद्ध्या पश्येयम्, तद्दर्शनान्नाधिगतमधिगच्छेयम्, अधिगतं च मे निर्विकल्पाचारः सुखसमाधिसमापत्तिविहारस्तथागतगतिभूमिप्रापको विवृद्धिं यायात् ॥

अब, त्यसपछि महामति रावणको मनमा यस्तो विचार उत्पन्न भयो– मैले फेरि पनि तिनै भगवान्, सबै योगहरूलाई आफ्नो वशमा गर्ने, तीर्थिकहरूको योगलाई हटाउने, प्रत्यात्मगतिलाई जान्ने र जनाउने, मायाद्वारा निर्मित वस्तु र वस्तुबुद्धिलाई हटाएर महायोगिजनद्वारा योगावस्थामा जुन योगको उद्भव हुन्छ त्यस्ताको शरणमा जानु पर्दछ। त्यस्ता ज्ञानद्वारा योगीहरूलाई पनि अझ उत्कृष्ट योगमा प्रवेश गराइन्छ।

त्यसैले परमकारुणिक, क्लेश स्कन्धविकल्पलाई नाश गर्ने, शिष्यगणद्वारा परिवृत्त, त्यस्ता सबै प्राणीका चित्तभित्र प्रवेश गर्न सक्ने, सर्वव्यापक, सर्वज्ञ, कर्मलक्षणद्वारा मुक्त त्यस्ता बुद्धलाई त्यसै ऋद्धिद्वारा हेर्नु पर्दछ। उनको दर्शनद्वारा प्राप्तव्यलाई पाउन सक्तछु। त्यसलाई पाएपछि निर्विकल्पसमाधिमा मेरो प्रवेश हुन्छ, सुख समाधिमा प्रविष्ट भएर त्यहाँ विहार गर्नाले तथागतको जुन भूमि हो त्यहाँ पुग्न सकिन्छ र मेरो प्रवेश त्योभन्दा माथिको भूमिमा (अवश्य) हुनेछ।

अथ भगवांस्तस्यां वेलायां लङ्काधिपतेरनुत्पत्तिकधर्मक्षान्त्यधिगतं विदित्वा तयैव शोभया दशग्रीवस्यानुकम्पया पुनरप्यात्मानं शिखरे सुबहुरत्नखचिते रत्नजालवितते दर्शयति स्म । अद्राक्षीद्दशग्रीवो लङ्काधिपतिः पुनरपि दृष्टानुभूतां शोभां शिखरे तथागतमर्हन्तं सम्यक्संबुद्धं द्वात्रिंशद्वरलक्षणविभूषिततनुम् । स्वात्मभावं चैकैकस्मिन् गिरौ तथागतानां पुरतः सम्यक्संबुद्धानां महामतिना सार्धं तथागतप्रत्यात्मगतिगोचरकथां प्रकुर्वन्तं यक्षैः परिवृतं तां देशनापाठकथां कथयन्तम् । ते च क्षैत्राः सनायकाः ॥

अब, त्यसपछि त्यसै समयमा लङ्काधिपति रावणको चित्तमा व्यवस्थित अनुत्पत्तिक शान्तिलाई बुझेर त्यसै शोभाद्वारा युक्त भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावणमाथि अनुकम्पा गरेर फेरि पनि त्यसै भिन्न रत्नहरूद्वारा सुशोभित रत्नैरत्नले निर्मित पर्वत शिरमा भगवान्‌ले आफूलाई देखाउनुभयो। दश शिर भएका लङ्काधिपति रावणले फेरि पहिले देखेर अनुभूत गरेको शोभा र त्यस पर्वत शिखरमा अर्हत् सम्यक्‌संवुद्ध, ३२ लक्षणले विभूषित देशयुक्त भगवान्‌लाई देखे। आफूलाई पनि एउटा पर्वत शिखरमा तथागतहरूका अगाडि, सम्यक्सम्वुद्धहरूले घेरिएर महामति (रावण आफैंलाई) सँग तथागतद्वारा अववुद्ध प्रत्यात्मगतिपक्षिक कथा वनाइरहेका यक्षहरूद्वारा घेरिएका देशना गाथाहरूलाई गाउँदै, भन्दै गरेको भगवान्‌लाई देखे। त्यहाँ सवै महासत्त्व एवम् वोधिसत्त्वहरू पनि उपस्थित हुनुहुन्थ्यो।

अथ भगवान् पुनरपि तस्यां वेलायां पर्षदमलोक्य वुद्ध्या न मांसचक्षुषा सिंहराजवद्विजृम्भ्य महाहासमहसत्। ऊर्षाकोशाश्च रश्मिं निश्चार्यमाणः पर्श्विासकटिकायाच्च श्रीवत्सात्सर्वरोमकूपेभ्यो युगान्तादिग्गरिरिव दीप्यमानः तेजसेन्द्रधनुरुदयभाष्करोपमेन प्रभा- मण्डलेन देदीप्यमानः शक्रव्रह्मलोकपालैर्गगनतले नीरीक्ष्यमाणः सुमेरुशृङ्गप्रतिस्पर्धिनि शिखरे निषण्णो महाहासमहसत्। अथ तस्या वोधिसत्त्वपर्षदः तेषां च शक्रव्रह्मादीनामेतदभवत्-को नु खल्वत्र हेतुः, कः प्रत्ययो यद्भगवान्, सर्वधर्मवशवर्ती महाहासं स्मितपूर्वकं हसति ? रश्मींश्च खविग्रहेभ्यो निश्चारयति ? निश्चार्य तूष्णीमभवत् स्वप्रत्यात्मार्यज्ञानगोचरसमाधिमुखे पतिताशयोऽविस्मितः सिंहावलोकनतया दिशोऽवलोक्य रावणस्यैव योगगतिप्रचारमनुविचिन्त्यमानः ॥

फेरि पनि भगवान्‌ले त्यस समयमा त्यहाँ उपस्थित सभ्यजनहरूलाई वुद्धिद्वारा देखेर, न कि माँसका आँखाहरूले सिंहराज जस्तै हाई गरेर ठूलो हाँसो हाँस्नुभयो। आफ्ना रोमकूपहरूवाट किरणहरू निकाल्दै, आफ्ना पार्श्वभागवाट, कम्मरभागवाट, शरीरवाट, समग्ररोमकूपहरूवाट, भयङ्कर ठूलो पर्वतजस्तै भएर तेजकिरणहरू निकालेर देदीप्यमान, तेजको समूहजस्तो कि उदयकालीन सूर्यजस्तै भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभा– मण्डलद्वारा देदीप्यमान भएर इन्द्र, ब्रह्मा र लोकपालहरू जो आकाशमा थिए– द्वारा हेरिँदै सुमेरूपर्वतको जस्तै उच्च शिखरमा वसेर ठूलो हाँसो हाँस्नुभयो । त्यो देखेर वोधिसत्त्वसमूह र इन्द्र आदिको मनमा यस्तो विचार आयो– के कारण छ यहाँ, के उद्देश्यले सर्वधर्मलाई आफूमा अन्तर्निहित गर्ने भगवान्ले गम्भीरतापूर्वक यस्तो हाँसो हाँस्नुभयो । किन र आफ्ना शरीरवाट तपः किरण निकाल्नु भयो । त्यस्ता किरणहरू निकालेर फेरि मौन हुनुभयो । विशिष्ट स्ववोध्य आर्यज्ञानमा अवस्थित भएर आनन्दित भएर सिंहावलोकन जस्तै सवै दिशाहरूलाई हेरेर रावणको नै योगगतिलाई अझ अगाडि वढाउने चिन्तामा लाग्नुभयो ।

अथ खलु महामतिर्वोधिसत्त्वो महासत्त्वः पूर्वमेवाध्येषितो रावणस्यानुकम्पामुपादाय तस्या वोधिसत्त्वपर्षदश्चित्ताशयविचारमाज्ञाय अनागतां जनतां चावलोक्य देशनापाठाभिरतानां सत्त्वानां चित्तविभ्रमो भविष्यतीति यथारुतार्थाभिनिविष्टानां सर्वश्रावकप्रत्येकवुद्धतीर्थ्ययोगवलाभिनिविष्टानां तथागता अपि भगवन्तो विनिवृत्तविज्ञानविषया महाहासं हसन्ति । तेषां कौतूहलविनिवृत्यर्थं भगवन्तं परिपृच्छतिस्म कः खल्वत्र हेतुः, कः प्रत्ययः स्मितस्य प्रवृत्तये ? भगवानाह-साधु साधु महामते, साधु खलु पुनस्त्वं महामते, लोकस्वभावमवलोक्य कुदृष्टिपतितानां च लोकानां त्रैकाल्यचित्तावबोधाय मां प्रस्टुमारब्धः । एवम् पण्डितैः परिपृच्छनजातीयैर्भवितव्यं स्वपरोभयार्थम् । एष महामते रावणो लङ्काधिपतिः पूर्वकानपि तथागतानर्हतः मामप्येतर्हि प्रष्टुकामो यदनालीढं सर्वश्रावकप्रत्येकबुद्धतीर्थ्ययोग-योगिनां प्रश्नद्वयप्रभेदगतिलक्षणं विभावयितुम् । य एष प्रष्टुकामो दशग्रीवोऽना-गतानपि जिनान् प्रक्ष्यति ॥

त्यसपछि महामति नामक वोधिसत्त्व महासत्त्वले पहिला नै प्रार्थनाद्वारा रावणमाथि अनुकम्पा गर्ने उद्देश्यले त्यस वोधिसत्त्वसमूहका चित्तको आशयलाई जानेर भावी जनताका चित्तस्थितिलाई वुझेर भगवान्का देशना पाठमा लाग्ने प्राणीहरूको चित्तभ्रम हुनेछ भन्ने वुझेर शास्त्रमा वर्णन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको तत्त्वमा मात्र लाग्ने श्रावक, प्रत्येक बुद्धयानमा स्थित तथा तैर्थिक योगद्वारा भ्रमित हुनेहरूलाई (कुनै चित्तभ्रम नहोस् भन्ने आशयले) समग्रज्ञानका क्षेत्रलाई पार गरिसकेका तथागतहरू पनि महाहाँसो हाँस्दछन् । त्यसैले ती सबैको कौतुहल निवृत्तिका लागि भगवान्लाई सोधे तिनै महामतिले– हे भगवान् यत्रो हाँसो हाँस्नुमा के कारण छ ? कुन रहस्य छ ? भगवान्ले भन्नुभयो– साधु, साधु महामति ! साधु फेरि पनि तिमी अति राम्रो गर्दछौ, लोकको स्वभावलाई बुझेर कुदृष्टिमा फँसेका संसारको उद्धारका लागि उनको ज्ञान बढाउनका लागि तिमीले यस्तो प्रश्न गरेका हौ । आफ्नो र अर्काको कल्याणार्थ पण्डितले सधैं नै सोध्ने गर्नुपर्दछ ।

हेर महामति ! यस लङ्काधिपति रावणले पहिलेका तथागत अर्हत सम्यक्सम्बुद्धहरू सबैलाई नै दुईवटा प्रश्न सोधेको थियो । त्यसैले मलाई पनि तीनै प्रश्न सोध्ने इच्छाले (प्रार्थनारत छ) सीधा सरल, सबै श्रावक, प्रत्येक बुद्धयान एवम् तैर्थिक योगीहरूको पनि त्यही प्रश्न छ त्यो हो यस रावणद्वारा भावी बुद्धहरूलाई पनि यो प्रश्न (फेरि पनि) सोधिने नै छ । लङ्काधिपतिको आशय बुझेर पनि भगवान्ले भन्नुभयो– सोध लङ्काधिपति ! तथागतले तिमीलाई अनुमति दिनुभएको छ । मुकुटधारी राजन् ढिला नगर । जे तिमीले चाहन्छौ तिम्रा ती प्रश्नहरूको उत्तर दिएर तिम्रो चित्तको आराधना गर्नेछु ।

मूल तथागत सर्वप्रमाण इन्द्रिय रहित सर्व बालश्रावक प्रत्येक वुद्ध तीर्थ्यहरूबाट पनि निवृत्त हुन्छन् । दृष्ट धर्म सुखविहारीहरू अभिसमय धर्म ज्ञान क्षान्तिद्वारा बुद्धमानै आउँदछन् । त्यसैले बज्रपाणिको कुनै बन्धन हुँदैन । सबै निर्मित बुद्धहरू कर्मबाट हुँदैनन् । तिनमा र ती बाहिर पनि तथागत छैनन् । कुम्भकारादि अवलम्बन आदि प्रयोगद्वारा सत्त्व कृत्यहरू गर्दछन् । लक्षणको उपदेश गर्दछन् । तर स्वनय प्रत्यवस्थान स्वप्रत्यात्मआर्य गति गोचर विषयको वर्णन गर्दैनन् । फेरी छ विज्ञानकायहरूको निरोधबाट उच्छेददृष्टिको आश्रय गर्दछन् आलय अवबोधबाट शाश्वत दृष्टि युक्त हुन्छन् ती बालपृथग्जनहरू ।

तत्रेदमुच्यते-

त्रीणि यानान्ययानं च बुद्धानां नास्ति निर्वृतिः ।
बुद्धत्वे व्याकृताः सर्बे वीतदोषाश्च देशिताः ॥१॥
अभिसमयान्तिकं ज्ञानं निरूपादिगतिस्तथा ।
प्रोत्साहना च लीनानामेतत्संधाय देशितम् ॥२॥
बुद्धै रुत्पादितं ज्ञानं मार्गस्तैरेव देशितः ।
यान्ति तेनैव नान्येन अतस्तेषां न निर्वृतिः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँ यो भनिन्छ-

तीनयानहरू यान होइनन् । वुद्धहरूको निर्वाण हुँदैन । वुद्धत्वमा सबै बताइएका छन् । ती उपदेशहरू दोष रहित छन् । अभिसमयान्तिक ज्ञान, निरूपादिगति आदि उत्साह बढाउनका लागि नै यो सवै वुद्धले वताउनु भएको हो ॥१-२॥

स्वमति विकल्पको पूर्वा कोटि जान्न सकिँदैन । स्वमति विकल्पको नै विनिवृत्तिद्वारा मोक्षको थाह हुन्छ । चतुर्वासनाको नाशबाट नै सर्वदोष नाश हुन्छ ।

वुद्धले उत्पन्न गर्नुभएको ज्ञान एवम् मार्ग पनि बताउनुभएको छ । त्यसैबाट नै सबै जान्दछन् । अरूबाट होइन त्यसैले तिनीहरूको निर्वाण हुँदैन ॥३॥

भवकामरूपदृष्टिनां वासना वै चतुर्विधा ।
मनोविज्ञानसंभूता आलयं च मनः स्थिता ॥४॥

भव-कामरूप दृष्टिहरूको वासना चार प्रकारको छ । मनोविज्ञानबाट समुत्पन्न भएको र आलयविज्ञान एवम् मनको त्यहाँ अवस्थिति छ ॥४॥

मनोविज्ञाननेत्राद्यैरुच्छेदश्चाप्यनित्यतः ।
शाश्वतं च अनाद्येनः निर्वाणमतिदृष्टिनाम् ॥५॥

मनोविज्ञान र नेत्र आदिबाट अनित्यरूपमा गरिने उच्छेद पनि र शाश्वत पनि दुई अन्तवाला हुन् । निर्वाण दृष्टि सम्पन्नहरूका लागि ।

नैर्माणिक परिवर्त समाप्तः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मांसभक्षणपरिवर्तः

अथ खलु महामतिर्बोधिसत्त्वो महासत्त्वो भगवन्तं गाथाभिः परिपृच्छ्य पुनरप्यध्येषते स्म-देशयतु मे भगवांस्तथागतोऽर्हत् सम्यक्सम्बुद्धो मांसभक्षणे गुणदोषम्, येन अहं च अन्ये च बोधिसत्त्वा महासत्त्वा अनागतप्रत्युत्पन्नकाले सत्त्वानां क्रव्यादसत्त्वगतिवासनावासितानां मांसभोजगृध्द्राणां रसतृष्णाप्रहाणाय धर्मं देशयाम, यथा च ते क्रव्यादभोजिनः सत्त्वा विराग्य रसतृष्णां धर्मरसाहारकाङ्क्षया सर्वसत्त्वैकपुत्रकप्रेमानुगताः परस्परं महामैत्रीं प्रतिलभेरन् । प्रतिलभ्य सर्वबोधिसज्जभूमिषु कृतयोग्याः क्षिप्रमनुत्तरां सम्यक्संबोधिमभिसम्बुध्येरन् । श्रावकप्रत्येकबुद्धभूम्या वा विश्रम्य अनुत्तरां ताथागतीं भूमिमुपसर्पयेयुः । दुराख्यातधर्मैरपि तावद्भगवन्नन्यतीर्थिकैर्लोकायतदृष्ट्यभिनिविष्टैः सदसत्पक्षोच्छेदशाश्वतवादिभिर्मांसं निवार्यते भक्ष्यमाणम् । स्वयं च न भक्ष्यते,, प्रागेव कृपैकरसे सम्यक्सम्बुद्धे प्रणीते लोकनाथे । तव शासने मासं स्वयं च भक्ष्यते, भक्ष्यमाणं च न निवार्यते । तत्साधु भगवान् सर्वलोकानुकम्पकः सर्वसत्त्वैकपुत्रकसमदर्शी महाकारुणिकोऽनुकम्पामुपादाय मांसभक्षणे गुणदोषान् देशयतु मे, यथा अहं च अन्ये च बोधिसत्त्वास्तथत्वाय सत्त्वेभ्यो धर्मं देशयेम । भगवान्नाह-तेन हि महामते शृणु, साधु च सुष्ठु च मनसि कुरु । भाषिष्येऽहं ते । साधु भगवन्निति महामतिर्बोधिसत्त्वो महासत्त्वो भगवतः प्रत्यश्रौषीत् ॥

यसपछि महामति बोधिसत्त्व महासत्त्वले गाथाद्वारा भगवान्लाई सोधेर फेरि प्रार्थना गरे तथागत अर्हत् सम्यक्संबुद्धले मलाई देशना गर्नुहोस्-मासु खाँदा के गुण-दोष छन् । जसद्वारा म र अन्य बोधिसत्त्व महासत्त्वहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो क्रव्याद सत्त्वगति वासना वासितहरू हुनेछन्- मासु खाने गिद्धस्वभावहरूको रसतृष्णा नाशका लागि धर्मको देशना गर्नेछौं। जसद्वारा ती मांसभोजी जीवहरू वैराग्य युक्त भएर रसतृष्णालाई धर्म-रस-आहारका आकाङ्क्षाले सर्वप्राणीहरूलाई एउटै आफ्नै व्यक्ति जस्तो प्रेममा आप्लावित भएर परस्पर मैत्री प्राप्त गर्न सकुन्। त्यस्तो मैत्री प्राप्त गरेर सर्व बोधिसत्त्वभूमिमा योग्य भएर तत्काल नै सम्यक्संम्बोधि प्राप्त गर्न सकुन्। श्रावक प्रत्येक बुद्धभूमिमा विश्राम गरेर अनुत्तर तथागत भूमिमा पुग्न सकुन्। दुराख्यात धर्महरूद्वारा पनि नयतीर्थकहरूद्वारा, लौकायतिकदृष्टि सम्पन्नहरूले पनि सदसत्पक्षरहित शाश्वतवादीहरूले पनि मासु खान रोक लगाएका छन्। आफैं भगवान् खानुहुन्न। भगवान्ले बुद्धत्व प्राप्त गर्नुपूर्व पनि मांस खानु भएन। तर अहिले भगवान्को अनुशासनमा सबै आफैं खान्छन् र अरूलाई रोक्तैनन् पनि। त्यसैले सर्वलोकलाई अनुकम्पा गर्ने सबै प्राणीलाई पुत्रवत् व्यवहार गर्ने, समदर्शी, महाकारुणिक भगवान् कृपा गरेर मांसमक्षणका गुणदोषको देशना गर्नुहोस् जसद्वारा म र अन्य बोधिसत्त्वहरूले प्राणीहरूलाई धर्मको देशना गरौं। भगवान्ले भन्नुभयो हे महामति ! राम्ररी सुन र मनमा राख पनि। तिम्रा लागि म भन्नेछु। हवस् भगवन् भनेर उनले भगवान्का वचनलाई स्वीकार गरे।

भगवांस्तस्यैतदवोचत्-अपरिमितैर्महामते कारणैर्मांसं सर्वभक्ष्यं कृपात्मनो बोधिसत्त्वस्य ॥ तेभ्यस्तूपदेशमात्रं वक्ष्यामि। इह महामते अनेन दीर्घेणाध्वना संसरतां प्राणिनां नास्त्यसौ कश्चित्सत्त्वः सुलभरूपो यो न माताभूत्पिता वा भ्राता वा भगिनी वा पुत्रो वा दुहिता वा अन्यतरान्यतरो वा स्वजनबन्धुबन्धुतो वा। तस्य अन्यजन्मपरिवृत्ताश्रयस्य मृगपशुपंक्षियोन्यन्त-भूतस्य बन्धोर्बन्धुभुतस्य वा सर्वभूतात्मभूतानुपागन्तुकामेन सर्वजन्तुप्राणि-भूतसंभूतं मांसं कथमिव भक्ष्यं स्याद्बुद्धधर्मकामेन बोधिसत्त्वेन महासत्त्वेन ? राक्षसस्यापि महामते तथागतानामिमां धर्मसुधर्मतामुश्रुत्य उपगतरक्षभावाः कृपालवा भवन्ति मांसभक्षणविनिवृत्ताः, किमुत धर्मकामा जनाः। एवम् तावन्महामते तेषु तेषु जातिपरिवर्तेषु सर्वसत्त्वाः स्वजनबन्धुभावसंज्ञाः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वसत्त्वैकपुत्रकसंज्ञाभावनार्थं मांसं सर्वमभक्ष्यम् कृपात्मनो बोधिसत्त्वस्याभक्ष्यं मांसम् । ब्यभिचारादपि महामते मांसं सर्वमभक्ष्यम् चारित्रवतो बोधिसत्त्वस्य । स्वखरोष्ट्रास्ववलीबर्दमानुषमांसादीनि हि महामते लोकस्याभक्ष्याणि मांसानि । तानि च महामते वीथ्यन्तरेष्बौरभ्रिका भक्ष्याणीति कृत्वा मूल्यहेतोर्विक्रीयन्ते यतः, ततोऽपि महामते मांसमभक्ष्यं बोधिसत्त्वस्य ॥

भगवान्ले भन्नुभयो-

धेरै कारणहरू छन् जसले गर्दा कृपात्मा बोधिसत्त्वहरूले मासु खान हुँदैन। तिमीलाई म उपदेश मात्र गर्दछु। यहाँ हे महामति जन्मरणको लामो वाटोमा हिँड्दा प्राणीहरूको कुनै त्यस्तो प्राणी छैन जुन सुलभ रूप नहोस् जो कुनै न कुनै वेला, जन्ममा माता, पिता, भाइ, बहिनी, छोरा, छोरी कुनै न कुनै सम्वन्धी आफ्नो स्वजन बन्धु नभएको होस्। पूर्व जन्ममा आश्रय लिएको मनुष्य वा मृग, पशुपंक्षिमध्ये कुनै न कुनै वन्धु वान्धव या अन्तरंग भएको हुन्छ। अर्को कुरा सबै प्राणीहरूको आफ्नै जस्तो चैतन्यले गर्दा पनि सबै प्राणीमा समान अनुभूति हुने हुनाले कसरी मांसभक्षण गर्न सकिन्छ र त्यो भक्ष्य हुन सक्छ र त्यसमा पनि वुद्धधर्मी, वोधिसत्त्व, महासत्त्वले कसरी कल्पना गर्नपनि सक्तछ। राक्षसहरूको पनि तथागतहरूको यो धर्मसुधर्मलाई नलिंदा राक्षसभाव हुन गएको हो। त्यसैले ती पनि यस उपदेशद्वारा कृपालु हुन्छन् र अवश्य पनि मांसमक्षणबाट निवृत्त हुन्छन् अरूको कुरा गरौं जो धर्मकार्यमा छन्। ती जन्म र जाति आदिको लामो परिवर्तनमा सबै प्राणीहरू स्वजन बन्धुत्वभावमा रहेकै हुने हुनाले सबै प्राणीलाई आफ्नै पुत्र जस्तै भावद्वारा कुनै पनि माँस सर्वदा अभक्ष्य नै हुन जान्छ। साथै वोधिसत्त्वहरू जो कृपालु छन् तिनले त कसरी खान सक्छन् र ‼ चरित्र युक्त बोधिसत्त्वहरूले भुक्तिएर पनि माँस भक्षण गर्नुहुन्न। खर, उष्ट्र, अश्व, वलीवर्द, मनुष्य आदिको माँस कसैले पनि कहिल्यै खानुहुँदैन। ती पशुहरू मार्गहरूमा यी माँसभक्षण योग्य हुन् भनेर वेचिन्छन्। जसद्वारा मूल्य पाउँदछन्। त्यसैले पनि माँस बोधिसत्त्वहरूले खानुहुँदैन। अभक्ष्य हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्रशोणितसंभवादपि महामते शुचिकामतामुपादाय बोधिसत्त्वस्य मांसमभक्ष्यम् । उद्वेजनकरत्वादपि महामते भूतानां मैत्रीमिच्छतो योगिनो मांसं सर्वमभक्ष्यं बोधिसत्त्वस्य । तद्यथापि महामते डोम्बचाण्डालकैवर्तादीन् पिशिताशिनः सत्त्वान् दूरत एव दृष्ट्वा श्वानः प्रभयन्ति भयेन, मरणप्राप्ताश्चैके भवन्ति-अस्मानपि मारयिष्यन्तीति । एवमेव महामते अन्येऽपि खभूजलसंनिश्रितान् सूक्ष्मजन्तवो ये मांसाशिनो दर्शनाद्दूरादेवपटुना घ्राणेनाघ्राय गन्धं राक्षसस्येव मानुषा द्रुतमपसर्पन्ति, मरणसंदेहाश्चैके भवन्ति । तस्मादपि च महामते उद्वेजनकरत्वान्महामैत्रीविहारिणो योगिनो मांसमभक्ष्यं बोधिसत्त्वस्य अनार्यजनजुष्टं दुर्गन्धम् । अकीर्तिकरत्वादपि महामते आर्यजनविवर्जितत्त्वाच्च मांसमभक्ष्यं बोधिसत्त्वस्य । ऋषिभोजनाहारो हि महामते आर्यजनो न मांसरुधिराहारः, इत्यतोऽपि बोधिसत्त्वस्य मांसमभक्ष्यम् ॥

वीर्य-रगत आदिबाट प्राणीहरू उत्पन्न हुने हुनाले पनि पवित्रताको आशयले बोधिसत्त्वले मांस भक्षण गर्नु हुँदैन । उद्वेग कारक हुनाले र प्राणीहरू सँग मैत्री स्थापनाका लागि योगीहरूले मांस खानु हुँदैन । हेर महामति डोम, चाण्डाल, कैवर्तक मांसभक्षी हिंसकहरूलाई देखेर टाढैबाट कुकुर डरले भाग्दछन् । केही मारिन्छन् र अरू हामीलाई पनि यसले मार्छ भनेर भाग्दछन् । अरू पनि आकाश, पृथ्वी, जल आदिमा रहने साना जन्तुहरू मांसभक्षीहरूलाई टाढैबाट गन्धद्वारा थाहा पाउँदछन् र यो राक्षस हो नै भन्ने थाहा पाएर मानिसहरू पनि तत्काल नै दूर हुन्छन् । मरणसन्देहात्मक अरू हुन्छन् । त्यसैले पनि हे महामति ! उद्वेजकारक हुनाले 'महामैत्रीमा विहार गर्ने योगीहरू मांस अभक्ष्य हो भनेर जान्दछन् सबै प्राणीहरूका लागि अनार्य आचरणयुक्त हो भन्ने पनि जान्दछन् मांसभक्षणलाई । अकीर्तिकर पनि हो मासु खानु किनकि श्रेष्ठ पुरुषहरूद्वारा यो त्याज्य छ । त्यागिएको छ । श्रेष्ठ भोजन आहारयुक्त आर्यजनहरू हुन्छन् तर मासु रगत आदिको आहार गर्दैनन् । त्यसैले पनि बोधिसत्त्वले मासु खानु हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहुजनचित्तानुरक्षणतयापि अपवादपरिहारं चेच्छतः शासनस्य माहमते मांसमभक्ष्यं कृपात्मनो बोधिसत्त्वस्य । तद्यथा महामते भवन्ति लोके शासनापवादवक्तारः । किञ्चित्तेषां श्रामण्यम्, कुतो वा ब्राह्मण्यम् ? यन्नामैते पूर्वर्षिभोजनान्यपास्य क्रव्यादा इवामिषाहाराः परिपूर्णकुक्षयः खभूमिजलसंनिश्रितान् सूक्ष्मांस्त्रासयन्तो जन्तून् समुत्त्रासयन्त इमं लोकं समन्ततः पर्यटन्ति । निहतमेषां श्रामण्यम्, ध्वस्तमेषां ब्राह्मण्यम्, नास्त्येषां धर्मो न विनयः, इत्यनेकप्रकारप्रतिहतचेतसः शासनमेवापवदन्ति । तस्माद्बहुजनचित्तानुरक्षणतयापि अपवादपरिहारं चेच्छतः शासनस्य महामते मांसं सर्वमभक्ष्यं कृपात्मनो बोधिसत्त्वस्य ॥

मृतेशवदुर्गन्धप्रतिकूलसामान्यादपि महामते मांसमभक्ष्यं बोधिसत्त्वस्य । मृतस्यापि हि महामते मनुष्यस्य मांसे दह्यामाने तदन्यप्राणिमांसे च, न कश्चिद्गन्धविशेषः । सममुभयमासयोर्दह्यमानयोर्दौ र्गन्ध्यम् । अतोऽपि महामते शुचिकामस्य योगिनः सर्वमांसमभक्ष्यं बोधिसत्त्वस्य ॥

कृपात्मा बोधिसत्त्वहरूका लागि धेरै जनताको चित्तको रक्षाका लागि पनि अपवाद परिहारार्थ - बुद्ध उपदेशको, मांस अभक्ष्य हुन्छ, जस्तो कि शासनका अपवादक वक्ताहरू हुन्छन् लोकमा । कहाँ तिनीहरू सँग श्रामण्य हुन्छ ? कहाँ ब्राह्मण्य पनि, किनकि यिनीहरू पूर्व ऋषिकृत भोजन अन्न आदिलाई त्यागेर क्रव्याद जस्तै आमिष आहारले पेट भरेर आकाश-पृथ्वी जलमा आश्रित सूक्ष्म जीवहरूलाई त्रसित गराउँदै प्राणीहरूलाई डराउँदै, चारैतिर घुम्ने गर्दछन् । यिनीहरूको श्रामण्य खत्तम हुन्छ । ब्रह्मण्य पनि समाप्त भयो । यिनीहरूसँग विनय र धर्म छैन, यसरी यिनले चारैतिर गरेको पाषण्डले गर्दा धर्मशासन नष्ट बदनाम हुन्छ । त्यसैले द्रोह गर्ने व्यक्तिहरूको चित्तरक्षाका लागि नै भएपनि अपवाद परिहारका लागि मांस सर्वदा अभक्ष्य नै हुन्छ हे महामते ! मरिसकेपछि शव दुर्गन्धित हुन्छ, सामान्यजनलाई पनि त्यसले पीडा दिन्छ त्यस्तो मांस कसरी भक्ष्य हुन्छ र । मरेका मान्छेको शरीर जव जल्न थाल्दछ र त्यस्तै अरू प्राणीको जल्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धमा कुनै भेद हुँदैन । उस्तै गनाउँदछ । दुवैको दुर्गन्ध उस्तै नै हुन्छ । त्यसैले पवित्रता चाहनेले सधैं यो त्यागनुपर्दछ ।

श्मशानिकानां च महामतेअरण्यवनप्रस्थान्यमनुष्यावचराणि प्रान्तानि शयनासनान्यध्यावसतां योगिनां योगाचाराणां मैत्रीविहारिणां विद्याधराणां विद्या साधयितु कामानां विद्यासाधनमोक्षविध्नकरत्वान्महायानसंप्रस्थितानां कुलपुत्राणां कुलदुहितॄणां च सर्वयोगसाधनान्तरायकरमित्यपि समनुपश्यतां महामते स्वपरात्महितकामस्य मांसं सर्वमभक्ष्यं बोधिसत्त्वस्य । रूपालम्बनविज्ञानप्रत्ययास्वादजनकत्वादपि सर्वभूतात्मभूतस्य कृपात्मनः सर्वं मांसमभक्ष्यं बोधिसत्त्वस्य । देवता अपि चैनं परिवर्जयन्तीति कृत्वा महामते कृपात्मनः सर्वं मांसमभक्ष्यं बोधिसत्त्वस्य ।

श्मशानमा वास गर्ने, अपवित्र, वासी, वानप्रस्थ र अन्य मनुष्यहरूका लागि पनि र शयन, आसन र अरू काममा लागेका योगीहरूका लागि पनि मैत्री विहार गर्नेहरूका लागि विद्या साधनाका लागि, विद्या-साधनमोक्षमा विध्न गर्ने हुनाले महायानमा लागेका कुलपुत्र-कुलदुहित्रीहरूले सर्वयोग साधनको विघ्नकारक हो भन्ने बुझेर स्व-परहित कामनाले सबै नै प्रकारको मांस अभक्ष्य हुन जान्छ । रूप आलम्बन विज्ञान प्रत्यय आस्वादजनकन हुनाले पनि सर्व भूतात्म भूत कृपायुक्त व्यक्तिका लागि मांस अभक्ष्य हुन्छ । देवताहरू पनि यसलाई त्यागदछन् त्यसैले पनि वोधिसत्त्वहरूले कसरी खान सक्छन् ।

मुखं चास्य परमदुर्गन्धि इहैव तावज्जन्मनि, इत्यपि कृत्वा महामते कृपात्मनः सर्वं मांसमभक्ष्यं बोधिसत्त्वस्य । दुःखं स्वपिति, दुःखं प्रतिबुध्यते । पापाकांश्च रोमहर्षणान् स्वप्नान् पश्यन्ति । शून्यागारस्थितस्य चैकाकिना रहोगतस्य विहरतोऽस्यामनुष्यास्तेजो हरन्ति । उत्त्रस्यन्त्यपि, कदाचित्संत्रस्यन्त्यपि, संत्रासमकस्माच्चापद्यन्ते, आहारे च मात्रां न जानाति नाप्यशितपीतखादितास्य सम्यग्रसपरिणामपुष्टयादि समासादपति,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रिमिजन्तुप्रचुरकुष्ठनिदानकोष्ठश्च भवति व्याधिबहुलम्, न च प्रतिकूलसंज्ञां प्रतिलभते । पुत्रमांसभैषज्यवदाहारं देशयंश्चाहं महामते कथमिव अनार्यजनसेवितमार्यजनविवर्जितमेवमनेकदोषावहमनेकगुणविवर्जितमनृषिभोजनप्रणीतमकल्प्यं मांसरुधिराहारं शिष्येभ्योऽनुज्ञाप्यामि ?

अनुज्ञातवान् पुनरहं महामते सर्वार्यजनसेवितमनार्यजनविवर्जितमनेकगुणवाहकमनेकदोषविवर्जितं सर्वपूर्वार्षिप्रणीतं भोजनम्, यदुत शालियवगोधूममुद्गमाषमसूरादिसर्पिस्तैलमधुफाणितगुडखण्डमत्स्यण्डिकादिषु समुपपद्यमानं भोजनं कल्प्यमिति कृत्वा । न च महामते अनागतेऽध्वनि एकेषां मोहपुरुषाणां विविधविनयविकल्पवादिनां क्रव्यादकुलवासितावासितानां रसतृष्णाव्यवसितानामिदं प्रणीतं भोजनं प्रतिभाष्यते । न तु महामते पूर्वजिनकृताधिकाराणामवरोपितकुशलमूलानां श्राद्धानामविकल्पनां बहुलाना शाक्यकुलकुलीनानां कुलपुत्राणां कुलतुहिदृणां कायजीवितभोगानध्यवसितानामरसगृध्राणामलोलुपानां कृपालूनां सर्वभूतात्मभूततामुपगन्तुकामानां सर्वसत्त्वैकपुत्रकप्रियदर्शिनां बोधिसत्त्वानां महासत्त्वानामिति वदामि ॥

भूतपूर्वं महामते अतीतेऽध्वनि राजाभूत्सिंहसौदासो नाम । स मांसभोजनाहारातिप्रसङ्गेन प्रतिसेवमानो रसतृष्णाध्यवसानपरमतया मांसानि मानुष्याण्यपि भक्षितवान् । तन्निदानं च मित्रामात्यज्ञातिबन्धुवर्गेणापि परित्यक्तः, प्रागेव पौरजानपदैः । स्वराज्यविषयपरित्यागाच्च महाद्व्यसनमासादितवान् मांसहेतोः ।

यसको मुख यसै जन्ममा अत्यन्त दुर्गन्धित हुन्छ । त्यसैले पनि मांसभक्षण योग्य हुँदैन । दुःखमा नै सुत्तछ, र दुःखमा नै जाग्दछ । पापी दुराचारी डरलाग्दा जीवलाई स्वप्नमा देख्दछ । शून्यघरमा एक्लै रहँदा अमानिषहरूले यसको तेज हरण गर्दछन् । त्रसित गर्दछन्, कहिले संत्रास पार्दछन् । आहारमा मात्रा थाह पाउँदैन । र खाएको पिएको आदिलाई जान्दैन पनि जुन राम्ररी रसको परिपाक द्वारा पुष्टि बल आदि हुन्छ, त्यो पनि हुँदैन् । क्रिमि, जन्तु, प्रचुर, कुष्ठ, निदानरहित कोष्ठ आदि रोग ग्रस्त पनि हुन्छ र प्रतिकूल संज्ञा पनि पाउँदैन । पुत्रको मासुलाई औषधि तुल्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानेर खाऊ भनेर कसरी मैले उपदेश गर्न सक्छु र किनकि कुनै न कुनै जन्ममा त्यो आफ्नै आत्मीय व्यक्ति थियो नै, साथै अनार्यजन सेवित र आर्यजनत्यक्त अनेकदोष युक्त, गुणरहित, राक्षसहरूको भोज्य ऋषि आदिद्वारा व्यक्त मासु रगत-हाड खोडलाई खानका लागि म कसरी आज्ञा दिन सक्छु। अर्थात् मांस भक्षण कसैले पनि गर्नुहुँदैन।

मैले फेरी भोजनको विषयमा यो पनि उपदेश गरेको छु- आर्यजनसेवित, अनार्यवर्जित, अनेकगुणवाहक, अनेकदोषवर्जित सबै पूर्व ऋषिजनस्वीकृत भोजन गर्नुपर्छ भनेर, जस्तो कि शालिधानको भात, जौ, गहूँ, मांस, मूग, मसुर आदि र घिउ, तेल, मह, फाँडो, गुड आदि जो पृथ्वीमा उत्पन्न हुन्छ त्यही नै भोज्य हो। अनागतकालमा केही मोह पुरुषहरू, विविधविनय विकल्पवादीहरू, क्रव्य आदि खानमा वासना वासितान्तकरणहरू रसतृष्णा व्यवसितहरूका लागि प्रजीत भोजनको व्याख्या गरिनेछैन। पूर्व बुद्धकृत अधिकारहरूको पनि अवरोपित कुशलमूलको श्रद्धाहरू अविकल्पहरू धेरै शाक्य कुलकुलिनहरू कुलपुत्र, कुलदुहितकृपालु सर्वभूतात्मभूतता प्राप्त गर्न चाहने सर्वसत्त्व एकपुत्र प्रियदर्शिहरू बोधिसत्त्वहरू र महासत्त्वहरूका लागि भने भोजनको उपदेश गर्नुपर्दैन। आफैं नै संस्कार सम्पन्न भएका हुनाले।

पुरानो कुरा हो, हे महामति! अतीतकालमा सिंह सौदास नामक राजा थियो। त्यसले मांस -भोजन आहारका अति धेरै प्रसङ्गद्वारा रसको तृष्णाले त्यसैमा लागेर धेरै मांस खाएर त्यो पनि मनुष्य मांस पनि खायो। त्यसलाई सबै आफन्तले पनि त्यागे। त्यो भन्दा पूर्व नगरजनहरूले पनि त्यागे। सबैले त्यागेकाले नै आफ्नो राज्य पनि छुट्यो र ठूलो दुःख पायो मांसुका कारणले गर्दा।

इन्द्रेणापि च महामते देवाधिपत्यं प्राप्तेन (पूर्वाभूत्वा) पूर्वजन्ममांसादवासनादोषाच्छ्येनरूपमास्थाय कपोतवेषरूपधारी विश्वकर्मा समभिदुतोऽभूत्। तुलायां चात्मानमारोपित आसीत्। यस्माद्राजा अनपराभिधूतानुकम्पकः शिबी दुःखेन महता लम्भितः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदेवमनेकजन्माभ्यस्तमपि महामते देवेन्द्रभूतस्य शक्रस्यापि सतः स्वपरदोषावहनमभूत्, प्रागेव तदन्येषाम् ॥

अन्येषां च महामते नरेन्द्रभूतानां सताश्वेमना-पहृतानामटव्यां पर्यटमानानां सिंह्या सह मैथुनं गतवता जीवितभयादपत्यानि चोत्पादितवन्तः सिंहसंवासान्वयात्कल्माषपादप्रभृतयो नृपपुत्राः पूर्वजन्ममांसाददोषवासनतया मनुष्येन्द्रभूता अपि सन्तो मांसादा अभूवन् । इहैव च महामते जन्मनि सप्तकुटीरकेऽपि ग्रामे प्रचुरमांसलौल्यादतिप्रसङ्गेन निषेवमाना मानुषमांसादा घोरा डाका वा डाकिन्यश्च संजायन्ते । जातिपरिवर्ते च महामते तथैव मांपरसाध्यवसानतया सिंहव्याघ्रद्वी-पिवृकतरक्षुमार्जारजम्बुकोलुकादिप्रचुरमांसादयोनिषु प्रचुरतपिशिताशना राक्षसादिघोरतरयोनिषु विनिपात्यन्ते । यत्र विनिपतितानां दुःखेन मानुष्ययोनिरपि समापद्यते, प्रागेव विर्वृतिः । इत्येवमादयो महामते मांसाददोषाः प्रागेव निषेवमानानां समुपजायन्ते, विपर्ययाच्च भूयांसो गुणाः । न च महामते बालपृथग्जना एताश्चान्यांश्च गुणदोषानवबुध्यन्ते । एवमादिगुणदोषदर्शनान्महामते मांसं सर्वमभक्ष्यं कृपात्मनो बोधिसत्त्वस्येति वदामि ॥

यदि च महामते मांस न कथंचन केचन भक्षयेयुः, न तन्निदानं घातेरन् । मूल्यहेतोर्हि महामते प्रायः प्राणिनो निरपराधिनो वध्यन्ते स्वल्पान्यहेतोः । कष्टं महामते रसतृष्णायामतिसेवतां मांसानि मानुषान्यपि मानुषैर्भक्ष्यन्ते, किं पुनरितरमृगपक्षिप्राणिसंभूतमांसानि । प्रायो महामते मांसरसतृष्णार्तैरिदं तथा जालयन्त्रमाविद्धं मोहपुरुषैः, यच्छाकुनिकौर-भ्रककैवर्तादयः खेचरभूचरजलचरान् प्राणिनोऽनपराधिनोऽ-नेकप्रकारं मूल्यहेतोर्विशसन्ति । न चैषां महामते किङ्कनीकृतरुक्षचेतसां राक्षसानामिव गतघृणानां कदाचिदपि प्राणिषु प्राणिसंज्ञया घातयतां भक्षयतां न घृणोत्पद्यते ॥

न च महामते अकृतकमकारितमसङ्कल्पितं नाम मांसं कल्प्यमस्ति यदुपादाय अनुजानीयां श्रावकेभ्यः । भविष्यन्ति तु पुनर्महामते अनागतेऽध्वनि ममैव शासने प्रवजित्वा शाक्यपुत्रीयत्वं प्रतिजानानाः काषायध्वजधारिणो मोहपुरुषा मिथ्यावितर्कोपहतचेतसो विविधविनयविकल्पवादिनः सत्कायदृष्टियुक्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसतृष्णाध्यवसितास्तां तां मांसभक्षणहेत्वाभासां ग्रन्थयिष्यन्ति । मम चाभूताभ्याख्यानं दातव्यंमंस्यन्ते ।

देवताधिपत्य पाएका इन्द्रले पनि पूर्व जन्ममा खाएका मासुको वासनाजन्य दोषले बाजको रूप धारणा गरेर कपोतवेशधारी विश्वकर्मालाई आक्रमण गरे। तुलामा आफूलाई राखेको थियो। त्यहाँ राजा शिविले अपराधरहित प्राणीमा अनुकम्पाले गर्दा आफैं दुःखी भएर आफ्नै मासु काटेर दिए। धेरै जन्मको पुरानो भएपनि दोष संस्कारवश पुग्दछ। इन्द्र भएका शक्रको पनि दोष भएको छ किनकि त्यहाँ मासु थियो। त्यस्तै त्यो भन्दा पहिला नै अरूको पनि भएको छ। अरूहरूको पनि राजा भएकाहरू कल्माषपादहरूको पनि यस्तै गति भयो। ती सज्जन थिए तर घोडाद्वारा अपहरित भएर घना जङ्गलमा हराए। त्यहाँ सिंहिनीसँग बाँच्ने इच्छाले शारीरिक सम्पर्कद्वारा कल्माष पाद आदि गरिएको ९ छोराहरू भए। पूर्वजन्ममा गरिएको मांसभक्षणजन्य वासनाका कारणले मनुष्य भएर पनि मांसहारी हुन पुगे। यहीँ यसै जन्ममा सप्तकुटीर नामक गाउँमा धेरै मांसलौल्यद्वारा मानिसको मांस खाने घोर डाकाहरू डाकिनीहरू हुन्छन्। जन्म परिवर्तन भएपछि त्यस्तै मांसरसमा निर्लिप्त भएर सिंह, व्याघ्र, व्वांसो, वृक, तरक्षु, मार्जार, स्याल, उल्लु आदि धेरै मासु खाने योनीमा राक्षसादि घोर योनीमा पनि जन्म लिन्छन्। यस्ता धेरै मांसभोजनजन्य दोषहरू पहिला नै खाने बालाहरूसँग हुने गर्दछन्। यसको उल्टो धेरै गुणहरू पनि छन्। तर बालपृथग्जनहरू यी र अरू यस्तै दोषहरूलाई जान्दैनन्। यस्तै धेरै दोषहरूका कारणले गर्दा मांस सबैका लागि अभक्ष्य हो भने कृपात्मा बोधिसत्त्व महासत्त्वहरूका लागि कसरी भक्ष्य हुन सक्त छ त यही मेरो वचन हो।

हे महामति यदि कसैले पनि मासु नखाने हो भने हिंसाको आदिकारण नै समाप्त हुन्छ। मूल्यका लागि नै प्रायः प्राणीहरू, ती पनि निरपराध थोरै मूल्यका लागि मारिन्छन्। यो अत्यन्त कष्टदायक विषय हो किनकि मासुमा हुने तृष्णाका कारणले मान्छेले पनि मान्छेको मासु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खान्छन्। अरू के कुरा गर्ने-मृगपक्षी, प्राणीहरूको त प्रायः मांसरसका तृष्णाले नै त्यस्स्ता अनेकौं जालयन्त्रहरू मोहपुरुषहरूले बनाएका छन्। यी सबै नै शिकारी कैवर्त र व्याधा हुन् र खेचर, भूचर एवम् जलचर निरपराधी प्राणीहरूलाई मूल्यका लागि काट्दछन्। अत्यन्त रुखो मनचित्त भएका राक्षसहरूको जस्तै घृणा रहित भएर कुनै बेला पनि आफू प्राणी भएर प्राणीलाई मारेर खाँदा कुनै घृणाको उत्पत्ति नहुनु यो आश्चर्यको विषय हो।

हे महामति फेरी यो पनि राम्ररी जान है-

न मारिएको, न बनाइएको, सङ्कल्प नगरिएको मांस खानु हुन्छ भन्ने पटक्कै होइन, श्रावकहरूलाई त्यस्तो खाने अधिकार छैन है। तर भविष्यकालमा मेरै शासनमा यस्ता पनि प्रव्रजित भएर शाक्यपुत्र हूँ भनेर कषायवस्त्र धारणा गर्ने, मोहपुरुषहरू, मिथ्यावितर्क उपहत चित्तहरू, विविधविनयविकल्पवादीहरू सत्कायदृष्टि युक्तहरू, मासुरसमा लिप्त भएर मासुको विषयमा अनेक काल्पनिक कुराहरू गर्नेछन्। (खानुहुन्छ भन्ने छन् र आफै पनि घिच्ने छन्।) मैले भन्दै नभएको आफै बनाएर भन्नेछन्। त्यस्तै त्यस्तै अर्थ लाग्ने कुराहरूको कल्पना गरेर भन्नेछन् यो निदानमा यस्तो लेखिएको छ। पकाएर दिएको मासु खानुहुन्छ र भगवान् आफैले पनि खानु भएको थियो पनि भन्नेछन्। कुनैपनि सूत्रमा कहिल्यै पनि भगवान्ले पकाएर दिएको मासु खानुहुन्छ भनेर भनेको छैन हे महामति यो राम्ररी बुझ्क है।

तत्तदर्थोत्पत्तिनिदानं कल्पयित्वा वक्ष्यन्ति-इयमर्थोत्पत्तिरस्मिदिमन्निवाने, भगवता मांसभोजनमनुज्ञातं कल्प्यमिति । प्रणीतभोजनेषु चोक्तम्, स्वयं च किल तथागतेन परिभुक्तमिति । न च महामते कुत्रचित्सूत्रे प्रतिसेवितव्यमित्यनुज्ञातम्, प्रणीतभोजनेषु वा देशितं कल्प्यमिति ॥

यदि तु महामते अनुज्ञातुकामना मे स्यात्, कल्प्यं वा मे श्रावकाणां प्रतिसेवितुं स्यात्, नाहं मैत्रीविहारिणां योगिनां योगाचाराणां श्मशानिकानां महायानसंप्रस्थितानां कुलपुत्राणां कुलदुहितृणां च सर्वसत्त्वैकपुत्रमसंज्ञाभावनार्थं सर्वमांसभक्षणप्रतिषेधं कुर्याम्, कृतवांश्र । अस्मिन् महामते धर्मकामानां

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुलपुत्राणां कुलदुहितॄणां च सर्वयान-संप्रस्थितानां श्मशानिकानां मैत्रीविहारिणामारण्यकानां योगिनां योगाचाराणां सर्वयोगसाधनाय सर्वसत्त्वैकपुत्रकसंज्ञाभावनार्थं सर्वमांसप्रतिषेधम् ॥

तत्र तत्र देशनापाठे शिक्षापादानामनुपूर्वीबन्धं निःश्रेणीपद-विन्यासयोगेन त्रिकोटिं बुद्ध्वा न तदुद्दिश्य कृतानि प्रतिषिद्धानि । ततो दशप्रकृतिमृतान्यपि मांसानि प्रतिषिद्धानि । इह तु सूत्रे सर्वेण सर्वसर्वथा सर्वं निरूपायेन सर्वं प्रतिषिद्धम् । यतोऽहं महामते मांसभोजनं न कस्यचिदनुज्ञातवान्, नानुजानामि, नानुज्ञास्यामि । अकल्प्यं महामते प्रव्रजितानां मांसभोजनमिति वदामि । यदपि च महामते ममाभ्याख्यानं दातव्यं मांस्यन्ते तथागतेनापि परिभुक्तमिति, तदन्येषां महामते मोहपुरुषाणां स्वकर्मदोषावरणावृतानां दीर्घरात्रमनर्थायाहिताय संवर्तकं भविष्यति । न हि महामते आर्यश्रावकाः प्राकृतमनुष्याहारमाहरन्ति, कुत एव मांसरुधिराहारमकल्प्यम् । धर्माहारा हि महामते मम श्रावकाः प्रत्येकबुद्धा बोधिसत्त्वाश्च नामिषाहाराः, प्रागेव तथागताः । धर्मकाया हि महामते तथागता धर्माहारस्थितयो नामिषकाया न सर्वामिषाहारस्थितयो वान्तसर्वभवोपकरणतृष्णैषणावासनाः सर्वक्लेशदोषवासनापगताः सुविमुक्तचित्तप्रज्ञाः सर्वज्ञाः सर्वदर्शिनः सर्वसत्त्वैकपुत्रकसमदर्शिनो महाकारुणिकाः । सोऽहं महामते सर्वसत्त्वैकपुत्रकसंज्ञी सन् कथमिव स्वपुत्रमांसमनुज्ञास्यामि परिभोक्तुं श्रावकेभ्यंः, कुत एव स्वयं परिभोक्तुम् ? अनुज्ञातवानस्मि श्रावकेभ्यः स्वयं वा परिभुक्तवानिति महामते नेदं स्थानं विद्यते ॥

हे महामति ! यदि मेरो विचारमा मांसभक्षणको अनुज्ञा हुन्थ्यो भने श्रावकहरूका लागि त्यो खानु हुन्छ भन्ने थिएँ होला, मैले त मैत्रीविहारमा लागेका योगी, योगीचारी, श्मशानिक, महायानमा लागेका कुलपुत्र, कुलदुहित्रीलाई सर्वसत्त्वैक पुत्र संज्ञा भावनाका लागि सर्वमांसभक्षण निषेध गर्ने थिइन नि ! र गरें पनि । त्यसैले गर्दा धर्मकारी कुलपुत्र, कुलदुहित्री र सर्वयान संप्रस्थितहरूका लागि र श्मशानवासीहरूका लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैत्रीविहारीहरूका लागि पनि सर्व योगसाधनाका लागि र सर्वसत्त्वैकपुत्रसंज्ञा भाव उत्पत्तिहेतु सबै प्रकारका मासुको निषेध गरिएको हो ।

ती ती देशना पाठहरूमा शिक्षापाठहरूमा क्रमशः निःश्रेणीपदविन्यासका क्रममा तीनकोटिका बुद्धहरूले त्यसलाई उद्देश्य बनाएर गरिएका होइनन् र निषिद्ध गरिएको छ । दश प्रकारले मृत प्राणीका मांसहरूको निषेध गरिएको छ । यो सूत्रमा चाहिँ कसैलाई पनि सप्पैले सप्पै, सबै उपायद्वारा सबै निषिद्ध छ । किनकि मैले कसैलाई पनि मांसभोजन गर्न आज्ञा दिएको छैन । र आज्ञा दिन्न र भविष्यमा पनि दिने छैन । प्रव्रजितहरूका लागि मांसखाने कुरा अकल्पनीय हो हे महामते ! यद्यपि भविष्यमा मेरो व्याख्यालाई लिएर तथागतले आज्ञा दिनुभएको छ । आफैं पनि खानु भयो भनेर भन्नेछन् । त्यो अन्य मोहपुरुष, दोषले ढाकिएका, लामो समयसम्म अनर्थ र अहित गर्ने हुनेछन् । आर्य श्रावकहरूले साधारण मनुष्यको आहार गर्ने छैनन् । कहाँ मासु-रगतको आहारको कल्पना गर्ने ? मेरा श्रावकहरू धर्मको आहार गर्नेछन् । प्रत्येक बुद्ध, बोधिसत्त्वहरू आमिष आहार कहिल्यै गर्दैनन् । तथागतको त के कुरा । तथागतहरू धर्मकाय हुन्छन् । धर्मआहारीहरू मांस शरीर उनीहरूको हुँदैन । र सबै आमिषहारी अन्तसर्वभव उपकरण तृष्णा-एषणा वासनायुक्त पनि हुँदैनन् । सबै क्लेशदोष वासना रहित सुविमुक्तचित्त, प्रज्ञा, सर्वज्ञ, सर्वदर्शी, सर्वसत्त्व पुत्रसमदर्शी, महाकारुणिक हुनेछन् । त्यही म हे महामति सबैलाई बराबर पुत्र जस्तै संझेर कुनै प्रकारले आफ्ना पुत्रको मांसु खान आज्ञा दिन सक्छु र !! - श्रावकहरूलाई, कहाँ आफैं खान पनि सकौला र !! श्रावकलाई खान आज्ञा दिनु र आफैं पनि खाएको भन्ने कुराको कुनै ठाउँ छैन है हे महामति !

तत्रेदमुच्यते-

मद्यं मांस पलाण्डुं न भक्षयेयं महामुने ।
बोधिसत्त्वैर्महासत्त्वैभाषिदि्भर्जिनपुंगवैः ॥१॥
अनार्यजुष्टदुर्गन्धमकीर्तिकरमेव च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रव्यादभोजनं मांसं ब्रुह्यभक्ष्यं महामुने ॥२॥

यहाँ यो भनिन्छ :

मद्य, मासु र व्याज म कदापि खान्न । र बोधिसत्त्व, महासत्त्व र अन्य बोल्ने जिनपुंगवहरूले पनि खाँदैनन् ॥१॥

अनार्यद्वारा खाइने, दुर्गन्धित, अकीर्ति दिने मांसुको भोजन अभक्ष्य हो र त्यसै बुद्धले भन्नु हुन्छ ॥२॥

भक्ष्यमाणे च ये दोषा अभक्ष्ये तु गुणाश्च ये ।
महामते निबोध त्वं ये दोषा मांसभक्षणे ॥३॥
स्वाजन्याद्व्यभिचाराच्च शुक्रशोणितसंभवात् ।
उद्वेजनीयं भूतानां योगी मांसं विवर्जयेत् ॥४॥
मांसानि च पलाण्डूंश्च मद्यानि विविधानि च ।
गृञ्जनं लशुनं चैव योगी नित्यं विवर्जयेत् ॥५॥

मासु खाँदा हुने दोष, नखाँदाका गुण सबै तिमी जान हे महामति ॥३॥

आफूबाट उत्पन्न नभएको व्यभिचरित हुनाले, शुक्र-रगतबाट उत्पन्न हुनाले, प्राणीहरूलाई उद्वेगपैदा गर्ने हुनाले पनि योगीले मांसुको त्याग गर्नु पर्दछ ॥४॥

मासुहरू, प्याज, भिन्न-२ मद्यहरू च्याउ, लसुन पनि योगीले त्यागनु पर्दछ ॥५॥

भक्षणं वर्जयेत्तैलं शल्यविद्धेषु न स्वपेत् ।
छिद्राच्छिद्रेषु सत्त्वानां यच्च स्थानं महद्भयम् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मांसभक्षणपरिवर्तः

योगीले तेलको भक्षण पनि नगर्नु, वाण आदि हानिकारक पदार्थ भएको ठाउँमा पनि नसुत्नु। धेरै छिद्र भएका ठाउँ र केही निकास नभएको ठाउँमा पनि र भयकारक ठाउँमा पनि न वस्तु ॥६॥

आहाराज्जायते दर्पः सङ्कल्पो दर्पसंभवः ।
सङ्कल्पजनितो रागस्तस्मादपि न भक्षयेत् ॥७॥
सङ्कल्पाज्जायते रागश्चित्तं रागेण मुह्यते ।
मूढस्य संगतिर्भवति जायते न च मुच्यते ॥८॥
लाभार्थं हन्यते सत्त्वां मांसार्थं दीयते धनम् ।
उभौ तौ पापकर्माणौ पच्येते रौरवादिषु ॥९॥

आहारवाट घमण्ड उत्पन्न हुन्छ, दर्पबाट सङ्कल्प, सङ्कल्पबाट राग त्यसैले भोजनमा सावधान हुनुपर्दछ ॥७॥

सङ्कल्पबाट राग, रागवाट चित्त मोहित हुन्छ। मूढको संसारसँग सम्बन्ध हुन्छ त्यसबाट बन्धनमा परिन्छ ॥८॥

लाभका लागि प्राणी मारिन्छ, मांसुका लागि धन दिइन्छ। दुबै नै पापी हुन्छन् र रौरव नरकमा पर्दछन् ॥९॥

योऽतिक्रम्य मुनेर्वाक्यं मांसं भक्षति दुर्मतिः ।
लोकद्वयविनाशार्थं दीक्षितः शाक्यशासने ॥१०॥
ते यान्ति परमं घोरं नरकं पापकर्मिणः ।
रौरवादिषु रौद्रेषु पच्यन्ते मांसखादकाः ॥११॥

मुनिको वाक्य नमानेर जुन दुर्मतिले मांसु खान्छ, दुवै लोक विगार्दछ शाक्यशासनमा रहेर पनि ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती पापीहरू घोरनरकमा जान्छन् र रौरव आदि नरकहरूमा पकाइन्छन् । ती मांस खानेहरू ॥११॥

त्रिकोटिशुद्धमांसं वै अकल्पितमयाचितम् ।
अचोदितं च नैवास्ति तस्मान्मांसं न भक्षयेत् ॥१२॥
मांसं न भक्षयेद्योगी मया बुद्धैश्च गर्हितम् ।
अन्योन्यभक्षणाः सत्त्वाः क्रव्यादकुल संभवाः ॥१३॥
दुर्गन्धिः कुत्सनीयश्च उन्मत्तश्चपि जायते ।
चण्डालपुक्कसकुले डोम्बेषु च पुनः पुनः ॥१४॥

तीन प्रकारले मासुमा शुद्धता छैन त्यसैले न मारेको र नमागेको, प्रेरणा नगरेको भनेर खानु हुँदैन, त्यसैले कुनैपनि प्रकारले मासु नखानू । मासु योगीले नखानू मैले र पूर्व बुद्धहरूले पनि निषेध गरेको छ । जसले एक अर्कालाई खान्छन् ती राक्षसकुलमा जन्मिएका हुन् ॥१२-१३॥

मांसाहारी कुत्सित उन्मत्त एवम् चाण्डालहरूको कुलमा जमिन्छ- वारम्वार ॥१४॥

डाकिनीजातियोन्याश्च मांसादे जायते कुले ।
राक्षसीमार्जारयोनौ च जायतेऽसौ नरोऽधमः ॥१५॥
हस्तिकक्ष्ये महामेधे निर्वाणाङ्गुलिमालिके ।
लङ्कावतारसूत्रे च मया मांसं विवर्जितम् ॥१६॥
बुद्धैश्च बोधिसत्त्वैश्च श्रावकैश्च विगर्हितम् ।
खादते यदि तैर्लज्ज्यादुन्मत्तो जायते सदा ॥१७॥

डाकिनी जातिका कुलमा मांसाहारी जमन्छ र राक्षसी एवम् विरालोको रूपमा अधम मांसाहारी जन्मन्छन् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हस्तिकक्ष्य, महामेघ, निर्वाणप्रकरण, अङ्गुलिमान उपदेशमा, लङ्कावतारमा पनि मैले मासुको निषेध गरेको छु ॥१६॥

बुद्ध, बोधिसत्त्व र श्रावकहरूले पनि यसको निन्दा गरेका छन्। यदि कसैले निर्लज्ज भएर खान्छ भने त्यो उन्मत्त हुन्छ ॥१७॥

ब्राह्मणेषु च जायेत अथ वा योगिनां कुले ।
प्रज्ञावान् धनवांश्चैव मांसाद्यानां विवर्जनात् ॥१८॥
दृष्टश्रुतविशङ्काभिः सर्वं मांसं विवर्जयेत् ।
ताकिका नावबुध्यन्ते क्रव्यादकुलसंभवाः ॥१९॥

मांसको त्यागद्वारा योगिका कुलमा, ब्राह्मणकुलमा जन्मन्छ, ज्ञानवान् एवम् धनवान् पनि हुन्छ ॥१८॥

देखिने, सुनिने आशङ्काहरूले गर्दा पनि सबै मासुको त्याग गर्नु। तर क्रव्यादकुलमा जन्मिएका तार्किकहरूले यो कुरा बुझ्दैनन् ॥१९॥

यथैव रागो मोक्षस्य अन्तरायकरो भवेत् ।
तथैव मांसमद्याद्या अन्तरायकरो भवेत् ॥२०॥
वक्ष्यन्त्यनागते काले मांसादा मोहवादिनः ।
कल्पिकं निरवद्यं च मांसं बुद्धानुवर्णितम् ॥२१॥

जसरी मोक्षको विघ्न राग हो त्यस्तै नै मद्य, मांस आदि विघ्न कारक तत्त्व हुन् ॥२०॥

भविष्यमा मोहित मूर्खहरूले जो मांसाभक्षणमा उत्सुक हुनेछन्। तिनले बध नगरी मासु खाए हुन्छ र त्यो बुद्धले भनेको छ भनेर कल्पना गरेर भ्रम फैलाउनेछन् ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैषज्यं मांसमाहारं पुत्रमांसोपमं पुनः ।
मात्रया प्रतिकूलं च योगी पिण्डं समाचरेत् ॥२२॥
मैत्री विहारिणा नित्यं सर्वथा गर्हितं मया ।
सिंहव्याघ्रवृकाद्यैश्च सह एकत्र संभवेत् ॥२३॥
तस्मान्न भक्षयेन्भासमुद्वेगजनरं नृणाम् ।
मोक्षधर्मविरुद्धत्वादार्याणामेष वैध्वजः ॥२४॥

मांसको आहार निश्चय नै पुत्रको मासु समान नै हो र जीवन यात्राको प्रतिकूल पनि हो त्यसैले योगीले कहिल्यै खानु हुँदैन ॥२२॥

मैत्री विहार हेतु सधैं नै मैले मासुको निन्दा गरेको छु । मासु खाने भनेको सिंह, भालु, ब्वाँसा जस्तै नै हो ॥२३॥

त्यसैले सबैलाई उदि्वगन गर्ने हुनाले मासु नखानु साथै यो मोक्षधर्मको विरोधी पनि हो । यो आर्यहरूको चिन्ह हो । यही धर्म हो ॥२४॥

इति मांसभक्षणपरिवर्तः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारणीपरिवर्तः

अथ खलु भगवान् महामतिं बोधिसत्त्वं महासत्त्वमामन्त्रयते स्म- उद्गृह्य त्वं महामते लङ्कावतारे मन्त्रपदानि यान्यतीतानागतप्रत्युत्पन्नैर्बुद्धै र्भगवद्भिर्भाषितानि, भाषन्ते, भाषिष्यन्ते च । अहमप्येतर्हि भाषिष्ये धर्मभाणकानां परिग्रहार्थम् । तद्यथा ।

तुट्टे २ । वुट्टे २ । पट्टे २ । कट्टे २ । अमले २ । विमले २ । निमे २ । हिमे २ । वमे २ । कले २ । कले २ । अट्टे मट्टे । वट्टे तुट्टे । ज्ञेट्टे स्पुट्टे । कट्टे २ । लट्टे पट्टे । दिमे । चले २ । पचेपचे । बन्धे २ अञ्चे मञ्चे । दुतादे २ । पतारे २ । अक्के २ । सर्क्के २ । चक्रे २ । दिमे २ । हिमे २ । टु टु टु टु । ४ । डु डु डु डु । ४ । रु रु रु रु । ४ । फू फू फू फू । ४ । स्वाहा ॥

यसपछि भगवान्ले महामति बोधिसत्त्व महासत्त्वोलाई आमन्त्रित गर्दै भन्नुभयो । ग्रहण गर हे महामति ! यस लङ्कावतारमा मन्त्रपदहरू जुन मन्त्रहरू अतीत, अनागत र प्रत्युत्पन्न बुद्धहरूले बताएका छन्, बताउँछन् र बताउने छन् । अहिले म धर्म ग्रहण गर्नेहरूका लागि भन्न गईरहेको छु । जुन यस्ता छन् -

तुट्टे २ । वुट्टे २ । पट्टे २ । कट्टे २ । अमले २ । विमले २ । निमे २ । हिमे २ । वमे २ । कले २ । कले २ । अट्टे मट्टे । वट्टे तुट्टे । ज्ञेट्टे स्पुट्टे । कट्टे २ । लट्टे पट्टे । दिमे । चले २ । पचेपचे । बन्धे २ अञ्चे मञ्चे । दुतादे २ । पतारे २ । अक्के २ । सर्क्के २ । चक्रे २ । दिमे २ । हिमे २ । टु टु टु टु । ४ । डु डु डु डु । ४ । रु रु रु रु । ४ । फू फू फू फू । ४ । स्वाहा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमानि महामते मन्त्रपदानि लङ्कावतारे महायानसूत्रे । यः कश्चिन्महामते कुलपुत्रो वा कुलदुहिता वा इमानि मन्त्रपदान्युद्ग्रहीष्यति धारयिष्यति वाचयिष्यति पर्यवाप्स्यति, न तस्य कश्चिदवतारं लप्स्यते देवो वा देवी वा नागो वा नागी वा यक्षो वा यक्षी वा असुरो वा असुरी वा गरुडो वा गरुडी वा किन्नरो वा किन्नरी वा महोरगो वा महोरगी वा गन्धर्वो गन्धर्वी वा भूतो वा भूती वा कुम्भाण्डो कुम्भाण्डी वा पिशाचो वा पिशाची वा ओस्तारको वा औस्तारकी वा अपस्मारो वा अपस्मारी वा राक्षसो वा राक्षसी वा डाको वा डाकिनी वा ओजाहारो वा ओजोहारी वा कटपूतनो वा कटपूतनी वा अमनुष्यो वा अमनुष्यी वा, सर्वे तेऽवतारं न लप्स्यते ।

स चेद्विषमग्रहो भविष्यति, सोऽस्याष्टोत्तरशताभिमन्त्रितेन रोदन् क्रन्दन्तो कं दिशं दृष्ट्वा यास्यति ॥

हे महामति यी मन्त्रहरू लङ्कावतार महायानसूत्रमा बताइएका छन् । जो कोही कुलपुत्र वा कुलदुहिता यी मन्त्रपदहरूलाई लिएर धारण गर्ने छ, वाचन गर्ने छ, आवृत्ति गर्ने छ त्यस समान कुनै अवतार हुने छैन-त्यो देव-देवी, नाग-नागी, यक्ष-यक्षी, असुर-असुरी, गरुड-गरुडी, किन्नर-किन्नरी, महोरग, महोरगी, गन्धर्व-गन्धर्वी, भूत-भूती, कुष्माण्ड, पिशाच-पिचाची, ओस्तारक-ओस्तारकी, अपस्मार-अपस्मारी, राक्षस-राक्षसी, डाक र डाकिनी, ओजोहार-ओजोहारी, कटपूतन-कटपूतनी, मनुस्य-अमनुस्यी र अरू कुनै अवतारले पनि त्यो ठाउँ पाउने छैनन् । यदि कुनै खराव ग्रह लाग्यो भने १०८ पटक उच्चार गरेर अभिमन्त्रित गर्नाले त्यो ग्रह रोदन गर्दै, कराउँदै भागेर जाने छ ।

पुनरपराणि महामते मन्त्रपदानि भाषिष्ये । तद्यथा-पद्मे पद्मदेवे । हिने हिनि हिने । चु चुले चुलु चुले । फले फुल फुले । युले घुले युल युले । घुले घुल घुले । पले पल पले । मुञ्चे ३ छिन्दे भिन्दे भञ्जे मर्दे प्रमर्दे दिनकरे स्वाहा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि पनि हे महामति ! मन्त्र पदहरू भन्ने छु- जस्तो कि पद्य-पद्यदेवे । हिने हिनि हिने । चु चुले चुल चुले । फले फुल फुले । युले घुले युल युले । घुले घुघ घुले । पलें पल पले । मुम्चे छिन्दे भिन्दे मञ्जे मर्दे प्रमर्दे दिनकरे स्वाहा ।

इमानि महामते मन्त्रपदानि यः कश्चित्कुलपुत्रो वा कुलदुहिता वा उद्ग्रहीष्यति धारयिष्यति वाचयिष्यति पर्यवाप्स्यति, तस्य न कश्चिदवतारं लप्स्यते देवो वा देवी नागो वा नागी वा यक्षो वा यक्षी वा असुरो वा असुरी वा गरुडो वा गरुडी वा किन्नरो किन्नरी वा महोरगो वा महोरगी वा गन्धर्वो वा गन्धर्वी वा भूतो वा भूती वा कुम्भाण्डो वा कुम्भाण्डी वा पिशाचो वा पिशाची वा ओस्तारको वा ओस्तारकी वा, अपस्मारो वा अपस्मारी वा, राक्षसो वा राक्षसी वा, डाको वा डाकिनी वा, ओजोहरो वा ओजोहरी वा, कटपूतनो वा कटपूतनी वा, मनुष्यो वा मनुष्यी वा, सर्वे तेऽवतारं न लप्स्यते ।

य इमानि पठिष्यति तेन लङ्कावतारसूत्रं पठितं भविष्यति । इमानि भगवता मन्त्रपदानि भाषितानि राक्षसानां निवारणार्थम् ॥

हे महामति ! यी उपर्युक्त मन्त्रपदहरू जो कोही कुलपुत्र वा कुलदुहिताले ग्रहण गर्नेछन् धारणा गर्नेछन् वाचन गर्ने र आवृत्ति गर्नेछन् तिनलाई कुनै अवतारले समता गर्न सक्नेछैनन् देव देवी, नाग नागी, यक्ष यक्षी, असुर असुरी, गरुड गरुडी, किन्नर किन्नरी, महोरगो महोरग, गन्धर्व गन्धर्वी, भूत भूती, कुम्माण्ड कुम्माण्डी, पिशाच पिशाची, ओस्तारक ओस्तारकी, अपस्मार अपस्मारी, राक्षस राक्षसी, डाका डाकिनी, ओजोहोर ओजोहरी, कटपूतन कटपूतनी, मनुष्य मनुष्यी आदि कसैले उसको समता गर्न सक्ने छैनन् । जसले यी मन्त्रपदहरू पढ्नेछन् तिनले समग्र लङ्कावतार पढेको हुनेछ । राक्षसहरूको निवारणका लागि नै भगवान्ले यी मन्त्रपदहरूको उपदेश गर्नु भएको हो ।

इति लङ्कावतारे धारणीपरिवर्तो नाम नवमः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सगाथकम्

अथ खलु महामतिर्बोधिसत्त्वो भगवन्तमेतदवोचत्-

उत्पादभङ्गरहितो लोकः खपुष्पसन्निभः ॥
सदसन्नोपलब्धोऽयं प्रज्ञया कृपया च ते ॥१ ॥
शाश्वतोच्छेदवर्ज्यश्च लोकः स्वप्नोपमः सदा ।
सदसन्नोपलब्धोऽयं प्रज्ञया कृपया च ते ॥२ ॥
मायोपमाः सर्वधर्माश्चित्तविज्ञानवर्जिताः ।
सदसन्नोपलब्धास्ते प्रज्ञया कृपया च ते ॥३ ॥

यसपछि महामति वोधिसत्त्व महासत्त्वले भगवान्‌लाई यसो भन्दा भए –

हे भगवान् उत्पत्ति र विनाश रहित यो लोक आकाशपुष्प भैँ सत् र असत्‌को रूपमा तपाईको प्रज्ञा र कृपाले उपलब्ध छ ॥१ ॥

नित्य र उत्छेदरहित लोक सधैँ स्वप्न भै छ र सत् र असत्‌को रूपमा तपाईको ज्ञान र कृपाले उपलब्ध छ ॥२ ॥

चित्त र विज्ञान रहित सर्वधर्महरू मायोपम छन् र तिनीहरू तपाईको प्रज्ञा र कृपाका बलले उपलब्ध छन् ॥३ ॥

धर्मपुद्‌गलनैरात्म्यं क्लेशज्ञेयं च ते सदा ।
विशुद्धमानिमित्तेन प्रज्ञया कृपया च ते ॥४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न निर्वासि निर्वाणेन निर्वाणं त्वपिसंस्थितम् ।
बुद्धिबोद्धव्यरहितं सदसत्पक्षवर्जितम् ॥५ ॥

धर्मनैरात्म्य, पुद्गलनैरात्म्य, त्यसैगरी क्लेशावरण र ज्ञेयावरण यी सबै सर्वदा तपाईको प्रज्ञा र कृपाका निमित्तले शुद्ध छन् ॥४ ॥

तपाईं निर्वाणद्वारा निर्वृत्त (मुक्त) पनि हुनुहुन्न किनभने ज्ञान र ज्ञेय रहित तथा सत् र असत्पक्षरहित निर्वाण पनि तपाईमा नै अवस्थित छ ॥५ ॥

ये पश्यन्ति मुनिं शान्तमेवमुत्पत्तिवर्जितम् ।
ते भवन्त्यनुपादाना इहामुत्र निरञ्जनाः ॥६ ॥
मृगतृष्णा यथा ग्रीष्मे स्पन्दते चित्तमोहनी ।
मृगा गृह्णन्ति पानीयं वस्तु तस्य न विद्यते ॥७ ॥
एवम् विज्ञानवीजोऽयं स्पन्दते दृष्टिगोचरे ।
बाला गृह्णन्ति जायन्तं तिमिरं तैमिरा यथा ॥८ ॥

जसले मुनिलाई शान्त र उत्पत्तिवर्जित जान्दछन् तिनीहरू सर्वत्र अनुपादान र निरञ्जन हुन्छन् ॥६ ॥

जसरी गृष्म ऋतुमा चित्तलाई मोहित पार्ने मृगतृष्णामा मृगले पानी सम्झेर पिउँन खोज्दछ तर त्यहाँ पानी हुँदैन ॥७ ॥

त्यसैगरी विज्ञानको बीज पनि दृष्टिगोचरमा स्पन्दित हुन्छ तर त्यो वास्तविक हुँदैन र बालकहरूले त्यसलाई वास्तविक ठान्दछन् जस्तो कि तिमिर रोगलागेकाले सबै तिमिर नै देख्छ ॥८ ॥

ध्याता ध्यानं च ध्येयं च प्रहाणं सत्यदर्शनम् ।
कल्पनामात्रमेवेदं यो बुध्यति स मुच्यति ॥९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असारका इमे धर्मा मन्यनायाः समुपस्थिताः ।
साप्यत्रमन्यना शून्या यया शून्येति मन्यते ॥१० ॥

ध्याता, ध्यान, ध्येयपदार्थ, प्रहाण र सत्यदर्शन यी सबैलाई जसले कल्पना मात्र मान्छ (बुझ्दछ) त्यो व्यक्ति मुक्त हुन्छ ॥९ ॥

यी सबै धर्म (पदार्थहरू) समुपस्थित भए पनि वास्तवमा ती सबै शून्य नै हुन् ॥१० ॥

जलवृक्षच्छायासदृशाः स्कन्ध विज्ञानपञ्चमाः ।
मायास्वप्नोपमं दृश्यं विज्ञप्त्या न विकल्पयेत् ॥११ ॥
मायावेतालयन्त्राभं स्वप्नं विद्युद्घनं सदा ।
त्रिसंततिव्यवच्छिन्नं जगत्पश्यन् विमुच्यते ॥१२ ॥
अयोनिशो विकल्पेन विज्ञानं संप्रवर्तते ।
अष्टधा नवधा चित्रं तरङ्गाणि महोदधौ ॥१३ ॥

जल, वृक्ष र छाया समान विज्ञान सहित पञ्चस्कन्ध माया स्वप्न झै देखिन्छन् ॥११ ॥

माया वेताल यन्त्र र स्वप्न विद्युत् झैं सदा त्रिसन्ततिले युक्त जगत् छ भनेर बुझ्ने मुक्त हुन्छ ॥१२ ॥

अयोनिश विकल्पद्वारा विज्ञान प्रवृत्त हुन्छ। समुद्रमा आठ र नौ प्रकारका तरङ्ग हुन्छन् र त्यस्तै चित्त पनि हुन्छ ॥१३ ॥

वासनैर्बृंहितं नित्यं बुद्ध्या मूलं स्थिराश्रयम् ।
भ्रमते गोचरे चित्तमयस्कान्ते यथायसम् ॥१४ ॥
आश्रिता सर्वभूतेषु गोत्रभूस्तर्कवर्जिता ।
निवर्तते क्रियामुक्ता ज्ञानज्ञेयविवर्जिता ॥१५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासनाले निरन्तर वृद्धि भएको बुद्धिलाई आफ्नो आश्रयमा लिएर चित्त विषयहरूमा घुमि नै रहन्छ, जसरी अयस्कान्तमणिमा लौह आदि धातुहरू घुम्ने गर्दछन् ॥१४ ॥

सम्पूर्ण भूतहरूमा आश्रित, गोत्रभू, तर्करहित, क्रियाबाट मुक्त तथा ज्ञान र ज्ञेयवाट पनि रहित हुनाले निवृत्त हुन्छ ॥१५ ॥

मायोपमं समाधिं च दशभूमिविनिर्गतम् ।
पश्याथ चित्तराजानं संज्ञाविज्ञानवर्जितम् ॥१६ ॥
परावृत्तं यदा चित्तं तदा तिष्ठति शाश्वतम् ।
विमाने पद्मसङ्काशे मायागोचरसंभवे ॥१७ ॥
तस्मिन् प्रतिष्ठितो भवत्यनाभोगचरिं गतः ।
करोति सत्त्वकार्याणि विश्वरूपमणिर्यथा ॥१८ ॥

मयोपम समाधि र दशभूमिविनिर्गत र संज्ञाविज्ञान रहित चित्तराजलाई जान ॥१६ ॥

पद्मसङ्कशा मायागोचर संभव विमानमा झैं जब चित्त हुन्छ त्यसबेला संसार शाश्वत झैं लाग्दछ ॥१७ ॥

त्यसमा प्रतिष्ठित भएर विश्वरूप मणि झैं सत्त्वले कार्य गर्दछ ॥१८ ॥

संस्कृतासंस्कृतं नास्ति अन्यत्र हि विकल्पनात् ।
बाला गृह्णन्ति धिङ्मूढा बन्ध्या स्वप्ने यथा सुतम् ॥१९ ॥
नैःस्वभाव्यमनुत्पादो पुद्गलः स्कन्ध सन्ततिः ।
प्रत्यया धातवो ज्ञेया शून्यता च भवाभवम् ॥२० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्यत्र विकल्पनले गर्दा संस्कृत र असंस्कृत दुवै पदार्थहरू छैनन् तापनि मूर्खहरूले त्यसलाई छ भनेर ग्रहण गर्दछन् यथा वन्ध्याले स्वप्नमा सन्तान सुख ग्रहण गर्दछे ॥१९ ॥

पुद्गल स्कन्ध समूह वा स्कन्ध संतति हो र यो निःस्वभाव तथा अनुत्पत्तिमान् छ त्यसैले धातुप्रत्यय र शून्यतालाई बुझ्नुपर्दछ ॥२० ॥

उपायदेशना मह्यं नाहं देशेमि लक्षणम् ।
बाला गृह्णन्ति भावेन लक्षणं लक्ष्यमेव च ॥२१ ॥
सर्वस्य वैत्ता न च सर्ववेत्ता
सर्वस्य मध्ये न च सर्वमस्ति ।
बाला विकल्पेन्ति बुधश्चलोके
न चापि बुध्यामि न बोधयामि ॥२२ ॥

म सबैको ज्ञाता हुँ तर सर्ववेत्ता होइन, सबैका मध्यमा अवस्थित छु तर सर्व पनि होइन, बालकहरूले मलाई सर्वज्ञ भन्दछन् तर म न आफैं बुझ्न सक्छु न त अरूलाई नै बुझाउँन सक्छु ॥२१-२२ ॥

प्रज्ञप्तिर्नाममात्रेयं लक्षणेन न विद्यते ।
स्कन्धाः केशोण्डुकाकारा यत्र बालैर्विकल्प्यतै ॥२३ ॥
बन्ध्यासुताकाशपुष्पं यदा पश्यति संस्कृतम् ।
तदा ग्राहश्च ग्राह्यं च भ्रान्तिं दृष्ट्वा निंवर्तते ॥२४ ॥
नाहं निर्वामि भावेन क्रियया लक्षणेन च ।
विकल्पहेतुविज्ञाननिवृत्तेर्निवृतो ह्यहम् ।
(न विनश्यति लक्षणं यत्र बालैविकल्प्यते) ॥२५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रज्ञप्ति केवल नामका लागि हो वास्तविक होइन, स्कन्ध चाहिँ केशका गुजुल्टा झैँ हुन्छन् जसलाई बालबुद्धिहरूले वास्तविक ठान्दछन् ॥२३ ॥

बन्ध्यापुत्र र आकाशकुसुम झैँ जब सबै संस्कृतपदार्थहरूलाई देख्दछ त्यसबेला ग्राह्य ग्राहक दुबै भ्रान्ति हुन् भन्ने बुझेर मनुष्य निवृत्त हुन्छ ॥२४ ॥

म भाव, क्रिया र लक्षणद्वारा निवृत्त हुन्न अपितु विकल्पहेतु विज्ञाननिवृत्त भएपछि म निवृत्त हुन्छु ॥२५ ॥

यथा क्षीणे महत्योघे तरङ्गाणामसंभवः ।
तथा विज्ञानवैचित्र्यं निरुद्धं न प्रवर्तते ॥२६ ॥
शून्याश्च निस्वभावाश्च मायोपमा अजातकाः ।
सदसन्तो न विद्यन्ते भावाः स्वप्नोपमा इमे ॥२७ ॥

जसरी ठूलो समुद्र नष्ट भएपछि तरङ्गको संभावना रहँदैन त्यसरी नै विज्ञान वैचित्र्यको निरोध भएपछि प्रवृत्ति रहँदैन ॥२६ ॥

सबै भावहरू शून्य, निस्वभाव, मायोपम र अजातक, सत् असत् र स्वप्न झैँ छन् ॥२७ ॥

स्वभावमेकं देशेमि तर्कविज्ञप्तिवर्जितम् ।
आर्याणां गोचरं दिव्यं स्वभावद्वयवर्जितम् ॥२८ ॥
स्वद्योता इव मत्तस्य यथा चित्रा न सन्ति च ।
दृश्यन्ते धातुसंक्षोभादेवं लोकः स्वभावतः ॥२९ ॥
तृणकाष्ठकठकल्लेषु यथा माया विराजते ।
न चासौ विद्यते माया एवम् धर्माः स्वभावतः ॥३० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर्कविज्ञप्ति रहित, आर्यहरूलाई देखिने, अलौकिक र स्वभावद्वयरहित एक स्वभाव बताउँछु ॥२८॥

जसरी मदोन्मत्तलाई खद्योत दृष्टिगोचर हुँदैनन् त्यसरी नै धातुको संक्षोभले स्वभावतः लोक पनि त्यस्तै देखिन्छ ॥२९॥

तृण, काठ र कठकल्ल आदिहरूमा जसरी माया रहन्छ त्यो माया होइन त्यसैगरी पदार्थहरू पनि स्वभावतः हुँदैनन् ॥३०॥

न ग्राहको न च ग्राह्यं न बन्ध्यो न च बन्धनम् ।
मायामरीचिसदृशं स्वप्नाख्यं तिमिरं यथा ॥३१ ॥
यदा पश्यति तत्त्वार्थी निर्विकल्पौ निरञ्जनः ।
तदा योगं समापन्नो द्रक्ष्यते मां न संशयः ॥३२ ॥
न ह्यत्र काचिद्विज्ञप्तिनभे यद्वन्मरीचयः ।
एवम् धर्मान् विजानन्तो न किंचित्प्रतिजानति ॥३३ ॥

न ग्राहक हुन्छ, न ग्राह्य नै हुन्छ त्यसैगरी न बन्ध्य रहन्छ, न त बन्धन नै हुन्छ, मायामरीचि झैं स्वप्नाख्य तिमिर झैं ॥३१॥

जहिले तत्त्वार्थीले निर्विकल्प र निरञ्जन देख्दछ त्यो बेला मात्र योगसमापन्नले मलाई देख्दछ भन्ने कुरामा संशय छैन ॥३२॥

सदसतः प्रत्ययेषु धर्माणां नास्ति संभवः ।
भ्रान्तं त्रैधातुके चित्तं विचित्रं ख्यायते यतः ॥३४ ॥
स्वप्नं च लोकं समस्वभावं
रूपाणि चित्राणि हि तत्र चापि ।
दृश्यन्ति भोगं स्परिशं समानं
देहान्तगं लोकगुरुं क्रियां च ॥३५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशमा कुनै विज्ञान किरण झैँ छैन त्यसैगरी सबै धर्म (पदार्थ) हरूलाई जान्नुपर्दछ ॥३३ ॥

सत् र असत् प्रत्ययहरूमा धर्महरूको सम्भावना छैन र त्रैधातुकमा भ्रान्त चित्तले विचित्रता बताएको मात्र हो ॥३४ ॥

स्वप्न र लोकको स्वभाव समान छ, ती दुवैमा रूप चित्त दुवै हुन्छन् त्यसैगरी भोगहरू पनि समान देखिन्छन् र क्रिया र लोक पनि देहान्तगत हुन्छन् ॥३५ ॥

चित्तं हि त्रैधातुकयोनिरेत–
भ्रदान्तं हि चित्तमिहमुत्र दृश्यते ।
न कल्पयेल्लोकमत्त एषा–
मेतादृर्शी लोकगतिं विदित्वा ॥३६ ॥
संभवं विभवं चैव मोहात्पश्यन्ति बालिशाः ।
न संभवं न विभवं प्रज्ञायुक्तो विपश्यति ॥३७ ॥

चित्त नै त्रैधातुका योनीहरूमा घुम्दो छँदो देखिन्छ त्यसैले यसप्रकारको लोकगतिलाई जानेर यसको वास्तविकताको कल्पना नगर्नू ॥३६ ॥

बालकजनहरूले मोहवश संभव र विभवलाई देख्दछन् तर प्राज्ञले संभव तथा विभव दुवैलाई देख्दैन ॥३७ ॥

अकनिष्ठभवने दिव्ये सर्वपापविवर्जिते ।
निर्विकल्पाः सदा युक्ताश्चिच्चैत्तविवर्जिताः ॥३८॥
बालाभिज्ञावशिप्राप्ताः तत्समाधिगतिं गताः ।
तत्र बुध्यन्ति संबुद्धा निर्मितस्त्विह बुध्यते ॥३९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै पापले रहित दिव्य अकनिष्ठ भवनमा निर्विकल्पक र चित्त चैत्तरहित र बालाभिज्ञानरहित समाधिप्राप्त संबुद्धहरूले यसलाई बुझ्फेका हुन्छन् ॥३८-३९ ॥

निर्माणकोट्यो ह्यमिता बुद्धानां निश्चरन्ति च ।
सर्वत्र बालाः शृण्वन्ति धर्म तेभ्यः प्रतिश्रुत्वा (?) ॥४० ॥
आदिमध्यान्तनिर्मुक्तं भावाभावविवर्जितम् ।
व्यापिनतचलं शुद्धमचित्रं चित्रसंभवम् ॥४१ ॥
विज्ञप्तिगोत्रसंछन्नमालीनं सर्वदेहिनाम् ।
भ्रान्तेश्च विद्यते माया न माया भ्रान्तिकारणम् ॥४२ ॥

निर्वाणकोटिहरू जो नापिएका छैनन् र बुद्धहरूबाट निस्कन्छन् तिनै बुद्धबाट जानेर बालकहरूले सुन्दछन् ॥४० ॥

आदि मध्य र अन्तरहित, भाव र अभावले वर्जित, व्यापिअचल, शुद्ध, अचित्त र चित्तसंभव र सबै प्राणीहरूका लागि विज्ञप्तिगोत्रसंछन्नमा लीन भ्रान्तिको कारणले माया छ मायाका कारणले भ्रान्ति होइन ॥४१-४२॥

चित्तस्य मोहेनाप्यस्ति यत्किंचिदपि विद्यते ।
स्वभावद्वयनिबद्धमालयविज्ञाननिर्मितम् ।
लोकं विज्ञप्तिमात्रं च दृष्ट्यौघं धर्मपुद्गलम् ॥४३ ॥
विभाव्य लोकमेवं तु परावृत्तो यदा भवेत् ।
तदा पुत्रो भवेन्मह्यं निष्पन्नधर्मवर्तकः ॥४४ ॥
उष्णद्रवचलकठिना धर्मा बालैर्विकल्पिताः ।
असद्भूतसमारोपो नास्ति लक्ष्यं न लक्षणम् ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तको जुन कुनै मोह छ त्यो स्वभावद्वय निवद्ध आलयविज्ञान निर्मित हो। लोक भनेको विज्ञप्तिमात्र हो दृष्ट्यौघ धर्मपुद्गल हो। विभाव्य लोक जब परावृत्त हुन्छ त्यसबेला मेरा लागि त्यो निष्पन्न धर्मप्रवर्तक पुत्र समान हुनेछ ॥४३-४४ ॥

उष्ण, प्रवचन कठिन धर्महरू बालहरूले विकल्पित गरेका हुन् र असद्भूतसमारोपलक्ष्य र लक्षण दुवै हुँदैन ॥४५ ॥

अष्टद्रव्यकमेतत्तु कायसंस्थानमिन्द्रियम् ।
रूपं कल्पन्ति वै बाला भ्रान्ताः संसारपंजर ॥४६॥
हेतुप्रत्ययसामया बालाः कल्पन्ति संभवम् ।
अजानाना नयमिदं भ्रमन्ति त्रिभवालये ॥४७॥
सर्वभावास्वभावा च वचनमपि नृणाम् ।
कल्पनाच्चापि निर्माणं नास्ति स्वप्नोपमं भवम् ।
परीक्षेन्नैव संसारं नापि निर्वापयेत् स्वयम् ॥४८ ॥
चित्तं विचित्रं बीजाख्यं ख्यायते चित्तगोचरम् ।
ख्यातौ कल्पन्ति उत्पत्तिं बालाः कल्पद्वये रताः ॥४९ ॥
अज्ञानं तृष्णा कर्म च चित्तचैत्ता न मारकम् ।
प्रवर्तति ततौ यस्मात्पारतन्त्र्यं हि तन्मतम् ॥५० ॥

यो अष्टद्रव्ययुक्त काय, संस्थान र इन्द्रियलाई बालबुद्धिहरूले भ्रान्त संसारपञ्जरमा रूपको कल्पना गर्दछन् ॥४६ ॥

हेतुप्रत्ययसामग्रीद्वारा बालहरूले संभावनाको कल्पना गर्दछन् भन्ने कुरालाई नजान्ने व्यक्तिहरू त्रिभवालयमा घुम्छन् ॥४७ ॥

निर्वाण पनि काल्पनिक मात्रै हो, त्यसैले जगत् स्वप्नोपम हो। संसार र निर्वाण दुबैको परीक्षा गर्नुको कुनै अर्थ छैन ॥४८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तलाई विचित्र बीज भनिन्छ र जो चित्त गोचरका रूपमा प्रख्यात छ त्यस चित्तको ख्यातिमा कल्पनाद्वयमा रत बालकहरूले उत्पत्तिको कल्पना गर्दछन् ॥४९ ॥

अज्ञान, तृष्णा, कर्म र चित्तचैत्तहरू मारक होइनन् त्यसैले प्रवर्तितलाई पारतन्त्र्य मानिन्छ ॥५० ॥

ते च कल्पन्ति यद्वस्तु चित्तगोचरविभ्रमम् ।
कल्पनायामनिष्पन्नं मिथ्याभ्रान्तिविकल्पितम् ॥५१ ॥
चित्तं प्रत्ययसंबद्धं प्रवर्तति शरीरिणाम् ।
प्रत्ययेभ्यो विनिर्मुक्तं न पश्यामि वदाम्यहम् ॥५२ ॥
प्रत्ययेभ्यो विनिर्मुक्तं स्वलक्षणविवर्जितम् ।
न तिष्ठति यदा देहे तेन मह्यमगोचरम् ॥५३ ॥
राजा श्रेष्ठी यथा पुत्रान् विचित्रैर्मृगसादृशैः ।
प्रलोभ्य क्रीडति गृहे वने मृगसमागमम् ॥५४ ॥
तथाहं लक्षणैश्चित्रैर्धर्माणां प्रतिबिम्बकैः ।
प्रत्यात्मवेद्यां हि सुतां भूतकोटिं वदाम्यहम् ॥५५ ॥

तिनीहरूले कल्पना गरेको जुन वस्तु छ त्यो चित्तगोचरविभ्रम हो र कल्पनामा अनिष्पन्न मिथ्याभ्रान्तिविकल्पित हो ॥५१ ॥

प्राणीहरूको चित्त प्रत्ययसंबद्ध भएर प्रवर्तित हुन्छ र प्रत्ययहरूबाट विनिर्मुक्त भएको म देख्दिन ॥५२ ॥

प्रत्ययहरूबाट मुक्त भएको र स्वलक्षणलाई वर्जित गरेको देहमा रहँदैन त्यसैले ममा देखिदैन ॥५३॥

राजा र श्रेष्ठीहरूले जसरी मृगसदृश पुत्रहरूलाई लोभ देखाएर खेल्दछन् र वनमा मृगहरू एक आपसमा खेल्दछन् त्यसरी नै म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्षणचित्तधर्महरूको प्रतिबिम्बकहरूद्वारा प्रत्यात्मवेद्य सुतहरूलाई भूतकोटी भन्दछु ॥५४-५५॥

तरङ्गा ह्रदधेर्यद्वत्पवनप्रत्ययोदिताः ।
नृत्यमानाः प्रवर्तन्ते व्युच्छेदश्च न विद्यते ॥५६ ॥
आलयौघस्तथा नित्यं विषयपवनेरितः ।
चित्रैस्तरङ्गविज्ञानैर्नृत्यमानः प्रवर्तते ॥५७ ॥
ग्राह्यग्राहकभावेन चित्तं नमति देहिनाम् ।
दृष्यस्य दक्षणं नास्ति यथा बालेर्विकल्प्यते ॥५८ ॥
परमालयविज्ञानं विज्ञप्तिरालयं पुनः ।
ग्राह्यग्राहकापगमात्तथतां देशयाम्यहम् ॥५९ ॥
नास्ति स्कन्धेष्वात्मा न सत्त्वो न च पुद्गलः ।
उत्पद्यते च विज्ञानं विज्ञानं च निरुध्यते ॥६० ॥

आलयविज्ञानका तरङ्गहरू निरन्तर नाचि नै रहन्छन्, त्यहाँ कुनै उच्छेद छैन, जसरी वायुद्वारा प्रवर्तित पदार्थहरू हल्लिनै रहन्छन् । त्यस्तै नै तरङ्गरूपी विज्ञानद्वारा प्रेरित भएर संस्कारहरू सधैँ प्रवर्तित हुन्छन् ॥५६-५७॥

ग्राह्यग्राहकभावले चित्तले प्राणीहरूलाई नमन गर्दछ र बालकहरूद्वारा विकल्पित गरेझैँ दृष्यको लक्षण हुँदैन ॥५८ ॥

परमालयविज्ञान र विज्ञप्तिरालय दुबै ग्राह्यग्राहकको अपगमबाट तथताको देशना गर्दछु ॥५९॥

स्कन्ध, सत्त्व र पुद्गल कुनैमा पनि आत्मा हुँदैन । उत्पत्ति र निरोध दुबै विज्ञानको हुन्छ ॥६०॥

निम्नोन्नतं यथा चित्रे दृश्यते न च विद्यते ।
तथा भावेषु भावत्वं दृश्यते न च विद्यते ॥६१ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्वनगरं यद्वद्यथा च मृगतृष्णिका ।
दृश्यं ख्याति तथा नित्यं प्रज्ञया च न विद्यते ॥६२ ॥
प्रमाणेन्द्रियनिर्वृत्तं न कार्यं नापि कारणम् ।
बुद्धिबोद्धव्यरहितं लक्ष्यलक्षणवर्जितम् ॥६३ ॥
स्कन्धान् प्रतीत्य संबुद्धो न दृष्टः केनचित्क्वचित् ।
यो न दृष्टः क्वचित्केन कुतस्तस्य विभावन ॥६४ ॥
प्रत्ययैर्हेतुदृष्टान्तैः प्रतिज्ञा कारणेन च ।
स्वप्नगन्धर्वचक्रेण मरीच्या सोमभास्करैः ॥६५ ॥
अदृश्यं कुलादिदृष्टान्तैरुत्पत्तिं वादयाम्यहम् ।
स्वप्नविभ्रममायाख्यं शून्यं कल्पितं जगत् ॥६६ ॥

जसरी चित्रमा निम्न र उन्नत देखिन्छ तर त्यो हुँदैन त्यसरी नै भावहरूमा भावत्व देखिन्छ तर त्यो हुँदैन ॥६१ ॥

यथा गन्धर्वनगर र मृगतृष्णिकामा पानी देखिए झैं लाग्छ तर वास्तवमा हुँदैन त्यसरी ने भावहरूमाथि पनि प्रज्ञाद्वारा विचार गर्दा त्यो हुँदैन ॥६२ ॥

प्रत्ययद्वारा, हेतुद्वारा, दृष्टान्तद्वारा, प्रतिज्ञा कारणद्वारा, स्वप्नगन्धर्वचक्रद्वारा, मरीचीद्वारा र सोमभास्करद्वारा तथा अदृश्यकुलादिदृष्टान्तद्वारा स्वप्नविभ्रममायाख्य शून्यकल्पित भनेर भन्दछु म जगत्लाई ॥६५-६६ ॥

अनाश्रितश्च त्रैलोक्ये अध्यात्मं च बहिस्तथा ।
अनुत्पन्नं भवं दृष्ट्वा क्षान्त्यनुत्पत्तिजायते ॥६७ ॥
मायोपमसमाधिं च कायं मनोमयं पुनः ।
अभिज्ञा वशिता तस्य बाला चित्तस्य चित्रिता ॥६८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावा येषां ह्यनुत्पन्नाः शून्या वै अस्वभावकाः ।
तेषामुत्पद्यते भ्रान्तिः प्रत्ययैश्च निरुध्यते ॥६९ ॥
चित्तं हि ख्याति चित्तस्य बहिर्धा ख्याति रूपिणः ।
अन्यत्र विद्यते दृश्यं यथा बालैर्विकल्प्यते ॥७० ॥

प्रमाणद्वारा निर्दिष्ट न कार्य छ न त कारण नै छ । एवंरीत्या बुद्धि र उसको विषयरहित लक्षण लक्षणरहित हुनाले चित्तले स्कन्धहरूको आश्रय लिएर कुनै कर्म सम्भव छैन । त्यस्ता पदार्थको चिन्तन कसरी सम्भव छ ? ॥६७-६८॥

जसका भावहरू अनुत्पन्न छन्, शून्य र अस्वभाविक हुन्छन् । त्यसैगरी तिनीहरूको भ्रान्ति उत्पन्न हुन्छ र प्रत्ययहरूद्वारा निरुद्ध हुन्छ ॥६९ ॥

चित्तले नै चित्तको ज्ञान गर्दछ र बाहिरबाट चाहिँ रूपको ज्ञान हुन्छ, बालकहरूले सोचे भैँ अन्य दृश्य हुँदैन ॥७० ॥

सङ्कला बुद्धिबिम्बं च भूतानां च विदारणम् ।
अधिष्ठन्ति जगच्चित्रं प्रज्ञया वै सुशिक्षिताः ॥७१ ॥
देहः प्रतिष्ठा भोगश्च ग्राह्यविज्ञप्तश्त्रयः ।
विकल्पश्च विकल्प्यं च यावत्त्वक्षरगोचाम्
मन इन्द्रियविज्ञप्तिविकल्पो ग्राहकास्त्रयः ॥७२॥
तावत्तत्त्वं न पश्यन्ति तार्किकास्तर्कविभ्रमात् ॥७३ ॥
नैःस्वभाव्यं हि भावानां यदा बुध्यन्ति प्रज्ञया ।
तदा विश्रमति योगी आनिमित्तप्रतिष्ठितः ॥७४ ॥

जति पदार्थहरूका समूह छन् तर सबै नै बुद्धिका विकल्प मात्र हुन् । तीनै पदार्थहरू संसारका रूपमा देखिन्छन् र प्रज्ञाद्वारा मात्र निवृत्त हुन्छन् ॥७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देह, प्रतिष्ठा, भोग र तीनवटा ग्राह्यविज्ञप्ति त्यसैगरी मन, विज्ञप्ति, विकल्प र तीनवटा ग्राहक हुन्छन् ॥७२ ॥

तर्कमा लागेका विद्वान्हरूले चित्तभ्रमले गर्दा तत्त्व बुझ्दैनन् ॥७३॥

जबसम्म विकल्प र विकल्प्य देखिँदैन त्यसबेलासम्म तर्कका विभ्रमले गर्दा तार्किकहरूले निःस्वभावता जान्दछन् त्यसबेला त्यो आनिमित्तप्रतिष्ठित योगीले विश्राम लिन्छ ॥७४ ॥

मसिम्रक्षितको यद्वग्दृह्यते कुर्कुटोऽबुधैः ।
स एवायमजानानैर्बालैर्यानत्रयं तथा ॥७५ ॥
न ह्यत्र श्रावकाः केचिन्नास्ति प्रत्येकयानिकाः ।
यच्चैतदृश्यते रूपं श्रावकस्य जिनस्य च ।
निर्माणं देशयन्त्येते बोधिसत्त्वाः कृपात्मकाः ॥७६ ॥

जसरी मसिम्रक्षितक (लेखनी)लाई अज्ञानीहरूले कुडाकर्कट ठान्दछन् त्यसरी नै अज्ञानीबालकहरूले यानत्रयलाई ठान्दछन्। यहाँ न श्रावकयानीहरू छन् न त प्रत्येकबुद्वयानीहरू नै छन्। जो यो श्रावक र जिनको रूप देखिन्छ त्यसलाई कृपात्मक बोधिसत्त्वहरूले निर्माण भन्दछन् ॥७५-७६ ॥

विज्ञप्तिमात्रं त्रिभवं स्वभावद्वयकल्पितम् ।
परावृत्तस्तु तथता धर्मपुद्गलसंचरात् ॥७७ ॥
सोमभास्करदीपार्चिर्भूतानि मणयस्तथा ।
निर्विकल्पाः प्रवर्तन्ते तथा बुद्धस्य बुद्धता ॥७८ ॥
केशोण्डुकं यथा मिथ्या गृह्यते तैमिरैर्जनैः ।
तथा भावविकल्पोऽयं मिथ्या बालैर्विकल्प्यते ॥७९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थितिभङ्गोत्पत्तिरहिता नित्यानित्यविवर्जिताः ।
संल्केशव्यवदानाख्या भावाः केशोण्डुकोपमाः ॥८० ॥

यो जो त्रिभव हो त्यो स्वभावद्वय कल्पित विज्ञप्तिमात्र हो। परावृत्त चाहिँ धर्मपुद्‌गलसंचारका कारणले गर्दा तथता हो ॥७७ ॥

सोम, सूर्य दीपको किरण तथा भूतप्राणी र मणिहरू एवम् बुद्धको वुद्धता पनि निर्विकल्पकरूपमा प्रवृत्त हुन्छन् ॥७८ ॥

जसरी तैमिर रोगलागेका व्यक्तिहरूले मिथ्या केशोण्ड्रक (केशका गुजुल्टा) लाई सत्य झैँ देख्दछन् त्यसरी नै बालबुद्धि मूर्खहरूले यस अभावरूप संसारलाई भावरूप मान्दछन् ॥७९ ॥

स्थिति, भङ्ग र उत्पत्ति रहित त्यसैगरी नित्यानित्य रहित एवम् संक्लेश व्यवदानाख्य भावहरू केशोण्ड्रक झैँ छन् ॥८० ॥

पुत्तलिको यथा कश्चित्कनकाभं पश्यते जगत् ।
म ह्यस्ति कनकं तत्र भूमिश्च कनकायते ॥८१ ॥
एवम् हि दूषिता बालाश्चित्तचैत्तैरनादिकैः ।
मायामरीचिप्रभवं भावं गृह्णन्ति तत्त्वतः ॥८२ ॥
एकबीजमबीजं च समुद्रैकं च बीजकम् ।
सर्वबीजकमप्येतच्चित्तं पश्यथ चित्रिकम् ॥८३ ॥
एकं बीजं यदा शुद्धं परावृत्तमबीजकम् ।
चित्तं हि निर्विकल्पत्वादुद्रेकाज्जनासङ्करः ।
बीजमावहते चित्रं सर्वबीजं तदुच्यते ॥८४ ॥
न ह्यत्रोत्पद्यते किञ्चित्प्रत्ययैर्न निरुध्यते ।
उत्पद्यन्ते निरुध्यन्ते प्रत्यया एव कल्पिताः ॥८५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनौलो खेलौना झैँ कसैले संसार र भूमिलाई नै सुनौलो देख्दछ तर त्यहाँ सुन हुँदैन ॥८१ ॥

त्यसरी नै अनादिकालदेखि दूषित चित्त चैत्त भएका वालकहरूले मायामरीचिप्रभावले गर्दा भावलाई तत्त्वतः ग्रहण गर्दछन् ॥८२ ॥

एकबीजलाई अबीज समुद्रलाई एक बीज र सबै बीजलाई यो चित्तले देख्दछ ॥८३ ॥

चित्त आफैँमा निर्विकल्प भएको हुनाले सांसारिक पदार्थहरूको संसर्गद्वारा विकल्पित हुन्छ, त्यसपछि भ्रमद्वारा आफैँलाई विकल्पित गर्दछ । त्यसैले 'सर्वबीज' कहलाउँछ ॥८४॥

यहाँ प्रत्ययहरूद्वारा केही उत्पन्न पनि हुँदैन र निरुद्ध पनि हुँदैन अपितु तिनै कल्पित प्रत्यहरू उत्पन्न र निरुद्ध हुन्छन् ॥८५ ॥

प्रज्ञप्तिमात्रं त्रिभवं नास्ति वस्तु स्वभावतः ।
प्रज्ञप्तिवस्तुभावेन कल्पयिष्यन्ति तार्किकाः ॥८६ ॥
भावस्वभावजिज्ञासा न हि भ्रान्तिर्निवार्यते ।
भावस्वभावमुत्पत्तिरेवं दृष्ट्वा विमुच्यते ॥८७ ॥
न माया नास्तिसाधर्म्याद्भावानां कथ्यतेऽस्तिता ।
वितथाशुविद्युत्सदृशास्तेन मायोपमाः स्मृताः ॥८८ ॥
न चोत्पद्या न चोत्पन्नाः प्रत्ययोऽपि न केचन ।
संविद्यन्ते क्वचित्तेन व्यवहारं तु कथ्यते ॥८९ ॥
न भङ्गोत्पादसङ्क्लेशः प्रत्ययानां निवार्यते ।
यत्तु बाला विकल्पेन्ति प्रत्ययैः संनिवार्यते ॥९० ॥

विज्ञप्ति (विज्ञान) मात्र त्रिभवका रूपमा प्रकटित हुन्छ र स्वभावतः कुनै वस्तु हुँदैन। त्यही प्रज्ञप्तिलाई तार्किकहरूले भाववस्तुका रूपमा कल्पना गर्दछन् ॥८६ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावस्वभावको जिज्ञासाले न भ्रान्तिको निवारण हुन्छ। भावस्वभावउत्पत्तिलाई देखेर मुक्त हुन्छ ॥८७॥

मायाका साधर्म्यले गर्दा भावपदार्थहरूको अस्तित्त्व छ भनिन्छ। तिनीहरू विद्युत्समान भएकाले माया भनिन्छन् ॥८८॥

वस्तुहरू न उत्पन्न नै हुन्छन् र न कुनै प्रत्यय नै हुन्छन्। तिनीहरूको संवेदना हुने हुनाले तिनीहरूको व्यवहार गरिन्छ ॥८९॥

प्रत्ययहरूको भङ्गोत्पादसङ्कलेश निवारण हुँदैन र जुन बालकहरूले विकल्पित गर्दछन् त्यो प्रत्ययहरूद्वारा निवारित हुन्छ ॥९०॥

न स्वभावो न विज्ञप्तिर्न वस्तु न च आलयः ।
बालैर्विकल्पिता ह्येते वशभूतैः कुतार्किकैः ॥९१॥
चित्तमात्रं यदा लोकं प्रपश्यन्ति जिनात्मजा ।
तदा नैर्वाणिकं कायं क्रियासंस्कारवर्जितम् ।
लभन्ते ने बलाभिज्ञावशितैः सह संयुतम् ॥९२॥
सर्वरूपावभासं हि यदा चित्तं प्रवर्तते ।
नात्रचित्तं न रूपाणि भ्रान्तं चित्तमनादिकम् ॥९३॥
तदा योगी ह्यनाभासं प्रज्ञया पश्यते जगत् ।
निमित्तं वस्तुविज्ञप्तिर्मनोविस्पन्दितं च यत् ।
अतिक्रम्य तु पुत्रा मे निर्दिकलपाश्चरन्ति ते ॥९४॥
गन्धर्वनगरं माया केशोण्ड्रक मरीचिका ।
असत्याः सत्यतः ख्यान्ति भावेषु भावना तथा ॥९५॥

स्वभाव, विज्ञान, वस्तु र आलय यी कुनैपनि हुँदैनन्। यी सबै वशीभूत भएका बालक र कुतार्किकहरूले विकल्पित गरेका हुन् ॥९१॥

जिनपुत्रहरूले संसारलाई चित्तमात्र देख्दछन् र त्यसबेला नैर्वाणिक क्रियासंस्कारवर्जित र बालाभिज्ञावशिता सँग संयुक्त देख्दछन् ॥९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब सर्वरूपावभास चित्त प्रवृत्त हुन्छ, यहाँ चित्त र रूप केही पनि हुँदैन त्यो सबै भ्रम हो ॥९३ ॥

जब योगीले आफ्नो प्रज्ञाद्वारा जगत्लाई देख्दछ र त्यसको स्वरूपमा केही पनि छैन भन्ने बुझ्दछ र त्यसलाई जितेर स्वच्छन्दतया विचरण गर्दछन् ॥९४ ॥

गन्धर्वनगर, माया, केशोण्ड्रक र मरीचिकादि असत्य भएपनि सत्य झैं देखिए झैं पदार्थहरू पनि भाव झैं देखिन्छन् ॥९५ ॥

अनुत्पन्नाः सर्वभावा भ्रान्तिमात्रं हि दृश्यते ।
भ्रान्तिं कल्पेन्ति उत्पन्नां बालाः कल्पद्वये रताः ॥९६ ॥
औपपत्त्यङ्गिकं चित्तं विचित्रवासनासंभवम् ।
प्रवर्तते तरङ्गौघं तच्छेदान्न प्रवर्तते ॥९७ ॥
विचित्रालम्बनं चित्रं यथा चित्ते प्रवर्तते ।
तथाकाशे च कुड्ये च कस्मान्नाभिप्रवर्तते ॥९८ ॥
निमित्तं किञ्चिदालम्ब्य यदि चित्तं प्रवर्तते ।
प्रत्ययैर्जनितं चित्तं चित्तमात्रं न युज्यते ॥९९ ॥
चित्तेन गृह्यते चित्तं नास्ति किंचित्सहेतुकम् ।
चित्तस्य धर्मता शुद्धा गगने नास्ति वासना ॥१०० ॥

अनुत्पन्न सर्वभाव भ्रान्तिमात्र देखिन्छ। यस भ्रान्तिलाई बालकहरूले उत्पत्तिमान कल्पना गर्दछन् ॥९६ ॥

विचित्र वासना संभव औपपत्यङ्गिक चित्त प्रवृत्त हुन्छ र तरङ्गौघ काट्नाले प्रवृत्त हुँदैन ॥९७ ॥

विचित्रालम्बित चित्त जसरी चित्तमा प्रवृत्त हुन्छ त्यसरी नै आकाश र कुड्यमा किन प्रवृत्त हुँदैन ॥९८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्तलाई आलम्बन बनाएर यदि चित्त प्रवर्तित हुन्छ भने प्रत्ययहरूद्वारा जनित चित्त चित्तमात्र उपयुक्त हुँदैन ॥९९ ॥

चित्तले चित्तलाई ग्रहण गर्दछ र केही पनि सहेतुक छैन। चित्तको धर्मता शुद्ध हुन्छ, जस्तो कि आकाशमा वासना हुँदैन ॥१०० ॥

स्वचित्ताभिनिवेशेन चित्तं वै संप्रवर्तते ।
बहिर्धा नास्ति वै दृश्यमतो वै चित्तमात्रकम् ॥१०१ ॥
चित्तमालयविज्ञानं मनो यन्मन्यनात्मकम् ।
गृह्णाति विषयान् येन विज्ञानं हि तदुच्यते ॥१०२ ॥
चित्तमयाकृतं नित्यं मनो ह्युभयसंचरम् ।
वर्तमानं हि विज्ञानं कुशलाकुशलं हि तत् ॥१०३ ॥
द्वारं हि परमार्थस्य विज्ञप्तिद्वयवर्जितम् ।
यानत्रयब्यवस्थानं निराभासे स्थितं कुतः ॥१०४ ॥
चित्तमात्रं निराभासं विहारा बुद्धभूमय ।
एतद्धि भाषितं बुद्धैर्भाषन्ते भाषयन्ति च ॥१०५ ॥

स्वचित्ताभिनिवेशले चित्त प्रवर्तित हुन्छ। बाहिर दृश्य छैन त्यसैले त्यो सबै चित्त मात्र हो ॥१०१ ॥

चित्त, आलयविज्ञान र मन जुन मननात्मक छ र त्यसैले विषयहरूलाई ग्रहण गर्दछ त्यसैले यसलाई विज्ञान भनिन्छ ॥१०२ ॥

चित्तमयाकृत नित्य र मन उभयसंचर हुन्छ र विज्ञान वर्तमान हुन्छ र त्यही नै कुशल हो ॥१०३ ॥

परमार्थको द्वार विज्ञप्तिद्वयवर्जित हो। यानत्रयव्यवस्था निराभास भएपछि कसरी रहन्छ ॥१०४ ॥

चित्तमात्र निराभास विहार र बुद्धभूमि सबै त्यही हो। यही कुरो वुद्धले भने, भन्छन् र भन्नेछन् ॥१०५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तं हि भूमयः सप्त निराभासा च अष्टमी ।
द्वे भूमयो विहारश्च शेषा भूमिर्ममात्मिका ॥१०६ ॥
प्रत्यात्मवेद्या शुद्धा च भूमिश्चापि ममात्मिका ।
माहेश्वरपरस्थानमकनिष्ठे विराजते ॥१०७ ॥
हुताशनस्यैव यथा निश्चेरुस्तस्य रश्मयः ।
चित्रा मनोहराः सौम्यास्त्रिभवं निर्मिणन्ति ये ॥१०८ ॥
निर्माय त्रिभवं किंचित्किञ्चिद्वै पूर्वनिर्मितम् ।
तत्र देशेमि यानानि एषा भूमिर्ममात्मिका ॥१०९ ॥
नास्ति कालो ह्यधिगमे भूमीनां क्षेत्रसंक्रमे ।
चित्तमात्रमतिक्रम्य निराभासे स्थितं फलम् ॥११० ॥

चित्त नै सप्तभूमि र आठौँ निराभास त्यसैगरी विहारहरू र बाँकी भवामात्मकभूमि ॥१०६ ॥

प्रत्यात्मवेद्य शुद्धभूमि प्रत्येकव्यक्तिमा हुन्छ। महामहेश्वर स्थान अकनिष्ठमा विराजित हुन्छ ॥१०७ ॥

जसरी आगोका फुलिङ्गाहरू स्वतः बाहिर निस्कन्छन, त्यस्तै नै चित्तका विकल्पहरूले संसारको निर्माण गर्दछन् ॥१०८॥

केही त्रिभव निर्माण गरेर र केही पूर्वनिर्मित यानहरूद्वारा भवात्मिकको उपदेश गर्दछु ॥१०९ ॥

अधिगममा काल छैन र भूमिहरूको क्षत्रसंक्रममा पनि त्यो छैन। चित्तमात्रलाई अतिक्रमण गरेर निराभासमा स्थित नै फल हो ॥११० ॥

असत्ता चैव सत्ता च दृश्यते च विचित्रता ।
बाला ग्राहविपर्यस्ता विपर्यासो हि चित्तया ॥१११ ॥
निर्विकल्पं यदि ज्ञानं वस्त्वस्तीति न युज्यते ।
यस्माच्चित्तं रूपाणि निर्विकल्पं हि तेन तत् ॥११२ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियाणि च मायाख्या विषयाः स्वप्नसंनिभाः ।
कर्ता कर्म क्रिया चैव सर्वथापि न विद्यते ॥११३ ॥
ध्यानानि चाप्रमाणानि आरूपयाश्च समाधयः ।
संज्ञानिरोधो निखिलश्चित्तमात्रे न विद्यते ॥११४ ॥
स्रोतापत्तिफलं चैव सकृदागामिफलं तथा ।
अनागामिफलं चैव आर्हत्त्वं चित्तविभ्रमः ॥११५ ॥

असत्ता नै सत्ता हो र त्यो नै चित्रविचित्ररूपमा देखिन्छ। बालकहरूले त्यसलाई विपरीततया बुझ्दछन् र त्यो विपर्यास चाहिँ चित्तका कारणले हो ॥१११ ॥

यदि निर्विकल्पक ज्ञान वस्तु हो भन्छौ भने त्यो भन्न मिल्दैन त्यसैले चित्त र रूपहरू नै निर्विकल्पक ज्ञान हुन् ॥११२ ॥

इन्द्रिय र मायाख्य विषयहरू स्वप्नसंनिभ हुन् त्यसैले कर्ता, कर्म र क्रिया सर्वथा छैनन् ॥११३ ॥

ध्यानहरू अप्रमाण, आरूप्य र समाधिहरू र संज्ञानिरोध यी सबै चित्तमात्रमा विद्यमान छैनन् ॥११४ ॥

स्रोतापत्तिफल, सकृदागामिफल, अनागामिफल र अर्हत्फल सबै चित्तविभ्रम हुन् ॥११५ ॥

शून्यमनित्यं क्षणिकं बालाः कल्पन्ति संस्कृतम् ।
नदीदीपादिदृष्टान्तैः क्षणिकार्थो विकल्प्यते ॥११६ ॥
निर्व्यापारं तु क्षणिकं विविक्तं क्रियवर्जितम् ।
अनुत्पत्तिं च धर्माणां क्षणिकार्थं वदाम्यहम् ॥११७ ॥
सच्चासतो ह्यनुत्पादः सांख्यवैशषिकैःस्मृतः ।
अव्याकृतानि सर्वाणि तैरेव हि प्रकाशितम् ॥११८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्विधं व्याकरणमेकांशपरिपृच्छनम् ।
विभज्यस्थापनीयं च तीर्थवादनिवारणम् ॥११९ ॥
सर्वं विद्यति संवृत्यां परमार्थे न विद्यते ।
धर्माणां निः स्वभावत्वं परमार्थेऽपि दृश्यपि ।
उपलब्धिनिःस्वभन्वे संवृतिस्तेन उच्यते ॥१२० ॥

शून्य, नित्य र क्षणिकलाई बालकहरूले संस्कृत कल्पना गर्दछन् । नदी र दीपादिको दृष्टान्तहरूद्वारा कल्पना वुझिन्छ ॥११६ ॥

निर्व्यापार चाहिँ क्षणिक विविक्त र क्रियावर्जित र अनुत्पत्ति धर्महरूको क्षणिकता बताउँछु ॥११७ ॥

सत्, असत् र अनुत्पाद भनेर सांख्य र वैशेषिकहरूले भन्दछन् । ती सवै भव्याकृत रूपमा प्रकाशित छन् ॥११८ ॥

चार प्रकारको व्याकरण एकांश परिपृच्छन, विभज्यस्थापनीय र तीर्थवादनिवारण ॥११९ ॥

संवृत्तिमा भएको सबै परमार्थमा छैन । धर्महरूको निःस्वभावत्व परमार्थमा दृश्यमान भए पनि उपलब्धि चाहिँ निःस्वभाव भएकाले संवृत्ति भनिन्छ ॥१२० ॥

अभिलापहेतुको भावः स्वभावो यदि विद्यते ।
अभिलापसंभवो भावो नास्तीति च न विद्यते ॥१२१ ॥
निर्वस्तुको ह्यभिलापस्तत्संवृत्यापि न विद्यते ।
विपर्यासस्य वस्तुत्वाच्चोपलब्धिर्न विद्यते ॥१२२ ॥
विद्यते चद्विपर्यासो नैःस्वभाव्यं न विद्यते ।
विपर्यासस्य बस्तुत्वाद्यद्यदेवोपलभ्यते ।
निःस्वभावं भवेत्तद्धि सर्वथापि न विद्यते ॥१२३ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदेतदृश्यते चित्तं द्वौष्ठुल्यवासितम् ।
रूपावभासग्रहणं वहिर्धा चित्तविभ्रमम् ॥१२४ ॥
विकल्पेनाविकल्पेन विकल्पो हि प्रहीयते ।
विकल्पेनाविकल्पेन शून्यतातत्त्वदर्शनम् ॥१२५ ॥

यदि अभिलापहेतुक भाव स्वभाव हो भने अभिलापसंभव भाव छैन ॥१२१ ॥

निर्वस्तुक अभिलाप संवृतिबाट छैन । विपर्यासको वस्तुत्वात् उपलब्ध छैन ॥१२२ ॥

विपर्यास छ भने नैःस्वभाव्य छैन । विपर्यासको वस्तुत्वभएको हुनाले जे जे उपलब्ध हुन्छ ॥१२३ ॥

यो जो चित्त दौष्ठुल्यवासित छ । बहिर्धा रूपावभासग्रहण छ त्यो चित्तविभ्रम हो ॥१२४ ॥

विकल्प र अविकल्पद्वारा विकल्पको नै नाश हुन्छ । विकल्प र अविकल्पद्वारा शून्यतातत्त्वको दर्शन हुन्छ ॥१२५ ॥

मायाहस्ती यथा चित्रं पत्राणि कनका यथा ।
तथा दृश्यं नृणां ख्याति चित्ते अज्ञानवासिते ॥१२६ ॥
आर्यो न पश्यते भ्रान्तिं नापि तत्त्वं तदन्तरे ।
भ्रान्तिरेव भवेत्तत्त्वं यस्मात्तत्त्वं तदन्तरे ॥१२७ ॥
भ्रान्ति विधूय सर्वांतु निमित्तं यदि जायते ।
सैव चास्य भवेद्भ्रान्तिरशुद्धं तिमिरं यथा ॥१२८ ॥
केशोण्डुकं तैमिरिको यथा गृह्णाति विभ्रमात् ।
विषयेषु तद्वद्बालानां ग्रहणं संप्रवर्तते ॥१२९ ॥
केशोण्डुकप्रख्यमिदं मरीच्युदकविभ्रमम् ।
त्रिभवं स्वप्नमायाभं विभावेन्तो विमुच्यते ॥१३० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माया, हस्ती, चित्त, पत्र र कनक जसरी भासित हुन्छन् त्यसरी नै मानिसहरूको अज्ञानवासित चित्तमा दृश्य प्रख्यात हुन्छ ॥१२६ ॥

आर्यले भ्रान्तलाई देख्दैन र तत्त्वलाई पनि तदन्तर देख्दैन त्यसैले भ्रान्ति नै तत्त्व हो जसबाट तदन्तर तत्त्व प्रकट हुन्छ ॥१२७ ॥

भ्रान्तिलाई हटाएर यदि निमित्त हुन्छ भने त्यो त्यसको भ्रान्ति हो जस्तो कि अशुद्ध तिमिर ॥१२८ ॥

जसरी तिमिरले भ्रववश केशोण्डुक देख्दछ त्यसरी नै बालहरूले विषयलाई लिन्छन् ॥१२९ ॥

यो केशोण्ड्रक भनिने र मरुमरीचिका भनिने यी भ्रान्ति हुन् र त्यसरी नै त्रिभव स्वप्न र माया भनिनेलाई पनि छोड्यो भने मुक्ति मिल्दछ ॥१३० ॥

विकल्पश्च विकल्प्यश्च विकल्पस्य प्रवर्तते ।
बन्धो बन्ध्यश्च बद्धश्च षडेते मोक्षहेतवः ॥१३१॥
न भूमयो न सत्यानि न क्षेत्रा न च निर्मिताः ।
बुद्धाः प्रत्येकबुद्धाश्च श्रावकाश्चापि कल्पिताः ॥१३२॥
पुद्गलः संततिः स्कन्धाः प्रत्यया ह्यणवस्तथा ।
प्रधानमीश्वरः कर्ता चित्तमात्रे विकल्प्यते ॥१३३॥
चित्तं हि सर्वं सर्वत्र सर्वदेहेषु वर्तते ।
विचित्रं गृह्यतेऽसद्भिश्चित्तमात्रं ह्यलक्षणम् ॥१३४॥
नह्यात्मा विद्यते स्कन्धे स्कन्धाश्चैव हि नात्मनि ।
न ते यथा विकल्प्यन्ते न च ते वै न सन्ति च ॥१३५॥

विकल्प, विकल्त्य, विकल्पको प्रवृत्ति, बन्ध, बन्ध्य र बद्ध यी छवटा मोक्षका हेतु हुन् ॥१३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न भूमि, न सत्य, न क्षेत्र र न निर्मित नै छन्। त्यसै गरी बुद्ध, प्रत्येक बुद्ध र श्रावकादि पनि कल्पित हुन् ॥१३२॥

पुदगल, संतति, स्कन्ध, प्रत्यय र अणुहरू त्यसैगरी प्रधान, ईश्वर र कर्ता चाहिँ चित्तमात्रका विकल्प हुन् ॥१३३॥

चित्त नै सबै देहहरूमा अवस्थित छ। असद्हरूद्वारा विचित्रको ग्रहण गर्दछ र चित्तमात्र चाहिँ अलक्षण छ ॥

स्कन्धमा आत्मा छैन र आत्मामा स्कन्धहरू पनि छैनन्। ती जसरी विकल्पित छन् त्यसरी छैनन् ॥१३५॥

अस्तित्त्वं सर्वभावनां यथा बालैर्विकल्प्यते ।
यदि ते भवेद्यथादृष्टाः सर्वे स्युस्तत्त्वदर्शिनः ॥१३६॥
अभावात्सर्वधर्माणां सङ्क्लेशो नास्ति शुद्धि च ।
न च ते तथा यथादृष्टा न च ते वै न सन्ति च ॥१३७॥
भ्रान्तिर्निमितं सङ्कल्पः परतन्त्रस्य लक्षणम् ।
तस्मिन्निमित्ते यन्नाम तद्विकल्पितलक्षणम् ॥१३८॥
नामनिमित्तसङ्कल्पो यदा तस्य न जायते ।
प्रत्ययावस्तुसङ्केतं परिनिष्पन्नलक्षंणम् ॥१३९॥

जसरी बालकहरूले सबै भावपदार्थहरूका अस्तित्त्वको कल्पना गर्दछन् यदि ती हुन्थे भने सबै व्यक्तिहरू तत्त्वदर्शी हुन्थे ॥१३६॥

सबै धर्महरूको अभावले गर्दा सङ्क्लेश र शुद्धि पनि छैन। ती धर्महरू त्यस्ता छैनन् र जस्ता छन् त्यस्ता पनि छैनन् ॥१३७॥

भ्रान्तिनिमित्त सङ्कल्प परतन्त्रलक्षण हो। त्यसलाई निमित्त मानेर जो नाम हुन्छ त्यो विकल्पलक्षण हो ॥१३८॥

जब त्यसको नामनिमित्त सङ्कल्प हुँदैन त्यसबेला प्रत्यय अवस्तु सङ्केत हुन्छ र त्यही परिनिष्पन्न लक्षण हो ॥१३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैपाकिकाश्च ये बुद्धा जिना नैर्माणिकाश्च ये ।
सत्त्वाश्च बोधिसत्त्वाश्च क्षेत्राणि च दिशे दिशे ॥१४०॥
निस्यन्दधर्मनिर्माणा जिना नैर्माणिकाश्च ये ।
सर्वे ते ह्यमिताभस्य सुखावत्या विनिर्गताः ॥१४१॥

वैपाकिक जो बुद्धहरू छन् र जो जिन र नैर्माणिकहरू छन् त्यसैगरी सत्त्व र बोधिसत्त्वहरू जो सबैतिर फैलिएका छन् ती सबै धर्मनिर्माणको लागि अमिताभ बुद्धबाट निस्किएका हुन् ॥१४०॥ ॥१४१॥

यच्च नैर्माणिकैर्भाष्टं यच्च भ्राष्टं विपाकजैः ।
सूत्रान्तवैपुल्यनये तस्य संधिं विजानत ॥१४२॥
यद्भाषितं जिनसुतैर्यच्च भाषन्ति नायकाः ।
यद्धि नैर्माणिकाभाष्टं न तु वैपाकिकैर्जिनैः ॥१४३॥
अनुत्पन्ना ह्यमी धर्मा न चैवैते न सन्ति च ।
गन्धर्वनगरस्वप्नमायानिर्माणसादृशाः ॥१४४॥
चित्तं प्रवर्तते चित्तं चित्तमेव विमुच्यते ।
चितं हि जायते नान्यच्चित्तमेव निरुध्यते ॥१४५॥

जो नैर्माणिक विपाकजले भुटेको छ त्यसको सन्धिलाई सूत्रान्तवैपुल्यनयमा जान ॥१४२॥

जे जिनपुत्रहरूले भने र नायकहरूले जे भन्दछन् त्यो परिपक्क छैन त्यो नैर्माणिक र जिनहरूले भनेको होइन ॥

गन्धर्वनगर, स्वप्न र मायानिर्मित वस्तु झैं यी धर्महरूको पनि अभाव छ ॥१४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त नै प्रवृत्त हुन्छ, चित्त नै मुक्त हुन्छ, चित्त नै उत्पन्न हुन्छ र चित्त नै निरुद्ध हुन्छ ॥१४५॥

अर्थाभासं नृणां चितं चित्तं वै ख्याति कल्पितम् ।
नास्त्यर्थश्चित्तमात्रेयं निर्विकल्पो विमुच्यते ॥१४६॥
अनादिकालप्रपञ्चदौष्ठुल्यं हि समाहितम् ।
विकल्पो भावितस्तेन मिथ्याभासं प्रवर्तते ॥१४७॥
अर्थाभासे च विज्ञाने ज्ञानं तथतागोचरम् ।
परावृत्तं निराभासमार्याणां गोचरे ह्यसौ ॥१४८॥
अर्थप्रविचयं ध्यानं ध्यानं बालोपचारिकम् ।
तथतारम्बणं ध्यानं ध्यानं ताथागतं शुभम् ॥१४९॥
परिकल्पितं स्वभावेन सर्वधर्मा अजानकाः ।
परतन्त्रं समाश्रित्य विकल्पो भ्रमते नृणाम् ॥१५०॥

अर्थको आभास मानिसको चित्त हो । चित्त कल्पित रूपमा कल्पित छ । चित्तभन्दा अतिरिक्त अर्थ छैन र निर्विकल्पक चित्तवाला व्यक्ति मुक्त हुन्छ ॥१४६॥

अनादिकालिकप्रपञ्चको दौष्ठुल्यले गर्दा कल्पना उत्पन्न भयो र त्यस कल्पनाद्वारा मिथ्याभास प्रवृत्त भयो ॥

अर्थाभास र विज्ञान उत्पन्न भएपछि तथताका गोचरको ज्ञान हुन्छ । यो परावृत्त चाहिँ आर्यहरूले निराभासको रूपमा देख्दछन् ॥१४८॥

वस्तुमात्रलाई ज्ञानगर्ने जो ध्यान हो त्यो बालोपचारिक हो र तथतारम्भण ज्ञान चाहिँ तथागतको वास्तविक ध्यान हो ॥१४९॥

परिकल्पित स्वभावले गर्दा सर्वधर्महरू अजानक छन् र परतन्त्रको संमिश्रणले गर्दा मानिसहरू भ्रममा पर्छन् । ॥१५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परतन्त्रं यथा शुद्धं विकल्पेन विसंयुतम् ।
परावृत्तं हि तथता विहारः कल्पवर्जितः ॥१५१॥
मा विकल्पं विकल्पेऽथ विकल्पो नास्ति सत्यतः ।
भ्रातिं विकल्पयन्तस्य ग्राह्यग्राहकयोर्न तु ।
बाह्यार्थदर्शनं कल्पं स्वभावः परिकल्पितः ॥१५२॥
येन कल्पेन कल्पेन्ति स्वभावः प्रत्ययोद्भवः ।
बाह्यार्थदर्शनं मिथ्या नास्त्यर्थं चित्तमेव तु ॥१५३॥
युक्त्या विपश्यमानानां ग्राहग्राह्यं निरुध्यते ।
बाह्यो न विद्यते ह्यर्थो यथा बालैर्विकल्प्यते ॥१५४॥
वासनैर्लुलितं चित्तमर्थाभासं प्रवर्तते ।
कल्पद्वयर्निरोधेन ज्ञानं तथतगोचरम् ॥१५५॥

तथता चाहिँ परतन्त्र र शुद्धविकल्पद्वारा असंयुत हुन्छ र परावृत्त विहार र कल्पना वर्जित छ ॥१५१॥

विकल्पद्वारा विकल्पलाई कल्पना नगर्नू किनभने वास्तवमा कल्पना वा विकल्प छैन। यसलाई भ्रान्तिहरूले कल्पित गर्दछन् र त्यो ग्राह्यग्राहकमा छैन। बाह्यर्थदर्शन कल्पित हो र स्वभाव परिकल्पित हो ॥१५२॥

जुन कल्पनाद्वारा स्वभावको परिकल्पना उत्पन्न हुन्छ त्यो वाह्यर्थदर्शन मिथ्या हो र त्यो अर्थ भनेको चित्त मात्र हो ॥१५३॥

युक्तिपूर्वक हेर्ने व्यक्तिको ग्राह्यग्राहक भाव नष्ट हुन्छन्। जसरी बालहरूद्वारा कल्पना गरिन्छ त्यसरूपमा बाह्यार्थ छैनन् ॥१५४॥

वासनालुठित चित्तमा अर्थाभास प्रवृत्त हुन्छ। कल्पनाद्वयको निरोधले तथताको ज्ञान हुन्छ ॥१५५॥

उत्पद्यते ह्यनाभाषमचिन्त्यमार्यगोचरम् ।
नामनिमित्तसङ्कल्पः स्वभावद्वयलक्षणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्यग्ज्ञानं हि तथता परिनिष्पन्नलक्षणम् ॥१५६॥

मातापितृसमायोगादालयमनसंयुतम् ।

घृतकुम्भे मूषिका यद्वत्सह शुक्रेण वर्धते ॥१५७॥

पेशीघनार्बुदं पिटकमशुभं कर्मचित्रितम् ।

कर्मवायुमहाभूतैः फलवत्संप्रपद्यते ॥१५८॥

पञ्चपञ्चकपञ्चैव व्रणाश्चैव नवैव तु ।

नखदन्तरोमसंछन्नः स्फुरमाणः प्रजायते ॥१५९॥

प्रजातमात्रं विष्ठाकृमिं सुप्तबुद्धेव मानवः ।

चक्षुषा स्फुरते रूपं विवृद्धिं याति कल्पनात् ॥१६०॥

आर्यलाई अज्ञानाभास र अचिन्त्य गोचर हुन्छन् । नापनिमित्तसङ्कल्प चाहिँ स्वभावद्वयलक्षण हो । सम्यग्ज्ञान चाहिँ तथताको परिनिष्पन्न लक्षण हो ॥१५६॥

मातापिताको संयोगबाट र आलय र मनको संयोगबाट घृतकुम्भमा मूषिका झैँ शुक्रसँग बढ्दछ ॥१५७॥

मेशीघनार्बुद पिटकमा शुभाशुभ कर्मचित्रित कर्मवायु र महाभूतहरूद्वारा फलले संयुक्त भएर निष्पन्न हुन्छ ॥१५८॥

पञ्च विज्ञान, पञ्च इन्द्रिय र पञ्चविषय त्यसैगरी नवद्वार एवम् नङ्ग, दन्त र रोमले आच्छादित (युक्त) भएर उत्पन्न हुन्छ ॥१५९॥

जन्मिएपछि मानव मलमूत्रादिले युक्त हुन्छ र त्यसले नेत्रादि इन्द्रियहरूद्वारा तत् तत् विषयको ज्ञान गर्दछ ॥१६०॥

ताल्वोष्ठपुटसंयोगाद्विकल्पेनावधार्यते ।

वाचा प्रवर्तते नृणां शुकस्येव विकल्पना ॥१६१॥

निश्चतास्तीर्थ्यवादातां महायानमनिश्चितम् ।

सत्त्वाश्रयप्रवृत्तोऽयं कुदृष्टीनामनास्पदम् ॥१६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यात्मवेद्ययानं मे तार्किकाणामगोचरम् ।
पश्चात्काले गते नाथे ब्रूहि कोऽयं धरिष्यति ॥१६३॥
निर्वृते सुगते पश्चात्कालोऽतीतो भविष्यति ।
महामते निबोध त्वं यो नेत्रीं धारयिष्यति ॥१६४॥
दक्षिणापथ वेदल्यां भिक्षुः श्रीमान् महायशाः ।
नागाह्वयः स नाम्ना तु सदसत्पक्षदारकः ॥१६५॥
प्रकाश्य लोके मद्यानं मयायानमनुत्तरम् ।
आसाद्य भूमिं मुदितां यास्यतेऽसौ सुखावतीम् ॥१६६॥

ताल्वादिको संयोगवाट मनुष्यले वाणिको प्रयोग गर्दछ र त्यसैवाट कल्पनाहरू उत्पन्न हुन्छन् ॥१६१॥

तैर्थीकहरूलाई र कुदृष्टि भएकालाई यो शास्त्र उपलब्ध हुँदैन, किनभने यो अति उत्तम महायान हो ॥१६२॥

यो प्रत्यात्मवेद्य जो यान छ त्यो तार्किकहरूलाई गोचर हुँदैन । पछि कालक्रमले धैरै समय बितेपछि र नाथ ले छोडेपछि यसलाई कसले धारण गर्छ ? ॥१६३॥

सुगत निवृत्त भएपछि काल पनि अतीत हुनेछ र हे महामते त्यसलाई नीतिले धारण गर्नेछन् ॥१६४॥

दक्षिणपथवदैल्यसूत्रमा श्रीमान्भिक्षु महाशय (जसको नाम नागार्जुन हुनेछ) ले सद् र असद्का पक्षमा प्रकाशित गर्ने छन् र उनले मुदिता भूमिको व्याख्या गरेर सुखावती तर्फ जानेछन् ॥१६५॥१६६॥

बुद्ध्या विवेच्यमानानां स्वाभावो नावधार्यते ।
यस्मात्तदनभिलाप्यास्ते निःस्वभावाश्च देशिताः ॥१६७॥
प्रत्ययोत्पादिते ह्यर्थे नास्त्यतीति न विद्यते ।
प्रत्ययान्तर्गतं भावं ये कल्पेन्त्यस्ति नास्ति च ।
दूरीभूता भवेन्मन्ये शासनात्तीर्थदृष्टयः ॥१६८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिधानं सर्वभावानां जन्मान्तरशतैः सदा ।
अभ्यस्तमभ्यसन्तं च परस्परविकल्पया ॥१६९॥
अकथ्यमाने संमोहं सर्वलोक आपद्यते ।
तस्मात्क्रियते नाम संमोहस्य व्युदासार्थम् ॥१७०॥

बुद्धिद्वारा विवेच्यमानको स्वभाव धारण हुँदैन त्यसैले ती अनभिलाप्य र निःस्वभाव छन् ॥१६७॥

हेतु प्रत्ययद्वारा उत्पादित अर्थमा कुनै अस्तित्त्व छैन। प्रत्ययान्तगर्त भावलाई कल्पना गर्दछन् ती भाव छैनन् ॥१६८॥

सबै भावहरूको नामकरण सयौँ जन्मदेखि परस्पर कल्पनाद्वारा अभ्यस्त छ ॥१६९॥

त्यो नामको कल्पना नगर्दा अव्यवस्था हुने हुनाले केवल व्यवहारतः त्यसको कल्पना गरिन्छ ॥१७०॥

त्रिविधेन विकल्पेन बालैर्भावा विकल्पिताः ।
भ्रान्तिर्नामविकल्पेन प्रत्ययैर्जनितेन च ॥१७१॥
अनिरुद्धा ह्यनुत्पन्नाः प्रकृत्या गगनोपनाः ।
अभावस्वभावा ये तु ते विकल्पितलक्षणाः ॥१७२॥
प्रतिभासबिम्बमायाभमरीच्या सुपिनेन तु ।
अलातचक्रगन्धर्वप्रतिश्रुत्कासमोद्भवाः ॥१७३॥
अद्वया तथता शून्या भूतकोटिश्च धर्मता ।
निर्विकल्पश्च देशेमि ये ते निष्पन्नलक्षणाः ॥१७४॥
वाक्चित्तगोचरं मिथ्या सत्यं प्रज्ञा विकल्पिता ।
द्वयान्तपतितं चित्तं तस्मात्प्रज्ञा न कल्पिता ॥१७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिविध विकल्पद्वारा बालकहरूले कल्पना गर्दछन्। भ्रान्ति भनेको विकल्प र प्रत्ययजनित हो ॥१७१॥

अनिरुद्ध, अनुत्पन्न र गगनोत्पन्न त्यसैगरी अभावस्वभाव जो भाव छन्। ती कल्पित हुन्। ती पदार्थहरू प्रतिभासमान, विम्ब र मरीची एवम् गन्धर्वनगर भैँ छन् ॥१७२-१७३॥

ती पदार्थहरूलाई म अद्वय, तथता, शून्य, भूतकोटि, धर्मता, निर्विकल्प र निष्पन्न लक्षण भन्दछु ॥१७४॥

वाक् र चित्तको गोचर मिथ्या हो। सत्य र प्रज्ञा विकल्पित हो। द्वयान्त पतित चित्त र प्रज्ञा कल्पित होइनन् ॥१७५॥

अस्ति नास्ति च द्वावन्तौ यावच्चित्तस्य गोचरः ।
गोचरेण विधूतेन सम्यक्चित्तं निरुध्यते ॥१७६॥
विषयग्रहणाभावान्निरोधेन च नास्ति च ।
विद्यते तथतावस्था आर्याणां गोचरो यथा ॥१७७॥
बालानां न तथा ख्याति यथा ख्याति मनीषिणाम् ।
मनीषिणां तथा ख्याति सर्वधर्मा अलक्षणाः ॥१७८॥
हारकूटं यथा बालैः सुवर्णं परिकल्प्यते ।
असुवर्णं सुवर्णाभ तथा धर्माः कुतार्किकैः ॥१७९॥
अभूत्वा यस्य चोत्पादो भूत्वा चापि विनश्यति ।
प्रत्ययैः सदसच्चापि न ते मे शासने स्थिताः ॥१८०॥

अस्ति र नास्ति रूपी दुईवटा अन्त जबसम्म चित्तमा देखिन्छन् त्यसबेला गोचरविधूत सम्यक्चित्त निरुद्ध हुन्छ।

विषयग्रहणाभावबाट र निरोधबाट पनि रहँदैन। तथताको अवस्था आर्यलाई गोचर हुन्छ ॥१७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालबुद्धि व्यक्तिहरूमा जस्तो (पदार्थ) बोध हुन्छ त्यस्तो बोध मनीषिहरूलाई हुँदैन र मनीषिहरूको बोध अनुसार सर्वधर्म अलक्षण छन् ॥१७८॥

जसरी हारकूटलाई बालकहरूले सुवर्ण कल्पना गर्दछन् र त्यो असुवर्ण चाहिँ सुवर्णवत् प्रतिभासित हुन्छ, त्यसरी नै असद्धर्मलाई कुतार्किकहरूले सद्धर्म मान्दछन् ॥१७९॥

जसको उत्पाद हुँदैन र भएपनि सद् र असद् प्रत्ययहरूद्वारा विनाश हुन्छन् ॥१८०॥

अनाद्यनिधनाभावाद्भूतलक्षणसंस्थिताः ।
कारणकरवल्लोके न च बुध्यन्ति तार्किकाः ॥१८१॥
अतीतो विद्यते भावो विद्यते च अनागतः ।
प्रत्यक्षो विद्यते यस्मात्तस्माद्भावा अजातकाः ॥१८२॥
परिणामकालसंस्थानं भूतभावेन्द्रियेषु च ।
अन्तराभवसङ्ग्राह ये कल्पन्ति न ते बुधाः ॥१८३॥
न प्रतीत्यसमुत्पन्नं लोकं वर्णन्ति वै जिनाः ।
किं तु प्रत्ययमेवायं लोको गन्धर्वसंनिभः ॥१८४॥
धर्मसङ्केत एवायं तस्मिंस्तदिदमुच्यते ।
सङ्केताच्च पृथग्भूतो न जातो न निरुध्यते ॥१८५॥

पदार्थहरू अनादि र अनन्त छैनन् र ती सबै भूतलक्षण हुन् । तथा ती लोकमा कारणकरवत् छन् भन्ने कुरा तार्किकहरूले बुझ्दैनन् ॥१८१॥

भाव अतीत छ, अनागत छ र प्रत्यक्ष पनि छ त्यसैले भावलाई अजातक भनिन्छ ॥१८२॥

भावहरूलाई जसले परिणाम, काल संस्थान, महाभूत, इन्द्रियहरूमा अन्तराभव भनेर कल्पना गर्दछन् ती विद्वान् होइनन् ॥१८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो लोक प्रतीत्यसमुत्पन्न होइन अपितु यो प्रत्ययमात्र हो र गन्धर्वनगर झैँ छ ॥१८४॥

यो जो भाव कल्पना छ त्यो केवल व्यवहार सङ्केत मात्र हो र भाव सङ्केत भन्दा पृथक् भएको पनि छैन र त्यसको निरोध पनि हुँदैन ॥१८५॥

दर्पणे उदके नेत्रे भाण्डेषु च मणीषु च ।
बिम्बं हि दृश्यते तेषु न च बिम्बोऽस्ति कुत्रचित् ॥१८६॥
भावाभासं तथा चितं मृगतृष्णा यथा नभे ।
दृश्यते चित्ररूपेण स्वप्ने वन्ध्यौरसो यथा ॥१८७॥
न मे यानं महायानं न घोषो न च अक्षराः ।
न सत्या न विमोक्षा वै न निराभासगोचरम् ॥१८८॥
किं तु यानं महायानं समाधिवशवर्तिता ।
कायं मनोमयं चित्रं वशितापुष्पमण्डितम् ॥१८९॥
एकत्वेन पृथक्त्वेन भावो वै प्रत्यये न तु ।
जन्म समासमेवोक्तं निरोधो नाश एव हि ॥१९०॥

दर्पण, पानी, आँखा, भाँडा र मणिहरूमा बिम्ब देखिन्छ तर त्यो बिम्ब वास्तवमा कहीं पनि हुँदैन ॥१८६॥

भावको आभास चित्तमा देखिनु भनेको आकाशमा मृगतृष्णा र स्वप्नमा बन्ध्यौरस देखिए जस्तै हो ॥१८७॥

मेरो लागि कुनै यान र महायान केही पनि छैन र घोष र अक्षर पनि छैनन् त्यसैगरी सत्य, विमोक्ष र निराभासगोचर पनि छैनन् ॥१८८॥

तर यान भनेको महायान हो। समाधि भनेको वशवर्तिता छ। काय मनोमय र चित्त वशित पुष्पमण्डित हो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकत्वले र पृथकत्वले भावको वर्णन हुन्छ, त्यो वर्णन प्रत्ययमा हुँदैन। जन्मलाई चाहिँ समासम भनिएको छ र निरोध भनेको नाश हो ॥१९०॥

अजातशून्यता चैकमेकं जातेषु शून्यता ।
आजातशून्यता श्रेष्ठा नश्यते जातशून्यता ॥१९१॥
तथता शून्यता कोटी निर्वाणं धर्मधातुवत् ।
कायो मनोमयं चित्रं पर्यायैर्देशितं मया ॥१९२॥
सूत्रविनयाभिधर्मेण विशुद्धिं कल्पयन्ति ये ।
ग्रन्थतो न तु अर्थेन न ते नैरात्म्यमाश्रिताः ॥१९३॥
न तीर्थिकैर्न बुद्धैश्च न मया न च केनचित् ।
प्रत्ययैः साधितास्तित्त्वं कथं नास्तिर्भविष्यति ॥१९४॥
केन प्रसाधितास्तित्त्वं प्रत्ययैर्यस्य नास्तिता ।
उत्पादवाददुर्दृष्ट्या नास्त्यस्तीति विकल्पयेत् ॥१९५॥

अजातशून्यता र जातशून्यता गरी दुईप्रकारका शून्यता छन् र अजातशून्यता श्रेष्ठ हुन्छ किनभने जातशून्यता नष्ट हुन्छ ॥१९१॥

तथता भनेको शून्यताको कोटीमा पर्दछ र निर्वाण चाहिँ धर्मधातु भैँ छ। कायलाई मनोमय चित्रका रूपमा पर्यायहरूका रूपमा मैले वर्णन गरें ॥१९२॥

सूत्रपिटक विनयपिटक र अभिधर्मपिटकहरूद्वारा जसले विशुद्धिको कल्पना गर्दछन् र ती सबै अर्थहरू नैरात्म्यमा आश्रित छन् ॥१९३॥

तीर्थिकहरूले, बुद्धहरूले, मैले र अरूकसैले पनि पदार्थहरूको अस्तित्त्वलाई स्वीकारेका छैनौं। सबै पदार्थहरूको अस्तित्त्व हेतुप्रत्ययद्वारा अवस्थित छ र त्यसै आधारमा कल्पना प्रवृत्त हुन्छ ॥१९४-१९५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्य नोत्पद्यते किंचिन्न किंचित्तं निरुध्यते ।
तस्यास्तिनास्ति नोपैति विविक्तं पश्यतो जगत् ॥१९६॥
दृश्यते शशविषाणाख्यं विकल्पो विद्यते नृणाम् ।
ये तु कल्पेन्ति ते भ्रान्ता मृगतृष्णां यथा मृगाः ॥१९७॥
विकल्पाभिनिवेशेन विकल्पः संप्रवर्तते ।
निर्हेतुकं विकल्पं हि विकल्पोऽपि न युज्यते ॥१९८॥
अजले च जलग्राहो मृगतृष्णा यथा नभे ।
दृश्यतेऽर्थो हि बालानामार्याणां न विशेषतः ॥१९९॥
आर्याणां दर्शनं शुद्धं विमोक्षत्रयसंभवम् ।
उत्पादभङ्गनिर्मुक्तं निराभासप्रचारिणम् ॥२००॥

जसको केही उत्पन्न हुँदैन र निरुद्ध पनि हुँदैन त्यसको अस्तित्त्व र नास्तित्त्व दुवै हुँदैन जसले जगत्लाई विविक्त गरेको छ ॥१९६॥

मानिसहरूमा कल्पना भएको हुनाले शशविषाणवत् हुँदाहुँदै पनि जगत्लाई भावरूपमा देख्दछन् त्यसैले यो जो कल्पनाका वशमा छन् ती मृगतृष्णामा लागेका मृग झैं भ्रान्त छन् ॥१९७॥

विकल्पका अभिनिवेशले गर्दा विकल्प प्रवृत्त हुन्छ त्यसैले विकल्प वा कल्पना पनि निर्हेतुक छैन ॥१९८॥

अजलमा जलग्राह र नभमा मृगतृष्णा जो देखिन्छ। वास्तवमा ती पदार्थहरूको अस्तित्त्व न भएकाले आर्यहरूले त्यस्तो देख्दैनन् ॥१९९॥

आर्यहरूको दर्शन दृष्टि शुद्ध हुन्छ र त्यस दृष्टिमा विमोक्षत्रय हुन्छ त्यसैगरी त्यो उत्पादभङ्गरहित हुन्छ र निराभास हुन्छ ॥२००॥

गाम्भीर्यौदार्यवैपुल्यं ज्ञानं क्षेत्रान् विभूति च ।
देशेमि जिनपुत्राणां श्रावकाणामनित्यताम् ॥२०१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनित्यं त्रिभवं शून्यमात्मात्मीयविवर्जितम् ।
श्रावकाणां च देशेमि तथा सामान्यलक्षणम् ॥२०२॥
सर्वधर्मेष्वसंसक्तिर्विवेका ह्येकचारिका ।
प्रत्येकजिनपुत्राणां फल देशेभ्यतर्किकम् ॥२०३॥
स्वभावकल्पितं बाह्यं परतन्त्र च देहिनाम् ।
अपश्यन्नात्मसंभ्रान्तिं ततश्चित्तं प्रवर्तते ॥२०४॥

गम्भीर तथा उदार छ ज्ञान त्यसैले म जिनपुत्र श्रावकहरूका लागि म त्यसको देशना गर्छु। त्यो ज्ञान अनुसार सबै पदार्थहरू अनित्य छन्। त्रिभव अनित्य र शून्य छन्। आत्मा र आत्मीय पदार्थहरू छैनन् ॥२०१-२०२॥

सर्वधर्महरूमा असंसक्तिविवेक र एकचारिकता छ भन्ने कुरा म प्रत्येक जिनपुत्रहरूलाई देशना गर्छु ॥२०३॥

प्राणीहरूका लागि बाह्यपदार्थ स्वभावकल्पित परतन्त्र भएका हुनाले आत्म भ्रान्तिलाई छोडेर चित्त प्रवृत्त हुन्छ ॥२०४॥

दशमी तु भवेत्प्रथमी प्रथमी चाष्टमी भवेत् ।
नवमी सप्तमी चापि सप्तमी चाष्टमी भवेत् ॥२०५॥
द्वितीया तु तृतीया स्याच्चतुर्थी पञ्चमी भवेत् ।
तृतीया तु भवेत्षष्ठी निराभासे क्रमः कुतः ॥२०६॥

दशमी प्रथम हुन्छ, प्रथमा चाहिँ अष्टमी हुन्छ, त्यसैगरी नवौं सातौं, सातौं आठौं, द्वितीया तृतीया, चतुर्थी चाहिँ पञ्चमी हुन्छ र तृतीय चाहिँ षष्ठी हुनसक्छ किनभने निराभासमा कुनै क्रम छैन ॥२०५-२०६॥

निराभासो हि भावानामभावो नास्ति योगिनाम् ।
भावाभावसमत्वेन आर्याणां जायते फलम् ॥२०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथं ह्यभावो भावानां कुरुते समतां कथम् ।
यदा चित्तं न जानाति बाह्यमध्यात्मिकं चलम् ।
तदा तु कुरुते नाशं समताचित्तदर्शनात् ॥२०८॥
अनादिमति संसारे भावग्राहोपगूहितम् ।
बालैः कील यथा कीलं प्रलोभ्य विनिवर्तते ॥२०९॥
तद्धेतुकं तदालम्ब्यं मनोगतिसमाश्रयम् ।
हेतुं ददाति चित्तस्य विज्ञानं च समाश्रितम् ॥२१०॥

भावहरूको निराभास जो छ त्यो योगीहरूलाई छैन र भाव र अभावको समत्वले आर्यहरूलाई फल उत्पन्न हुन्छ त्यसैले चित्तले बाह्य पदार्थको अभावलाई बुझ्नु पर्दछ अनि समता चित्त उत्पन्न हुन्छ र त्यसले बाह्यभास नष्ट हुन्छ ॥२०७-२०८॥

यस अनादि संसारमा भावग्राहले युक्त भएका बालकहरूले गर्दा मानिसहरू प्रवृत्त हुन्छन् ॥२०९॥

तद्धेतुक, तदालम्ब्य र मनोगतिसमाश्रित त्यसैगरी विज्ञानयुक्त चित्त उत्पन्न हुन्छ ॥२१०॥

वैपाकिकादधिष्ठानां निकायगतिसंभवात् ।
लभ्यन्ते येन वै स्वप्ने अभिज्ञा च चतुर्विधाः ॥२११॥
स्वप्ने च लभ्यते यच्च यच्च बुद्धप्रसादतः ।
निकायगतिगोत्रा ये ते विज्ञानविपाकजाः ॥२१२॥
वासनैर्भावितं चितं भावाभासं प्रवर्तते ।
बाला यदा न बुध्यन्ते उत्पादं देशयेत्तदा ॥२१३॥
यावद्वाक्यं विकल्पेन्ति भावं वै लक्षणान्वितम् ।
तावद्विबुध्यते चित्तमपश्यन् हि स्वविभ्रमम् ॥२१४॥
उत्पादो वर्ण्यते कस्मात्कस्मादृश्यं न वर्ण्यते ।
अदृश्यं दृश्यमानं हि कस्य किं वर्ण्यते कुतः ॥२१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैपाकिकाधिष्ठान र निकाय गतिसंभवले गर्दा चारप्रकारका अभिज्ञाहरू स्वप्नमा उपलब्ध हुन्छन् ॥२११॥

जो बुद्धको प्रसादबाट स्वप्नमा उपलब्ध हुन्छ त्यो निकायगतगोत्र हो र त्यही विज्ञानको विपाक हो ॥२१२॥

वासनाले ग्रस्त चित्त भावाभासतर्फ प्रवृत्त हुन्छ भन्ने कुरालाई बालव्यक्तिहरूले जब बुझ्दैनन् त्यसबेला उनीहरूलाई देशना गर्नुपर्दछ ॥२१३॥

जवसम्म लक्षणान्वित वाक्यका रूपमा भावलाई बुझ्दछन् त्यसवेला सम्म मानिसहरूले आफ्नो चित्तको विभ्रमलाई बुझ्दैनन् ॥२१४॥

किन उत्पादको वर्णन गरिन्छ र दृश्य चाहिँ किन वर्णन गरिदैन भन्ने हो भने- अदृश्य नै दृश्यमान भएकाले कसको के वर्णन गर्नू ॥२१५॥

स्वच्छं चित्तं स्वभावेन मनः कलुषकारकम् ।
मनश्च सहविज्ञानैर्वासनां क्षिपते सदा ॥२१६॥
आलयो मुञ्चते कायं मनः प्रार्थयते गतिम् ।
विज्ञानं विषयाभासं भ्रान्ति दृष्ट्वा प्रलभ्यते ॥२१७॥
मदीयं दृश्यते चितं बाह्यमर्थ न विद्यते ।
एवम् विभावयेद्भ्रान्ति तथतां चाप्यनुस्मरेत् ॥२१८॥
ध्यायिनां विषयः कर्म बुद्धमाहात्म्यमेव च ।
एतानि त्रीण्यचिन्त्यानि अचिन्त्यं विज्ञानगोचरम् ॥२१९॥
अनागतमतीतं च निर्वाणं पुद्गलं वचः ।
संवृत्या देशयाम्येतान् परमार्थस्त्वनक्षरः ॥२२०॥

चित्त स्वाभावैले स्वच्छ हुन्छ। त्यसमा कलुषकारक मन हो र मनले विज्ञानसँग मिलेर वासना गर्दछ ॥२१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आलयले कायलाई मुक्त गर्छ, मनले गतिलाई प्रार्थित गर्छ र विज्ञानले विषयाभासलाई देखेर प्राप्त गर्छ ॥२१७॥

मेरो चित्त मात्र वस्तुतः छ र अन्य बाह्यर्थहरू छैनन् भन्ने भावना गरेर भ्रान्तिलाई हटाउँनु पर्दछ र तथतालाई स्मरण गर्नुपर्दछ ॥२१८॥

ध्यायिहरूको विषय, कर्म र बुद्धमाहात्म्य यी तीनवटा अचिन्त्य हुन् र विज्ञानगोचर पनि अचिन्त्य हो ॥२१९॥

अनागत, अतीत, निर्वाण र पुद्गलको वचन सांवर्तिक हुन् र अनक्षरतत्त्व चाहिँ पारमार्थिक हो ॥२२०॥

नैयायिकाश्च तीर्थ्याश्च दृष्टिमेकांशमाश्रिताः ।
चित्तमात्रे विसंमूढा भावं कल्पेन्ति बाहिरम् ॥२२१॥
प्रत्येकबोधिं बुद्धत्वमर्हत्वं बुद्धदर्शनम् ।
गूढबीजं भवेद्बोधौ स्वप्ने वै सिध्यते तु यः ॥२२२॥
कुत्र केषां कथं कस्मात्किमर्थं च वदाहि मे ।
मायाचित्तमतिशान्तं सदसत्पक्षदेशनाम् ॥२२३॥
चित्तमात्रे विमूढानां मायानास्त्यस्तिदेशनाम् ।
उत्पादभङ्गसंयुक्तं लक्ष्यलक्षणवर्जितम् ॥२२४॥
विकल्पो मनो नाम विज्ञानैः पञ्चभिः सह ।
बिम्बौघजलतुल्यादौ चित्तबीजं प्रवर्तते ॥२२५॥

नैयायिक र तैर्थिकहरूले एकदेशी दृष्टिमा आश्रित भएर बाह्यको कल्पना गर्दछन्, जबकि त्यो सबै चित्त मात्र हो ॥२२१॥

प्रत्येकबोधि, बुद्धत्व, अर्हत्व, बुद्धदर्शन र गूढबीज बोधमा र स्वप्नमा सिद्ध हुन्छ ॥२२२॥

यो कुरा मैले किन भनेको हो भने अज्ञानीहरूलाई सद् र असद्को देशना गर्नाले तिनीहरूले मायामोहित चित्तमा शान्ति प्राप्ति गर्दछन् ॥२२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूढहरूलाई चित्त छ र माया छैन त्यसैले उत्पादभङ्गक्लेयुक्त र लक्ष्यलक्षणरहित व्यवस्था छ भन्ने देशना गर्नुपर्दछ ॥२२४॥

विकल्प भनेको पञ्चविज्ञान सहित मन हो र बिम्बौघजल झैं चित्तबीज प्रवृत्त हुन्छ ॥२२५॥

यदा चित्तं मनश्चापि विज्ञानं न प्रवर्तते ।
तदा मनोमयं कायं लभते बुद्धभूमि च ॥२२६॥
प्रत्यया धातवः स्कन्धा धर्माणां च स्वलक्षणम् ।
प्रज्ञप्ति पुद्गलं चित्तं स्वप्नकेशोण्डुकोपमाः ॥२२७॥
मायास्वप्नोपमं लोकं दृष्ट्वा तत्त्वं समाश्रयेत् ।
तत्त्वं हि लक्षणैर्मुक्तं युक्तिहेतुविवर्जितम् ॥२२८॥
प्रत्यात्मवेद्यमार्याणां विहारं तु स्मरेत्सदा ।
युक्तिहेतुविसंमूढं लोकं तत्त्वे निवेशयेत् ॥२२९॥
सर्वप्रपञ्चोपशमाद्भ्रान्तो नाभिप्रवर्तते ।
प्रज्ञा यावद्विकल्पन्ते भ्रान्तिस्तावत्प्रवर्तते ॥२३०॥

जब चित्त, मन र विज्ञान प्रवृत्त हुँदैनन् त्यसबेला मनोमय कायले बुद्धभूमिलाई प्राप्त गर्दछ ॥२२६॥

प्रत्यय, धातु, स्कन्ध, धर्म-स्वलक्षण, प्रज्ञप्ति, पुद्गल र चित्त यी सबै स्वप्न र केशोण्डुक झैं छन् ॥२२७॥

लोकलाई माया र स्वप्न झैं देखेर तत्त्वज्ञानमा आश्रित हुनु पर्दछ किनभने तत्त्वमात्रै लक्षणबाट मुक्त युक्तिका हेतुबाट रहित छ ॥२२८॥

आर्यहरूको प्रत्यात्मवेद्य विहारलाई आर्यले सर्वदा स्मरण गर्नुपर्दछ र युक्तिहेतुले मूढ व्यक्तिहरूलाई पारमार्थिक तत्त्वमा लगाउनुपर्दछ ॥२२९॥

उक्त पारमार्थिक तत्त्वमा सर्व प्रपञ्चको शमन भएकाले भ्रान्ति प्रवृत्त हुँदैन किनभने भ्रान्ति भनेको प्रज्ञा रहुन्जेल मात्र रहन्छ ॥२३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैःस्वभाव्यं च भावं च शुन्या वै नित्यानित्यता ।
उत्पादवादिनां दृष्टिर्न त्वनुत्पादवादिनाम् ॥२३१॥
एकत्वमन्यत्वोभायामीश्चराच्च यदृच्छया ।
कालाप्रधानादन्येभिः प्रत्ययैः कल्प्यते जगत् ॥२३२॥
संसारबीजं विज्ञानं सति दृश्ये प्रवर्तते ।
कुड्ये सति यथा चित्रं परिज्ञानान्निरुध्यते ॥२३३॥
मायापुरुषवन्नृणां मृतजन्म प्रवर्तते ।
मोहात्तथैव बालानां बन्धमोक्षं प्रवर्तते ॥२३४॥
अध्यात्मबाह्यं द्विविधं धर्माश्च प्रत्ययानि च ।
एतद्विभावयन् योगी निराभासे प्रतिष्ठते ॥२३५॥

नैःस्वभाव्य, भाव, शून्य, नित्य र अनित्य यी सबै उत्पादवादीहरूको दृष्टि हो, अनुत्पादवादीहरूको होइन ॥२३१॥

एकत्व, अनेकत्व, माया, ईश्वर वा स्वेच्छाले र काल र प्रधान आदि कारणहरूबाट जगत्का उत्पत्तिको कल्पना गर्दछन् अन्यवादीहरू ॥२३२॥

संसारको बीज विज्ञान देखिए छँदामा मात्र जगत् प्रवृत्त हुन्छ र चित्तपट रहँदा मात्र चित्त रहन्छ र त्यसको ज्ञान हुने वित्तिकै त्यो निरुद्ध हुन्छ ॥२२३॥

बालहरूले मोहले गर्दा मायापुरुष झैं मानिसहरू जन्म मृत्युको चक्रमा प्रवृत्त हुन्छन् र बन्ध मोक्षमा पर्दछन् ॥

धर्म र प्रत्ययहरू अध्यात्म र बाह्य गरी दुईप्रकारका हुन्छन् भन्ने जानेर योगी निराभासमा प्रतिष्ठित हुन्छ ॥२३५॥

न वासनैर्भिद्यते चित्तं न चित्तं वासनैः सह ।
अभिन्नलक्षणं चित्तं वासनैः परिवेष्टितम् ॥२३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलवद्वासना यस्य मनोविज्ञानसंभवा ।
पटशुक्लोपमं चित्तं वासनैर्न विराजते ॥२३७॥
यथा न भावो नाभावो गगनं कथ्यते मया ।
आलयं हि तथा काये भावाभावविवर्जितम् ॥२३८॥
मनोविज्ञानव्यावृत्तं चित्तं कालुष्यवर्जितम् ।
सर्वधर्मावबोधेन चित्तं बुद्धं वदाम्यहम् ॥२३९॥
त्रिसंततिव्यवच्छिन्नं सत्तासत्ताविवर्जितम् ।
चातुष्कोटिकया मुक्तं भवं मायोपमं सदा ॥२४०॥

चित्त न वासनाबाट भिन्न हुन्छ न वासनासँग हुन्छ। अभिन्न लक्षणले युक्त चित्त वासनाहरूद्वारा परिवेष्टित हुन्छ ॥२३६॥

मनोविज्ञानले युक्त जसको वासना मल जस्तै छ। चित्त चाहिं शुक्लपट झैं छ र वासनाहरूद्वारा विराजित हुँदैन ॥२३७॥

जसरी गगनलाई न भाव वा न अभाव भनिन्छ, त्यसरी नै कायम आलय विज्ञान पनि भावाभावरहित छ ॥२३८॥

मनोविज्ञानयुक्त चित्त कालुष्यरहित भएपछि सवधर्मको बोधले बुद्ध नै हुन्छ ॥२३९॥

भव जो छ त्यो त्रिसंततिव्यवच्छिन्न, सत्ता र असत्ताविवर्जित, चतुष्कोटी रहित र माया युक्त छ ॥२४०॥

द्वे स्वभावो भवेत्सप्त भूमयश्चित्तसंभवाः ।
शेषा भवेयुर्निष्पन्ना भूमयो बुद्धभूमि च ॥२४१॥
रूपी चारूपयधातुश्च कामधातुश्च निर्वृतिः ।
अस्मिन् कलेवरे सर्व कथितं चित्तगोचरम् ॥२४२॥
उपलभ्यते यदा यावद्भ्रान्तिस्तावत्प्रवर्तते ।
भ्रान्तिः स्वचित्तसंबोधान्न प्रवर्तते न निवर्तते ॥२४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुत्पादे कारणाभावो भावे संसारसङ्ग्रहः ।
मायादिसदृशं पश्यन् लक्षणं न विकल्पयेत् ॥२४४॥
त्रियानमेकयानं च अयानं च वदाम्यहम् ।
बालानां मन्दबुद्धीनामार्याणां च विविक्तताम् ॥२४५॥

स्वभाव दुईवटा हुन्छन् र चित्तबाट उत्पन्न हुने भूमिहरू सातवटा हुन्छन् । अन्य भूमिलाई बुद्धभूमि भनिन्छ ॥२४१॥

रूपीधातु, अरूपी धातु र कामधातु निर्वृत्ति आदि सबैलाई यस कलेवरमा चित्तगोचर भनिन्छ ॥२४२॥

जबसम्म यी सबैको उपलब्धता छ त्यसबेलासम्म भ्रान्ति प्रवृत्त हुन्छ र आफ्नो चित्तको ज्ञान भएपछि न प्रवृत्त हुन्छ न निवृत्त नै ॥२४३॥

अनुत्पादमा कारणाभाव हुन्छ र भावमा संसार सङ्ग्रह हुन्छ त्यसैले मायासदृश देखेर लक्षणलाई कल्पना नगर्नू ॥२४४॥

त्रियान र एकयानलाई म अयान भन्छु किनभने त्यो भेद बालहरूको लागि हो ॥२४५॥

उत्पत्तिर्द्विविधा मह्यं लक्षणाधिगमौ च या ।
चतुर्विधो नयविधिः सिद्धान्तं युक्तिदेशना ॥२४६॥
संस्थानाकृतिविशेषैर्भ्रान्ति दृष्ट्वा विकल्प्यते ।
नामसंस्थानविरहात्स्वभावमार्यगोचरम् ॥२४७॥
विकल्पेन कल्प्यते यावत्तावत्कल्पितलक्षणम् ।
विकल्पकल्पनाभावात्स्वभावमार्यगोचरम् ॥२४८॥
नित्यं च शाश्वतं तत्त्वं गोत्रं वस्तुस्वभावकम् ।
तथता चित्तनिर्मुक्तं कल्पनैश्च विवर्जितम् ॥२४९॥
यद्यद्वस्तु न शुद्धिः स्यात्सङ्क्लेशो नापि कस्यचित् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्माच्च शुध्यते चित्तं सङ्क्लेशश्चापि दृश्यते ।
तस्मात्तत्वं भवेद्वस्तु विशुद्धमार्यगोचरम् ॥२५०॥

मेरो लागि लक्षण र अधिगम गरेर उत्पत्ति दुईप्रकारको छ र नयविधि चारप्रकारको छ र सिद्धान्त भनेको युक्तिदेशना हो ॥२४६॥

आकारप्रकार विशेषले गर्दा भ्रान्ति देखेर कल्पना गरिन्छ। नाम र संस्थान रहित स्वभाव चाहिँ आर्यहरूलाई गोचर हुन्छ ॥२४७॥

जबसम्म विकल्पहरूद्वारा कल्पना गरिन्छ त्यसबेलासम्म कल्पित लक्षण हुन्छ र विकल्पका कल्पनाको अभाव भएपछि जो वास्तविक स्वभाव हो त्यो आर्यहरूलाई गोचर हुन्छ ॥२४८॥

वस्तु स्वभावक जो गोत्र छ त्यो शाश्वत तत्त्व हो। 'तथता' भनेको चित्तरहित र कल्पनारहित हो ॥२४९॥

जुन जुन वस्तु शुद्ध छैन त्यसको सङ्क्लेश पनि हुँदैन र जसबाट चित्त शुद्ध सङ्क्लेश पनि देखिन्छ त्यसैले तत्त्व नै वस्तु हो, जो आर्यलाई गोचर हुन्छ ॥२५०॥

प्रत्ययैर्जनितं लोकं विकल्पैश्च विवर्जितम् ।
मायादिस्वप्नसदृशं विपश्यन्तो विमुच्यते ॥२५१॥
दौष्ठुल्यवासनाश्चित्ताश्चित्तेन सह संयुताः ।
बहिर्धा दृश्यते नृणां न हि चित्तस्य धर्मता ॥२५२॥
चित्तस्य धर्मता शुद्धा न चित्तं भ्रान्तिसंभवम् ।
भ्रान्तिश्च दौष्ठुल्यमयी तेन चित्तं न दृश्यते ॥२५३॥
भ्रान्तिमात्रं भवेत्तत्वं तत्त्वं नान्यत्र विद्यते ।
न संस्कारे न चान्यत्र किं तु संस्कारदर्शनात् ॥२५४॥
लक्ष्यलक्षणनिर्मुक्तं यदा पश्यति संस्कृतम् ।
विधूतं हि भवेत्तेन स्वचित्तं पश्यतो जगत् ॥२५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेतु प्रत्ययहरूबाट उत्पन्न जो लोक छ, त्यसलाई त्यसै रूपमा बुझेर कल्पना रहित र मायादि स्वप्न सदृश जसले जान्दछ त्यो मुक्त हुन्छ ॥२५१॥

दौष्ठुल्यवासनादिचित्रविचित्रवस्तुहरूसँग संयुक्त भएको हुनाले मानिसहरूलाई बाह्यवस्तु गोचर हुन्छन् तापनि त्यो चित्तको धर्म चाहिँ होइन ॥२५२॥

चित्तको धर्म शुद्ध छ त्यसैले त्यसमा भ्रान्तिको सम्भावना छैन । भ्रान्ति भनेको चाहिँ दौष्ठुल्यमय हुने हुनाले चित्त देखिँदैन ॥२५३॥

भ्रान्तिमात्र तत्त्व होला तत्त्व अन्यत्र छैन किनभने संस्कारमा अन्यत्र संस्कारको दर्शन हुनाले ॥२५४॥

संस्कृत धर्महरू लक्ष्य र लक्षणवाट मुक्त हुन्छन् त्यसैले आफ्नो चित्त विधूत हुने हुनाले जगत्लाई पनि त्यसै अनुरूप बुझ्नुपर्दछ ॥२५५॥

चित्तमात्रं समारुह्य बाह्यमर्थं न कल्पयेत् ।
तथतालम्बने स्थित्वा चित्तमात्रमतिक्रमेत् ॥२५६॥
चित्तमात्रमतिक्रम्य निराभासमतिक्रमेत् ।
निराभासस्थितो योगी महायानं स पश्यति ॥२५७॥
अनाभोगगतिः शान्ता प्रणिधानैर्विशोधिता ।
ज्ञानमनात्मकं श्रेष्ठं निराभासे न पश्यति ॥२५८॥
चित्तस्य गोचरं पश्येत्पश्येज्ज्ञानस्य गोचरम् ।
प्रज्ञाया गोचरं पश्येल्लक्षणे न प्रमुह्यते ॥२५९॥
चित्तस्य दुःखसत्यं समुदयो ज्ञानगोचरः ।
द्वे सत्ते बुद्धभूमिश्च प्रज्ञा यत्र प्रवतृते ॥२६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तमा आरुह्य भएर बाह्यार्थलाई कल्पना नगर्नू र तथतालम्बनमा बसेर चित्त मात्रलाई अतिक्रमण गर्नू ॥

चित्तलाई अतिक्रमण गरेर निराभासलाई अतिक्रमण गर्नू र निराभासमा बसेका योगीले महायानलाई देख्दछ ॥

शान्त र प्रणिधानले विशोधित एवम् ज्ञानात्मक श्रेष्ठ अनाभोगगतिलाई निराभासमा स्थित योगीले देख्दैन ॥२५८॥

चित्तको गोचरलाई हेर्नू त्यसैगरी ज्ञानको गोचरलाई पनि हेर्नू र प्रज्ञाको गोचरलाई पनि हेर्दै लक्षणमा मोहित नहुनू ॥२५९॥

चित्तमा दुःखसत्य, समुदय र ज्ञानगोचर सत्यद्वय र बुद्धभूमि पनि हुन्छन् जहाँ प्रज्ञा प्रवृत्त हुन्छ ॥२६०॥

फलप्राप्तिश्च निर्वाणं मार्गमष्टाङ्गिकं तथा ।
सर्वधर्मावबोधेन बुद्धज्ञानं विशुध्यते ॥२६१॥
चक्षुश्च रूपमालोक आकाशश्च मनस्तथा ।
एभिरुत्पद्यते नृणां विज्ञानं ह्यालयोद्भवम् ॥२६२॥
ग्राह्यं ग्राहो ग्रहीता च नास्ति नाम ह्यवस्तुकम् ।
निर्हेतुकं विकल्पं ये मन्यन्ति हि न ते बुधाः ॥२६३॥
अर्थे नाम ह्यसंभूतमर्थो नाम्नि तथैव च ।
हेत्वहेतुसमुत्पन्नं विकल्पं न विकल्पयेत् ॥२६४॥
सर्वभावस्वभावोऽसन् वचनं हि तथाप्यसत् ।
शन्यतां शून्यतार्थं वा बालोऽपश्यन् विधावति ॥२६५॥

फलप्राप्ति, निर्वाण, आर्याष्टाङ्गिकमार्ग र सर्वधर्मको अवबोधले बुद्धज्ञान शुद्ध हुन्छ ॥२६१॥

चक्षु, रूप, आलोक, आकाश र मनहरूद्वारा मानिसको आलयोद्भव विज्ञान उत्पन्न हुन्छ ॥२६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्राह्य, ग्राहक र ग्रहीता यी सबै अवस्तुक होइनन् र यिनलाई जसले निर्हेतुक र विकल्पक जसले मान्दछन् ती विज्ञ होइनन् ॥२६३॥

अर्थमा नाम असम्भूत अर्थ र नाममा पनि हेतु र अहेतु उत्पन्नलाई विकल्पको कल्पना नगरोस् ॥२६४॥

सर्वभावस्वभाव नभएर र वचन पनि नभएर शून्यता र शून्यतार्थलाई वालबुद्धिले देख्दैन ॥२६५॥

सत्यस्थितिं मन्यतया दृष्ट्वा प्रज्ञप्तिदेशना ।
एकत्वं पञ्चधासिद्धमिदं सत्यं प्रहीयते ॥२६६॥
प्रपञ्चमारभेद्यश्च अस्तिनास्ति व्यतिक्रमेत् ।
नास्तिच्छन्दो भवेन् मिथ्यासंज्ञा नैरात्म्यदर्शनात् ॥२६७॥
शाश्वतं हि सकर्तृत्वं वादमात्रप्रवर्तितम् ।
सत्यं परं ह्यवक्तव्यं निरोधे धर्मदर्शनम् ॥२६८॥
आलयं हि समाश्रित्य मनो वै संप्रवर्तते ।
चित्तं मनश्च संश्रित्य विज्ञानं संप्रवर्तते ॥२६९॥
समारोपं समारोप्य तथता चित्तधर्मता ।
एतद्विभावयन् योगी चित्तमात्रज्ञतांलभेत् ॥२७०॥

सत्यस्थितिलाई मानेर र प्रज्ञप्तिदेशनालाई देखेर एकत्वलाई पाँचप्रकारले सिद्ध गरेको यो सत्य प्रहीण हुन्छ ॥

प्रपञ्चलाई आरम्भ गरेर अस्ति नास्तिलाई व्यतिक्रम गर्नुपर्दछ र नैरात्म्यदर्शनबाट संज्ञा मिथ्या हुन्छ ॥२६७॥

शाश्वत जो सकर्तृत्व छ त्यो वादमात्र प्रवर्तित हो धर्मदर्शन निरोध भएपछि परंसत्य अवक्तव्य हुन जान्छ ॥

आलम्बनको आश्रय लिएर मन प्रवृत्त हुन्छ र चित्त र मनको आश्रय लिएर विज्ञान प्रवृत्त हुन्छ ॥२६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समारोपलाई आरोप गरेर तथता चित्तधर्मतालाई भावना गरेर योगीले चित्तमात्रलाई प्राप्त गरोस् ॥२७०॥

मनश्च लक्षणं वस्तु नित्यानित्ये न मन्यते ।
उत्पादं चाप्यनुत्पादं योगी योगे न मन्यते ॥२७१॥
अर्थद्वयं न कल्पेन्ति विज्ञानं ह्यालयोद्भवम् ।
एकमर्थं द्विचित्तेन न जानीते तदुद्भम् ॥२७२॥
न वक्ता न च वाच्योऽस्ति न शून्यं चित्तदर्शनात् ।
आदर्शनात्स्वचित्तस्य दृष्टिजालं प्रवर्तते ॥२७३॥
प्रत्ययागमनं नास्ति इन्द्रियाणि न केचन ।
न धातवो न व स्कन्धा न रागो न च संस्कृतम् ॥२७४॥

मन जो लक्षणवस्तु नित्यानित्य मानिदैन र योगमा यागीले उत्पाद र अनुत्पादलाई मान्दैन ॥२७१॥

आलयोद्भव विज्ञानलाई दुईवटा अर्थमा कल्पना गर्दैनन् र दुईवटा चित्तले एउटा अर्थलाई त्यसको उद्भवलाई जान्दैन ॥२७२॥

न वक्ता छ न वाच्य नै छ न शून्य नै बाँकी रहन्छ चित्तदर्शन पश्चात् अदर्शन हुँदासम्म चाहिँ चित्तको दृष्टिजाल प्रवृत्त हुन्छ ॥२७३॥

इन्द्रियहरूको प्रत्यागमन छैन र धातु, स्कन्ध, राग र संस्कृत पनि छैनन् ॥२७४॥

कर्मणोऽग्रिं न वै पूर्वं कृतं न च संस्कृतम् ।
न कोटि न च वै शक्तिर्न मोक्षो न च बन्धनम् ॥२७५॥
अव्याकृतो न भावोऽस्ति धर्माधर्मं न चैव हि ।
न कालं न च निर्वाणं धर्मतापि न विद्यते ॥२७६॥
न च बुद्धो न सत्यानि न फलं न च हेतवः ।
विपर्ययो न निर्वाणं विभवो नास्ति संभवः ॥२७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वादशाङ्गं न चैवास्ति अन्तानन्तं न चैव हि ।

सर्वदृष्टिप्रहाणाय चित्तमात्रं वदाम्यहम् ॥२७८॥

कर्मलाई पहिले न बनाइयो न त संस्कृतलाई नै र कोटि न शक्ति र न मोक्ष र बन्धन नै बनाइयो । अव्याकृत भाव पनि छैन । धर्माधर्महरू पनि छैनन् त्यसरी नै काल, निर्वाण, धर्मता, बुद्ध, सत्य, फल, हेतु, विपर्यय निर्वाण, विभव, संभव, द्वादशङ्ग, अन्त र अनन्त पनि छैनन् त्यसैले यी सबैको दृष्टि प्रहाणका लागि म चित्तमात्र छ भन्छु ॥२७५-२७८॥

क्लेशाः कर्मपथा देहः कर्तारश्च फलं च वै ।

मरीचिस्वप्नसङ्काशा गन्धर्वनगरोपमाः ॥२७९॥

चित्तमात्रव्यवस्थानाद्व्यावृत्तं भावलक्षणम् ।

चित्तमात्रप्रतिष्ठानाच्छाश्चतोच्छेददर्शनम् ॥२८०॥

क्लेश, कर्मपथ, देह, कर्ता र फल यी सबै मरीचिका, स्वप्न र गन्धर्वनगरवत् अभावात्मक छन् ॥२७९॥

चित्तमात्रको व्यवस्थानले भावलक्षण व्यावृत्त छ र चित्तमात्रको प्रतिष्ठानले शाश्वत र उच्छेद देखिन्छ ॥२८०॥

स्कन्धा न सन्ति निर्वाणे न चैवात्मा न लक्षणम् ।

चित्तमात्रावतारेण मोक्षग्राहान्निवर्तते ॥२८१॥

भूदृश्यहेतुको दोषो बहिर्धा ख्यायते नृणाम् ।

चित्तं ह्यदृश्यसंभूतं तेन चित्तं न दृश्यते ॥२८२॥

देहभोगप्रतिष्ठाना ख्यायते वासना नृणाम् ।

चित्तं न भावो नाभावो बालने न विराजते ॥२८३॥

मलो वै ख्यायते शुक्ले न शुक्ले ख्यायते मलः ।

घने हि गगनं यद्वत्तथा चित्तं न दृश्यते ॥२८४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तेन चीयते कर्म ज्ञानेन च विचीयते ।
प्रज्ञया च निराभासं प्रभावं चाधिगच्छति ॥२८५॥

निर्वाणमा स्कन्ध, आत्मा र लक्षण केही पनि छैनन् त्यसैले चित्तमात्रको अवतारले मोक्षग्राहबाट निवृत्त हुन्छ ॥२८१॥

भूदृश्यहेतुको दोष मानिसहरूलाई वाह्यरूपमा ख्यापित छ र चित्त अदृश्यसंभूत छ त्यसैले त्यो देखिँदैन ॥२८२॥

देहभोगप्रतिष्ठाले गर्दा मानिसहरूमा वासना उत्पन्न हुन्छ र चित्त चाहिँ भावरूपमा पनि छैन फेरि अभावरूपमा पनि छैन त्यसैले त्यो ...विराजमान हुँदैन ॥२८३॥

मल शुक्लमा देखिन्छ र अशुक्लमा देखिँदैन त्यसैगरी वादलमा आकाश देखिन्छ तर त्यसरी नै चित्त चाहिँ देखिँदैन ॥२८४॥

चित्तले कर्मको चयन गर्छ र ज्ञानले विवेचन गर्दछ भने प्रज्ञाले त्यसको निराभास प्रभावलाई जान्दछ ॥२८५॥

चित्तं विषयसंबद्धं ज्ञानं तर्के प्रवर्तते ।
निराभासे विशेषे च ज्ञानं वै संप्रवर्तते ॥२८६॥
चित्तं मनश्च विज्ञानं संज्ञा वै कल्पवर्जिता ।
अविकल्पधर्मतां प्राप्ताः श्रावका न जिनात्मजाः ॥२८७॥
क्षान्ते क्षान्ते विशेषे वै ज्ञानं ताथागतं शुभम् ।
संजायते विशेषार्थं समुदाचारवर्जितम् ॥२८८॥
परिकल्पितस्वभावोऽस्ति परतन्त्रो न विद्यते ।
कल्पितं गृह्यते भ्रान्त्या परतन्त्रं न कल्प्यते ॥२८९॥
चित्तं ह्यभूतसंभूतं न चित्तं दृश्यते क्वचित् ।
देहभोगप्रतिष्ठानं ख्यायते वासना नृणाम् ॥२९०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त विषयसंबद्ध ज्ञान तर्कमा प्रवृत्त हुन्छ र निराभास विशेषमा ज्ञान प्रवृत्त हुन्छ ॥२८६॥

चित्त, मन, विज्ञान र संज्ञा यी कल्पनारहित अविकल्पधर्मतालाई प्राप्त गरेका श्रावकहरू जिनात्मज होइनन् ॥

क्षान्ति-क्षान्ति विशेषमा ताथागत शुभज्ञान समुदाचारवर्जित विशेषार्थमा हुन्छ ॥२८८॥

वस्तुत: परिकल्पित स्वभाव छ तर परतन्त्र स्वभाव छैन त्यसैले भ्रान्तिवश परिकल्पित स्वभाव ग्रहण गरिन्छ र परतन्त्र ग्रहण गरिदैन ॥२८९॥

अभूतसंभूत चित्त भएको हुनाले त्यो चित्त कतै पनि देखिँदैन र देहभोगप्रतिष्ठान भएको हुनाले मानिसहरूमा वासना ख्यापित हुन्छ ॥२९०॥

न सर्वभौतिकं रूपमस्ति रूपमभौतिकम् ।
गन्धर्वस्वप्नमाया या मृगतृष्णा ह्यभौतिका ॥२९१॥
प्रज्ञा हि त्रिविधा महामार्यं येन प्रभावितम् ।
चित्तं ह्यदृश्यसंभूतं तेन चित्तं न दृश्यते ॥२९२॥
देहभोगप्रतिष्ठाना ख्यायते वासना नृणाम् ।
लक्षणं कल्पते येन यः स्वभावान् वृणोति च ॥२९३॥
यानद्वयविसंयुक्ता प्रज्ञा ह्याभासवर्जिता ।
संभवाभिनिवेशेन श्रावकाणां प्रवर्तते ।
चित्तमात्रावतारेण प्रज्ञा ताथागतीऽमला ॥२९४॥
सतो हि असतश्चापि प्रत्ययैर्यदि जायते ।
एकत्वान्यत्वदृष्टिश्च अवश्यं तैः समाश्रिना ॥२९५॥

न रूप भौतिक छ न अभौतिक नै छ किनभने गन्धर्व, स्वप्न, माया र मृगतृष्णा पनि अभौतिक छन् ॥२९१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रज्ञा तीन प्रकारको हुन्छ जसले महामायालाई प्रभावित गरेको हुन्छ र चित्त चाहिँ अदृश्य संभूत भएकाले देखिँदैन ॥२९२॥

देहभोगप्रतिष्ठानले गर्दा मानिसहरूमा वासना उत्पन्न हुन्छ र जसले लक्षणको कल्पना गर्दछ साथै स्वभावहरूलाई पनि वरण गर्दछ ॥२९३॥

यानद्वयविसंयुक्त प्रज्ञा आभासवर्जित संभवाभिनिवेशले गर्दा श्रावकहरूमा प्रवृत्त हुन्छ र चित्तमात्रावतारले गर्दा तथागती प्रज्ञा अमला मानिन्छ ॥२९४॥

यदि सत् र असत् प्रत्ययहरूद्वारा उत्पन्न हुन्छ भने एकत्व र अन्यत्व दृष्टि पनि तिनीहरूद्वारा नै समाश्रित हुन्छ ॥२९५॥

विविधागतिर्हि निर्वृता यथा माया न सिध्यति ।
निमित्तं हि तथा चित्रं कल्प्यमानं न सिध्यति ॥२९६॥
निमित्तदौष्ठुल्यमयं बन्धनं चित्तसंभवम् ।
परिकल्पितं ह्यजानैः परतन्त्रं विकल्प्यते ॥२९७॥
य एव कल्पितो भावः परतन्त्रं तदेव हि ।
कल्पितं हि विचित्राभं परतन्त्रं विकल्प्यते ॥२९८॥
संवृतिः परमार्थश्च तृतीयं नास्ति हेतुकम् ।
कल्पितं संवृतिर्ह्युक्ता तच्छेदादार्यगोचरः ॥२९९॥
यथा हि योगिनां वस्तु चित्तमेकं विराजते ।
न ह्यस्ति चित्तता तत्र तथा कल्पितलक्षणम् ॥३००॥

विविधगतिनिर्वृत्त माया जसरी सिद्ध हुँदैन त्यसरी नै निमित्त चित्तको कल्पना पनि सिद्ध हुँदैन ॥२९६॥

जो चित्तमा हुने निमित्तदौष्ठुल्यमय बन्धन छ त्यसलाई परिकल्पित लक्षणलाई न जान्नेहरूले परतन्त्रस्वभावको कल्पना गर्दछन ॥२९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो यो कल्पित भाव छ त्यो नै परतन्त्र हो र जो कल्पित विचित्राभ छ त्यसले परतन्त्रलाई कल्पित गर्छ ॥

संवृति र परमार्थ गरी दुईवटा सत्य छन्, तेस्रो हेतु छैन। कल्पितलाई संवृति भनियो र त्यसको छेदनबाट आर्यहरूले परमार्थलाई देख्दछन् ॥२९९॥

जसरी योगीहरूलाई वस्तु चित्त मात्र विराजमान हुन्छ र त्यहाँ चित्तता छैन। त्यही परिकल्पित लक्षण हो ॥३००॥

यथा हि तैमिरैश्चित्रं कल्प्यते रूपदर्शनम् ।
तिमिरं न रूपं नारूपं परतन्त्रं तथा बुधैः ॥३०१॥
हेमं स्यात्तु यथा शुद्धं जलं कलुषवर्जितम् ।
गगनं हि घनाभावात्तथा शुद्धं विकल्पितम् ॥३०२॥
श्रावकास्त्रिविधो मह्यं निर्मितः प्रणिधानजः ।
रागद्वेषविसंयुक्तः श्रावको धर्मसंभवः ॥३०३॥
बाधिसत्त्वोऽपि त्रिविधो बुद्धानां नास्ति लक्षणम् ।
चित्ते चित्ते तु सत्त्वानां बुद्धबिम्बं विदृश्यते ॥३०४॥
नास्ति वै कल्पितो भावः परतन्त्रं च विद्यते ।
समारोपापवादं च विकल्पं नो विनश्यति ॥३०५॥

जसरी तैमिरहरूले रूपदर्शनको कल्पना गर्दछन् र तिमिर न रूप हो न अरूप नै हो त्यही परतन्त्र हो ॥३०१॥

जस्तो शुद्ध सुवर्ण, कलुषरहित जल र मेघरहित आकाश झैँ शुद्ध कल्पित छ ॥३०२॥

प्रणिधान श्रावक मेरा लागि तीन प्रकारको निर्मित छ र रागद्वेषविसंयुक्त श्रावक धर्मसंभव छ ॥३०३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोधिसत्त्व पनि तीन प्रकारको हुन्छ र बुद्धको लक्षण छैन र प्राणिहरूको प्रत्येक चित्तमा बुद्धको बिम्ब देखिन्छ ॥

कल्पितभाव छैन तर परतन्त्र चाहिँ छ समारोप र अपवाद पनि भएकाले हाम्रो विकल्प विनष्ट हुन्छ ॥३०५॥

कल्पितं यद्यभावः स्यात्परतन्त्रस्वभावतः ।
विनाभावेन वै भावं भावश्चाभावसंभवः ॥३०६॥
परिकल्पितं समाश्रित्य परतन्त्रं प्रलभ्यते ।
निमित्तनामसंवन्धाज्जायते परिकल्पितम् ॥३०७॥
अत्यन्तं चाप्यनिष्पन्नं कल्पितेन परोद्भवम् ।
तदा प्रज्ञायते शुद्धः स्वभावः पारमार्थिकः ॥३०८॥
परिकल्पितं दशविधं परतन्त्रं च षड्विधम् ।
तथता च प्रत्यात्पगतिमतो नास्ति विशेषणम् ॥३०९॥
पञ्च धर्मा भवेत्तत्वं स्वभावा हि त्रयस्तथा ।
एतद्विभावयन् योगी तथतां नातिवर्तते ॥३१०॥

कल्पित जो अभाव छ त्यो परतन्त्र स्वभावले गर्दा विना भावले भाव जो छ त्यो भाव अभाव संभव हुन्छ ॥

परिकल्पित स्वभावमा आश्रित भएर परतन्त्र स्वभाव प्राप्त हुन्छ र निमित्तनामसम्बन्धबाट परिकल्पित स्वभाव उत्पन्न हुन्छ ॥३०७॥

अत्यन्त अनिष्पन्न कल्पितद्वारा उद्भव भएर पारमार्थिक शुद्ध स्वभाव जानिन्छ ॥३०८॥

परिकल्पित दशप्रकारको हुन्छ र परतन्त्र चाहिँ छ प्रकारको हुन्छ। तथता चाहिँ प्रत्यात्मगतियुक्त हुन्छ र विशेषण हुँदैन ॥३०९॥

धर्म पाँचवटा तत्त्व छन् र स्वभाव चाहिँ तीनवटा छन् भन्ने जानेर योगीले तथतालाई जित्न सक्तैनन् ॥३१०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नक्षत्रमेघसंस्थानां सोमभास्करसंनिभम् ।
चित्तं संदृश्यते नृणां दृश्याभं वासनोदितम् ॥३११॥
भूतालब्धात्मका ह्येते न लक्ष्यं न च लक्षणम् ।
सर्वे भूतमया भूता यदि रूपं हि भौकिकम् ॥३१२॥
असंभूता महाभूता नास्ति भूतषु भौतिकम् ।
कारणं हि महाभूताः कार्यं भूसलिलादयः ॥३१३॥
द्रव्यप्रज्ञप्तिरूपं च मायाजातिकृतं तथा ।
स्वप्नगन्धर्वरूपं च मृगतृष्णा च पञ्चमम् ॥३१४॥
इच्छन्तिकं पञ्चविधं गोत्राः पञ्च तथा भवेत् ।
पञ्च यानान्ययानं च निर्वाणं षड्विधं भवेत् ॥३१५॥

नक्षत्र र मेघले युक्त र चन्द्र तथा सूर्ययुक्त आकाश झैं मानिसहरूको चित्त हुन्छ र दृश्याभ भनेको वासनोदित हो ॥३११॥

यिनीहरू भूत अलब्धात्मक हुनाले न लक्ष्य हुन्छ, न लक्षण नै । यदि रूप नै भौतिक छ भने सबै भूतहरू भूतमय हुन्छन् ॥३१२॥

महाभूतहरू असंभूत भएकाले भूतहरूमा भौतिकता छैन । महाभूतहरू कारण हुन् भने भू सलिलादि चाहिँ कार्य हुन् ॥३१३॥

द्रव्यप्रज्ञप्तिरूप, मायाजातिकृत र स्वप्नगन्धर्वरूप यी सबै मृगतृष्णा समान छन् ॥३१४॥

पाँच प्रकारका इच्छा, पाँच प्रकारका गोत्र, पाँचवटा यान र अयान हुन्छन् र निर्वाण छ प्रकारको हुन्छ ॥

स्कन्धभेदाश्चतुर्विंशद्रूपं चाष्टविधं भवेत् ।
बुद्धा भवेच्चतुर्विंशद्विविधाश्च जिनौरसाः ॥३१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्टोत्तरं नयशतं श्रावकाश्च त्रयस्तथा ।
क्षेत्रमेकं हि बुद्धानां बुद्धश्चैकस्तथा भवेत् ॥३१७॥
विमुक्तयस्तथा तिस्रश्चित्तधारा चतुर्विधम् ।
नैरात्म्यं षड्विधं मह्यं ज्ञेयं चापि चतुर्विधम् ॥३१८॥
कारणैश्च विसंयुक्तं दृष्टिदोषविवर्जितम् ।
प्रत्यात्मवेद्यमचलं महायानमनुत्तरम् ॥३१९॥

स्कन्धभेदले चौविसप्रकारको रूप आठ प्रकारको हुन्छ। बुद्धहरू चौविस प्रकारका हुन्छन्। अष्टोत्तर नयशत र श्रावक चाहिँ एउटा हुन्छन्। क्षेत्र एउटा हुन्छ र सम्यक् सम्बुद्ध चाहिँ एउटा हुन्छन्। मुक्तिहरू तीनवटा हुन्छन् र चित्तधारा चारप्रकारका हुन्छन्। नैरात्म्य छ प्रकारको र ज्ञेय चारप्रकारका हुन्छन् ॥३१६-३१८॥

कारणहरूले युक्त, दृष्टिदोष रहित, प्रत्यात्मवेद्य र अचल जो महायान छ त्यो नै अनुत्तर यान हो ॥३१९॥

उत्पादं चाप्यनुत्पादमष्टधा नवधा भवेत् ।
एकानुपूर्वसमयं सिद्धान्तमेकमेव च ॥३२०॥
आरूपयधात्वष्टविधं ध्यानभेदश्च षड्विधः ।
प्रत्येकजिनपुत्राणां निर्याणं सप्तधा भवेत् ॥३२१॥
अध्वत्रयं न चैवास्ति नित्यानित्यं च नास्ति वै ।
क्रिया कर्म फलं चैव स्वप्नकार्यं तथा भवेत् ॥३२२॥
अन्ताद्यासंभवा बुद्धाः श्रावकाश्च जिनौरसाः ।
चित्तं दृश्यविसंयुक्तं मायाधर्मोपमं सदा ॥३२३॥
गर्भश्चक्रं तथा जातिनैष्कम्यं तुषितालयम् ।
सर्वक्षेत्रगताश्चपि दृश्यन्ते न च योनिजाः ॥३२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्रान्तिं संचरं सत्त्वं देशना निर्वृर्तिस्था
सत्यं क्षेत्रावबोधिश्च प्रत्ययप्रेरितो भवेत् ॥३२५॥

उत्पाद र अनुत्पाद क्रमशः आठ र नौ प्रकारको हुन्छ। एकानुपूर्वसमय सिद्धान्त एउटा मात्र हुन्छ। आरूप्यधातु आठ प्रकारको हुन्छ र ध्यान छ प्रकारको हुन्छ त्यसैगरी प्रत्येक जिनपुत्रहरूको निर्याण सात प्रकारको हुन्छ ॥३२०-३२१॥

मार्गत्रय छैन, नित्यानित्य पनि छैन र क्रिया, कर्मफल र स्वप्नकार्य पनि त्यस्तै हो ॥३२२॥

बुद्ध र बुद्धपुत्रहरू अन्तादि रहित छन् र चित्त दृश्यविसंयुक्त छ र माया धर्मोपम छ ॥३२३॥

बुद्ध गर्भचक्र, जातिको नैष्कर्म्य र तुषितालयादि सबै क्षेत्रालमा पुगेका देखिन्छन् तर योनिज होइनन् ॥३२४॥

संक्रान्ति, संचर, सत्त्व, देशना, निर्वृति, सत्य र क्षेत्रा एवम् अबोधि प्रत्ययप्रेरित हुन्छन्।। ३२५॥

लोका वनस्पतिर्द्वीपो नैरात्म्यतीर्थसंचरम् ।
ध्यान यानालयप्राप्तिरचिन्त्यफलगोचरम् ॥३२६॥
चन्द्रनक्षत्रगोत्राणि नृपगोत्रा सुरालयम् ।
यक्षगन्धर्वगोत्राणि कर्मजा तृष्णसंभवा ॥ ३२७ ॥
अचिन्त्यपरिणामी च च्युतिर्वासनसंयुता ।
व्युच्छिन्नच्युत्यभावेन क्लेशजालं निरुध्यते ॥३२८॥

लोक, वनस्पति, द्वीप नैरात्म्य, तीर्थसंचर, ध्यान, यान, आलयप्राप्ति, अचिन्त्य फलगोचर जो छन् ॥३२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नृपगोत्र, सुरालय र यक्षगन्धर्वगोत्रहरू यी सबै कर्मज हुन् र तृष्णाबाट उत्पन्न हुन्छन् ।। ३२७॥

अचिन्त्यपरिणामी र च्युतिवासनाले युक्त व्यच्छिन्नच्युत्यभावले क्लेशजालङ्को निरोध हुन्छ ॥३२८॥

धनधान्यं सुवर्णं च क्षेत्रवस्तु विकल्प्यते ।
गवैडकाश्च दासा वै तथा हयगजादयः ॥३२९॥
तल्पविद्धे, न स्वप्तव्यं भूमिश्चापि न लेपयते् ।
सौवर्णराजतं पात्रं कांसं ताम्रं न कारयेत् ॥३३०॥
कम्बला नीररक्ताश्च काषायो गोमयेन च ।
कर्दमैवं फलपत्रैश्च शुक्लान् योगी रजेत्सदा ॥३३१॥
शैलीकं मृन्मयं लोहं शाङ्खें वै स्फटिकामयम् ।
पात्रार्थं धारयेद्योगी परिपूर्णं च मागधम् ॥३३२॥
चतुरङ्गुलं भवेच्छस्त्रं कुब्जं वै वस्तुच्छेदनः ।
शिल्पविद्यां न शिक्षेत योगी योगपरायणः ॥३३३॥
क्रयविक्रयो न कर्तव्यो योगिना योगिवाहिना ।
आरामिकैश्च कर्तव्यमेतद्धर्मं वदाम्यहम् ॥३३४॥
गुप्तेन्द्रियं तथार्थज्ञं सूत्रान्ते विनये तथा ।
गृहस्थैर्न च संसृष्टं योगिनं तं वदाम्यहम् ॥३३५॥

धनधान्य, सुवर्ण, क्षेत्र र वस्तुको कल्पना गरिन्छ। गाई, भेडा, दास, हय, र गज आदि तल्पविद्ध भएपछि न स्वप्तव्य र भूमिमा पनि लिप्त नहुनू। सौवर्णराजतपात्रलाई कास र ताम्र न बनाउँनू। कम्बल, नीररक्त, काष र गोमयले पनि कर्दम तथा फपत्रले शुक्ललाई शुक्ललाई योगीले रजत बनाउनु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शैलीक, मृण्मय, लोह, शङ्ख र स्फटिकमय पात्रका लागि योगीले परिपूर्ण मागधका लागि धारण गरोस् ।

शस्त्र चार अङ्गुलको होस् र कुन्ज र बस्तुछेदन गर्ने खालको हुनुपर्छ र योगपरायण योगीले शिल्पविद्या न सिकोस् योगबाहिन योगीले क्रयविक्रय पनि न गर्नु र आरामिकहरूले चाहिँ गर्नु, यही धर्म हो। गुप्तेन्द्रिय, विनय र सूत्रपिटकको अर्थज्ञ हुनुपर्छ र गृहस्थसँग धेरै मित्रता पनि योगीले गर्नुहुँदैन ॥३२९-३३५॥

शून्यागारे श्मशाने वा वृक्षमूले गुहासु वा ।
पलालेऽभ्यवकाशे च योगी वासं प्रकल्पयेत् ॥३३६॥
त्रिवस्त्रप्रावृतो नित्यं श्मशानाद्यत्रकुत्रचित् ।
वस्त्रार्थं संविधातव्यं यश्च दद्यात्सुखागतम् ॥३३७॥
युगमात्रानुसारी स्यात्पिण्डभक्षपरायणः ॥
कुसुमेभ्यो यथा भ्रमरास्तथा पिण्डं समाचरेत् ॥३३८॥
गणे च गणसंसृष्टे भिक्षुणीषु च यद्भवेत् ।
तद्धि आजीवसंसृष्टं न तत्कल्पति योगिनाम् ॥३३९॥
राजानो राजपुत्रश्च आमात्याः श्रेष्ठिनस्तथा ।
पिण्डार्थे नोपदेशेत योगी योगपरायणः ॥३४०॥

शून्यागार, श्मशान, वृक्षमूल, गुफा, पलाल र अभ्यकाश मध्ये कतै पनि योगीले बास बस्नु। त्रिवस्त्रप्राकृत भएर नित्य श्मशानादि कतै पनि योगीले वस्त्र धारण गर्नू ॥३३६-३३७॥

योगीले समयानुसार पिण्डपात भक्षण गर्नुपर्दछ, जस्तो कि भ्रमरले पुष्पबाट आहार ग्रहण गर्दछ ॥३३८॥

गणमा, गणसंसृष्टमा र भिक्षुणीहरूसँग पनि जे छ त्यही तिनीहरूले ग्रहण गर्नुपर्छ ॥ ३३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सगाथकम्

योगपरायण योगीले राजा, राजपुत्र, मन्त्री र सेठ आदिलाई भोजनका लागि अनुरोध वा उपदेश न गर्नु ॥३४०॥

मृतसूतकुलान्नं च मित्रप्रीतिसमन्वितम् ।
भिक्षुभिक्षुणिसंसृष्टं न तत्कल्पति योगिनाम् ॥३४१॥
विहारे यत्र वै धूमः पच्यते विधिवत्सदा ।
उद्दिश्य यत्कृतं चापि न तत्कल्पति योगिनाम् ॥३४२॥
उत्पादभङ्गनिर्मुक्तं सदसत्पक्षवर्जितम् ।
लक्ष्यलक्षणसंयुक्तं योगी लोकं विभावयेत् ॥३४३॥
समाधिबलसंयुक्तमभिज्ञैर्वशितश्च वै
नचिरात्तु भवेद्योगी यद्युत्पादं न कल्पयेत् ॥३४४॥
अणुकालप्रधानेभ्यः कारणेभ्यो न कल्पयेत् ।
हेतुप्रत्ययसंभूतं योगी लोकं न कल्पयेत् ॥३४५॥

मृतसूतकुलको अन्न, मित्रप्रीतिसमन्वित र भिक्षुभिक्षुणीसंसृष्ट आदिको कल्पना योगीले न गर्नु ॥३४१॥

त्यसलाई निमित्त मानेर गरिने कर्मप्रति योगीहरूको संलग्नता हुँदैन ॥३४२॥

योगीले संसारलाई उत्पादभङ्गरहित, सदसत्पक्षरहित र लक्ष्यलक्षयणयुक्त बुझ्नु पर्दछ ॥३४३॥

समाधिबलले युक्त र अभिज्ञादिले पनि संयुक्त भएर योगीले उत्पादनको कल्पना न गर्नू ॥३४४॥

योगीले हेतुप्रत्ययसंभूतलोकलाई अणु, काल र प्रधानादिबाट उत्पन्न भएको कल्पना नगर्नु ॥३४५॥

स्वकल्पकल्पितं लोकं चित्रं वै वासनोदितम् ।
प्रतिपश्येत्सदा योगी मायास्वप्नोपमं भवम् ॥३४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपवादसमारोपवर्जितं दर्शनं सदा ।
देहभोगप्रतिष्ठाभं त्रिभवं न विकल्पयेत् ॥३४७॥

स्वकल्पकल्पनाबाट कल्पित लोकलाई र वासनोदित चित्तलाई योगीले माया र स्वप्न झैं बुझ्नु ॥३४६॥

अपवाद र समारोप रहित दर्शन र त्रिभवलाई देहभोग प्रतिष्ठाभ कल्पना नगरोस् ॥३४७॥

कृतभक्तपिण्डो निश्चितमृजुं संस्थाप्य वै तनुम् ।
बुद्धांश्च बोधिसत्त्वांश्च नमस्कृत्य पुनः पुन ॥३४८॥
विनयात्सुत्रयुक्तिभ्यां तत्त्वं संहृत्य योगवित् ।
पञ्चधर्मस्वचित्तं च नैरात्म्यं च विभावयेत् ॥ ३४९॥
प्रत्यात्मधर्मताशुद्धा भूमयो बुद्धभूमि च ।
एतद्विभावयेद्योगी महापद्मेऽभिषिच्यते ॥३५०॥
विभ्राम्य गतयः सर्वा भवादुद्वेगमानसः ।
योगानारभते चित्रां गत्वा शिवपथीं शुभाम् ॥३५१॥

भक्तपिण्डपात गरिसकेपछि योगीले शीरलाई सीधा राखेर बुद्ध र बोधिसत्त्वलाई बारम्बार नमस्कार गरेर विनय र सूत्रपिटकका राम्रा सूक्तिहरूलाई सङ्ग्रह गरेर पञ्चधर्मस्वचित्तलाई र नैरात्म्यलाई विभावन गर्नू। शुद्धप्रत्यात्मधर्मता र बुद्धभूमिलाई पनि योगीले भावना गर्नू सबै भ्रान्तिहरूलाई र मानसिक उद्वेगहरूलाई हटाएर योगीले कल्याणकारक पथमा आबद्ध हुनू ॥३४८-३५१॥

सोमभास्करसंस्थानं पद्मपत्रांशुसप्रभम् ।
गगनाग्निचित्रसदृशं योगी पुञ्जान् प्रपश्यते ॥३५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्तानि च चित्राणि तीर्थ्यमार्गं नयन्ति ते ।
श्रावकत्वे निपात्यन्ति प्रत्येकं जिनगोचरे ॥३५३॥
विधूय सर्वाण्येतानि निराभासो यदा भवेत् ।
तदा बुद्धकरादित्याः सर्वक्षेत्रसमागताः ।
शिरो हि तस्य मार्जन्ति निमित्तं तथतानुगाः ॥३५४॥

सोमभास्कर संस्थान, पद्यमपत्रांशुसम र गगनाग्निचित्रसदृश प्रकाशपुन्जलाई योगीले हेरोस् ॥३५२॥

निमित्तहरूले युक्त चित्रहरूले तीथ्यमार्ग तर्फ लान्छन् र श्रावकत्व र प्रत्येकजिन गोचरमा खसाल्छन् ॥३५३॥

यी सबैलाई विधूय जब निराभास उत्पन्न हुन्छन् र तिनले आफूलाई तथतानुग बनाउँदै त्यसका शिरको मार्जन गर्दछन् ॥ ३५४॥

अस्त्यनाकारतो भावः शाश्वतोच्छेदवर्जितः ।
सदसत्पक्षविगताः कल्पयिष्यन्ति मध्यमम् ॥३५५॥
अहेतुवादे कल्प्यन्ते अहेतूच्छेददर्शनम् ।
बाह्यभाववापरिज्ञानान्नाशयिष्यन्ति मध्यमम् ॥३५६॥
भावग्राहं न मोक्ष्यन्ते मा भूदुच्छेददर्शनम् ।
समारोपापवादेन देशयिष्यन्ति मध्यमम् ॥३५७॥
चित्तमात्राबबोधेन बाह्याभावा व्युदाश्रया ।
विनिवृत्तिर्विकल्पस्य प्रतिपत् सैव मध्यमा ॥३५८॥

अनाकार भाव शाश्वत र उच्छेद वर्जित र सदसत्पक्षविगत आदि कल्पना गर्दछन् माध्यमिकहरूले त्यसैगरी अहेतुवादमा अहेतु उच्छेद दर्शनले गर्दा बाह्यभावापरिज्ञानाद्वरा नष्ट गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावग्राहलाई न मोक्षन उच्छेददर्शन नहोस् र समारोप र अपवाद पनि देखिन्छ। चित्तमात्रको अवबोधनले बाह्यभावको व्युदाश्रय हुन्छ र विनिवृत्तिर्विकल्पको जो मार्ग छ त्यही माध्यमिक हो ॥ ३५५-३५८॥

चित्तमात्रं न दृश्यन्ति दृश्याभावान्न जायते ।
प्रतिपन्मध्यमा चैषा मया चान्यैश्च देशिता ॥३५९॥
उत्पादं चाप्यनुत्पादं भावाभावश्च शून्यता ।
नैःस्वभाव्यं च भावानां द्वयमेतन्न कल्पयेत् ॥३६०॥
विकल्पवृत्या भावो न मोक्षं कल्पेन्ति बालिशाः ।
न चित्तवृत्यसंबोधाद्द्वयग्राहः प्रहीयते ॥३६१॥
स्वचित्तदृश्यसंबोधाद्द्वयग्राहः प्रहीयते ।
प्रहाणं हि परिज्ञानं विकल्प्यस्याविनाशकम् ॥३६२॥
चित्तदृश्यपरिज्ञानाद्विकल्पो न प्रवर्तते
अप्रवृत्तिर्विकल्पस्य तथता चित्तवर्जिता ॥३६३॥

चित्तमात्रलाई देख्दैनन् रदृष्याभाववाट उत्पन्न हुँदैन। प्रतिपन्मध्यमा योमैले र अन्यले पनि देशित गरेका छन् ॥ ३५९॥

उत्पाद, अनुत्पाद भाव, अभाव, शून्यता र नैःस्वभाव्य आदि भावहरूमा यो कल्पना नगर्नु ॥३६०॥

बालकहरूले विकल्पवृत्तिले गर्दा भावलाई मोक्ष कल्पना गर्दैनन् र चित्तकृत्यको असंबोधले द्वयग्राहको नाश हुँदैन ॥३६१॥

स्वचित्तको दृश्यसंबोधले द्वयाग्राह नाश हुन्छ र प्रहाण भनेको परिज्ञान हो र विकल्प्यको अविनाशक हो ॥ ३६२॥

चित्तदृश्यपरिज्ञानले विकल्प प्रवृत्त हुँदैन र विकल्पको अप्रवृत्ति चाहिँ तथता हो र त्यो चित्त वर्जित हुन्छ ॥३६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थ्यदोषविनिर्मुक्ता प्रवृत्तिर्यदि दृश्यते ।
सा विद्वद्भिर्भवेद्ग्राह्या निवृत्तिश्चाविनाशतः ॥३६४॥
अस्यावबोधाद्बुद्धत्वं मया बुद्धैश्च देशितम् ।
अन्यथा कल्प्यमानं हि तीर्थ्यवादः प्रसज्यते ॥३६५॥
अजाः प्रसूतजन्मा वै अच्युताश्च च्यवन्ति च ।
युगपज्जलचन्द्राभा दृश्यन्ते क्षेत्रकोटिषु ॥३६६॥
एकाध बहुधा भूत्वा वर्षन्ति च ज्वलन्ति वै
चित्ते चिन्तमया भूत्वा चित्तमात्रं बदन्ति ते ॥३६७॥
चित्तेषु चित्तमात्रं च अचित्ता चित्तसंभवा ।
विचित्ररूपसंस्थानाश्चित्तमात्रे गतिंगताः ॥३६८॥

यदि तीर्थ्यदोषरहित प्रवृत्ति देखिन्छ भने त्यो विद्वान्हरूद्वारा ग्राह्य हुन्छ र अविनाशतः निवृत्ति हुन्छ ॥३६४॥

यसको बोधले बुद्ध हुन्छ भन्ने कुरा मैले र बुद्धले पनि देशना गरेका छन् र जसले अन्यथा कल्पना गर्दछ तीर्थ्यवाद प्रसज्य हुन्छ ॥३६५॥

अज, प्रसूतजन्मा, अच्युत र च्यवनादि चाहिँ क्षेत्र कोटिहरूमा एकैपटक आभा झैं देखिन्छन् ॥३६६॥

एउटा र धेरै भएर तिनीहरू वर्षन्छन् र जल्छन् पनि त्यसैगरी चित्तमा चित्तमय भएर तिनीहरू चित्तमात्र भन्छन् ॥३६७॥

चित्तमा चित्तमात्र । अचित्तमा चित्संभव छ र विचित्ररूप संस्थान भएकाले चित्तमात्रमा गति भएको छ ॥३६८॥

मौनीन्द्रै श्रावकै रूपैः प्रत्येकजिनसादृशैः
अन्यैश्च विविधै रूपैश्चित्तमात्रं बदन्ति ते । ॥३६९॥
आरूप्यरूपं ह्यारूपैर्नारकाणां च नारकम् ।
रूपं दर्शयन्ति सत्त्वानां चित्तमात्रस्य कारणम् ॥६७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायोपमं समाधिं च कायं चापि मनोमयम् ।
दश भूमीश्च वशिताः परावृत्ता लभन्ति ते ॥ ३७१॥
स्वविकल्पविपर्यासैः प्रपञ्चस्पन्दितैश्च वै ।
दृष्टश्रुतमतज्ञते बाला बध्यन्ति संज्ञया ॥३७२॥
निमित्तं परतन्त्रं हि यान्नाम तत्र कल्पितम् ।
परिकल्पितनिमित्तं पारतन्त्र्यात्प्रवर्तते ॥३७३॥

प्रमुख मुनि, श्रावक, रूप प्रत्येकजिनसदृश र अन्य विविध रूपहरूले गर्दा त्यसलाई चित्तमात्र भन्दछन् ॥३६९॥

आरूप्यरूप र आरूपनरकहरूको नारक रूप देखिन्छ र त्यही नै सत्त्वहरूको चित्तमात्रको कारण हो ॥३७०॥

मायोपम समाधि, मनोमयकाय, दशभूमि, दशशिता र आश्रयपरावृति आदि लाभ हुन्छ ॥३६१॥

स्वविकल्पविपर्यासले र प्रपञ्चस्पन्दितले दृष्टश्रुतज्ञातामा संज्ञाद्वारा बालकहरूले बन्धनमा पर्दछन् ॥३७२॥

निमित्त परतन्त्र हो र त्यहाँ जुन नाम कल्पित छ त्यो चाहिँ परिकल्पित निमित्त हो र पारतन्त्रबाट प्रवृत्त हुन्छ ॥३७३॥

बुद्धया विवेच्यमानं हि न तन्त्रं नापि कल्पितम् ।
निष्पन्नो नास्ति वै भावः कथं बुद्धया प्रकल्प्यते ॥३७४॥
निष्पन्नो विद्यते भावो भावाभावविवर्जितः ।
भावाभावविनिर्मुक्तौ द्वौ स्वभावौ कथं भवेत् ॥३७५॥
परिकल्पिते स्वभावे च स्वभावौ द्वौ प्रतिष्ठितौ ।
कल्पितं दृश्यते चित्रं विशुद्धमार्यगोचरम् ॥३७६॥
कल्पितं हि विचित्राभं परतन्त्रे विकल्प्यते ।
अन्यथा कल्प्यमानं हि तीर्थ्यवादं समाश्रयेत् ॥३७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल्पना कल्पनेत्युक्तं, दर्शनाद्धेतुसंभवम् ।
विकल्पद्वय र्निमुक्तं, निष्पन्नं स्यात्तदेव हि ॥३७८॥

बुद्धिले विवेच्यमान न परतन्त्र लक्षण छ न परिकल्पित नै छ र परिनिष्पन्न पनि छैन त्यसैले भावलाई बुद्धिले कसरी कल्पना गर्ने ॥३७४॥

भावाभाव वर्जित भाव जो छ त्यो परिनिष्पन्न लक्षण हो त्यसैले कसरी दुइवटा स्वभाव भावाभाव विवर्जित होलान् ॥३७५॥

परिकल्पित स्वभावमा अन्य दुइवटा स्वभावहरू प्रतिष्ठित छन् र विशुद्ध आर्यगोचर रूपमा परिकल्पित नै देखिन्छन् ॥३७६॥

परिकल्पित विचित्राभलाई नै परतन्त्रमा कल्पना गरिन्छ र त्यसलाई अन्यथा कल्पना गर्नाले तीर्थ्यवाद समाश्रित हुन्छ ॥३७७॥

कल्पना कल्पना इत्युक्त दर्शनबाट हेतु संभव र विकल्प द्वयरहित त्यही नै निष्पन्न हो ॥३७८॥

क्षेत्रं बुद्धाश्च निर्माणा एकं यानं त्रयं तथा ।
न निर्वाणमहं सर्वे, शून्या उत्पत्तिवर्जिताः ॥३७९॥
षट्त्रिंशद्बुद्धभेदाश्च दश भेदाः पृथक्पृथक् ।
सत्त्वानां चित्तसंताना एते क्षेत्राण्यभाजनम् ॥३८०॥
यथा हि कल्पितं भावं ख्यायते चित्रदर्शनम्
न ह्यस्ति चित्रता तत्र बुद्धधर्मं तथा जगत् ॥३८१॥
धर्मबुद्धो भवेद्बुद्धः शेषा वै तस्य निर्मित्ताः ।
सत्त्वाः स्वबीजसंतानं पश्यन्ते बुद्धदर्शनैः ॥३८२॥
भ्रान्तिनिमित्तसंबन्धाद्विकल्पः संप्रवर्तते ।
विकल्पा तथता नान्या न निमित्ता विकल्पना ॥३८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्ध क्षेत्र, बुद्ध निर्वाण एकयान, त्रियान र निर्वाण म सबै शून्य र उत्पत्तिवर्जित छ ॥३७९॥

छत्तीस बुद्धका भेद, दशवटा अलग-अलग भेद र सत्त्वहरूको चित्त संतान यी सबै क्षेत्रगत भाजनलोक हुन् ॥३८०॥

जस्तो कि कल्पित भाव भनेको चित्रदर्शन हो ता पनि त्यहाँ चित्रता छैन त्यस्तै बुद्ध धर्म र जगत्मा पनि जान्नुपर्दछ ॥३८१॥

धर्मरूपी बुद्ध नै बुद्ध हुन् र बाँकी त्यसका निर्माण बुद्ध हुन् र सत्त्वहरू स्वबीजसंतान हुन् भनेर बुद्धका दर्शनहरूले भन्दछन् ॥३८२॥

भ्रान्तिनिमित्तसंबन्धले गर्दा विकल्प प्रवृत्त हुन्छ। विकल्प र तथता पनि अन्य होइनन्, त्यसैले विकल्पना निमित्त होइन ॥ ३८३॥

स्वाभाविकश्च संभोगो निर्मितं पञ्चनिर्मितम् ।
षट्त्रिंशकं बुद्धगणं बुद्धः स्वाभाविको भवेत् ॥३८४॥
नीले रक्तेऽथ लवणे शङ्खे क्षीरे च शार्करे ।
कषायैः फलपुष्पाद्यैः किरणा यथ भास्करे ॥३८५॥
न चान्ये न च नान्ये तरङ्गा ह्युदधाविव
विज्ञानानि तथा सप्त चित्तेन सह संयुता ॥३८६॥
उदधेः परिणामोऽसौ तरङ्गाणां विचत्रता ।
आलयं हि तथा चित्रं विज्ञानाख्यं प्रवर्तते ॥३८७॥

स्वाभाविक कार्य, संभोगकाय, निर्माणकाय, पञ्चबुद्ध, छत्तीस बुद्धगण र बुद्ध स्वाभाविक हुन् ॥३८४॥

नील, रक्त, लवण, शंख, क्षीर र शर्करामा काषय, फलपुष्पादि किरणहरू जसरी भास्करमा हुन्छन् त्यसरी नै समुद्रमा तरङ्गहरू झैं सप्त विज्ञानहरू चित्तसँग जोडिएका हुन्छन् ॥३८५-३८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरङ्गहरूको विचित्रता भनेको समुद्रको परिणाम हो र विज्ञानाख्य आलयको चित्त प्रवृत्त हुन्छ ॥३८७॥

चित्तं मनश्च विज्ञानं लक्षणार्थं, प्रकल्प्यते ।
अभिन्नलक्षणान्ष्टौ न च लक्ष्यं न लक्षणम् ॥३८८॥
उदधेश्च तरङ्गाणां यथा नास्ति विशेषणम् ।
विज्ञानानां यथा चित्ते परिणामो न लभ्यते ॥३८९॥
चित्तेन चीयते कर्म मनसा च विचीयते ।
विज्ञानेन विजानाति दृश्यं कल्पेति पञ्चभिः ॥३९०॥
नीलरक्तप्रकारं हि विज्ञानं ख्यायते नृणाम् ।
तरङ्गचित्तसाधर्म्यं वद कस्माद्महामुने ॥३९१॥
नीलरक्तप्रकारं हि तरङ्गेषु न विद्यते ।
वृत्तिश्च वर्ण्यते चित्ते लक्षणार्थं हि बालिशाः ॥३९२॥

चित्त मन र विज्ञान लक्षणका लागि प्रवृत्त हुन्छ र अभिन्न लक्षणहरू आठवटा हुन्छन् र वास्तवमा लक्ष्य र लक्षण दुवै हुँदैनन् ॥३८८॥

जसरी समुद्रका तरङ्गहरूको विशेषण छैन त्यसरी नै विज्ञानहरूको पनि चित्तमा परिणाम उपलब्ध हुँदैन। चित्तले कर्मको चयन गर्छ, मनले विवेचन गर्छ, विज्ञानले जान्दछ र पाँचवटाले दृष्यको कल्पना गर्दछ ॥३८९-३९०॥

नीलरक्तप्रकारलाई नै मानिसहरूले विज्ञान भन्दछन् र त्यो तरङ्गचित्तसाधर्म्य हो। नीलरक्तप्रकार तरङ्गमा छैन र लक्षणका लागि बालिशहरूले चित्तमा वृत्तिको वर्णन गर्दछन् ॥३९१-३९२॥

न तस्य विद्यते वृत्तिः स्वचित्तं ग्राह्यवर्जितम् ।
ग्राह्ये सति हि वै ग्राहस्तरङ्गैः सह साध्यते ॥३९३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहभोगप्रतिष्ठानं विज्ञानं ख्यायते नृणाम् ।
तेनास्य दृश्यते वृत्तिस्तरङ्गैः सहसादृशा ॥३९४॥
उदधिस्तरङ्गभावेन नृत्यमानो विभाव्यते ।
आलयस्य तथा वृत्तिः कस्माद्बुध्या न गृह्यते ॥३९५॥
बालानां बुद्धिवैकल्यादालयं ह्युदधेर्यथा ।
तरङ्गवृत्तिसाधर्म्या दृष्टान्तेनोपनीयते ॥३९६॥
उदेति भास्करो यद्वत्समं हीनोत्तमे जने ।
तथा त्वं लोकप्रद्योत तत्त्वं देशेसि बालिशान् ॥३९७॥

स्वचित्तग्राह्यरहित त्यसको वृत्ति हुँदैन र ग्राह्य भएपछि ग्राह चाहिँ तरङ्गहरूसँग साधित हुन्छ ॥३९३॥

मानिसहरूमा देहभोगप्रतिष्ठान भनेर विज्ञान ख्यापित छ त्यसैले तरङ्गसदृश वृत्ति देखिन्छ ॥३९४॥

त्यो चाहिँ उदधितरङ्गभावले नृत्यमान विभावित हुन्छ र आलस्यको वृत्ति किन ग्रहण नगर्ने ? ॥३९५॥

बालकहरूको बुद्धिवैकल्यले गर्दा समुद्रको तरङ्गवृत्तिसाधर्म्य दृष्टान्तले बुझिन्छ ॥३९६॥

जसरी सूर्य ठूला-साना सबैका लागि समानरूपले उदाउँछ, त्यसरी नै यो ज्ञान पनि सबैका लागि हो ॥३९७॥

कृत्वा धर्मेष्ववस्थानं कस्मात्तत्वं न भाषसे ।
भाषसे यदि तत्त्वं वै तत्त्वं चित्ते न विद्यते ॥३९८॥
उदधेर्यथा तरङ्गाणि दर्पणे सुपिने यथा ।
दृश्यन्ते युगपत्काले तथा चित्तं स्वगोचरे ।
वैकल्याद्विषयाणां हि क्रमवृत्या प्रवर्तते ॥३९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञानेन विजानाति मनसा मन्यते पुनः ।
पञ्चानां ख्यायते दृश्यं क्रमो नास्ति समाहिते ॥४००॥

धर्महरूमा अवस्थित भएर किन तत्त्व नभन्ने र यदि तत्त्वका बारेमा भन्छौं भनें तत्त्व चित्तमा छैन ॥३९८॥

जसरी तरङ्गहरू दर्पण र सुपिनमा एउटै समयमा देखिन्छन् त्यसरी नै चित्त पनि स्वगोचरमा वैकल्यादि विषयहरूको क्रमवृत्तिद्वारा प्रवृत्त हुन्छ ॥३९९॥

विज्ञानले जान्दछ, मनले मान्दछ । पाँचवटाको दृश्य ख्यापित हुन्छ र समाहितमा क्रम छैन ॥४००॥

चित्राचार्यो यथा कश्चिच्चित्रान्तेवासिकोऽपि वा ।
चित्रार्थे नामयेद्रङ्गं देशनापि तथा मम ॥४०१॥
रङ्गे न विद्यते चित्रं न कुड्ये न च भाजने ।
सत्त्वानां कर्षणार्थाय रङ्गैश्चित्रं विकल्प्यते ॥४०२॥
देशनाव्यभिचारी च तत्त्वं ह्यक्षरवर्जितम् ।
कृत्वा धर्मे व्यवस्थानं तत्त्वं देशेमि योगिनाम् ॥४०३॥
तत्त्वं प्रत्यात्मगतिकं कल्प्यकल्पनवर्जितम् ।
देशेमि जिनपुत्राणां बालानां देशनान्यथा ॥४०४॥
विचित्रा हि यथामाया दृश्यते न च विद्यते ।
देशना हि तथा चित्रा दृश्यतेऽव्यभिचारिणी ॥४०५॥

चित्र सिकाउने गुरू र उसको शिष्य दुवैले चित्र लेख्नका लागि नै रङ्गको निर्माण गर्दछन् त्यसरी नै देशना पनि दुबैका लागि हुन्छ ॥४०१॥

चित्र र रङ्गमा, न भित्तामा र न भाँडामा नै रहन्छ । प्राणीहरूको कर्षणका लागि रङ्गहरूद्वारा चित्तको कल्पना गरिन्छ ॥४०२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशना व्यभिचारी अक्षरवर्जिते तत्त्वलाई धर्ममा व्यवस्थान गरेर योगीहरूका लागि तत्त्वको देशना गर्दछु ॥४०३॥

प्रत्यात्मगतिक तत्त्व जो कल्प्य कल्पना रहित छ, जिनपुत्रकरुका लागि त्यसको देशना गर्दछु ॥४०४॥

विचित्रमाया जो देखिन्छ तर वास्तवमा छैन त्यसरी नै देशना पनि अव्यभिचारिणी र चित्र रूपमा देखिन्छ ॥४०५॥

देशना हि यदन्यस्य तदन्यस्याष्यदेशना ।
आतुरे आतुरे यद्वद्भिषग्द्रव्यं प्रयच्छति ।
बुद्धा हि तद्वत्सत्त्वानां चित्तमात्रं वदन्ति ते ॥४०६॥
बाह्यवासनबीजेन विकल्पः संप्रवर्तते ।
तन्त्रं हि येन गृह्णाति यद्गृह्णाति स कल्पितम् ॥४०७॥
बाह्यमालम्बनं गृह्यं चित्तं चाश्रित्य जायते ।
द्विधा प्रवर्तते भ्रान्तिस्तृतीयं नास्ति कारणम् ॥४०८॥
यस्माच्च जायते भ्रान्तिर्यदाश्रित्य च जायते ।
षड्द्वादशाष्टादशकं चित्तमेव वदाम्यहम् ॥४०९॥
स्वबीजग्राह्यसंबन्धादात्मग्राहः प्रहीयते ।
चित्तकल्पावतारेण धर्मग्राहः प्रहीयते ॥४१०॥

जो एउटाको देशना हो त्यो अन्यका लागि पनि हुन सक्छ ; जस्तो कि एउटा आतुरलाई दिएको औषधि अन्यलाई पनि काम लाग्न सक्छ त्यसैले बुद्ध सबै प्राणीहरूका लागि चित्तमात्र भन्दछन् ॥४०६॥

बाह्यवासनाबीजले विकल्प प्रवृत्त हुन्छ र जसले तन्त्रलाई ग्रहण गर्दछ त्यो कल्पित हो ॥४०७॥

बाह्यलम्बन ग्राह्य चित्तमा आश्रित भएर उत्पन्न हुन्छ र भ्रान्ति दुई प्रकारले हुन्छ, तेस्रो कुनै कारण छैन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसबाट र जसलाई आश्रय मानेर भ्रान्ति उत्पन्न हुन्छ ती षड्इन्द्रिय, द्वादशायतन र अष्टादश धातु हुन् ॥

स्वबीजग्राह्यसंबन्धबाट आत्मग्राह नष्ट हुन्छ र चित्तकल्पाबतारबाट धर्मग्राह विनष्ट हुन्छ ॥४१०॥

यत्तु आलयविज्ञानं तद्विज्ञानं प्रवर्तते ।
आध्यात्मिकं ह्यायतनं भवेद्वाह्यं यदाभया ॥४११॥
नक्षत्रकेशग्रहणं स्वप्नरूपं यथाबुधैः ।
संस्कृतासंस्कृतं नित्यं कल्प्यते न च विद्यते ॥४१२॥
गन्धर्वनगरं माया मृगतृष्णाम्भसां यथा ।
असन्तो वा विदृश्यन्ते परतन्त्रं तथा भवेत् ॥४१३॥
आत्मेन्द्रियोपचारं हि त्रिचित्ते देशयाम्यहम् ।
चित्तं मनश्च विज्ञानं स्वलक्षणविसंयुता ॥४१४॥
चित्तं मनश्च विज्ञानं नैरात्म्यं स्याद्द्वयं तथा ।
पञ्च धर्माः स्वभावा हि बुद्धानां गोचरो ह्ययम् ॥४१५॥

जो आलयविज्ञान हो त्यही विज्ञान प्रवृत्त हुन्छ र जो आध्यात्मिक आयतन छ त्यही नै प्रकाशद्वारा बाह्य आयतन हो ॥४११॥

जसरी नक्षत्र र केशग्रहणलाइ विद्वान्हरूले स्वप्न समान मान्दछन् त्यसरी नै संस्कृत र असंस्कृतको जो नित्य कल्पना छ त्यसलाई विद्वान्हरूले छैन भन्ने बुझ्दछन् ॥४१२॥

जसरी गन्धर्वनगर, माया, मृगतृष्णा र आकाशादि नभए पनि छन् झैं प्रतिभासित हुन्छन् त्यसरी नै परतन्त्रलाई बुझ्नु पर्दछ ॥४१३॥

आत्मोपचार भनेको चित्तत्रय (आलयविज्ञान, क्लिष्टमन र मनोविज्ञान) हो र चित्त, मन र विज्ञान र स्वलक्षणले युक्त छन् ॥४१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त, मन, विज्ञान, नैरात्म्यद्वय, पञ्चधर्म स्वभाव यी सबै बुद्धलाई गोचर हुन्छन् ॥४१५॥

लक्षणेन भवेत्त्रीणी एकं वासनहेतुकाः ।
रङ्गं हि यथाप्येकं कुड्ये चित्रं विदृश्यते ॥४१६॥
नैरात्म्यमद्वयं चित्तं मनोविज्ञानमेव च ।
पञ्च धर्माः स्वभावा हि मम गोत्रे न सन्ति ते ॥४१७॥
चित्तलक्षणनिर्मुक्तं विज्ञानमनवर्जितम् ।
धर्मस्वभावविरहं गोत्रं ताथागतं लभेत् ॥४१८॥
कायेन वाचा मनसा न तत्र क्रियते शुभम् ।
गोत्रं ताथागतं शुद्धं समुदाचारवर्जितम् ॥४१९॥
अभिज्ञैर्वशितैः शुद्धं समाधिबलमण्डितम् ।
कायं मनोमयं चित्तं गोत्रं ताथागतं शुभम् ॥४२०॥

लक्षणद्वारा तीन हुन्छ र एउटा वासनाहेतुक हुन्छ त्यसैगरी रङ्ग एउटै भएपनि भित्तामा चित्र देखिन्छ ॥४१६॥

नैरात्म्यद्वय, चित्त, मनोविज्ञान, पञ्चधर्म र स्वाभाव मेरो (बुद्धको) गोत्रमा छैनन् ॥४१७॥

निमित्तलक्षरहित, विज्ञान र मन रहित त्यसैगरी धर्मस्वभावरहित तथागतका गोत्रमा पाइन्छन् ॥४१८॥

काय, वाक् र मनद्वारा त्यहाँ शुभ गरिदैन र तथागत गोत्र शुद्ध र समुदाचारवर्जित छ ॥४१९॥

अभिज्ञा र वशितद्वारा शुद्ध र समाधिबलमण्डित तथा काय, मनोमय, चित्त र गोत्र चाहिँ ताथागत र शुभ छ ॥

प्रत्यात्मवेद्यं ह्यमलं हेतुलक्षणवर्जितम् ।
अष्टमी बुद्धभूमिश्च गोत्रं तथागतं भवेत् ॥४२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दूरङ्गमा साधुमती धर्ममेघा तथागती ।
एतद्धि गोत्रं बुद्धानां शेषा यानद्वयावहा ॥४२२॥
सत्त्वसंतानभेदेन लक्षणार्थं च बालिशाम् ।
देश्यन्ते भूमयः सप्त बुद्धैश्चित्तवशं गताः ॥४२३॥
वाक्कायचित्तदौष्ठुल्यं न सप्तम्यां प्रवर्तते ।
अष्टम्यां ह्याश्रयस्तस्य स्वप्नौघसमसादृशः ॥४२४॥
भूम्यष्टम्याँ च पञ्चम्यां शिल्पविद्याकलागमम् ।
कुर्वन्ति जिनपुत्रा वै नृपत्वं च भवालये ॥४२५॥

प्रत्यात्मवेद्य, अमल र हेतुलक्षणवर्जित तथा जो अष्टमी बुद्धभूमि छ त्यो तथागत गोत्र हो ॥४२१॥

दूरङ्गमा, साधुमती, धर्ममेघा र तथागती यिनै बुद्धका गोत्र हुन् र शेष चाहिँ यानद्वयावह हुन् ॥४२२॥

बालजनबोधका लागि सत्त्वसंतानभेदले लक्षणार्थलाई देशना गरिन्छ र बुद्धचित्तवशगत भूमिहरू सातवटा छन् ॥४२३॥

वाक्काय र चित्तको दौष्ठुल्य सप्तमी भूमिमा प्रवृत्त हुँदैन । आठौं भूमिमा त्यसको आश्रय जो छ त्यो स्वप्नोपमान छ ॥४२४॥

आठौं भूमिमा र पञ्चमभूमिमा जिनपुत्रहरूले शिल्पविद्या, कला आगमादिको अभ्यास गर्छन् र संसारमा राजासमान हुन्छन् ॥४२५॥

उत्पादमथ नोत्पादं शून्याशून्यं न कल्पयेत् ।
स्वभावमस्वभावत्वं चित्तमात्रे न विद्यते ॥४२६॥
इदं तथ्यमिदं तथ्यमिदं मिथ्या विकल्पयेत् ।
प्रत्येकश्रावकाणां च देशना न जिनौरसाम् ॥४२७॥
सच्चासच्च सतो नैव क्षणिकं लक्षणं न वै ।
प्रज्ञप्तिद्रव्यसन्नैव चित्तमात्रे न विद्यते ॥४२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावा विद्यन्ति संवृत्या परमार्थे न भावकाः ।
निःस्वभावेषु या भ्रान्तिस्तत्सत्यं संवृतिर्भवेत् ॥४२९॥
असत्सु सर्वधर्मेषु प्रज्ञप्तिः क्रियते मया ।
अभिलापो व्यवहारश्च बालानां तत्त्ववर्जितः ॥४३०॥

उत्पाद, अनुत्पाद, शून्य र अशून्यको कल्पना नगरोस् र स्वभाव र अस्वभाव चित्तमा विद्यमान छैन ॥४२६॥

यो तथ्य र यो मिथ्या हो भनेर कल्पना गर्नुपर्दछ र यो देशना प्रत्येकवुद्ध र श्रावकयानीहरूका लागि हो तर बोधिसत्त्वहरूका लागि होइन ॥४२७॥

सत् र असत् हुंदा हुंदै पनि छैनन्, त्यसैगरी क्षणिक र लक्षण पनि छैनन् । प्रज्ञप्तिद्रव्यसत् पनि छैन ॥४२८॥

सांवृतिक रूपमा भावहरू छन् र पारमार्थिक रूपमा छैनन् र निःस्वभावमा जो भ्रान्ति छ त्यो पारमार्थिक सत्य हो ॥४२९॥

सर्वधर्ममा असत् प्रज्ञप्ति गरिन्छ र अभिलाप र व्यवहार चाहिँ वालहरूका लागि तत्त्ववर्जित छ ॥४३०॥

अभिलापसंभवो भावो विद्यते ह्यर्थगोचरः ।
अभिलापसंभवो भावो दृष्ट्वा वै नास्ति विद्यते ॥४३१॥
कुड्याभावे यथा चित्रं छायायां स्थाणुवर्जिते ।
आलयं तु तथा शुद्धं तरङ्गे न विराजते ॥४३२॥
नटवत्तिष्ठते चित्तं मनो विदूषसादृशम् ।
विज्ञानपञ्चकैः सार्धं दृश्यं कल्पति रङ्गवत् ॥४३३॥
देशनाधर्मनिष्यन्दो यच्च निष्यन्दनिर्मितम् ।
बुद्धा ह्येते भवेत्पौराः शेषा निर्माणविग्रहाः ॥४३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्यं न विद्यते चित्तं चित्तं दृश्यात्प्रमुह्यते ।
देहभोगप्रतिष्ठानमालयं ख्यायते नृणाम् ॥४३५॥

अभिलापसंभव भाव अर्थगोचर छ र अभिलाप संभव भाव जो छ त्यो देखेर छैन ॥४३१॥

जसरी भित्तो न हुँदा चित्र रहँदैन र स्थाणु न हुँदा छाया रहँदैन त्यसरी नै शुद्ध आलय तरङ्गमा विराजमान हुँदैन ॥४३२॥

चित्त नट झैँ हुन्छ र मन चाहिँ विदूष झैँ हुन्छ त्यस्तै पाँचविज्ञान सहित दृश्यलाई रङ्गवत् कल्पना गर्दछन् ।

देशना धर्मनिष्यन्द हो र त्यो चाहिँ निर्मित हो र त्यसैगरी बुद्धहरू पौर हुन् भने बाँकी निर्माणकाय युक्त हुन् ॥

चित्तमा दृश्यता छैन र चित्त चाहिँ दृश्यबाट मोहित हुन्छ र देहभोगप्रतिष्ठान आलय मानिसहरूमा प्रसिद्ध छ ।

चित्तं मनश्च विज्ञानं स्वभावं धर्मपञ्चकम् ।
नैरात्म्यं द्वितयं शुद्धं प्रभाषन्ते विनयकाः ॥४३६॥
तार्किकाणामविषयं श्रावकाणां न चैव हि ।
यं देशयन्ति वै नाथा प्रत्यात्मगतिगोचरम् ॥४३७॥
दीर्घह्रस्वादिसंबद्धमत्योन्यतः प्रवर्तते ।
अस्तित्त्वसाधका नास्ति अस्ति नास्तित्त्वसाधकम् ॥४३८॥
अणुशो विभज्य द्रव्यं न वै रूपं विकल्पयेत् ।
चित्तमात्रव्यवस्थानं कुदृष्टया न प्रसीदति ॥४३९॥
मा शून्यतां विकल्पेथ मा शून्यमिति वा पुनः ।
नास्त्यस्ति कल्पनैवेयं कल्प्यमर्थं न विद्यते ॥४४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त, मन, विज्ञान, स्वभाव र धर्मपञ्चक र नैरात्म्य चाहिँ द्वितय शुद्ध भन्दछन् विनायकहरू ॥४३६॥

तार्किकहरूका लागि अविषय र श्रावकका लागि पनि त्यस्तै छ भनेर नाथले यसलाई प्रत्यान्मगतिगोचर भन्छन् ॥४३७॥

दीर्घह्रस्वादि सम्बद्ध अन्योन्यतः प्रवृत्त हुन्छन्। अस्तित्त्व साधक छैनन् र नास्तित्त्व साधक छन् ॥४३८॥

अणुबाट विभाजन भएर रूप उत्पन्न हुन्छ भन्ने कल्पना नगर्नू। चित्तमात्रको व्यवस्थान कुदृष्टिले प्रसारित हुँदैन ॥४३९॥

शून्यतालाई कल्पना नगर्नू र शून्य छैन पनि नभन्नू। नास्ति र अस्ति भन्ने कल्पना र कल्प्यर्थ छैन ॥४४०॥

गुणाणुद्रव्यसङ्घातै रूपं बालैर्विकल्प्यते ।
एकैकमणुशो नास्ति अतोऽप्यर्थं न विद्यते ॥४४१॥
स्वचित्तं दृश्यसंस्थानं बहिर्धा ख्यायते नृणाम् ।
बाह्यं न विद्यते दृश्यमतोऽप्यर्थं न विद्यते ॥४४२॥
चित्तं केशोण्डुकं मायां स्वप्न गन्धर्वमेव च ।
अलात मृगतृष्णा च असन्तं ख्यायते नृणाम् ॥४४३॥
नित्यानित्यं तथैकत्वमुभयं नोभयं तथा ।
अनादिदोषसंबद्धा बालाः कल्पेन्ति मोहिताः ॥४४४॥
यानव्यवस्था नैवास्ति यानमेकं वदाम्यहम् ।
परिकर्षणार्थं बालानां यानभेदं वदाम्यहम् ॥४४५॥

गुण, अणु र द्रव्यको सङ्घातबाट रूपको कल्पना बालजनले गर्दछन् तर एउटा-एउटा अणु छैन त्यसैले अर्थ पनि छैन ॥४४१॥

स्वचित्त दृश्यसंस्थान मानिसहरूमा बहिर्धा प्रसिद्ध छ तर दृश्य बाह्य छैन त्यसैले अर्थ छैन ॥४४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त केशोण्डुक, माया, स्वप्न, गन्धर्वनगर, आलात र मृगतृष्णा छैनन् तापनि छन् भन्ने प्रसिद्धि छ ॥

नित्य, अनित्य, एकत्व, उभय र नोभयलाई अनादिदोषसम्वद्ध मोहित बालकहरूले कल्पना गर्छन् ॥४४४॥

यानव्यवस्था छैन तापनि एउटा यानको बारेमा म बताउँछु र बालकहरूको आकर्षणका लागि म यानभेद बताउँछु ॥४४५॥

विमुक्तयस्तथा तिस्रो धर्मनैरात्म्यमेव च ।
समताज्ञानक्लेशाख्या विमुक्त्या ते विवर्जिताः ॥४४६॥
यथा हि काष्टमुदधौ तरङ्गैर्विप्रवाह्यते ।
तथा च श्रावको मूढो लक्षणेन प्रवाह्यते ॥४४७॥
निष्ठागतिर्न तत्तस्या न च भूयो निवर्तते ।
समाधिकायं संप्राप्य आ कल्पान्न प्रबुध्यते ॥४४८॥
वासनाक्लेशसंबद्धा पर्युत्थानैर्विसंयुताः ।
समाधिमदमत्तास्ते धातौ तिष्ठन्त्यनास्रवे ॥४४९॥
यथा हि मत्तः पुरूषो मद्याभावाद्विबुध्यते ।
तथा ते बुद्धधर्माख्यं कायं प्राप्स्यन्ति मामकम् ॥४५०॥

तीनवटा विमुक्तिहरू, धर्मनैरात्म्य र क्लेशाख्य समताज्ञान विमुक्तिबाट विवर्जित छन्। जसरी समुद्रमा तरङ्गहरूद्वारा काठ प्रवाहित हुन्छ त्यसरी नै मूढ श्रावक लक्षणद्वारा प्रवाहित हुन्छ ॥४४६-४४७॥

श्रावकयानीको निष्ठागति हुँदैन र न भूय निवृत्ति नै हुन्छ र समाधिकायलाई प्राप्त गरेर आकल्पबाट प्रबुद्ध हुँदैन ॥४४८॥

वासनाक्लेशसंबद्ध पर्युत्थानले विसंयुत समाधिमदमत्तहरू अनाश्रव धातुमा बस्दछन् ॥४४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसरी मत्त पुरुष मदिराले छोडेपछि व्युभिन्छ त्यसरी नै तिनीहरूले मेरो बुद्धाख्य काय प्राप्त गर्दछन् ॥४५०॥

पङ्कमग्नो यथा हस्ती इतस्ततो न धावति ।
समाधिमदमग्ना वै तथा तिष्ठन्ति श्रावकाः ॥४५१॥
अधिष्ठानं नरेन्द्राणां प्रणिधानैर्विशोधितम् ।
अभिषेकसमाध्याद्य प्रथमा दशमी च वै ॥४५२॥
आकाशं शशशृङ्गं च वन्ध्यायाः पुत्र एव च ।
असन्तश्चाभिलप्यन्ते तथा भावेषु कल्पना ॥४५३॥
वासनाहेतुकं लोकं नासन्न सदसत्क्वचित् ।
ये पश्यन्ति विमुच्यन्ते धर्मनैरात्म्यकोविदाः ॥४५४॥
स्वभावकल्पितं नाम परभावश्च तन्त्रजः ।
निष्पन्नं तथतेत्युक्तं सूत्रे सूत्रे सदा मया ॥४५५॥

जसरी हिलामा भासिएको हात्ती यता उता गर्दैन त्यसरी नै श्रावकहरू समाधिमा बस्दछन् ॥४५१॥

प्रणिधानादिद्वारा विशोधित जो अधिष्ठान छ त्यो अभिषेक र समाधि नामले जानिन्छ र तिनीहरू प्रथमादेखि दशमी भूमिसम्म हुन्छन् ॥४५२॥

आकाश, शशशृङ्ग र वन्ध्यापुत्र आदि नभएपनि भावरूपमा कल्पना गरिन्छन् त्यसरी नै पदार्थको कल्पना हो ॥

जो धर्मनैरात्म्यलाई जान्दछन् त्यस्ता विद्वान्हरूले यो लोकलाई सत् र असत् रूपमा जान्दछन् तिनीहरू मुक्त हुन्छन् ॥४५४॥

भावकल्पि (परिकल्पित) नाम हो, परतन्त्र लक्षण परभाव हो भने परिनिष्पन्न स्वभाव तथता हो भनेर मैले सूत्र सूत्रमा भनेको छु ॥४५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यञ्जनं पदकायं च नाम चापि विशेषतः ।
बालाः सृजन्ति दुर्मेधा यथा पङ्के महागजाः ॥४५६॥
देवयानं ब्रह्मयानं श्रावकीयं तथैव च ।
ताथागतं च प्रत्येक यानान्येतान् वदाम्यहम् ॥४५७॥
यानानां नास्ति वै निष्ठा यावच्चित्तं प्रवर्तते ।
चित्ते तु वै परावृत्ते न यानं न च यानिनः ॥४५८॥
चित्तं विकल्पो विज्ञप्तिर्मनो विज्ञानमेव च ।
आलयं त्रिभवश्चेष्टा एते चित्तस्य पर्ययाः ॥४५९॥
आयुरुष्माथ विज्ञानमालयो जीवितेन्द्रियम् ।
मनश्च मनविज्ञानं विकल्पस्य विशेषणम् ॥४६०॥

व्यञ्जन, पदकाय र नामलाई दुर्मेध बालकहरूले पङ्कमा फसेको महागजले झैँ कल्पना गर्दछन् ॥४५६॥

देवयान, ब्रह्मयान, श्रावकयान, ताथागतयान र प्रत्येकबुद्वयान छन् ॥४५७॥

जहिले सम्म चित्त प्रवृत्त हुन्छ त्यसबेला सम्म यानहरूको निष्ठा छैन र चित्त परावृत्त भएपछि यान र यानी दुवै रहँदैनन् ॥४५८॥

चित्त, विकल्प, विज्ञप्ति, मन, विज्ञान, आलय, त्रिभव र चेष्टा यी सबै चित्तका पर्याय हुन् ॥४५९॥

आयु, उष्म, विज्ञान, आलय, जीवितेन्द्रिय, मन र मनविज्ञान यी विकल्पका विशेषण हुन् ॥४६०॥

चित्तेन धार्यते कायो मनो मन्यति वै सदा ।
विज्ञानं चित्तविषयं विज्ञानैः सह छिन्दति ॥४६१॥
तृष्णा हि माता इत्युक्ता अविद्या च तथा पिता ।
विषयावबोधाद्विज्ञानं बुद्ध इत्युपदिश्यते ॥४६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्हन्तो ह्यनुशयाः स्कन्धाः सङ्घः स्कन्धकपञ्चकः ।
निरन्तरान्तरच्छेदात्कर्म ह्यानन्तरं भवेत् ॥४६३॥
नैरात्म्यस्य द्वयं क्लेशास्तथैवावरणद्वयम् ।
अचिन्त्यपरिणामिन्याश्च्युतेर्लाभास्तथागताः ॥४६४॥
सिद्धान्तश्च नयश्चापि प्रत्यात्मं शासनं च वै ।
ये पश्यन्ति विभागज्ञा न ते तर्कवशं गताः ॥४६५॥

चित्तले कायलाई धारण गर्छ, मनले मनन गर्छ र विज्ञान भनेको चित्तविषय हो त्यसैले विज्ञानसँग विनष्ट हुन्छ ॥४६१॥

तृष्णालाई भवको माता भनिन्छ र अविद्या चाहिँ पिता हो र विषयाववबोध विज्ञान मन चाहिँ बुद्ध हो । अर्हत्, भनेको रागादि अनुशय हो । पञ्चस्कन्धहरूको समूह चाहिँ सङ्घ हो । निरन्तर, अन्तर र आनन्तर चाहिँ कर्म हुन् ॥४६२-४६३॥

नैरात्म्यद्वय, आवरणद्वय अचिन्त्य परिणामच्युतिलाभ र तथागत ॥४६४॥

सिद्धान्त, नय, प्रत्यात्म र शासनलाई जुन विभागज्ञले देख्दछन् ती तर्कका वशमा पर्दैनन् ॥४६५॥

न भावो विद्यते सत्यं यथा बालैर्विकल्प्यते ।
अभावेन तु वै मोक्षं कथं नेच्छन्ति तार्किकाः ॥४६६॥
उत्पादभङ्गसंबद्धं संस्कृतं प्रतिपश्यतः ।
दृष्टिद्वयं प्रपुष्णान्ति न च जानन्ति प्रत्ययान् ॥४६७॥
एकमेव भवेत्सत्यं निर्वाणं मनवर्जितम् ।
कदलीस्वप्नमायाभं लोकं पश्येद्विकल्पितम् ॥४६८॥
रागो न विद्यते द्वेषो महश्चापि न पुद्गलः ।
तृष्णाया ह्युदिताः स्कन्धा विद्यन्ते स्वप्नसादृशाः ॥४६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तवमा बालहरूले कल्पना गरे झैं भावपदार्थहरू छैनन्। तिनीहरूको अभाव जानेपछि मुक्त भइन्छ भन्ने जानेर पनि तार्किकहरू किन त्यो चाहँदैनन् ॥४६६॥

उत्पादभङ्गसम्बद्ध संस्कृतलाई हेर्दै दृष्टिद्वयलाई पोषण गर्दै प्रत्ययलाई जान्दैनन् ॥४६७॥

सत्य एउटा मात्र छ, त्यो हो मनरहित निर्वाण र त्यस निर्वाणस्थ व्यक्तिले संसारलाई कदलीस्वप्नमायाभ झैं कल्पित मान्नुपर्छ ॥४६८॥

राग, द्वेष, मोह पुद्गल कहीँ पनि छैनन् र तृष्णाबाट उदित भएपछि स्कन्ध स्वप्न समान हुन्छन् ॥४६९॥

यस्यां च रात्र्यां धिगमो यस्यां च परिनिर्वृतः ।
एतस्मिन्नन्तरे नास्ति मया किञ्चित्प्रकाशितम् ॥४७०॥
प्रत्यात्मधर्मस्थितितां संधाय कथितं मया ।
तैश्च बुद्धैर्मया चैव च किञ्चिद्विशेषितम् ॥४७१॥
द्रव्यवद्विद्यते ह्यात्मा स्कन्धा लक्षणवर्जिताः ।
स्कन्धा विद्यन्ति भावेन आत्मा तेषु न विद्यते ॥४७२॥
प्रतिपत्तिं विभावन्तो क्लेशैर्मानुषसङ्गमैः ।
मुच्यते सर्वदुःखेभ्यः स्वचित्तं पश्यतो जगत् ॥४७३॥

जुन रात्रिमा अधिगम (ज्ञानप्राप्ति) भयो र जुन रात्रिमा परिनिर्वाण प्राप्त भयो यो बाहेक मैले केही प्रकाशित गर्नु छैन। प्रत्यात्मधर्मको स्थितिलाई मैले जों अनुसन्धान गरेर भनें त्योभन्दा अरू केही भन्नु पर्ने छैन ॥४७०-४७१॥

आत्मा द्रव्य झैं छ, स्कन्धहरू लक्षणरहित छन्, स्कन्धहरू भावरूपमा विद्यमान हुन्छन् र तिनीहरूमा आत्मा हुँदैन ॥४७२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिपत्तिलाई क्लेश र मानुषसङ्गमले भावना गर्दै स्वचित्तलाई जसले जगत् जान्दछ त्यो सर्वदुःखबाट मुक्त हुन्छ ॥४७३॥

कारणैः प्रत्ययैश्चपि येषां लोकः प्रवर्तते ।
चातुष्कोटिकया युक्तो न ते मन्नयकोविदाः ॥४७४॥
सदसन्न जानते लोको नासन्न सदसत्क्वचित् ।
प्रत्ययैः कारणैश्चापि कथं बालैर्विकल्प्यते ॥४७५॥
न सन्नासन्न सदसद्यदा लोकं प्रयश्यति ।
तदा व्यावर्तते चित्तं नैरात्म्यं चाधिगच्छति ॥४७६॥
अनुत्पन्नाः सर्वभावा यस्मात्प्रत्ययसंभवाः ।
कार्यं हिं प्रत्ययाः सर्वे न कार्याज्जायते भवः ॥४७७॥
कार्यं न जायते कार्यं द्वित्वं कार्ये प्रसज्यते ।
न च द्वित्वप्रसङ्गेन कार्याभावोपलभ्यते ॥४७८॥

कारण र प्रत्ययहरूद्वारा जसको लोक प्रवृत्त हुन्छ त्यो चातुष्कोटिले युक्त ॥४७४॥

जो सद् र असद् रूपमा जानिन्छ र प्रत्यय र कारणहरूद्वारा उत्पन्न भएको हुँदाहुँदै पनि बालकहरूद्वारा कल्पना गरिन्छ ॥४७५॥

न सन्नासन्न र सदसद् रूपमा लोकलाई देख्दछ त्यसबेला चित्र व्यावृत्त हुन्छ र नैरात्म्यतर्फ पनि जान्छ ॥

सबै भावहरू अनुत्पन्न हुन् जसबाट प्रत्ययहरू संभव हुन्छन्। कार्य भनेको प्रत्ययहरू हुन् र भव चाहिँ कार्यबाट उत्पन्न हुन्छ ॥४७७॥

कार्य भनेको कार्य होइन र द्वित्वबाट उत्पन्न हुन्छन् र द्वित्वप्रसङ्गले कार्याभावोपलब्ध हुँदैन ॥४७८॥

आलम्बालम्बविगतं यदा पश्यति संस्कृतम् ।
निमित्तं चित्तमात्रं हिवित्तमात्रं वदाम्यहम् ॥४७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्रास्वभावसंस्थानं प्रत्ययैर्भावववर्जितम् ।
निष्ठाभावपरं ब्रह्म एतां मात्रां वदाम्यहम् ॥४८०॥
प्रज्ञप्तिसत्यत्तो ह्यात्मा द्रव्यः स हि न विद्यते ।
स्कन्धानां स्कन्धता तद्वत्प्रज्ञप्त्या न तु द्रव्यतः ॥४८१॥
चतुर्विधा वै समता लक्षणं हेतुभाजनम् ।
नेरात्म्यसमता चैव चतुर्था योगयोगिनाम् ॥४८२॥
व्यावृत्तिः सर्वदृष्टीनां कल्प्यकल्पनवर्जिता ।
अनुपलम्भो ह्यजातिश्च चित्तमात्रं वदाम्यहम् ॥४८३॥

आलम्बालम्वविगत जसरी संस्कृतलाई हेर्छ त्यसैले त्यसको निमित्त चित्तमात्र हो, म त्यही भन्छु ॥४७९॥

मात्रास्वभावसंस्थान, प्रत्यय भावरहित र निष्ठाभावपर ब्रह्म जो छ त्यसलाई म मात्रा भन्दछु ॥४८०॥

प्रज्ञप्तिसत्य आत्मा हो त्यो द्रव्य होइन र स्कन्धहरूको स्कन्धता जो छ त्यस्तै प्रज्ञप्तिद्वारा हो न कि द्रव्यतः ॥४८१॥

समता चारप्रकारको हुन्छ लक्षण, हेतुभाजन, नैरात्म्यसमता र चौथो समता चाहिँ योगीहरूको योग हो ॥

सम्पूर्ण दृष्टिहरूको कल्प्यकल्पनवर्जित, अनुपलम्भ र अजातिलाई म चित्तमात्र भन्दछु ॥४८३॥

न भावं नापि चाभावं भावाभाववर्जितम् ।
तथता चित्तनिर्मुक्तं चित्तमात्रं वदाम्यहम् ॥४८४॥
तथता शून्यता कोटी निर्वाणं धर्मधातुकम्
कायं मनोमयं चित्तं चित्तमात्रं वदाम्यहम् ॥४८५॥
विकल्पवासनाबद्धं विचित्रं चित्तसंभवम् ।
बहिर्धा जायते नृणां चित्तमात्रं हि लौकिकम् ॥४८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्यं न विद्यते बाह्यं चित्तचित्रं विदृश्यते ।
देहभोगप्रतिष्ठाभं चित्तमात्रं वदाम्यहम् ॥४८७॥

न भाव, न अभाव, नत भावाभावरहित जो तथता छ त्यसलाई म चित्तविनिर्मुक्त चित्तमात्र भन्दछु ॥४८४॥

तथता, शून्यता, भूतकोटि, निर्वाण, धर्मधातु, मनोमयकाय र चित्तलाई म चित्तमात्र भन्दछु ॥४८५॥

विकल्पवासनाबद्ध विचित्र जो छ त्यो चित्तोत्पन्न हो र मनुष्यहरूको जो चित्तमात्र छ त्यो बहिर्धा उत्पन्न हुन्छ र त्यो लौकिक हो । बाह्य दृश्य छैन र चित्तको चित्र नै देखिने हो र जो देहभोग प्रतिष्ठाभ छ त्यसलाई म चित्तमात्र भन्दछु ॥४८६-४८७॥

श्रावकाणां क्षयज्ञानं बुद्धानां जन्मसंभवम् ।
प्रत्येकजिनपुत्राणां असङ्कलेशात्प्रवर्तते ॥४८८॥
बहिर्धा नास्ति वै रूपंस्वचित्तं दृश्यते वहिः ।
अनवबोधात्स्वचित्तस्य बालाः कल्पेन्ति संस्कृतम् ॥४८९॥
बाह्यमर्थमजानानैः स्वचित्तचित्रदर्शनम् ।
हेतुभिर्वार्यते मूढैश्चातुष्कोटिसुयोजितैः ॥४९०॥
न हेतवो न कोटचो वै दृष्टान्तावयवानि च ।
स्वचित्तं ह्यर्थसंक्रान्तं यदि जानन्ति पण्डिता ॥४९१॥
विकल्पैर्न विकल्पेत यद्विकल्पितलक्ष्यणम् ।
कल्पितं च समाश्रित्य विकल्पः संप्रवर्तते ॥४९२॥

श्रावकहरूको क्षयज्ञान र बुद्धहरूको जन्म चाहिँ प्रत्येक जिनपुत्रहरूको असङ्कलेशबाट उत्पन्न हुन्छ ॥४८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप बाह्य छैन अपितु स्वचित्त नै बाह्यरूपमा देखिन्छ र आफ्नो चित्तको अबोधले गर्दा बालजनहरूले संस्कृतको कल्पना गर्दछन् ॥४८९॥

बाह्यर्थलाई नजान्नेहरूले र मूढ तथा चतुष्कोटियोजितहरूद्वारा स्वचित्तचित्रदर्शनलाई हेतुहरूले निवारण गर्दछन् ॥४९०॥

हेतु र चतुष्कोटि प्रमाण र हित तर दृष्टान्त र अवयव संक्रान्त स्वचित्तलाई जान्दछन् भने ती पण्डित हुन् ॥४९१॥

विकल्पहरूद्वारा कल्पित जो विकल्पित लक्ष्ण छ त्यो र कल्पितलाई आश्रय बनाएर विकल्प प्रवृत्त हुन्छ ॥४९२॥

अन्योन्याभिन्नसंबन्धादेकवासनहेतुकाः ।
आगन्तुकत्वात्तद्द्वयोर्न चित्तं जायते नृणाम् ॥४९३॥
विकल्पं चित्तचैत्तार्थी त्रिभवे च प्रतिष्ठिताः ॥
यदर्थाभाः प्रवर्तन्ते स्वभावकल्पितो हि सः ॥४९४॥
आभासबीजसंयोगाद्द्वादशायतनानि वै ।
आश्रयालम्ब्यसंयोगात्प्रक्रिया वर्ण्यते मया ॥४९५॥
यथा हि दर्पणे बिम्बं केशोण्डुस्तिमिरस्य वा ।
तथा हि वासनैश्छन्नं चित्तं पश्यन्ति बालिशाः ॥४९६॥
स्वविकल्पकल्पिते ह्यर्थे विकल्पः संप्रवर्तते
अर्थो न विद्यते बाह्यो यथा तीर्थ्यैर्विकल्प्यते ॥४९७॥

अन्योन्याभिन्न संबन्धबाट एकवासनहेतुक आगन्तुकत्वमा दुईवटा मानिसहरूको चित्त उत्पन्न हुँदैन ॥४९३॥

विकल्प चित्तचैत्तार्थी त्रिभवमा प्रतिष्ठित जो अर्थ प्रकाश जो प्रवृत्त हुन्छ त्यो कल्पित स्वभाव हो ॥ ४९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आभासबीजसंयोगबाट द्वादश आयतन आदि जो आश्रयलाई अवलम्बन गरेर जो संयोगबाट हुने प्रक्रिया छ त्यसको म वर्णन गर्छु ॥४९५॥

जस्तो कि दर्पणमा बिम्ब, तिमिरले कोशेण्डुक देखे झै बालजनहरूले वासनाले छिन्न चित्तलाई देख्छन् ॥४९६॥

स्वविकल्पकल्पित अर्थमा विकल्प प्रवृत्त हुन्छ र बाह्यार्थ छैन तापनि तैर्थिकहरूले त्यसको कल्पना गर्दछन् ॥४९७॥

रज्जुं यथा ह्यजानानाः सर्पं गृह्णन्ति बालिशाः ।
स्वचित्तार्थमजानाना ह्यर्थं कल्पेन्ति बाहिरम् ॥४९८॥
तथा हि रज्जुं रज्जुत्वे एकत्वान्यत्ववर्जितम् ।
किं तु स्वचित्तदोषोऽयं येन रज्जुर्विकल्प्यते ॥४९९॥
न हि यो येन भावेन कल्प्यमानो न लक्ष्यते ।
न तन्नास्त्यवगन्तव्यं धर्माणामेष धर्मता ॥५००॥
अस्तित्त्वपूर्वकं नास्ति अस्ति नास्तित्त्वपूर्वकम् ।
अतो नास्ति न गन्तव्यं अस्तित्त्वं न च कल्पयेत् ॥५०१॥
कल्पितं कल्प्यमानं हि यदिदं न तदात्मकम् ।
अनात्मकं कथं दृष्ट्वा विकल्पः संप्रवर्तते ॥५०२॥

जसरी बालजनहरूले रज्जुलाई सर्प मान्दछन् त्यसरी नै स्वचित्त अर्थलाई नजान्नेहरूले बाह्यार्थको कल्पना गर्दछन् ॥४९८॥

रज्जु रज्जुत्वमा एकत्व र अन्यत्व रहित छ तापनि स्वचित्तको दोषले गर्दा रज्जुको कल्पना हुन्छ ॥४९९॥

जो जुन न भावद्वारा कल्प्यमान लक्षित हुँदैन त्यो न तन्नास्ति भन्ने बुझ्नु नै धर्महरूको धर्मता हो ॥५००॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्तित्त्वपूर्वक छैन र नास्तित्त्वपूर्वक छ त्यसैले गन्तव्य छैन र अस्तित्त्वको कल्पना पनि न गर्नू ॥५०१॥

कल्पित र कल्प्यमान जो छ त्यो तदात्मक छैन र अनात्मकलाई देखेर विकल्प कसरी प्रवृत्त हुन्छ ॥५०२॥

रूपं रूपात्मना नास्ति तथा घटपटादयः ।
अविद्यमाने दृश्ये तु विकल्पस्तेन जायते ॥५०३॥
विकल्पस्ते यदि भ्रान्तावनादिमति संस्कृते ।
भावानां भावता केन भ्रामिता ब्रूहि मे मुने ॥५०४॥
भावानां भावता नास्ति चित्तमात्रं च दृश्यते ।
अपश्यमानः स्वचित्तं विकल्पः संप्रवर्तते ॥५०५॥
कल्पितं यदि वै नास्ति यथा कल्पति बालिशः ।
अन्यथा विद्यते चासौ न च बुद्ध्यावगम्यते ॥५०६॥
आर्याणां यदि वा सोऽस्ति नासौ बालैर्विकल्पितः ।
आर्याणामय मिथ्यासौ आर्या बालैः समं गताः ॥५०७॥

रूप रूपात्मक छैन त्यसैगरी घटघटादिमा पनि छैन र विद्यमानमा त्यसलाई देखेपछि विकल्प उत्पन्न हुन्छ ॥५०३॥

भ्रान्तियुक्त अनादिमति संस्कृतमा कल्पना भएपछि भावहरूको भावता कसरी भ्रमित होला ॥५०४॥

भावहरूको भावता छैन र चित्तमात्र त्यसरूपमा देखिन्छ र स्वचित्त अदृश्यमान हुनाले कल्पना प्रवृत्त हुन्छ ॥५०५॥

जसरी बालजनहरूले कल्पना गर्दछन् त्यस्तो छैन भने र अन्यथा विद्यमान छ भने त्यो बुद्धिले जनिंदैन ॥५०६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि आर्यहरूका लागि त्यो छ भने बालजनहरूले कल्पना गरेको होइन भने त्यो आर्यहरूको लागि मिथ्या भयो र आर्यहरू पनि बालक समान भए ॥५०७॥

आर्याणां नास्ति वै भ्रान्तिर्यस्माच्चित्तं विशोधितम् ।
अशुद्धचित्तसन्ताना बालाः कल्पेन्ति कल्पितम् ॥५०८॥
माता यथा हि पुत्रस्य आकाशात्फलमानयेत् ।
एतद्धि पुत्रमाक्रन्द गृह्ण चित्रमिदं फलम् ॥५०९॥
तथाहं सर्वसत्त्वानां विचित्रैः कल्पितैः फलैः ।
प्रलोभ्य देशेमि नयं सदसत्पक्षवर्जितम् ॥५१०॥
अभूत्वा यस्य वै भावः प्रत्ययैर्न च सङ्कुलः ।
आजातपूर्व तज्जातमलब्धात्मकमेव च ॥५११॥
अलब्धात्मकं ह्यजातं च प्रत्ययैर्न विना क्वचित्
उत्पन्नमपि ते भावो प्रत्ययैर्न विना क्वचित् ॥५१२॥

आर्यहरूलाई भ्रान्ति छैन त्यसैले उनीहरूको चित्त विशोधित छ र अशुद्धचित्तसंतान भएका बालकहरूले भ्रान्तिको कल्पना गर्दछन् ॥५०८॥

जसरी माताले रुदैगरेको छोरालाई आकाशबाट फल ल्याएँ भनेर फल दिँदै उक्त छोरालाई फकाउँछिन्,त्यसरी नै म -बुद्ध सबै प्राणीहरूलाई कल्पनारूपी फल देखाउँदै लोभ्याएर सदसत्पक्षरहित मार्गको उपदेश गर्दछु ॥५०९-५१०॥

जुन भाव (पदार्थ) छैन त्यसलाई प्रत्ययहरूले योग गरेका हुँदैनन् । जुन वस्तु अभूतपूर्व छ त्यो उत्पादन भए पनि अलब्धात्मक नै हुन्छ ॥५११॥

जो अलब्धात्मक (अनुपलब्ध) स्वाभाव वस्तु छ त्यो प्रत्ययहरू विना अजात नै हुन्छ, र यदि कतै उत्पन्न हुन्छ भने पनि प्रत्ययविना हुँदैन ॥५१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवम् समासतः पश्यन् नासन्न सदसत्क्वचित् ।
प्रत्ययैर्जायते भूतमविकल्प्यं हि पण्डितैः ॥५१३॥
एकत्वान्यत्वकथाः कुतीर्थ्याः कुर्वन्ति बालिशाः ।
प्रत्ययैर्न च जानन्ति मायास्वप्नोपमं जगत् ॥५१४॥
अभिधानविषयं यानं महायानमनुत्तरम् ।
अर्थं सुनीतं हि मया न च बुध्यन्ति बालिशाः ॥५१५॥
मात्सर्यैर्ये प्राणीतानि श्रावकैस्तीर्थकैस्तथा ।
व्यभिचरन्ति ते ह्यर्थं यस्मात्तर्केण देशिताः ॥५१६॥
लक्षणं भावसंस्थानं नाम चैव चुतर्विधम् ।
एतदालम्बनीकृत्य कल्पना संप्रवर्तते ॥५१७॥

यसरी संक्षेपतः नासन्न र कतै सदसत्‌रूपमा हेर्दै प्रत्ययहरूद्वारा उत्पन्न हुने भूतको कल्पना पण्डितहरूले नगर्नु ॥५१३॥

बाल कुतीर्थ्यहरूले एकत्व र अन्यत्वको कथा बनाउँछन् र तिनीहरूले यो माया र स्वप्नोपम जगत्‌लाई प्रत्ययहरूद्वारा उत्पन्न भन्ने जान्दैनन् ॥५१४॥

अनुत्तर महायानलाई नामका लागि मात्र मैले यान भनेको हुँ मैले अर्थलाई सुनीत भनेको छु,जसलाई बालहरूले बुझ्दैनन् ॥५१५॥

मात्सर्ययुक्त श्रावक र तैर्थकहरूले तर्कदेशित जो व्याख्या गरेका छन् त्यसकारण अर्थलाई व्यभिचार गर्दछन् ॥५१६॥

लक्षण, भाव संस्थान र नामलाई आलम्बन गरेर कल्पना प्रवृत्त हुन्छ ॥५१७॥

एकाधबहुधा ये तु ब्रह्मकायवशङ्गताः ।
सोमभास्करयोर्भावा ये नाशेन्ति न ते सुताः ॥५१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यदर्शनसंपन्ना यथाभूतगतिंगताः ।
संज्ञाविवर्तकुशला विज्ञाने च परङ्गताः ॥५१९॥
एषा हि मुद्रा मुक्तानां पुत्राणां मम शासने ।
भावाभावविनिर्मुक्ता गत्यागतिविवर्जिता ॥५२०॥

एकपटक र धेरैपटक ब्रह्मकाय वशमा गएका जो सोम र भाष्कर समान ज्योती भएका तत्त्वलाई जसले जान्दैनन् ती मेरा शिष्य होइनन् ॥५१८॥

आर्यदर्शन सम्पन्न, यथाभूतगतितर्फ गएका, संज्ञावितर्ककुशल र विज्ञानमा पारङ्गत भएका, भावाभावविवर्जित र गत्यागति रहित हुनु नै मेरा शासनमा रहेका बुद्धपुत्रहरूको मुक्तिका चिन्हहरू हुन् ॥५१९-५२०॥

ब्यवृत्ते रूपविज्ञाने यदि शर्म विनश्यति ।
नित्यानित्यं न प्राप्नोति संसारश्च न विद्यते ॥५२१॥
विनिर्वृत्तिकाले प्रध्वस्तं रूपं देशान्निवर्तते ।
नास्त्यस्तिदोषनिर्मुक्तं कर्म तिष्ठति आलये ॥५२२॥
प्रध्वंसि पतितं रूपं विज्ञानं च भवालये ।
रूपविज्ञानसंबद्धं न च कर्म विनश्यति ॥५२३॥
अथ तैः सह संबद्धं कर्म वै ध्वस्यते नृणाम् ।
ध्वस्ते तु कर्मसंबन्धे न संसृतिर्न निर्वृतिः ॥५२४॥
अथ ध्वस्तमपि तैः सार्धं संसारे यदि जायते ।
रूपं च तेन संबद्धमभिन्नत्वाद्भविष्यति ॥५२५॥

रूपविज्ञान व्यावृत्त भएपछि र कर्मको विनाश भएपछि नित्यानिद को प्राप्ति पनि हुँदैन र संसार पनि रहँदैन ॥५२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनिवृत्तिकालमा प्रध्वस्त रूपमा स्कन्धबाट निवृत्त हुन्छ र नास्ति र अस्ति दोष रहित कर्म आलयमा बस्छ ॥५२२॥

प्रध्वंसमा पतित रूप र भवालयमा विज्ञान त्यसैगरी रूपविज्ञानमा सम्बद्ध कर्म विनाश हुँदैन ॥५२३॥

त्यसैले तिनीहरूसँग सम्बद्ध मनुष्यकर्म पनि ध्वस्त हुन्छ र कर्मसम्बन्ध ध्वस्त भएपछि न संसृति हुन्छ न निवृत्ति नै ॥५२४॥

र यदि कर्म ध्वस्त भएपनि संसारमा उत्पन्न हुन्छ भने त्यससँग सम्वन्धित रूप अभिन्नतया उत्पन्न हुन्छ ॥५२५॥

नाभिन्नं न च वै भिन्नं चित्तं रूपं विकल्पनात् ।
प्रध्वंसो नास्ति भावानां सदसत्पक्षवर्जनात् ॥५२६॥
कल्पितः परतन्त्रश्च अन्योन्याभिन्नलक्षणात् ।
रूपे ह्यनित्यता यद्वदन्योन्यजनकाश्च वै ॥५२७॥
अन्योऽनन्यविनिर्मुक्तः कल्पितो नावधार्यते ।
नास्त्यस्ति कथं भवति रूपे चानित्यता यथा ॥५२८॥
कल्पितेन सुदृष्टेन परतन्त्रो न जायते ।
परतन्त्रेण दृष्टेन कल्पितस्तथता भवेत् ॥५२९॥
कल्पितं हि विनाशेते मम नेत्री विनश्यते ।
समारोपापवादं च कुर्वते मम शासने ॥५३०॥

चित्त र जो रूपको कल्पना छ त्यो न अभिन्न छ न त भिन्न नै छ र भावहरूले प्रध्वंस पनि छैन किनभने सदसत्पक्ष नभएकाले ॥५२६॥

परिकल्पित र परतन्त्र स्वभाव अन्योन्य अभिन्न लक्षण भएका हुनाले रूपमा अनित्यता भए झै तिनीहरू पनि अन्योन्य जनक हुन् ॥५२७॥

अन्य र अनन्य विनिर्मुक्त तथा कल्पित हँदैन किनभने रूपमा अनित्यता भए झैं नास्ति र अस्ति कसरी हुन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुदृष्टि कल्पित स्वभावद्वारा परतन्त्र स्वभाव उत्पन्न हुँदैन र दृष्ट परतन्त्रद्वारा कल्पित तथता हुन्छ ॥५२९॥

मेरो नेत्री (प्रज्ञापारमिता) विनष्ट हुन्छ कल्पित नष्ट भएपछि र समारोप र अपवादद्वारा मेरो उपदेशले काम गर्छ ॥५३०॥

एवम्विधा यदा यस्मिन् काले स्युर्धर्मदूषकाः ।
सर्वे च ते ह्यसङ्कथ्या मम नेत्रीविनाशकाः ॥५३१॥
आनालप्याश्च विद्वद्भिर्भिक्षुकार्यं च वर्जयेत् ।
कल्पितं यत्र नाशेन्ति समारोपापवादिनः ॥५३२॥
केशोण्डुकमायाभं स्वप्नगन्धर्वसादृशम् ।
मरीच्याभदृशकल्पो येषां नास्त्यस्तिदर्शनात् ॥५३३॥
नासौ शिक्षति बुद्धानां यस्तेषां संग्रहे चरेत् ।
द्वयान्तपतिता ह्येते अन्यषां च विनाशकाः ॥५३४॥
विविक्तं कल्पितं भावं ये तु पश्यन्ति योगिनः ।
भावाभावविनिर्मुक्तं तेषां वै सङ्ग्रहे चरेत् ॥५३५॥

यस्ता प्रकारका धर्मदूषकहरू जुन समयमा हुन्छन् ती सबै असङ्कथ्यहरू नै मेरो प्रज्ञापारमिताका विनाशक हुन् ॥५३१॥

जब समारोप र अपवादहरूद्वारा अनालप्यका कल्पनाको नाश हुन्छ त्यसबेला विद्वान्हरूले भिक्षुकार्य त्याग्नु पर्दछ ॥५३२॥

केशोण्डुक, माया, स्वप्न, गन्धर्वनगर र मरीचि झैं जसलाई त्यस्ता असत्को सत् दर्शन हुन्छ तिनीहरू द्वयान्तपतित हुन् र अरूलाई पनि नाश गर्छन् किनभने बुद्धका शिक्षामा त्यस्ता उल्टो उपदेश छैन ॥५३३-५३४॥

कल्पित स्वभाव तथा विविक्त (पवित्र, शून्य) जो योगीहरूले देख्छन्, त्यस्ता भावाभावविनिर्मुक्त योगीहरूको सङ्गतमा जानू ॥५३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकरा हि यथा लोके सुवर्णमणिमुक्तिजाः ।
अकर्महेतुकाश्चित्रा उपजीव्याश्च बालिशाम् ॥५३६॥
तथा हि सत्त्वगोत्राणि चित्रा वै कर्मवर्जिता ।
दृश्याभावान्न कर्मास्ति न च वै कर्मजा गतिः ॥५३७॥
भावानां भावता नास्ति यथा त्वार्यैर्विभाव्यते ।
किं तु विद्यन्ति वै भावा यथा बालैर्विकल्पिताः ॥५३८॥
यदि भावा न विद्यन्ते यथा बालैर्विकल्पिताः ।
असत्सु सत्त्वभावेषु सङ्क्लेशो नास्ति कस्यचित् ॥५३९॥
भाववैचित्र्यसङ्कलेशात्संसारं इन्द्रियोपगः ।
अज्ञानतृष्णासंवद्धः प्रवर्तते शरीरिणाम् ॥५४०॥

जसरी लोकमा बालजनहरूका लागि अकर्महेतुक जीविकाका लागि सुन, मणि र मोतिका खानिहरू हुन्छन् त्यसरी नै चित्त कर्मवर्जित सत्त्वगोत्रहरू छन्, तिनीहरू दृश्यका अभावले गर्दा कर्म होइनन् र कर्मज गति पनि होइनन् ॥५३६-५३७॥

जसरी आर्यहरूले विचार गर्छन् त्यसरी नै भावहरूको सत्ता छैन र जसरी बालजनहरूले कल्पना गर्छन् त्यसरी नै भावहरूको भावता छ ॥५३८॥

जसरी बालहरूले कल्पना गर्दछन् त्यसरी नै यदि भावहरू छन् भने असत् सत्त्वभाव भएपछि कसैको सङ्क्लेश नष्ट हुन्छ ॥५३९॥

भाव वैचित्र्यसङ्कलेशबाट यदि संसार ईन्द्रियोपग छ भने प्राणीहरूका लागि अज्ञान तृष्णा सम्बद्ध भएर प्रवृत्त हुन्छ ॥५४०॥

येषां तु भावो वै नास्ति यथा बालैर्विकल्पितः ।
तेषां न विद्यते वृत्तिरिन्द्रियाणां न योगिनः ॥५४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि भावा विद्यन्ते भावसंसारहेतवः ।
अयं तेन भवेन्मोक्षो बालानां क्रियवर्जितः ॥५४२॥
बालार्याणां विशेषस्ते भावाभावात्कथं भवेत् ।
आर्याणां नास्ति वै भावो विमोक्षत्रयचारिणाम् ॥५४३॥
स्कन्धाश्च पुद्गला धर्माः स्वसामान्या अलक्षणाः ।
प्रत्ययानीन्द्रियाश्चैव श्रावकाणां वदाम्यहम् ॥५४४॥
अहेतुचित्तमात्रं तु विभूतिभूमयस्तथा ।
प्रत्यात्मतथतां शुद्धां देशयामि जिनौरसाम् ॥५४५॥

बालकल्पना झैं जुन योगीहरूका लागि भाव छैनन् ती योगीहरूका ईन्द्रियहरूको वृत्ति पनि विद्यमान छैन ।५४१।

यदि भावहरू छन् भने ती संसारका हेतु हुन् भन्ने जाने पछि संसारबाट मुक्ति मिल्छ ॥५४२॥

बाल र आर्य जनहरूमा फरक भनेको क्रमशः भाव र अभाव हुन् किनभने विमोक्षत्रयचारि आर्यहरूका लागि भाव छैन ॥५४३॥

स्कन्ध, पुद्गल र धर्म स्वसामान्य र अलक्षण छन् र प्रत्यय र इन्द्रियहरू पनि त्यस्तै छन् भनेर म श्रावकहरूका लागि भन्दछु ॥५४४॥

अहेतुवाद, चित्तमात्र, विभूति (ऋद्धि), भूमि, प्रत्यात्मवेद्य र शुद्ध तथता भनेर म बोधिसत्त्वहरूका लागि देशना गर्छु ॥५४५॥

भविष्यन्त्यनागते काले मम शासनदूषकाः ।
काषायवासोवसनाः सदसत्कार्यवादिनः ॥५४६॥
असन्तः प्रत्ययैर्भावा विद्यन्ते ह्यार्यगोचरम् ।
कल्पितो नास्ति वै भावः कल्पयिष्यन्ति तार्किकाः ॥५४७॥
भविष्यन्त्यनागते काले कणभुग्बालजातिकाः ।
असत्कार्यवाददुर्दृष्ट्या जनतां नाशयन्ति च ॥५४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अणुभ्यो जगदुत्पन्नमणवश्चाप्यहेतुकाः ।
नव द्रव्याणि नित्यानि कुदृष्टया देशयिष्यति ॥५४९॥
द्रव्यैरारभ्यते द्रव्यं गुणैश्चैव गुणास्तथा ।
भावानां भावतामन्यां सतीं वै नाशयिष्यति ॥५५०॥

भविष्यमा काषायवस्त्रधारी सदसत्कार्यवादीहरू मेरो शासनका दूषक हुनेछन् ॥५४६॥

भावहरू नभए पनि हेतुप्रत्ययबाट उत्पन्न हुन्छन् भन्ने कुरा आर्यगोचर हुन्छ र भाव कल्पित होइन तापनि तार्किकले त्यसको कल्पना गर्दछन् ॥५४७॥

अनागतकालमा कणादादिबालबुद्धि जन्मिने छन् र त्यस्ता असत्कार्यवाद कुदृष्टिहरूले जनतालाई नाश गर्नेछन् ।

ती काणादहरूले जगत् अणुबाट उत्पन्न हो र अणु चाहिँ अहेतुक हो र नौ वटा द्रव्य चाहिँ नित्य छन् भनेर कुदृष्टिपूर्वक भन्ने छन् ॥५४९॥

द्रव्यहरूबाट द्रव्यको उत्पत्ति हुन्छ। गुणहरूबाट गुणको र भावनाहरूबाट भावको उत्पत्ति हुन्छ। त्यसपछि अन्य सबैको नाश हुन पुग्नेछ ॥५५०॥

आदिमान् हि भवेल्लोको यद्यभूत्वा प्रवर्तते ।
पूर्वा च कोटिर्नैवास्ति संसारस्य वदाम्यहम् ॥५५१॥
त्रिभवः सर्वसंख्यातं यद्यभूत्वा प्रवर्तते ।
श्वानोष्ट्रखरशृङ्गाणामुत्पत्तिः स्यान्न संशयः ॥५५२॥
यद्यभूत्वा भवेच्चक्षू रूपं विज्ञानमेव च ।
कटमुकुटपटाद्यानां मृत्पिण्डात्संभवो भवेत् ॥५५३॥
पटैश्च वै कटो नास्ति पटो वै वीरणैस्तथा ।
एक एकत्रा संभूतः प्रत्ययै किं न जायते ॥५५४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तज्जीवं तच्छरीरं च यच्चाभूत्वा प्रवर्तते ।
परवादा ह्यमी सर्वे मया च समुदाहृताः ॥५५५॥

यदि संसार आदियुक्त छ भने र जो नभएर प्रवृत्त हुन्छ भने म संसारको पूर्वकोटी छैन भन्छु ॥५५१॥

त्रिभव सम्पूर्णसंख्या युक्त नभएर पनि प्रवर्तित हुन्छ भने कुकुर, उँट र गधाको सिङ्ग उम्रन्छ भन्ने कुरामा कुनै शङ्का नै रहँदैन ॥५५२॥

यदि नभएर पनि चक्षु, रूप र विज्ञान हुन्छन् भने पराल (कट), मुकुट, कपडा आदिको निर्माण मृत्पिण्ड (माटो) बाट सम्भव हुने थियो ॥५५३॥

पटद्वारा कट बनाउन सकिंदैन र कट द्वारा पट पनि बन्दैन। दुइवटैलाई एकैठाउँमा मिलाउँदा पनि एउटै रूप हुन सक्दैन ॥५५४॥

त्यस्तै नै जीव र शरीर पनि जो न भईकन नै प्रवर्तित हुन्छन् भन्नेकुरा मैले यहाँ उपदेश गरेको छु जुन अरूहंरूले भन्ने गरेकै कुरा हुन् ॥५५५॥

उच्चार्य पूर्वपक्षं च मतिस्तेषां निवार्यते ।
निवार्य तु मतिस्तेषां स्वपक्षं देशयाम्यहम् ॥५५६॥
अतीर्थं तीर्थवादानां कतमुच्चारणं मया ।
मा मे शिष्यगणो मूढः सदसत्पक्षमाश्रयेत् ॥५५७॥
प्रधानाज्जगदुत्पन्नं कपिलाङ्गोऽपि दुर्मतिः ।
शिष्येभ्यः संप्रकाशेति गुणानां च विकारिता ॥५५८॥
न भूतं नापि चाभूतं प्रत्ययैर्न च प्रत्ययः ।
प्रत्ययानामसद्भावादभूतं न प्रवर्तते ॥५५९॥
सदसत्पक्षविगतो हेतुप्रत्ययवर्जितः ।
उत्पादभङ्गरहितः स्वपक्षो लक्ष्यवर्जितः ॥५६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिले पूर्व पक्षलाई बताएर त्यसलाई निवारण गरिन्छ। त्यसलाई निवारण गरेपश्चात स्वपक्षलाई उपदेश गर्दछु ॥५५६॥

त्यसैले यी मूढ आत्मवादी (तीर्थिक) हरूका लागि यो कुरा मैले बताएँ। मेरा शिष्यगणले त्यस्तो सत् र असत् पक्षहरूमा आश्रित हुनु हुँदैन ॥५५७॥

कपिल जस्ता दुमर्तिहरूले प्रधानबाट जगत्को उत्पत्ति भएको भनेर आफ्ना शिष्यहरूका लागि बताएका छन्। जसलाई गुणहरूको विकारका रूपमा उपदेश गरेका छन् ॥५५८॥

भएको पनि होइन र नभएको पनि होइन। प्रत्ययद्वारा प्रत्यायित पनि होइन। प्रत्ययहरूको असद्भावका कारण नभएको चीज प्रवर्तित हुनै सक्दैन ॥५५९॥

सत् र असत् पक्षहरू नभएको, हेतु र प्रत्ययवर्जित त्यसैगरी उत्पत्ति र विनाशले रहित नै स्वपक्ष हो जुन लक्ष्यवर्जित छ ॥५६०॥

मायास्वप्नोपमं लोकं हेतुप्रत्ययवर्जितम् ।
अहेतुकं सदा पश्यन् विकल्पो न प्रवर्तते ॥५६१॥
गन्धर्वमृगतृष्णाभं केशोण्डुकनिभं सदा ।
सदसत्पक्षविगतं हेतुप्रत्ययवर्जितम् ।
अहेतुकं भवं पश्यंश्चित्तधारा विशुध्यते ॥५६२॥
वस्तु न विद्यते पश्यंश्चित्तमात्रं न विद्यते ।
अवस्तुकं कथं चित्तं चित्तमात्रं न युज्यते ॥५६३॥
वस्तुमालम्बनीकृत्य चित्तं संजायते नृणाम् ।
अहेतुकं कथं चित्तं चित्तमात्रं न युज्यते ॥५६४॥
तथता चित्तमात्रं च आर्यवस्तुनयस्य तु ।
विद्यन्ते न च विद्यन्ते न ते मन्नयकोविदाः ॥५६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायायुक्त स्वप्नले घेरिएको लोकलाई हेतुप्रत्यय नभएको अहेतुकका रूपमा सधैं जान्नु पर्दछ जसबाट विकल्पको उत्पत्ति हुन सक्दैन ॥५६१॥

गन्धर्व नगर जस्तै, मृगतृष्णा वा केशोण्डुक जस्तै सत् असत् पक्षबाट मुक्त, हेतु र प्रत्ययबाट वर्जित अहेतुकका रूपमा भव (संसार) लाई हेर्नाले/बुझ्नाले चित्तको प्रवाह विशुद्ध हुन्छ ॥५६२॥

पदार्थ विद्यमान छैन। यदि राम्ररी हेर्ने हो भने चित्तमात्र पनि छैन। अवस्तु कसरी चित्त हुन सक्छ र चित्त स्वयं पनि हुन सम्भव छैन ॥५६३॥

वस्तुलाई आलम्बन बनाएर मनुष्यमा चित्तको उत्पत्ति हुन्छ भने अहेतुक जगत्मा कसरी चित्त सम्भव छ र साथै चित्तमात्र पनि स्वयं सम्भव छैन ॥५६४॥

तथता र चित्तमात्र आर्यवस्तुको ज्ञानको रूपमा रहेको हुन्छन् र ती त मेरो ज्ञानलाई बुझ्नेहरूका लागि रहेका हुँदैनन् ॥५६५॥

ग्राह्यग्राहकभावेन यदि चित्तं प्रवर्तते ।
एतद्धि लौकिकं चित्तं चित्तमात्रं न युज्यते ॥५६६॥
देहभोगप्रतिष्ठाभं स्वप्नवज्जायते यदि ।
द्विचित्तता प्रसज्येत न च चित्तं द्विलक्षणम् ॥५६७॥
स्वधारं हि यथा खड्गं स्वाग्रं वै अङगुलिर्यथा ।
न छिन्दते न स्पृशते तथा चित्तं स्वदर्शने ॥५६८॥
न परं न च वै तन्त्रं कल्पितं वस्तुमेव च ।
पञ्च धर्मा द्विचित्तं च निराभासे न सन्ति वै ॥५६९॥
उत्पादकं च उत्पाद्यं द्विविधं भावलक्षणम् ।
उत्पादकं हि संधाय नैःस्वभाव्यं वदाम्यहम् ॥५७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्राह्य र ग्राहक भावमा यदि चित्त प्रवर्तित हुन्छ भने त्यो लौकिक रूपमा प्रतभाषित चित्तमात्र हो र चित्तमात्र सम्भव नै छैन ॥५६६॥

देहको भोग गर्नेरूपमा प्रतिष्ठित भएर स्वप्न जस्तै यदि चित्त रहन्छ भने चित्त दुईवटा हुन्छन् भन्ने बुझिन्छ तर चित्तका दुइवटा लक्षण नै छैनन् ॥५६७॥

जसरी खड्गले आफ्नै धारलाई काट्न सक्दैन र औलाले आफ्नै अग्रभागलाई स्पर्श गर्न सक्दैन। चित्तको पनि आफ्नो दर्शनमा त्यस्तै गति हुन्छ ॥५६८॥

वस्तु परिनिष्पन्न र परतन्त्र पनि होइन। वस्तु कल्पित मात्र हो। पञ्चधर्म र द्विचित्तको निराभास पनि छैन ॥ ५६९॥

उत्पादक र उत्पाद्य गरी दुई प्रकारका भावलक्षणहरू छन्। उत्पादकलाई सन्धान गरेर निःस्वभावलाई बताउँदछु ॥५७०॥

अथ वैचित्र्यसंस्थाने कल्पा च यदि जायते ॥
आकाशे शशशृङ्गे च अर्थाभासं भविष्यति ॥५७१॥
अर्थाभासं भवेच्चित्तं तदर्थः स्यादकल्पितः ।
न च वै कल्पितो ह्यर्थश्चित्तादन्योऽभिलप्यते ॥५७२॥
अनादिमति संसारे अर्थो वै नास्ति कुत्रचित् ।
अपुष्टं हि कथं चित्तमर्थाभासं प्रवर्तते ॥५७३॥
यद्यभावेन पुष्टिः स्याच्छशशृङ्गेऽपि तद्भवेत् ।
न चाभावेन वै पुष्टो विकल्पः संप्रवर्तते ॥५७४॥
यथापि दानीं नैवास्ति तथा पूर्वेऽपिनास्त्यसौ ।
अनर्थे अर्थसंबद्धं कथं चित्तं प्रवर्तते ॥५७५॥

विचित्रताले युक्त संस्थानमा यदि विकल्पहरू हुन्छन् भने आकाश एवम् शशशृङ्गमा पनि अर्थको अवभास हुनेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त भनेको अर्थाभास हो र तदर्थ चाहिँ अकल्पित हो र चित्त बाहेक कल्पित वस्तु छैन ॥५७२॥

अनादिमत् संसारमा कतै पनि अर्थ छैन र वासना अपुष्ट चित्तमा अर्थाभास कसरी हुन सक्छ ॥५७३॥

यदि अभावद्वारा पुष्टि हुन्छ भन्छौ भने शशृङ्गमा पनि त्यो लागू होला त्यसैले अभावले पुष्ट विकल्प प्रवृत्त हुन्छ भन्न मिल्दैन ॥५७४॥

जसरी अहिले वस्तु छैन त्यसरी नै पहिले पनि थिएन र अनर्थमा अर्थसंवद्ध चित्त कसरी प्रवृत्त होला ॥५७५॥

तथता शून्यता कोटिर्निर्वाणं धर्मधातुकम् ।
अनुतत्पादश्च धर्माणां स्वभावः पारमार्थिकः ॥५७६॥
नास्त्यस्तिपतिता बाला हेतुप्रत्ययकल्पनैः ।
अहेतुकमनुत्पन्नं भवं वै अप्रजानतः ॥५७७॥
चित्तं ख्याति न दृश्योऽस्ति विशेषोऽनादिहेतुकः ।
अनादावपि नास्त्यर्थो विशेषः केन जायते ॥५७८॥
यद्यभावेन पुष्टिः स्याद्दरिद्रो धनवान् भवेत् ।
अर्थाभावे कथं चित्तं जायते ब्रहि मे मुने ॥५७९॥
अहेतुकमिदं सर्वं न चित्तं न च गोचरः
न च वै पुष्यते चित्तं त्रिभवं क्रियवर्जितम् ॥५८०॥

तथता, शून्यता, भूतकोटि, निर्वाण, धर्मधातु र अनुत्पाद चाहिँ धर्महरूको पारमार्थिक स्वभाव हो ॥५७६॥

नास्ति र अस्तिको दोसाँधमा परेका बालजनहरूले हेतुप्रत्ययकल्पनाद्वार अहेतुक र अनुत्पन्न भवलाई जान्दैनन् ॥

चित्त प्रख्यात छ दृश्य छैन विशेष अनादिहेतुक, अनादिमा पनि अर्थ छैन त्यसैले विशेषलाई कसले उत्पन्न गर्दछ ॥५७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि अभावले पुष्टि हुने भए दरिद्र पनि धनी हुन्थ्यो होला र अर्थका अभावमा चित्त कसरी उत्पन्न हुन्छ ॥५७९॥

यो सबै अहेतुक छ र न चित्त छ न गोचर छ र न चित्त पुष्ट हुन्छ र त्रिभव क्रियावर्जित छ ॥५८०॥

उत्पादविनिवृत्यर्थमनुत्पादप्रसाधनम् ।
अहेतुवादं देशेमि न च बालैर्विभाव्यते ।
अनुत्पन्नमिदं सर्वं न च भावा न सन्ति च ॥५८१॥
गन्धर्वस्वप्नमायाख्या भावा विद्यन्त्यहेतुहाः ।
अनुत्पन्नान् स्वभावांश्च शून्याः केन वदासि मे ॥५८२॥
समवायविनिर्मुक्तो यदा भावो न दृश्यते ।
तदा शून्यमनुत्पन्नमस्वभावं वदाम्यहम् ॥५८३॥
स्वप्नकेशोण्डुकं माया गन्धर्व मृगतृष्णिका ।
अहेतुका पि दृश्यन्ते तथा लोकविचित्रता ॥५८४॥
समवायस्तथैवैको दृश्याभावान्न विद्यते ।
न तु तीर्थ्यदृष्टचा प्रलयो समवायो न विद्यते ॥५८५॥

उत्पादको विनिवृत्तिका लागि र अनुत्पादको पृष्टपोषणका लागि म जुन अहेतुवाद देशना गर्छु त्यसलाई वालजनहरूले विचार गर्दैनन्। यो सबै अनुत्पन्न छ र न भाव छन् न अभाव ॥५८१॥

भावहरू गन्धर्वनगर, स्वप्न र माया झैं अहेतुक छन् र अहेतुक र अस्वभाव भएकाले म शून्य छन् भन्छु ।५८२।

जव समवायविनिर्मुक्त भाव देखिँदैन त्यसैले म पदार्थलाई शून्य, अनुत्पन्न र अस्वभाव भन्छु ॥

जसरी स्वप्न, केशोण्डुक, माया, गन्धर्वनगर र मृगतृष्णिकाहरू अहेतुक हुँदा हुँदै पनि देखिन्छन् त्यसरी नै लोकको चित्र विचित्रता देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटै समवाय पनि छैन किनभने दृश्यको अभाव भएकाले र तैर्थिक कल्पना झैं कुनै प्रलय र समवाय पनि छैन ॥५८४-५८५॥

विगृह्याहेतुवादेन अनुत्पादं प्रसाधयेत् ।
अनुत्पादैः प्रसाध्यन्ते मम नेत्रो न नश्यति ॥५८६॥
अहेतुवादैर्देश्यन्ते तीर्थ्यानां जायते भयम् ।
कथं केन कुतः कुत्र संभवोऽहेतुको भवेत् ॥५८७॥
नाहेतुकमहेतुत्वं यदा पश्यन्ति पण्डिताः ।
तदा व्यावर्तते दृष्टिर्भङ्गोत्पादानुवादिनी ॥५८८॥
किमभावो ह्यनुत्पाद उत्पादोत्पत्तिलक्षणम् ।
अथ भावस्य नामेदं निरर्थं वा ब्रवीहि मे ॥५८९॥
न च भावो ह्यनुत्पादो न च प्रत्ययलक्षणम् ।
न च भावस्य नामेदं न च नाम निरर्थकम् ॥५९०॥

अनुत्पादलाई अहेतुवादद्वारा ग्रहण गरेर अनुत्पादलाई प्रसाधन गरोस् र अनुत्पादद्वारा प्रसाधित गरिन्छन् र मेरो प्रज्ञापारमिता नष्ट हुँदैन ॥५८६॥

अहेतुवादको देशना गर्दा कसरी, केले, कहाँबाट र कहाँ त्यो सम्भव हुन्छ भनेर तैर्थिकहरू भयभीत हुन्छन् ॥

विनाहेतु छैन, अहेतु पनि छैन भनेर जब पण्डितहरूले बुझ्दछन् त्यसबेला अङ्गोत्पादानुवादिनी दृष्टि व्यावृत्त हुन्छ ॥५८८॥

अभाव अनुत्पाद छ कि उत्पाद र उत्पत्ति लक्षण छ त भन्दा म चाहिँ यसलाई भाव भन्नु भनेको निरर्थक भन्छु ॥५८९॥

न भाव अनुत्पाद छ न त प्रत्यक्षलक्षणयुक्त नै छ र यसलाई भाव नामले नै पुकार्न सकिन्छ र न नाम निरर्थक नै छ ॥५९०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्र श्रावकबुद्धानां तीर्थ्यानां च अगोचरः ।
सप्तभूमिगतानां च तदनुत्पादलक्षणम् ॥५९१॥
हेतुप्रत्ययव्यावृत्तिं कारणस्य निषेधनम् ।
चित्तमात्रव्यवस्थानमनुत्पादं वदाम्यहम् ॥५९२॥
अहेतुवृत्तिं भावानां कल्प्यकल्पविवर्जिताम् ।
सदसत्पक्षनिर्मुक्तमनुत्पादं वदाम्यहम् ॥५९३॥
चित्तदृश्यविनिर्मुक्तं स्वभावद्वयवर्जितम् ।
आश्रयस्य परावृत्तिमनुत्पादं वदाम्यहम् ॥५९४॥
न बाह्यभावं भावानां न च चित्तपरिग्रहम् ।
सर्वदृष्टिप्रहाणं यत्तदनुत्पादलक्षणम् ॥५९५॥

जहाँ श्रावक, प्रत्येकबुद्ध र तैर्थिकहरूको विषयको अगोचर छ र सप्तभूमिगत (बोधिसत्त्व) हरूलाई पनि त्यो अनुत्पाद नै छ त्यस्तो हेतु प्रत्ययव्यावृत्ति कारणको निषेध चित्तमात्र व्यवस्थान अनुत्पाद हो म भन्दछु ॥

कल्प्य अकल्प्यवर्जित भावहरूलाई अहेतुवृत्ति, सदसत्पक्षरहित र अनुत्पाद हो भन्छु म। त्यसैगरी चित्तदृश्यरहित, स्वभावद्वयरहित र आश्रयको परावृत्तियुक्त र अनुत्पाद पनि भन्दछु ॥५९३-५९४॥

भावहरूको बाह्यभाव पनि छैन र चित्तपरिग्रह पनि छैन त्यसैले त्यो सर्वदृष्टिप्रहाण हो र त्यही नै अनुत्पादलक्षण हो ॥५९५॥

एवम् शून्यास्वभावाद्यान् सर्वधर्मान् विभावयेत् ।
न जातु शून्यया शून्या किं त्वनुत्पादशून्यया ॥५९६॥
कलापः प्रत्ययानां हि प्रवर्तते निवर्तते ।
कलापाच्च पृथग्भूतं न जातं न निरुध्यते ॥५९७॥
भावो न विद्यते ह्यन्यः कलापाच्च पृथक् क्वचित् ।
एकत्वेन पृथक्त्वेन यथा तीर्थ्यैर्विकल्प्यते ॥५९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदसन्न जायते भावो नासन्न सदसत्क्वचित् ।
अन्यत्र हि कलापोऽयं प्रवर्तते निवर्तते ॥५९९॥
सङ्केतमात्रमेवेदमन्योन्यापेक्षसङ्कलात् ।
जन्यमर्थं न चैवास्ति पृथक्प्रत्ययसङ्कलात् ॥६००॥

यसरी शून्यस्वभावादि सर्वधर्मलाई मान्नू र शून्यबाट कदाचिदपि शून्य उत्पन्न हुँदैन अपितु शून्यद्वारा अनुत्पाद हुन्छ ॥५९६॥

प्रत्ययहरूको समूह (कलाप) नै प्रवृत्त हुन्छ र निवृत्त पनि हुन्छ त्यसैले कलापभन्दा पृथक केही उत्पन्न पनि हुँदैन र निरुद्ध पनि हुँदैन । कलाप भन्दा पृथक कुनै भाव (वस्तु) एकत्व वा पृथक्त्व रूपमा छैन, जसको कल्पना तैर्थिकहरूले गर्छन् ॥५९७-५९८॥

भाव कदापि सदसत् र नासद् हुँदैन र केवल कलाप नै प्रवृत्त निवृत्त हुन्छ ॥५९९॥

परस्पर अपेक्षा गरेर संमिश्रण भएर बनेको यो सङ्केत मात्र उत्पन्न जो वस्तु छ त्यो प्रत्ययसङ्कलनभन्दा पृथक् छैन ॥६००॥

जन्याभावो ह्यनुत्पादः तीर्थ्यदोषविवर्जितः ।
देशेमि सङ्कलामात्रं न च बालैर्विभाव्यते ॥६०१॥
यस्य जन्यो हि भावोऽस्ति सङ्कलायाः पृथक् क्वचित् ।
अहेतुवादी विज्ञेयः सङ्कलाया विनाशकः ॥६०२॥
प्रदीपद्रव्यजातीनां व्यञ्जका सङ्कला भवेत् ।
यस्य भावो भवेत्कश्चित्सङ्कलायाः पृथक क्वचित् ॥६०३॥
अस्वभावो ह्यनुत्पन्नः प्रकृत्या गगनोपमः ।
सङ्कलायाः पृथग्भूतो यो धर्मः कल्पितोऽबुधैः ॥६०४॥
अयमन्यमनुत्पादमार्याणां प्राप्तिधर्मता ।
यश्च तस्य अनुत्पादं तदनुत्पादक्षान्तिः स्यात् ॥६०५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थ्यदोषविवर्जित जन्यभाव अनुत्पाद जो छ त्यसलाई म सङ्कलन (संमिश्रण) मात्र हो भनेर देशना गर्छु जसलाई बालककहरूले बुझ्न सक्दैनन् ॥६०१॥

सङ्कलको सिद्धान्त भन्दा पृथक कसैको भाव जन्य हो भन्ने विचार छ भने त्यो सङ्कलसिद्धान्तको विनाशक अहेतुवादी हो ॥६०२॥

प्रदीपद्रव्यजातिको व्यञ्जक सङ्कल हो र सङ्कल भन्दा पृथक् कुनै भाव हुनै सक्दैन ॥६०३॥

वस्तु स्वभावैले अस्वभाव, अनुत्पन्न र गगनोपम छ र जुन सङ्कलभन्दा पृथक धर्मको कल्पना गर्नु मूर्खको कार्य हो ॥६०४॥

यो चित्त आफैंमा अनुत्पन्न छ र प्राप्तिधर्म पनि अनुत्पन्न नै छ, त्यसबाट अनुत्पत्तिधर्मको सिद्धि हुन्छ ॥६०५॥

यदा सर्वमिमं लोकं सङ्कलामेव पश्यति ।
सङ्कलामात्रमेवेदं तदा चित्तं समाध्यते ॥६०६॥
अज्ञानतृष्णाकर्मादि सङ्कलाध्यात्मिका भवेत् ।
खजमृद्दण्डचक्रादि बीजभूतादि बाहिरम् ॥६०७॥
परतो यस्य वै भावः प्रत्ययैर्जायते क्वचित् ।
न सङ्कलामात्रमेवेदं न ते युक्त्यागमे स्थिताः ॥६०८॥
यदि जन्यो न भावोऽस्ति स्याद्बुद्धिः कस्य प्रत्ययात् ।
अन्योन्यप्रत्यया ह्येते ते तेन प्रत्ययाः स्मृताः ॥६०९॥
उष्णद्रवचलकठिना बालैर्धर्मा विकल्पिताः ।
कलापोऽयं य धर्मोऽस्ति अतो वै निःस्वभावता ॥६१०॥

जब व्यक्तिले यो सम्पूर्ण लोकलाई सङ्कल देख्दछ त्यसबेला सङ्कलबाहेक केही रहँदैन र चित्त समाहित हुन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञान, तृष्णा र कर्म आदि आध्यात्मिक सङ्कल हुन् र खज, माटो, दण्ड र चक्रादि जो बीज भूत छन् ती बाह्य सङ्कल हुन् ॥६०७॥

प्रत्ययबाहेक अन्यत्रबाट वस्तु उत्पन्न हुन्छ भन्ने कसैलाई लाग्छ भने ती युक्त्यागममा स्थित छैनन् ॥६०८॥

यदि भाव जन्य होइन भने बुद्धि कसको प्रत्ययबाट उत्पन्न हुन्छ ? यी अन्योन्य प्रत्यय हुन् त्यसैले ती प्रत्यय हुन् ॥६०९॥

उष्ण, द्रव, चल र कठिन भनेर जो बालजनहरूले कल्पना गरेका छन् त्यो सबै कलाप हो त्यसैले सबै धर्महरू निःस्वभाव छन् ॥६१०॥

वैद्या यथातुरवशात्क्रियाभेदं प्रकुर्वते ।
नतु शास्त्रस्य भेदोऽस्ति दोषभेदस्तु विद्यते ॥६११॥
तथाहं सत्त्वसंताने क्लेशदोषैः सुदूषितैः ।
इन्द्रियाणां बलं ज्ञात्वा नयं देशेमि बालिशान् ॥६१२॥
न क्लेशेन्द्रियभेदेन शासनं भिद्यते मम ।
एकमेव भवेद्यानं मार्गमष्टाङ्गिकं शिवम् ॥६१३॥
घटपटमुकुटविषाणहेतुकशशविधणानास्तित्त्वम् ।
यद्धेतुसमुत्पन्नं स च नास्ति तेऽवगन्तव्यम् ॥६१४॥
अस्तित्त्वसाधकं नास्ति नास्ति नास्ति न युज्यते ।
अस्तित्त्वं नास्त्यपेक्ष्यं हि अन्योन्यापेक्षकारणम् ॥६१५॥

जसरी वैद्यहरूले रोगीलाई विरेचनादि क्रियाभेद गर्दछन् । शास्त्रमा त्यस्तो भेद छैन र दोषमा चाहिँ भेद छ । त्यसैले सत्त्वसंतानमा क्लेशदोषले दूषित इन्द्रियहरूको बल जानेर बालजनका लागि मार्ग बताउँछु । क्लेश भेदले मेरो शासनमा भेद हुँदैन त्यसैले एउटा मात्र यान छ त्यो कल्याणकारक आर्याष्टाङ्गिक मार्ग हो ॥६११-६१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घट, पट, मुकुट र विषाणहेतुक शशविषाण छैन त्यसैले जुन हेतुबाट त्यो उत्पन्न भएको हो त्यो नै छैन भन्ने बुझ्नुपर्दछ ॥६१४॥

अस्तित्त्व साधक छैन, नास्ति पनि छैन भन्न मिल्दैन अस्तित्त्व नास्तिको अपेक्षा गरेर हुने हुनाले तिनीहरू अन्योन्यापेक्ष कारण हुन् ॥६१५॥

किंचिदाश्रित्य पुनः किञ्चित्ख्यायते यस्य वै मतम् ।
अहेतुकं यदाश्रित्य किञ्चिच्चाहेतुकं न तु ॥६१६॥
अथ तदन्यमाश्रित्य तदप्यन्यस्य ख्यायते ।
अनवस्था प्रसज्येत किञ्चिच्च किं च नो भवेत् ॥६१७॥
आश्रित्य पर्णकाष्ठादीन् यथा माया प्रसज्यते ।
वस्तु तद्वत्समाश्रित्य वैचित्र्यं ख्यायते नृणाम् ॥६१८॥
मायाजालं न पर्णानि न काष्ठं न च शर्करा ।
मायैव दृश्यते बालैर्मायाकारेण चाश्रयम् ॥६१९॥
तथा वस्तु समाश्रित्य यदि किंचिद्विनश्यति ।
दृश्यकाले द्वयं नास्ति कथं किञ्चिद्विकल्प्यते ॥६२०॥

केहीलाई आश्रय मानेर केही चिज उत्पन्न हुन्छ भन्ने कसैको मत छ भने अहेतुक जो आश्रित भएर केही पनि अहेतुक छैन ॥६१६॥

त्यस भन्दा अन्यमा आश्रित भएर अन्यको पनि ख्यापित भएपछि के हो र के होइन भन्ने अनवस्था उत्पन्न होला ॥६१७॥

जसरी पर्णकाष्ठादिलाई आश्रय बनाएर माया प्रसज्जित हुन्छ त्यसरी नै वस्तुलाई आधार बनाएर मानिसहरूमा वैचित्र्य ख्यापित हुन्छ ॥६१८॥

मायाजाल न पर्ण, न काष्ठ र न शर्करा नै छ अपितु माया नै देखिन्छ र बालहरूले मायाकारणले नै आश्रय देखिन्छ ॥६१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैगरी वस्तुलाई आधार बनाएर यदि केही विनष्ट हुन्छ भने दृश्यकालमा द्वय छैन भने कसरी केही कल्पित हुन्छ ॥६२०॥

विकल्पैर्विकल्पितं नास्ति विकल्पश्च न विद्यते ।
विकल्पे ह्यविद्यमाने तु न संसृतिर्न निर्वृतिः ॥६२१॥
विकल्पे ह्यविद्यमाने तु विकल्पो न प्रवर्तते ।
अप्रवृत्तिं कथं चित्तं चित्तमात्रं न युज्यते ॥६२२॥
अनेकमतिभिन्नत्वाच्छासने नास्ति सारता ।
साराभावान्न मोक्षोऽस्ति न च लोकबिचित्रता ॥६२३॥
बाह्यं न विद्यते दृश्यं यथा बालैर्विकल्प्यते ।
विम्ववत्ख्यायते चित्तं वासनैर्भ्रमणीकृतम् ॥६२४॥
सर्वभावा ह्यनुत्पन्ना असत्सदसंभवाः ।
चित्तमात्रमिदं सर्वं कल्पनाभिश्च बर्जितम् ॥६२५॥

कल्पनाद्वारा कल्पित पनि छैन र विकल्प पनि छैन र विकल्प अविद्यमान भएपछि न संवृत्ति नै हुन्छ र न निवृत्ति नै ॥६२१॥

विकल्प अविंद्यमान भएपछि कल्पना पनि रहँदैन र अप्रवृत्ति भएपछि कसरी चित्त रहन्छ र चित्तमात्र छ भन्नु उपयुक्त हुँदैन ॥६२२॥

अनेकमतिभिन्नताले गर्दा शासनमा (मर्ममा) सारता (महत्त्व) छैन र सारको अभावले गर्दा मोक्ष पनि छैन र लोकधर्मको विचित्रता पनि छैन ॥६२३॥

जसरी बालकल्पना छ त्यस्तो बाह्य दृश्य छैन र वास्तवमा वासनाद्वारा भ्रमित चित्त प्रतिबिम्ब मात्र ख्यापित हुन्छ ॥६२४॥

सर्वभावहरू अनुत्पन्न छन् र असत्सत् संभव पनि छैनन् । यो सबै कल्पना रहित चित्तमात्र हो ॥६२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालैर्भावाः समाख्याताः प्रत्ययैर्न तु पंण्डितैः ।
स्वभावचित्तनिर्मुक्तश्चित्तमार्योपगं शिवम् ॥६२६॥
सांख्या वैशेषिका नग्ना विप्राः पाशुपतास्तथा ।
असत्सदृष्टिपतिता विविक्तार्थविवर्जिताः ६२७॥
निःस्वभावा ह्यनुत्पन्नाः शून्या मायोपमागलाः ।
कस्यैते देशिता बुद्धैस्त्वया च प्रतिवर्णिताः ॥६२८॥
योगिनां शुद्धचित्तानां दृष्टितर्कविवर्जिताः ।
बुद्धा देशेन्ति वै योगं मया च प्रतिवर्णिताः ॥६२९॥
यदि चित्तमिदं सर्व कस्मिल्लोकः प्रतिष्ठितः ।
गमनागमनं केन दृश्यते भूतले नृणाम् ॥६३०॥

हेतुप्रत्ययद्वारा भावपदार्थको उत्पत्ति भएको भन्ने बालजनद्वारा प्रतिपादित कुरो हो, पण्डितजनद्वारा भनिएको होइन किनभने पण्डितका विचारमा त त्यो स्वभावचित्तनिर्मुक्तचित्त आर्योपगम र शिव छ ॥६२६॥

सांख्य, वैशेषिक, जैन, ब्राह्मण र पाशुपत सिद्धान्तवादीहरू असत् दृष्टिमा परेका हुनाले पवित्र शून्यतालाई जान्दैनन् ॥६२७॥

निःस्वभाव, अनुत्पन्न, शून्य, मायोपम र अमल भनेर कसैका लागि बुद्धले यी पदार्थको वर्णन गरेका हुन् र तिमीद्वारा पनि वर्णित छन् ॥६२८॥

बुद्धले दृष्टितर्करहित र शुद्ध चित्तयुक्त योगीहरूका लागि वर्णित योग मद्वारा पनि प्रतिवर्णित छ ॥६२९॥

यदि यो चित्त कुनै लोकमा स्थित छ भने, भूतलमा मानिसहरूको गमनागमन कसले देखेको छ ॥६३०॥

शकुनिर्यथा गगने विकल्पेन समीरितः ।
अप्रतिष्ठमनालम्व्यं चरते भूतले यथा ॥६३१॥
तथा हि देहिनः सर्वे विकल्पेन समीरिताः ।
स्वचित्ते चंक्रमन्ते ते गगने शकुनिर्यथा ॥६३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहभोगप्रतिष्ठाभं ब्रूहि चित्तं प्रवर्तते ।
आभा वृत्तिः कथं केन चित्तमात्रं वदाहि मे ॥६३३॥
देहभोगप्रतिष्ठाश्च आभा वृत्तिश्च वासनैः ।
संजायते अयुक्तानामाभा वृत्तिर्विकल्पनैः ॥६३४॥
विषयो विकल्पितो भावश्चित्तं विषयसंभवम् ।
दृश्यचित्तपरिज्ञानाद्विकल्पो न प्रवर्तते ॥६३५॥

जसरी आकाशमा चराहरू समीरित र अप्रतिष्ठित अनालम्ब्य भएर भूतलमा विचरण गर्दछ ॥६३१॥

त्यसैगरी जसरी शकुनि आकाशमा विचरण गर्दछ, सबै प्राणीहरू विकल्पले प्रेरित भएर आफ्नो चित्तमा विचरण गर्दछन् ॥६३२॥

देहभोगप्रतिष्ठाभ चित्तमात्र प्रवृत्त हुन्छ र आभावृत्ति चाहिँ कसरी र केले गर्दछ ॥६३३॥

देहभोगप्रतिष्ठा, आभा र वृत्ति वासनाद्वारा उत्पन्न हुन्छन् र अयुक्तहरूको आभा वृत्तिविकल्पद्वारा हुन्छ ॥६३४॥

विषय विकल्पित भाव चित्त विषयबाट सम्भव हुन्छ र दृश्यचित्तपरिज्ञानबाट विकल्प प्रवृत्त हुँदैन ॥६३५॥

नाम नाम्नि विसंयुक्तं यदा पश्यति कल्पितम् ।
बुद्धिबोद्धव्यरहितं संस्कृतं मुच्यते तदा ॥६३६॥
एता बुद्धिर्भवेद्बोध्यं नाम नाम्नि विभावनम् ।
ये त्वन्यथावबुध्यन्ते न ते बुद्धा न बोधकाः ॥६३७॥
पञ्च धर्माः स्वभावाश्च विज्ञानान्यष्ट एव च
द्वे नैरात्म्ये भवेत्कृत्स्नो महायानपरिग्रहः ॥६३८॥
यदा बुद्धिश्च बोद्धव्यं विविक्तं पश्यते जगत् ।
नास्ति नाम विकल्पश्च तथा नाभिप्रवर्तते ॥६३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रियाक्षरविकल्पानां निवृत्तिश्चित्तदर्शनात् ।
अदर्शनात्स्वचित्तस्य विकल्पः संप्रवर्तने ॥६४०॥

नाम नाममा विसंयुक्त भएको कल्पना जब उत्पन्न हुन्छ त्यसबेला बुद्ध र बोद्धव्य रहित संस्कृत भनिन्छ ॥

यो बुद्धि चाहिँ बोध्य हो जसले नामलाई नाममा विचार गर्दछ र जसले अन्यथा बुझ्दछन् ती न बुद्ध हुन् न बोधक हुन् ॥६३७॥

पञ्चधर्म त्रिस्वभाव, अष्ट विज्ञान र नैरात्म्य द्वय पूर्ण महायान हो ॥६३८॥

जब बुद्धि र बोद्धव्य विविक्तपूर्वक जगत्लाई देख्छ त्यसबेला विकल्प रहँदैन र प्रवृत्ति पनि हुँदैन ॥६३९॥

चित्तदर्शनबाट क्रिया, अक्षर र विकल्पहरूको निवृत्ति हुन्छ र त्यसको आदर्शबाट विकल्प प्रवृत्त हुन्छ ॥६४०॥

चत्वारोऽरूपिणः स्कन्धाः संख्या तेषां न विद्यते ।
भूतैर्विलक्षणै रूपं कथं रूपबहुत्वता ॥६४१॥
लक्षणस्य परित्यागान्न भूतं न च भौतिकम्
अथान्यलक्षणै रूपं कस्मात्स्कन्धैर्न जायते ॥६४२॥
विमुक्तायतनस्कन्धा यदा पश्यत्यलक्षणाः ।
तदा निवर्तते चित्तं धर्मनैरात्म्यदर्शनात् ॥६४३॥
विषयेन्द्रियभेदेन विज्ञानं जायतेऽष्टधा ।
लक्षणेन भवेत्रीणि निराभासे निवर्तते ॥६४४॥
आलयं हि मनस्यात्मा आत्मीयं ज्ञानमेव च ।
प्रवर्तते द्वयग्राहात्परिज्ञानान्निवर्तते ॥६४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदना, संज्ञा, संस्कार र विज्ञान यी चारवटा, अरूपि स्कन्ध तिनीहरूको संख्या छैन भूतविलक्षणद्वारा कसरी रूप जो छ त्यसको रूपबहुलता हुन्छ ॥६४१॥

लक्षणको परित्यागबाट न भूत हुन्छ न भौतिक नै हुन्छ त्यसैले अन्यलक्षणद्वारा रूपस्कन्धद्वारा कसरी उत्पन्न हुँदैन ॥६४२॥

विमुक्तायतनस्कन्धहरूलाई जब अलक्षण देख्दछ त्यसबेला धर्मनैरात्म्य दर्शनले चित्त निवृत्त हुन्छ ॥६४३॥

विषययेन्द्रियभेदले आठप्रकारको विज्ञान उत्पन्न हुन्छ र लक्षण अनुसार चाहिँ त्यो विज्ञान तीन प्रकारको हुन्छ र निराभासमा निवृत्त हुन्छ ॥६४४॥

आलयविज्ञान मनोविज्ञानको आत्मा हो र ज्ञान चाहिँ आत्मीय हो त्यसैले यो ग्राहले चाहिँ प्रवृत्ति हुन्छ र त्यसको ज्ञानले निवृत्ति हुन्छ ॥६४५॥

अन्यानन्यविनिर्मुक्तं यदा पश्यत्यसंचरम् ।
तदा द्वयं न कल्पन्ति आत्मा चात्मीयमेव च ॥६४६॥
अप्रवृत्तं न पुष्णाति न च विज्ञानकारणम् ।
कार्यकारणनिर्मुक्तं निरुद्धं न प्रवर्तते ॥६४७॥

जब अन्यानन्य विनिर्मुक्त र असंचर देख्दछ त्यसबेला आत्मा र आत्मीय दुवैको कल्पना हुँदैन ॥६४६॥

अप्रवृत्तले पोषण पनि गर्दैन न विज्ञान कारण नै बन्छ र कार्यकारणनिर्मुक्त विरुद्ध भएर प्रवृत्त हुँदैन ॥६४७॥

विकल्पं चित्तमात्रं च लोकं केन वदाहि मे ।
कारणैश्च विसंयुक्तं लक्ष्यलक्षणवर्जितम् ॥६४८॥
स्वचित्तं दृश्यते चित्रं दृश्याकारं विकल्पितम्
चित्तदृश्यापरिज्ञानादन्यं चित्तार्थसङ्ग्रहात् ॥६४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नास्तित्त्वदृष्टिर्भवति यदा बुद्ध्या न पश्यति ।
अस्तित्त्वं हि कथं तस्य चित्तग्राहन्न जायते ॥६५०॥
विकल्पो न भावो नाभावो अतोऽस्तित्त्वं न जायते ।
चित्तदृश्यपरिज्ञानाद्विकल्पो न प्रवर्तते ॥६५१॥
अप्रवृत्ति विकल्पस्य परावृत्ति निराश्रयः
निवार्य पक्षांश्चत्वारो यदि भावा सहेतुकाः ॥६५२॥

विकल्प भनेको चित्तमात्र हो र त्यसैले लोक जो छ त्यो कारणहरूद्वारा विसंयुक्त र लक्ष्यलक्षणवर्जित छ। स्वचित्त नै चित्र रूपमा देखिन्छ जो दृश्याकार विकल्प हो। किनभने चित्त दृश्यापरिज्ञान र अन्य चित्तार्थसङ्ग्रहबाट ॥६४८॥ ॥६४९॥

जब नास्तित्त्व दर्शन त्यसबेला हुन्छ जब बुद्धिले देख्छ र चित्तग्राहबाट त्यसको अस्तित्त्व कसरी उत्पन्न न होला ॥६५०॥

विकल्प भनेको न भाव हो र न अभाव नै हो त्यसैले अस्तित्त्व छैन र चित्तदृश्यपरिज्ञानबाट विकल्प प्रवृत्त हुँदैन ॥६५१॥

यदि भावहरू सहेतुक हुन् भने विकल्पको अप्रवृत्ति, निराश्रय र निवार्य चारवटा पक्ष छन् ॥६५२॥

संज्ञान्तरविशेषोऽयं कृतं केन न साधितः ।
अर्थापत्तिर्भवेत्तेषां कारणद्वा प्रवर्तते ॥६५३॥
हेतुप्रत्ययसंयोगात्कारणप्रतिषेधतः ।
नित्यदोषो निवार्यते अनित्या यदि प्रत्ययाः ॥६५४॥
न संभवो न विभवो अनित्यत्वाद्धि बालिशाम् ।
न हि नश्यमानं किञ्चिद्वै कारणत्वेन दृश्यते ॥६५५॥
अदृष्टं हि कथं केन नानित्यो जायते भवः ॥
सङ्ग्रहैश्च दमेत्सत्तवान् शीलेन च वशीकरेत् ॥६५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रज्ञया नाशयेद्दृष्टिं विमोक्षश्च विवर्धयेत् ।
लोकायतमिदं सर्वं यत्तीर्थ्यैर्देश्यते मृषा ॥६५७॥
कार्यकारणसद्दृष्ट्या स्वसिद्धान्तं न विद्यते ।
अहमेकं स्वसिद्धान्तं कार्यकारणवर्जितः ॥६५८॥

संज्ञान्तरविशेषलाई कसले बनायो र केले साधित गऱ्यो र अर्थापत्ति हुन्छ तिनीहरूको कारणबाट प्रवृत्ति हुन्छ ॥६५३॥

हेतुप्रत्ययसंयोगबाट र कारणको प्रतिषेधबाट यदि प्रत्यहरू अनित्य छन् भने नित्यदोष केले निवारण गर्छ ॥६५४॥

बालजनलाई अनित्यबाट न संभव छ न विभव नै र जो नश्यमान छ त्यो कुनै कारणद्वारा पनि देखिँदैन ॥६५५॥

अदृष्ट जो भव छ त्यो कसरी र केद्वारा उत्पन्न हुन्छ र चारवटा सङ्ग्रहवस्तुद्वारा चित्तलाई शान्त गर्नु र शीलद्वारा वशमा गर्नु ॥६५६॥

प्रज्ञाद्वारा दुष्ट दृष्टिको विनाश गर्नु मोक्ष प्रतिको उत्कण्ठा बढाउँनू किनभने लौकायतिक र तीर्थकहरूले जो झुठो वर्णन गर्दछन् त्यस अनुसार न चाल्नु ॥६५७॥

कार्यकारणसद्दृष्टिले स्वसिद्धान्त छैन र म एक स्वसिद्धान्त कार्यकारण वर्जित छ भनेर उपदेश गर्दछु ॥६५८॥

देशेमि शिष्यवर्गस्य लोकायतविवर्जितः ।
चित्तमात्रं न दृश्योऽस्ति द्विधा चित्तं विदृश्यते
ग्राह्यग्राहकभावेन शाश्वतोच्छेदवर्जितम् ॥६५९॥
यावत्प्रवर्तते चित्तं ताबल्लोकायतं भवेत् ।
अप्रवृत्तिर्विकल्पस्य स्वचित्तं पश्यतो जगत् ॥६६०॥
आयं कार्यभिनिर्वृत्तिर्व्ययं कार्यस्य दर्शनम् ।
आयव्ययपरिज्ञानाद्विकल्पो न प्रवर्तते ॥६६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यमनित्यं कृतकमकृतकं परापरम् ।
एवमाद्यानि सर्वाणि (तल) लोकायतनं भवेत् ॥६६२॥
देवासुरमनुष्याश्च तिर्यक्प्रेतयमालयाः ।
गतयः षट् समाख्याता यत्र जायन्ति देहिनः ॥६६३॥
हीनउत्कृष्टमध्येन कर्मणा तेषु जायते ।
संरक्ष्य कुशलान् सर्वान् विशेषो मोक्ष एव वा ॥६६४॥

लोकायतविवर्जित शिष्यवर्गका लागि म भन्दछु कि चित्तमात्र दृश्य छैन र चित्त दुई प्रकारले विदृश्य हुन्छ र त्यो भनेको ग्राह्यग्राहकभाव र शाश्वतोच्छेद वर्जित हो ॥६५९॥

जहिलेसम्म चित्त प्रवृत्त हुन्छ त्यसबेलासम्म लोकायत हुन्छ र विकल्पको अप्रवृत्ति चाहिँ स्वचित जो छ जगत्लाई हेर्नुपर्दछ ॥६६०॥

आय कार्यविनिवृत्त हो भने व्यय चाहिँ कार्यको दर्शन हो। आयव्ययको परिज्ञान भएपछि विकल्प प्रवृत्त हुँदैन ॥६६१॥

नित्य, अनित्य, कृतक, अकृतक, पर र अपर इत्यादि सबै नै लोकायतन हुन्छन् ॥६६२॥

देव, असर मनुष्य, तिर्यक् प्रेत र यमालय गरी ६ वटा गति हुन्छन्, जहाँ प्राणीहरू जान्छन् ॥६६३॥

हीन, उत्कृष्ट र मध्य कर्महरूद्वारा प्राणीहरू क्रमसः तत्-तत् गतिमा उत्पन्न हुन्छन् त्यसैले कुशलमूलको संरक्षण गरे विशिष्ट मोक्षतर्फ जानुपर्दछ ॥६६४॥

क्षणे क्षणे त्वया यन्मरणं उपपत्ति च ।
देश्यते भिक्षुवर्गस्य अभिप्रायं बदाहि मे ॥६६५॥
रूपाद्रूपान्तरं यद्वच्चित्तं संभूय भज्यते ।
तस्माद्देशेमि शिष्याणां क्षणजन्मपरंपराम् ॥६६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपे रूपे विकल्पस्य संभवो विभवस्तथा ।
विकल्पो हि भवेजन्तुर्विकल्पोऽन्यो न विद्यते ॥६६७॥
क्षणे क्षणे यन्न युक्तमिदंप्रत्ययभाषितम् ।
रूपग्राहविनिर्मुक्तं न जन्म न च भज्यते ॥६६८॥

क्षण-क्षणमा जो तिमीद्वारा मरण र उपपत्तिको प्रश्न गरिएको छ त्यसको अभिप्राय म भिक्षुवर्गका लागि भन्दछु ॥६६५॥

जसरी रूपबाट अर्को रूप झै चित्त भएर उत्पन्न हुन्छ त्यसैले म शिष्यहरूका लागि क्षणजन्मपरम्पराको देशना गर्छु ॥६६६॥

रूपरूपमा विकल्पको संभव र विभव जो छ त्यो विकल्प भनेको प्राणी हो, त्यस अतिरिक्त विकल्प अन्य केही छैन ॥६६७॥

क्षण-क्षणमा उत्पत्ति र विनाश हुन्छ जो भनियो त्यो हेतु प्रत्यय संजात जो भनियो त्यो रूपग्राहरहित न जन्म, न मृत्य नै संभव छ ॥६६८॥

प्रत्ययाः प्रत्ययोत्पन्ना अविद्यातथतादयः ।
धर्मद्वयेन वर्तन्ते अद्वया तथता भवेत् ॥६६९॥
प्रत्ययाः प्रत्ययोत्पन्नाः यदि धर्मा विशेषिताः।
नित्यादयो भवेत्कार्य कारणं प्रत्यायो भवेत् ॥६७०॥
निर्विशिष्टं भवेत्तीर्थ्यैः कार्यकारणसङ्ग्रहात्
वादस्तब च बुद्धानां तस्मान्नार्यो महामुने ॥६७१॥
शरीरे व्याममत्रे च लोकं बै लोकसमुदयम् ।
निरोधगामिनी प्रतिपद्देशयामि जिनौरसान् ॥६७२॥
स्वभावत्रयग्राहेण ग्राह्यग्राहविदृष्टयः ।
लोक्यलोकोत्तरान् धर्मान् विकल्पेन्ति पृथग्जनाः ॥६७३॥
अतः स्वभावग्रहणं क्रियते पूर्वपक्षया ।
निवारार्थ तु दृष्टीनां स्वभावं न विकल्पयेत् ॥६७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यहरू प्रत्ययबाट एवम् अविद्यातथता आदि पनि उत्पन्न हुन्छन् दुई धर्मले युक्त सबै छन् र यो नै तथता हो ॥६६९॥

प्रत्यययोत्पन्न एवम् धर्म विशिष्ट छन् भने नित्यआदि कार्य हुन्छन्। प्रत्यय कारण हुन जान्छ ॥६७०॥

कार्य र कारणका सङ्ग्रहले गर्दा तीर्थकहरू निर्विशिष्ट रूपले स्वीकारर्द छन्। र बृद्धवाद एवम् अन्यवाद समान हो भन्छन् ।त्यसैले ती आर्य होइनन् ॥६७१॥

शरीर ब्योमजस्तै छ लोक समुद्र हो। त्यसैले निरोधगामिनी प्रतिपद् को देशना गर्दछु ।६७२॥

तीन स्वभावका कारणले ग्राह्य उवं ग्राहक रहन्छन्। लौकिक एवम् लोकोत्तर धर्महरूलाई पृथग्जनहरूले विकल्पित गर्दछन्। त्यसैले पूर्वपक्षका रूपमा स्वभावको ग्रहण गरिन्छ। दृष्टिहरूको निवारणार्थ स्वभावको कल्पना गर्नु हुँदैन ॥६७३-६७४॥

छिद्रदोषान्न नियमो न वा चित्तं प्रवर्तते
प्रवृत्तिद्वयग्राहेण अद्वया तथता भवेत् ॥६७५॥
अज्ञान तृष्णा कर्म च विज्ञानाद्या अयोनिजाः ।
अनवस्थाकृतकत्वं च न कृत्वा जायते भवः ॥६७६॥
चतुर्विधश्च प्रध्वंसो भावानां कथ्यतेऽबुधैः ।
द्विधावृत्तेर्विकल्पस्य भावाभावो न विद्यते ।
चातुष्कोटिकनिर्मुक्तं दर्शनद्वयवर्जितम् ॥६७७॥
द्विधावृत्तिविकल्पः स्यादृष्ट्वा नाभिप्रवर्तते ।
अनुत्पन्नेषु भावेषु बुद्धेर्व्युत्थानभावतः ॥६७८॥
उत्पन्नेष्वपि भावेषु तत्कल्पत्वान्न कल्पयेत्
युक्तिं वदाहि मे नाथ द्विधादृष्टिनिवारणात् ॥६७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छिद्र एवम् दोषबाट नियम एवम् चित्त कहीँ पनि प्रवर्तित हुँदैन। दुई प्रवृत्ति ग्रहणले तथता हुन्छ।

अज्ञान, दृष्य, कर्म, विज्ञान आदि सबै आयोजित छन्। अनवस्था एवम् कृतक पनि नगरिकन भव हुन्छ। पदार्थको चार प्रकारको नाश हुन्छ भनेर विद्वान्हरू भन्दछन् विकल्पको दुई वृत्ति हुन्छन् भाव र अभाव हुँदैन। चतुस्कोटि विनियुक्त दुई दर्शनरहित छ। दुई प्रकारको वृक्तिविकल्प छ तर त्यसलाई जानेपछि त्यो प्रवृत्त हुन्न। किनकि अनुत्पन्नपदार्थहरूमा बुद्धि पनि कसरी प्रवृत्त हुन्छ र !!

उत्पन्नपदार्थहरूमा पनि त्यो कल्पित हुनाले कल्पना गर्नु उचित हुँदैन। दुईप्रकारको दृष्टिनिवारण'नै त्यसको युक्ति हो ॥६७५-६७९॥

यथाहमन्ये च सदा नास्त्यस्ति न विसङ्करेत्।
तीर्थवाद असंसृष्टाः श्रावकैर्जिनवर्जिताः।
जिनाभिसमयचर्यां च जिनपुत्राविनाशतः ॥६८०॥
विमोक्षहेत्वहेतुश्चाप्यनुत्पादैकलक्षणः।
पर्यायैर्मोहयन्त्येतां वर्जनीयां सदा बुधैः ॥६८१॥
मेघाभ्रकूटेन्द्रधनुः प्रकाशा
मरीचिकेशोण्डुकमायतल्याः।
भावा हि सर्वे स्वविकल्वसंभवा-
स्तीर्थ्या विकल्पेन्ति जगत्स्वकारणैः ॥६८२॥
अनुत्पादश्च तथता भूतकोटिश्च शून्यता।
रूपस्य नामान्येतानि अभावं न विकल्पयेत् ॥६८३॥
हस्तः करो यथा लोके इन्द्रः शक्रः पुरंदरः।
तथा हि सर्वभावानामभावं न विकल्पयेत ॥६८४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो म र अन्य सदा न अस्ति न नास्ति दुवै होइनौ त्यसैले मिश्रण नगर्नु। हामीहरू तीर्थवादले असंसृष्ट श्रावकजिनविवर्जित एवम् जिना-भि समय चर्या हुन्छ जिनपुत्रहरूको अविनाश हुने हुनाले। विमोक्षको हेतु अहेतु अनुत्पादैकलक्षण हो। तर पदार्थद्वारा सामान्यजनहरू मोहित हुन्छन् विद्वान्हरूले त्याग्नु पर्दछ। मेघ अग्रको समूह, इन्द्रधनुष, मृगमरीच, केशोण्डुक, एवम् माया समान सारा पदार्थहरूछन् स्वविकल्प उत्पन्न हुन्छन्, तीर्थिकहरूले आ-आफ्नै कारणले हुन्छन् भन्दछन्। तथता, भूतकोटि, शून्यता यी अनुत्पन्न हुन्। यी सबै रूपका नाम हुन् यिनको अभावको कल्पना नगर्नु। जसरी हात करलोकमा भनिन्छ। त्यस्तै इन्द्र, शक्र, पुरंदर आदि विकल्पित नाम छन् त्यस्तै सबै पदार्थहरूको अभावको कल्पना नगरोस् ॥६८०-६८४॥

रूपाच्च शून्यता नान्या अनुत्पादं तथैव च ।
न कल्पयेदनन्यत्वादृष्टिदोषः प्रसज्यते ॥६८५॥
सङ्कल्पश्च विकल्पश्च वस्तुलक्षणसंग्रहात् ।
दीर्घह्रस्वादिमाण्डल्यं परिकल्पस्य संग्रहात् ॥६८६॥
सङ्कल्पो हि भवेच्चित्तं परिकल्पो मनस्तथा ।
विकल्पो मनविज्ञानं लक्ष्यलक्षणवर्जितम् ॥६८७॥
यच्च तीर्थ्यैरनुत्पादो यच्च मन्नयदृष्टिभिः ।
कल्प्यते निर्विशिष्टोऽयं दृष्टिदोषः प्रसज्यते ॥६८८॥
प्रयोजनमनुत्पादमनुत्पादार्थमेव च ।
ये वै जानन्ति युक्तिज्ञास्तेऽभिबुध्यन्ति मन्नयम् ॥६८९॥

रूप बाहेक शून्यता अन्य होइन, त्यस्तै अनुत्पाद पनि हो अनन्य नहुनाले कल्पना नर्गनु, अन्यथा त्यसबाट दृष्टिदोष हुन्छ। वस्तुलक्षणको संग्रहबाट सङ्कल्प र विकल्प हुन्छन्। परिकल्पको संग्रहबाट दीर्घ, ह्रस्व र मण्डल आदि हुन्छन्। सङ्कल्प नै चित्त हो, परिकल्प मन हो। विकल्प

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनोविज्ञान हो जुन लक्ष्यलक्षण रहित हुन्छ। तीर्थिकहरूले अनुत्पन्न भन्दछन् र मेरो सिद्धान्तले कल्पना भन्दछ। वस्तुतः त्यो एउटै हो जो दृष्टिदोषबाट हुने गर्दछ। प्रयोजन नै अनुत्पाद हो र त्यसैका लागि नै मेरो नीति हो युक्तिज्ञहरूले त्यसलाई जान्दछन् तिनैले मेरो सिद्धान्तलाई बुझ्न सक्दछन् ॥६८५-६८९॥

प्रयोजनं दृष्टिसङ्कोचमनुत्पादमनालयम् ।
अर्थद्वयपरिज्ञानादनुत्पादं वदाम्यहम् ॥६९०॥
भावा विद्यन्त्यनुत्पन्ना न वा ब्रूहि महामुने ।
अहेतुवावोऽनुत्पादो प्रवृत्तिस्तीर्थदर्शनम् ॥६९१॥
अहेतुवादोऽनुत्पादो वैषम्यतीर्थदर्शनम् ।
अस्तिनास्तिविनिर्मुक्तं चित्तमात्रं वदाम्यहम् ॥६९२॥
उत्पादकमनुत्पादं वर्जयेदृष्टिहेतुकम् ।
अहेतुवादेऽनुत्पादे उत्पादे कारणाश्रयः ॥६९३॥
अनाभोगक्रिया नास्ति क्रिया चेद्दृष्टिसङ्करः ।
उपायप्रणिधानाद्यैर्दृष्टिमेव वदाहि मे ।
असत्त्वात्सर्वधर्माणां मण्डलं जायते कथम् ॥६९४॥

प्रयोजन, दृष्टिसङ्कोच एवम् अनुत्पाद तथा अनालय नै हो र अर्थद्वयको ज्ञानबाट अनुत्पाद हुन्छ भन्दछु।

भावहरू अनुत्पन्ननै छन्। अथवा छैनन् भन्नुहोस् मुनिजी! अहेतुवाद-अनुत्पाद हो यो प्रवृत्ति तीर्थकहरूकोदर्शनमा छ। अहेतुवाद, अनुत्पाद, वैषम्यतीर्थ तीर्थकहरूको दर्शनमा छ र अस्ति र नास्ति रहित चित्तमात्रको उपदेश गर्दछु। उत्पाद एवम् अनुत्पाद दृष्टिलाई त्यागोस् अहेतुवादको अनुत्पाद भएपछि उत्पादमा कारणको आश्रय हुन्छ। अनाभोग क्रिया छैन,यदि क्रिया छ भने दृटिमा सङ्कल्प हुन्छ उपाय र प्रविधानद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टिको मात्र उपदेश गर्नुहोस ।सवै पदार्थहरूको अभावमा मण्डल कसरी संभव हुन्छ ॥६९०-६९४॥

ग्राह्यग्राहकविसंयोगान्न प्रवृत्तिर्न निर्वृतिः।
भावाद्भावान्तरं दृष्टिं चितं वै तत्समुत्थितम् ॥६९५॥
अनुत्पादश्च धर्माणां कथमेतद्वदाहि मे ।
सत्त्वश्चेन्नाबबुध्यन्ते अत एतत्प्रकाश्यते ॥६९६॥
पूर्वोत्तरविरोधं च सर्व भाष्य महामुने ॥
तीर्थदोषविनिर्मुक्तं विषमाहेतुवर्जितम् ॥६९७॥
अप्रवृत्तिर्निवृत्तिश्च ब्रू हि मे वादिनांवर ।
अस्तिनास्तिविनिर्मुक्तं फलहेत्वबिनाशकम् ॥६९८॥
भूमिक्रमानुसंधिश्च ब्रू हि मे धर्मलक्षणम् ।
द्वयान्तपतितो लोको दृटिभिर्व्याकुलीनकृतः ॥६९९॥
अनुत्पादा उत्पादाद्यैः शमहेतुर्न बुध्यते ।
मण्डलं हि न मे किंचिन्न च देशेमि धर्मताम् ॥७००॥
द्वये सति हि दोषः स्याद्द्वयं बुद्धैर्विशोधितम् ।
शून्याश्च क्षणिका भावा निःस्वभावा ह्यजातिकाः ॥७०१॥

ग्राह्य एवम् ग्राहको संयोग न हुनाले प्रवृत्ति एवम् निवृत्ति छैनन् । भावबाट अर्को भावदृष्टि हुन्छ त्यसैबाट चित्तको निर्माण हुन्छ। अनुत्पन्न धर्महरूको यो कसरी संभव हुन्छ तर सत्त्वहरूले बुझ्दैनन् त्यसैले यो भन्दछु। पूर्वोत्तरको विरोध पनि सबै भनेर हे महामुनि ! तीर्थ दोषरहित विषद् कारणरहित अप्रवृत्ति एवम् निवृत्तिको विषयमा कृपया बताउनुहोस्। एवम् अस्ति नास्ति रहित फल एवम् हेतुको अविनाशक तत्त्व बताउनुहोस्।

भूमिक्रम, अनुसन्धि, जो धर्मको लक्षण बताउनुहोस्। दुई अन्तमा फँसेको संसार दृष्टिद्वारा व्याकुलीकृत छ। उत्पाद आदिद्वारा अनुत्पन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शमहेतुको बोध हुँदैन मेरो कुनै मण्डल छैन र धर्मको उपदेश पनि गर्दिन। दुई भएमा नै दोष हुन्छ, दुईलाई बुद्धले हटाइसकेका छन्। क्षीणकपदार्थहरू शून्य छन्। अजन्म पदार्थहरू निःस्वभाव छन् ॥६९५-७०१॥

कुदृष्टिवादसंछन्नैः कल्प्यन्ते न तथागतैः ।
प्रवृत्तिं च निवृत्तिं च विकल्पस्य वदाहि मे ॥७०२॥
यथा येन प्रकारेण जायते विषयो मुखम् ।
वर्णपुष्कलसंयोगात्प्रपञ्चैः समुदानितम् ॥७०३॥
रूपं दृष्ट्वा बहिर्धा वै विकल्पः संप्रवर्तते ।
तस्यैव हि परिज्ञानाद्यथाभूतार्थदर्शनात् ।
आर्यगोत्रानुकूलं च चित्तं नाभिप्रवर्तते ॥७०४॥
पत्याख्याय तु भूतानि भावोत्पत्तिर्न विद्यते ।
भूताकारं सदा चित्तमनुत्पन्नं बिभावयेत ॥७०५॥
मा विकल्पं विकल्पेथ निर्विकल्पा हि पण्डिताः ।
विकल्पं विकल्पयंस्तस्य द्वयमेव न निर्वृतिः ॥७०६॥

कुदृष्टिवाद दृष्टिहीनहरूको कल्पना हो बुद्धको होइन। कल्पनाको प्रवृत्ति एवम् निवृत्तिको उपदेश गर्नुहोस्।

जसरी जुनकारणले विषय उपस्थित हुन्छ। यथाभूतार्थको ज्ञान र त्यसैको विशेष ज्ञानले त्यो हट्दछ। आर्यगोत्रानुकुल चित्त भने त्यहाँ प्रवृत्त हुँदैन। भूतलाई हटाए पछि पदार्थको उत्पत्ति हुँदैन। चित्तलाई सँधै भूताकार मान्नु र अनुत्पन्न भनेर विचार गर्नु। विकल्पको कल्पना नर्गनु पण्डितहरू निर्विकल्प हुन्छन्। विकल्पको कल्पनाले दुईको निवृत्ति हुँदैन ॥७०२-७०६॥

अनुत्पादप्रतिस्य माया च दृश्यते नयः ।
मायानिर्हेतुसंभूतं हानिसिद्धान्तलक्षणम् ॥७०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विम्ववदृश्यते चित्तमनादिमतिभावितम् ।
अर्थाकार न चार्थोऽति यथाभूतं विभावयेत् ॥७०८॥
यथा हि दर्पणे रूपमेकत्वान्यत्ववर्जितम् ।
दृश्यते न च तान्नास्ति तथा चोत्पादलक्षणम् ॥७०९॥
गन्धर्वमायादि यथा हेतुप्रत्ययलक्षणाः ।
तथा हि सर्वभावानां संभवो न ह्यसंभवः ॥७१०॥
विकल्पः पुरूषाकारो द्विधावृत्या प्रवर्तते ।
आत्मधर्मोपचारैश्च न च बालैर्विभाव्यते ॥७११॥

अँनुत्पादधर्मयुक्त पदार्थको जो सिद्धान्त छ त्यसमा माया संभव छैन। मायहेतुरहित पदार्थ हानि सिद्धान्त रहित हुन्छ। अनादिकालिक संस्कार भावित चित्त विम्वदृश्य झैं देखिन्छ अर्थाकार छ तर अर्थ छैन यस्तो कल्पना गर्नु। जसरी दर्पणमा अवस्थितरूपमा न एवत्व छ नअनेकत्व न देखिने पनि होइन र त भएको पनि होइन तथा उत्पादलक्षण पनि छैनं। गन्धर्वनगर, माया आदि हेतुप्रत्यय आदिबाट भएका हुन। त्यस्तै सबै पदार्थहरूको न संभव न त असंभव नै छ। पुरुषाकार विकल्प दुई प्रकारले प्रवृत्त हुन्छ। आत्मधर्मको उपचारद्वारा तर बच्चाहरूले त्यसलाई जान्दैनन् ॥७०७-७११॥

विपुलप्रत्ययाधीनः श्रावकोऽपि ह्यहंस्तथा ।
स्ववलाधीनं जिनाधीनं पञ्चमंश्रावकं नयेत् ॥७१२॥
कालान्तरं च प्रध्वस्तं परमार्थेतरेतरम् ।
चतुर्विधमनित्यत्वं बालाः कल्पेन्त्यकोबिदाः ॥७१३॥
द्वयान्तपतिता बाला गुणाणुप्रकृतिकारणैः ।
मोक्षोपायं न जानन्ति सदसत्पक्षसंग्रहात् ॥७१४॥
अङ्गुल्यग्रं यथा बालैश्चन्द्रं गृहणन्ति दुर्मतिः ।
तथा ह्यक्षरसंसक्तास्तत्त्वं नावेन्ति मामकम् ॥७१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विलक्षणानि भूतानि रूपभावप्रवर्तका ।
भूतानां संनिवेशोऽयं न भूतैर्भौतिकं कृतम् ॥७१६॥

धेरै प्रत्ययको अधीन श्रावक एवम् म पनि हुँ। त्यसैले स्ववलाधीन जिनाधीन श्रावकलाई लानु। कालान्तरमा नष्ट हुने परमार्थ भिन्न अपरमार्थलाई चार प्रकारका अनित्यत्वको वालकहरूले कल्पना गर्दछन्। दुई अन्तमा लागेका वालकहरूले गुण र अगुण प्रकृतिका कारणले पनि मोक्षोपाय जान्दैनन् सत् र असत् पक्ष हुनाले। अगुंलीको अग्रभाग (देखाउँदा) देखाएर चन्द्र देखाउँदा केवल वच्चहरूले औलोको टुप्पो मात्र जसरी हेर्दछन् त्यस्तै अक्षरमा लागेकाहरूले मेरो मूलतत्त्वलाई बुझ्दैनन्। विलक्षण भूतहरू नै रूपको अभावका प्रवर्तक हुन्। यो नै भूतहरूको संनिवेश हो र भूतले भौतिकलाई वनाएको होइन ॥७१२-७१६॥

अग्निना दह्यते रूपमबधातुः क्लेदनात्मकः ।
वायुना कीर्यते रूपं कथं भूतैः प्रवर्तते ॥७१७॥
रूपं स्कन्धश्च विज्ञानं द्वयमेतन्न पञ्चकम् ।
पर्यायभेदं स्कन्धानां शतधा देशयाम्यहम् ॥७१८॥
चित्तचैत्तस्य भेदेन वर्तमानं प्रवर्तते ।
ब्यतिभिन्नानि रूपाणि चित्तं रूपं न भौतिकम् ॥७१९॥
नीलाद्यपेक्षणं श्वेतं श्वेतं नीलं ह्यपेक्षणम् ।
कार्यकारणमुत्पाद्य शून्यता अस्ति नास्ति च ॥७२०॥
साधनं साधकं साध्यं शीतोष्णो लक्ष्यलक्षणम् ।
एवमाद्यानि सर्वाणि तार्किकैर्न प्रसाधिताः ॥७२१॥

रूप अपधातुबाट बल्दछ, अब्धातु क्लेदनात्मक हुन्छ। वायुले रूपलाई विकिरण गर्दछ, कसरी भूतद्वारा भौतिक हुन्छन्। रूप, स्कन्ध,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञान, द्वय र पञ्चम यी सबै नै स्कन्धका पर्याय हुन् सयौं प्रकारले वताउँदछु। चित्त एवम् चैत्तका भेदले वर्तमान प्रवृत्ति हुन्छ। रूपहरू धेरै प्रकारका छन्। चित्त रूप भौतिक होइन। नील भएको सेताले हो र सेतो नीलो भएर नै हो। कार्यकारणलाई उत्पन्न गरेर शून्यता अस्तिा एवम् नास्तिा दुवै रूपमा छ। साधन, साधक, साध्य शीत एवम् उष्ण लक्ष एवम् लक्षण यी सबै नै तार्किकहरूले सिद्ध गरेका चीज होइनन् ॥७१७-७२१॥

चित्तं मनश्च षड्वान्यविज्ञानान्यात्मसंयुता ।
एकत्वान्यत्वरहिता आलयोऽयं प्रवर्तते ॥७२२॥
सांख्या वैशेषिकानग्नास्तार्किका ईश्चरोदिताः ।
सदसत्पक्षपतिता विविक्तार्थविवर्जिताः ॥७२३॥
संस्थानाकृतिविशेषो भूतानां नास्ति भौतिकम् ।
तीर्थ्या वदन्ति जन्म भूतानां भौतिकस्य च ॥७२४॥
अनुत्पन्ना यतो येऽन्ये तीर्थ्याः कल्पन्ति कारणैः ।
न च बुध्यन्ति मोहेन सदसत्पक्षमाश्रिताः ॥७२५॥
चित्तेन सह संयुक्तं विसंयुक्तं मनादिभिः ।
विशुद्धलक्षणं सत्त्वं ज्ञानेन सह तिष्ठति ॥७२६॥

चित्त, मन, अरू छ विज्ञानहरू आत्मसंग लागेर एकत्व एवम् अन्यत्वरहित भएर आलयविज्ञान प्रवृत्त हुन्छ। साङख्य, वैशेषिक, जैन, नैयायिक ईश्वरवादीहरू सत् र असत् पक्षमा लागेर विविक्त अर्थ ज्ञान रहित भएका छन्। संस्थानकृतिविविशेष कुनै भूतको छैन साथै भौतिक पनि छैन तीर्थिकहरू भूत र भौतिकको उत्पत्ति हुन्छ भन्दछन्। अनुत्पन्नपदार्थलाई पनि तीर्थिकहरू कारणद्वारा कल्पना गर्दछन्। मोहका कारणले गर्दा सदसत्पक्षमा लागेर बुझ्दैनन्। चित्त संगै लागेको मन आदिद्वारा रहित, विशुद्धासत्त्व ज्ञानसंग रहन्छ ॥७२२-७२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म यच्च भवेद्रूपं स्कन्धविषयहेतुकाः ।
सत्त्वाश्च निरूपादाना आरूप्ये नावतिष्ठति ॥७२७॥
नैरात्म्यं सत्त्ववादित्वं सत्त्वाभावात्प्रसज्यते ।
नैरात्म्यवादिनोच्छोदो विज्ञानस्याप्यसंभवः ॥७२८॥
चत्वारः स्थितयस्तस्य रूपाभावात्कथं भवेत् ।
अध्यात्मवाह्याभावाद्विज्ञानं न प्रवर्तते ॥७२९॥
अन्तराभविकाः स्कन्धाः यथैवेच्छन्ति तार्किकाः ।
तथारूप्योपपन्नस्य भवोऽरूपो न चास्ति किम् ॥७३०॥
अप्रयत्नेन मोक्षः स्यात्सत्त्वविज्ञानयोर्विना ।
तीर्थ्यवादो न संदेहो न च बुध्यन्ति तार्किकाः ॥७३१॥
रूपं च विद्यते तत्र आरूप्ये नास्ति दर्शनम् ।
तदभावो न सिद्धान्तो न यानं न च यायिनम् ॥७३२॥

स्कन्धविषय जुन कम छ त्यो यदि रूप हो भने सत्त्वहरू उपादान रहित हुनेछन् र आरूपयधातुमा रहने छैनन् । नैरात्म्य तत्त्ववादित्व, सत्त्वका अभावले गर्दा प्रसक्त हुन्छ । नैरात्म्यवादीहरूको उच्छेद एवम् विज्ञानको उच्छेद पनि संभव छैन । चारप्रकारका स्थितिहरू रूप नहुनाले संभव हुँदैनन् । अध्यात्म र बाह्यका अभावले विज्ञान प्रवृत्त हुँदैन । अन्तरभविक स्कन्धहरूलाई जसरी तार्किकहरू स्वकार्य छन् त्यस्तै आरूपय धातुबाट समुत्पन्न भव आरूप हुँदैन त !! सत्त्वको ज्ञान विना नै अप्रयत्नबाट नै मोक्ष हुने हो भने तीर्थिकवादमा सन्देह नगरौं र तार्किकहरूले पनि बुझ्दैनन् । रूप त्यहाँ छ तर आरूपयधातुमा त्यो देखिंदैन । त्यसको अभाव छ भन्ने सिद्धान्त होइन, त्यहाँ न यान छ न त गन्ता नै छ ॥७२७-७३२॥

इन्द्रियैः सह संयुक्तं विज्ञानं वासनोद्भवम् ।
अष्टविधैकदेशं हि क्षणे काले न गृण्हन्ति ॥७३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न प्रवर्तते यदा रूपं इन्द्रिया न च इन्द्रियैः ।
अतो हि देशेति भगवान् क्षणिका इन्द्रियादयः ॥७३४॥
अनिर्धार्य कथं रूपं विज्ञानं संप्रवत्स्र्यये ।
अप्रवृत्तं कथं ज्ञानं संसारं जनयिष्यति ॥७३५॥
उत्पत्यनन्तरं भङ्गं न देशेन्ति विनायकाः ।
नैरन्तर्यं न भावानां विकल्पस्पन्दिते गतौ ॥७३६॥
इन्द्रिया इन्द्रियार्थाश्च मूढानां न तु पण्डिताः ।
बाला गृहणन्ति नामेन आर्या वै अर्थकोविदाः ॥७३७॥

इन्द्रियसंगै लागेर वासनाद्वारा विज्ञान उत्पन्न हुन्छ । त्यो आठप्रकारको हुन्छ । क्षणिकताले गर्दा गृहीत हुँदैन । जब रूपको प्रवृत्ति हुँदैन, इन्द्रियहरूसँग इन्द्रिय हुँदैनन् । त्यसैले इन्द्रिय आदि क्षणिक हुन् भनेर भगवान्ले उपदेश गर्नुभएको हो । रूपलाई निर्धारित नगरीकन कसरी विज्ञान प्रवर्तित हुन्छ । अप्रवृत्त ज्ञानले कसरी संसारलाई जन्माउँछ । उत्पत्ति पछि नाश हुन्छ भनेर विनायकले उपदेश गर्दैनन् । विकल्प स्पन्दित गतिमा पदार्थको निरन्तरता पनि भन्दैनन् । इन्द्रियहरू र विषयहरू मूढहरूका लागि हो । पण्डितका लागि हुँदैनन् । बच्चाहरूले नामद्वारा पदार्थ लिन्छन्, विद्वान्हरू चाहिं अर्थमा लाग्दछन् ॥७३३-७३७॥

षष्ठं हि निरूपादानः सोपादानो न गृह्यते ।
अनिधार्यं वदन्त्यार्या अस्तिदोषैर्विवर्जिताः ॥७३८॥
शाश्वतोच्छेद भीताश्च तार्किका ज्ञानवर्जिताः
संस्कृतासंस्कृतात्मानं न विशेषन्ति बालिशाः ॥७३९॥
एकत्वे विद्यते दानमन्यत्वे चापि विद्यते ।
चित्तेन सह चैकत्वमन्यत्वं वै मनादिभिः ॥७४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्धार्यते यदा दानं चित्तं चैत्ताभिशद्वितम् ।
उपादानात्कथं तत्र एकत्वेनावधार्यते ॥७४१॥
सोपादानोपलब्धिश्च कर्मजन्मक्रियादिभिः ।
अग्निवत्साधयिष्यन्ति सदृशासदृशैर्नयैः ॥७४२॥
यथा हि अग्नर्युगपद्दृह्यते दाह्यदाहकौ ।
सोपादानस्तथा ह्यात्मा तार्किकैः किं न गृह्यते ॥७४३॥

छैठौं मनोविज्ञान निरूपादन हो, सोपादानको ग्रहण हुँदैन। यसलाई नलिइकन यो ग्राह्य हुँदैन भनेर दोषरहित आर्यहरू भन्ने गर्दछन्। शाश्वत एवम् उच्छेदबाट डराएर ज्ञानवर्जित तार्किकहरू संस्कृत एवम् असंस्कृतमा आफूलाई फसाउँदछन्। ती बालजस्ता मात्र हुन्। एकता मा दान छ अन्यत्वमा पनि छ। चित्तसँग हुँदा एकत्व र इन्द्रियसँग हुँदा अनेकत्व हुन्छ। जब चित्तको निर्धारक चैत्तआदिद्वारा बोध गरिन्छ भने उपादानबाट कसरी एकत्वको निर्धारण हुन्छ। सोपादान उपलब्धि कर्मजन्य क्रियाआदिबाट हुन्छ। अग्निले जस्तै सदृश एवम् असदृश सिद्धान्तद्वारा सिद्ध गर्दछन्। जसरी अग्नि एकै पटक दाह्य एवम् दाहकको रूपमा प्रतीत हुन्छ त्यस्तै नै उपादान एवम् आत्मालाई तार्किकहरूले किन कल्पना गर्दैनन् ॥७३८-७४३॥

उत्पादाद्वाप्यनुत्पादाच्चित्तं वै भास्वरं सदा ।
दृष्टान्तं किं न कुर्वन्ति तार्किका आत्मसाधकाः ॥७४४॥
विज्ञानगह्वरे मूढास्तार्किका नयवर्जिताः ।
इतस्ततः प्रधावन्ति आत्मवादचिकीर्षया ॥७४५॥
प्रत्यात्मगतिगम्यश्च आत्मा वै शुद्धिलक्षणम् ।
गर्भस्तथागतस्यासौ तार्किकाणामगोचरः ॥७४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपादानउपादात्रोर्विभागस्कन्धयोस्तथा ।
लक्षणं यदि जानाति ज्ञानं संजायते नयम् ॥७४७॥
आलयं गर्भसंस्थानं मतं तीर्थ्यानुवर्णितम् ।
आत्मना सह संयुक्तं न च धर्माः प्रकीर्तिताः ॥७४८॥
एतेषां प्रविभागेन बिमोक्षः सत्यदर्शनम् ।
भावानां दर्श्यहेयानां क्लेशानां स्याद्विशोधनम् ॥७४९॥

उत्पत्तिमय होस् या अनुत्पत्तिधर्मा चित्त सधैँ नै प्रभास्वर हुन्छ। त्यसैले तार्किकहरू जो आत्मसिद्ध गर्न लागेका छन् किन यसलाई दृष्टान्त वनाउँदैनन्। विज्ञानरूपि ठूलो गुफामा मूढ, सिद्धान्तहीन तार्किकहरू आत्मवादका लागि एताउता भड्किइरहन्छन्। प्रत्यात्म गति गम्य विशुद्ध तथागतगर्भ हो। आलयविज्ञानरूप आत्माको के अर्थ छ र त्यो तथागत गर्भ तार्किकहरका लागि अगोचर छ। उपादान र उपादेयको जुनविभाग छ त्यो स्कन्धहरूको हो। यदि त्यसको लक्षण कसैले जान्दछ भने ज्ञान नै सिद्धान्त हुन पुग्दछ। आलयविज्ञान नै तथागतगर्भ हो भने तीर्थिकहरू भन्दछन् त्यो आत्मासँग सम्बन्धित छ र त्यो धर्म पनि होइन। यी पदार्थको विभागद्वारा नै मोक्ष हुन्छ जुन सत्यदर्शनविरूद्ध छ। त्यसबाट भावहरूको समाप्ति एवम् क्लेशको समाप्ति हुन्छ ॥७४४-७४९॥

प्रकृतिप्रभास्वरं चित्तं गर्भं ताथागतं शुभम् ।
उपादानं हि सत्त्वस्य अन्तानन्तविवर्जितम् ॥७५०॥
कान्तिर्यथा सुवर्णस्य जातरूपं च शर्करम् ।
परिकर्मेण पश्यन्ति सत्त्वं स्कन्धालयैस्तथा ॥७५१॥
न पुद्गलो न च स्कन्धा बुद्धो ज्ञानमनास्रवम् ।
सदाशान्ति बिभावित्वा गच्छामि शरणं ह्यहम् ॥७५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिप्रभास्वरं चित्तमुपक्लेशैर्मनादिभिः ।
आत्मना सह संयुक्तं देशेति वदतांवरः ॥७५३॥
प्रकृतिप्रभास्वरं चित्तं मनद्यस्तस्य वै परः ।
तैराचित्तानि कर्माणि यतः क्लिश्यन्ति तावुभौ ॥७५४॥

प्रकृतिप्रभास्वर चित्त नै शुभ तथागत गर्भ हो। प्राणीहरूको जुन उपादन कारण हो त्यो अन्त एवम् अनन्त रहित छ। जसरी सुवर्ण कान्ति र आगो ज्वालाले (आफ्नो तेजद्वारा) देखिन्छन् त्यस्तै प्राणीहरू पनि आफ्नै स्कन्धद्वारा नै देखिन्छन्। न पुद्गल, न स्कन्ध, बुद्ध भनेको अनास्रवज्ञान नै हो सँधै शान्तिलाई लिएर म बुद्धको शरणमा जान्छु। यद्यपि प्रकृति प्रभास्वर छ चित्त तथापि मन आदि उपक्लेशहरूद्वारा आत्मासँग लागेर जन्म लिन्छ भनेर श्रेष्ठ वक्ता भगवान् भन्नुहुन्छ। प्रभातिप्रभास्ववर चित्त छ, तर त्योभन्दा पर मन आदि क्लेशहरू छन् तीद्वारा चित्त कर्मजालमा सधैँ फस्दछन् ॥७५०-७५४॥

आगन्तुकैरनाद्यैश्च क्लेशैरात्मा प्रभास्वरः ।
संक्लिश्यते उपेतश्च वस्त्रवत्परिशुध्यते ॥७५५॥
मलाभावाद्यथा वस्त्रं हेमं वा दोषवर्जितम् ।
तिष्ठन्ति न च नश्यन्ते आत्मा दोषैस्तथा विना ॥७५६॥
बीणाशङ्खेऽथ भेर्यां च माधुर्यस्वरसंपदा ।
मृगयेद्धचकोविदः कश्चित्तथा स्कन्धेषु पुद्गलम् ॥७५७॥
धियो मणयश्चापि पृथिव्यामुदकं तथा ।
विद्यमाना न दृश्यन्ति तथा स्कन्धेषु पुद्गलम् ॥७५८॥
चित्तचैत्तकलापैश्च स्वगुणां स्कन्धसंयुत्तां ।
अकोविदा न गृह्णयन्ति तथा स्कन्धेषु पुद्गलम् ॥७५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा हि गर्भो गर्भिण्यां विद्यते न च दृश्यते ।
आत्मा हि तद्वत्स्कन्धेषु अयुक्तिज्ञो न पश्यति ॥७६०॥

आगन्तुक क्लेश एवम् अनादिका लिकक्लेशद्वारा प्रभास्वर चित्त क्लिष्ट हुन्छ र ज्ञानद्वारा सधैँ शुद्ध हुन्छ।

मल नहुँदा जसरी वस्त्र र दोष न हुँदा सुन यथावत् रहन्छन् नष्ट हुँदैनन् त्यस्तै चित्त पनि दोष नहुँदा त्यस्तै रहन्छ।

वीणा, शङ्खे भेरी आदिको मधुर स्वरद्वारा मूर्ख फँस्दछ त्यस्तै स्कन्धहरूमा पुद्गल पनि फँस्दछ।

चित्त एवम् चैत्तको समूह आफ्ना गुणमा स्कन्धसंग लागेर मोहित हुन्छन् र मूर्खहरूले त्यो कुरा बुझ्दैनन् स्कन्धमा पुद्गल छ भनेर।

जस्तो गर्भिणी स्त्रीमा गर्भ हुन्छ तर बाहिर प्रकट हुँदैन त्यस्तै चित्त पनि स्कन्धहरूमा विनायुक्ति देखिंदैन ॥७५५-७६०॥

औषधीनां यथा सारमग्निं वा इन्धनैर्यथा ।
न पश्यिन्ति अयुक्तिज्ञास्तथा स्कन्धेषु पुद्गलम् ॥७६१॥
अनित्यतां सर्वभावेषु शून्यतां च यथाबुधाः ।
विद्यमानां न पश्यन्ति तथा स्कन्धेषु पुद्गलम् ॥७६२॥
भूमयो वशिताभिज्ञा अभिषेकं च उत्तरम् ।
समाधयो विशेषाश्च असत्यात्मनि नास्ति वै ॥७६३॥
वंनाशिकोयदा गत्त्वा ब्रूयाद्यद्यस्ति देश्यताम् ।
स वक्तव्यो भवेद्विज्ञः स्वविकल्प प्रदर्शय ॥७६४॥
नैरात्म्यवादिनोऽभाष्या भिक्षुकर्माणि वर्जय ।
बाधकाबुद्धधर्माणां सदसत्पक्षदृष्टयः ॥७६५॥
तीर्थदोषैर्विनिर्मुक्तं नैरात्म्यवनदाहकम् ।
जाज्वलत्यात्मवादोऽयं युगान्ताग्निरिवोत्थितः ॥७६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औषधि (अन्न) आदिको परिपक्व रूप विना इन्धन एवम् अग्नी जसरी उपलब्ध हुँदैन त्यस्तै विनायुक्ति स्कन्धमा आत्मा (चित्त) देखिँदैन ।

औषधि (अन्न) आदिको परिपक्व विना इन्धन एवम् अग्नी जसरी उपलब्ध हुँदैन त्यस्तै विनायुक्ति स्कन्धमा आत्मा (चित्त) देखिँदैन । सबै पदार्थमा अनित्यता र शून्यता जसरी विद्वान्ले देख्छन् तर मूर्खले देख्दैनन् त्यस्तै स्कन्धमाशून्यतापनि देख्दैनन् । भिन्न भूमिहरू वशिता आदि सिद्धिहरू उत्तर अभिषेक विशेष समाधि असत् आत्मामा हुँदैनन् ।

यदि कुनै वैनाशिकले जे छ त्यसको उपदेश गर्नुहोस् भन्छ भने त्यसलाई सोध्नु आफ्नो विकल्प देखुन् ।

नैरात्म्यवादीहरूलाई भन्नु भिक्षुका कर्महरू छोड । यी सबै नै बुद्धधमर्कका बाधक हुन सदसत्पक्ष दृष्टि युक्त हुनाले तीर्थ्यदोषरहित नैरात्म्यवनादाहका अग्निले यस आत्मवादलाई प्रलयकालीन अग्निले जस्तै डढाउँछ ॥७६१-७६६॥

खण्डेक्षुशर्करमध्वादिदधितिलघृतादिषु ।
स्वरसं विद्यते तेषु अनास्वाद्यं न गृह्यते ॥७६७॥
पञ्चधा गृह्यमाणश्च आत्मा स्कन्धसमुच्चये ।
न च पश्यन्त्यविद्वांसो विद्वान् दृष्ट्वा विमुच्यते ॥७६८॥
विद्यादिभिश्च दृष्टान्तैश्चित्तं नैवावधार्यते ।
यत्र यस्माद्यदर्थं च समूहं नाववार्यते ॥७६९॥
विलक्षणा हि वै धर्माश्चित्तमेकं न गृह्यते ।
अहेतुः प्रवृत्तिश्च तार्किकाणां प्रसज्यते ॥७७०॥
चित्तानुपश्यी च योगी चित्तं चित्ते न पश्यति ।
पश्यको दृश्यनिर्जातो दृश्यं किं हेतुसंभवम् ॥७७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कात्यायनस्य गोत्रोऽहं शुद्धावासाद्विनिःसृतः ॥
देशेमि धर्मं सत्त्वानां निर्वाणपुरगामिनम् ॥७७२॥

मिश्रि, उखु, चिनी, मधु, दही, तेल घिउ आदिमा मधुरस छ यदि त्यहाँ अनास्वद्य छ भने त्यो ग्रहण गरिदैन । पाँच प्रकारले ग्रहण गर्दा आत्मा स्कन्धका समूहमा हुन्छ अविद्वान्हरूले थाहनै पाउँदैनन् विद्वान्ले जानेर मुक्त हुन्छ । विद्या आदिका दृष्टान्तबाट चित्तको धारण हुँदैन जाहाँ जसद्वारा जसका लागि हुन्छ समूहको (स्कन्ध) धारणा हुँदेन । धर्महरू विलक्षण छन् एउटा चित्त गृहीत हुँदैन । अहेतु एवम् अप्रवृत्तिका कारण तार्किकहरूको प्रसक्ति हुन्छ ।

चित्तलाई हेर्ने योगीले पनि चित्तलाई चित्तमा देख्न सक्दैन ।जसले हेर्दछ त्यो दृष्टि बाट नै उत्पन्न हो त्यसैले दृश्य के हेतुबाट हुन्छ ‼

कात्यायन गोत्रमा उत्पन्न भएको हूँ, बुद्ध आवासबाट आएको हुँ, तिंमीहरूलाई निर्वाणगामी धर्मको उपरेश गर्दछु ॥७६७-७७२॥

पौराणिकमिदं वर्त्म अहं ते च तथागताः ।
त्रिभिःसहस्रै सूत्राणां निर्वाणमत्यदेशयन् ॥७७३॥
कामधातौ तथारूपये न वै बुद्धो विबुध्यते ।
रूपधात्वकनिष्ठेषु वीतरागेषु बुध्यते ॥७७४॥
न बन्धहेतुर्विषया हेतुर्विषयबन्धनम् ।
ज्ञानबध्यानि क्लेशानि असिधारव्रतो ह्ययम् ॥७७५॥
असत्यात्मनि मायाद्या धर्मा नास्त्यस्ति वै कथम् ।
बालानां ख्याति तथता कथं नास्ति निरात्मिका ॥७७६॥
कृतकाकृतकत्वाद्धि नास्ति हेतुः प्रवर्तकः ।
अनुत्पन्नमिदं सर्व न च बालैविभाव्यते ॥७७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो पौराणिक बाटो हो म र ती तथागतहरू पनि तीनहजार वर्षदेखि निर्वाणदेशनात्मक सूत्रहरूको उपदेश गरिरहेका छन् ।कामधातु एवम् अरू धातुमा बुद्धको ज्ञान प्रवर्तित हुँदैन । उच्च रूप धातु मात्रै वीतरागहरूमा यो बुद्ध विरुद्ध हुन्छ । विषयहरू वन्धनका कारण होइनन् हेतु विषयको बन्धन हो । क्लेशहरू ज्ञानद्वारा बाध्य हुन्छन् । यही असिधारा व्रत हो । असत् आत्मामा माया आदि धर्महरू कसरी छन् एवम् छैनन् बच्चाहरूका लागि त्यस्तो प्रतीति भएको हो किन निरात्मक छैन ?

कृतक एवम् अकृतकद्वारा हेतु प्रवर्तक हुँदैन । यो सबै नै अनुत्पन्न हो तर बच्चाहरूले बुझ्दैनन् ॥७७३-७७७॥

कारणानि अनुत्पन्ना कृतकाः प्रत्ययाश्च ते ।
द्वावप्येतौ न जनकौ कारणैः कल्प्यते कथम् ॥७७८॥
प्राक्पश्चाद्युगपच्चापि हेतुं वर्णोन्ति तार्किकाः ।
प्रकाशघटशिष्याद्यैर्भावानां जन्म कथ्यते ॥७७९॥
नाभिसंस्कारिकैर्बुद्धा लक्षणंलक्षण्यान्विताः ।
चक्रवर्तिगुणा ह्येते नैते बुद्धप्रभाषिताः ॥७८०॥
बुद्धानां लक्षणं ज्ञानं दृष्टिदोषैर्विवर्जितम् ।
प्रत्यात्मदृष्टिगतिकं सर्वदोषविघातकम् ॥७८१॥
बधिरान्धकाणमूकानां बृद्धानां वैरवृत्तिनाम् ।
बालानां च विशेषेण ब्रह्यचय न विद्यते ॥७८२॥

कारणहरू अनुत्पन्न छन् प्रत्ययहरू कृतक हुन् यी दुवै पनि अजनक हुन् कसरी यिनलाई कारण भन्न सकिन्छ ?

पहिला, पछि एकै पटक कारण भनेर तार्किकहरू भन्दछन् प्रकाश घट शिष्यादिबाट पदार्थको उत्पत्ति बताइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कारद्वारा बुद्धहरू भएका होइनन् लक्षणद्वारा पनि अन्वित होइनन्। चक्रवर्ती गुणहरू बुद्धले भाषित गरेका होइनन्। समग्रहरिदोषरहित ज्ञान बुद्धको लक्षण हो र प्रत्यात्मदृष्टियुक्त सर्वदोषनाशक पनि हो यो।

वधिर, अन्ध, काण मूकहरू जो वैरवृत्ति युक्त वृद्ध छन् र विशेष गरेर बच्चहरूमा पनि ब्रह्मचार्य हुँदैन ॥७७८-७८२॥

आवृतैर्व्यञ्जनैर्दिव्यैर्लक्षणंश्चक्रवर्तिनः।
व्यञ्जितैः प्रव्रजन्त्येके न चान्ये च प्रवादिनः ७८३॥
व्यासः कणद ऋषभः कपिलः शाक्यनायकः
निर्वृते मम पश्चात्तु भविष्यन्त्येवमादयः ॥७८४॥
मयि निर्वृते वर्षशते व्यासो वै भारतस्तथा।
पाण्डवाः कौरवा रामः पश्चान्मौरी भविष्यति ॥७८५॥
मौर्या नन्दाश्च गुप्ताश्च ततो म्लेच्छा नृपाधमाः।
म्लेच्छान्ते शस्त्रसंक्षोभः शस्त्रान्ते च कर्लियुगः।
कलियुगान्ते लोकैश्च सद्धर्मो हि न भावितः ॥७८६॥
एवमाद्यान्यतीतानि चक्रबद्भ्रमते जगत्।
बह्न्यादित्यसमायोगात्कामधातुर्विदीर्यते ॥७८७॥
पुनःसंस्थास्यते दिव्यं तस्मिंल्लोकाः प्रवत्स्यर्ते।
चातुर्वर्णा नृपेन्द्राश्च ऋषयो धर्ममेव च ॥७८८॥

दिव्य-आवृत व्यजन लक्षणहरूद्वारा चक्रवर्ति ढाकिएर पनि प्रव्रजित हुन्छन् केही र अरू केवल प्रवादक कुरौटे हुन्छन्।

मेरो निर्वाण पछि भविष्यमा व्यास, कणाद ऋषभदेव, कपिल, शाक्यनायक आदि हुनेछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो निर्वाण पछि सातवर्षमा-व्यास, भारत, पाण्डव, कौरव राम र मौरी पनि हुनेछन् मौर्य, नन्द, गुप्त एवम् क्रमले नृपाधम म्लेच्छ हुनेछन्। म्लेच्छहरूको अन्तमा शस्त्र अस्त्रको प्रकोप बढ्नेछ। त्यसबाट कलियुग हुनेछ एवम् कलिको अन्तमा लौकिक जनहरूद्वारा सद्धर्मको उपासना गरिने छैन। यस्तै यस्ता धेरै प्रकारहरूद्वारा यो जगत् चक्र जस्तै भ्रमित हुनेछ। वन्हि आदित्यको योगद्वारा कामधातु नष्ट हुन्छ। फेरि दिव्यलोकको उदय हुनेछ चर्तुवर्ण, राजाहरू ऋषि एवम् धर्म पनि हुनेछ ॥७८३-७८८॥

वेदाश्च यज्ञं दानं च धर्मस्था वर्त्स्यते पुनः ।
आख्यायिकेतिहासाद्यैर्गद्यचूर्णिकवार्तिकैः ।
एवम् मया श्रुतादिभ्यो लोको वै विभ्रमिष्यति ॥७८९॥
सुरक्ताकोटितं कृत्वा उपरिष्टाद्विवर्णयेत् ।
नीलकर्दमगोमयैः पटं वै संप्रचित्रयेत् ।
सर्वबासैर्विचित्राङ्गस्तीर्थ्यलिङ्गविवर्जितः ॥७९०॥
शासनं देशयेद्योगी बुद्धानामेष वै ध्वजः ।
वस्त्रपूतं जलं पेयं कटिसूत्रं च धारयेत् ।
उपपद्यमानं कालेन भैक्ष्यं वा नीचवर्जितम् ॥७९१॥
दिव्यं संजायते स्वर्गाद्द्वौ चान्यौ मानुषोद्भवौ ।
रत्नलक्षणसंपन्नो देवजन्मजगेश्वरः ॥७९२॥
स्वर्ग प्रभुञ्जते द्वीपांश्चतुरो धर्मशासनः ।
भुक्त्वा तु सुचिरं द्वीपांस्तृष्णाया विप्रणश्यति ॥७९३॥

राम्ररी रंगाएर माथिबाट वेरेर नीलोमाटो गोवर आदिले कपडालाई चित्रित गरेर सबै कपडाद्वारा विचित्ररूप बनाएर तीर्थ्य चिन्ह रहित शासनको उपदेश गरोस् योगीले यो नै बुद्धको ध्वजा हो। कपडाले छानेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानी पिउनु, कटिमा सूत्र धारण गर्नु , समयमा प्राप्त भिक्षा ग्रहण गर्नु, नीचले दिएको नखानु ॥७९०-७९१॥

त्यसपछि स्वर्गबाट दिव्य दुई पुरुष आउनेछन, रत्नलक्षणयुक्त देव यो भूमिमा जन्मगृहीत हुनेछन् । यसरी स्वर्गमा पनि यो धर्म पुग्ने छ साथै चार द्वीपमा पनि धेरै समयसम्म त्यहाँ रहेर तृष्णाद्वारा फेरी लुप्त हुने छ ॥७९२-७९३॥

कृतयुगश्च त्रेता च द्वापरं कलिनस्तथा ।
अहं चान्ये कृतयुगे शाक्यसिंहः कलौ युगे ॥७९४॥
सिद्धार्थः शाक्यतनयो विष्णुर्व्यासो महेश्वरः ।
एवमाद्यानि तीर्थ्यानि निर्वृते मे भविष्यति ॥७९५॥
एवम् मया श्रुतादिभ्यः शाक्यसिंहस्य देशना ।
इतिहासं पुरावृत्तं ब्यासस्यैतद्भविष्यति ॥७९६॥
विष्णुर्महेश्वरश्चापि सृष्टित्वं देशयिष्यति ।
एवम् मे निर्वृते पश्चादेवमाद्यं भविष्यति ॥७९७॥

सत्य, त्रेता, द्वापार, कलि युगहरूमा म हुन्छु तर कलियुगमा शाक्यसिंह मेरो नाम हुनेछ ॥७९४॥

सिद्धार्थ, शाक्यपुत्र, विष्णु, व्यास, महेश्वर, यस्ता धेरै नामहरू म निर्वाणमा गएपछि हुनेछन् जो तीर्थिक जस्ता छन् ॥७९५॥

यस्तो मैले सुने आदिबाट शाक्यसिंहको देशना हुनेछ। त्यो इतिहास, परावृत्त यो व्यासको हुनेछ। विष्णु महेश्वर पनि सृष्टिको उपदेश गर्नेछन् । यस्तो धेरै कुरा मेरो निर्वाण पछि हुनेछ ॥७९६-७९७॥

माता च मे वसुमतिः पिता विप्रः प्रजापतिः ।
कात्यायनसगोत्रोऽहं नाम्ना वै विरजो जिनः ॥७९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चम्पायां हं समुत्पन्नः पितापि च पितामहः ।
सोमगुप्तेति नाम्नासौ सोमवंशसमुद्भवः ॥७९९॥
चीर्णव्रतः प्रवर्जितः सहस्रं देशितं नयम् ।
व्याकृत्य परिनिर्वास्ये अभिषिच्य महामतिम् ॥८००॥

वेद, यज्ञ, दान, धर्म आदिद्वारा वसाइएको व्यवस्था एवम् आख्यायिका, इतिहास, गद्य, चूर्णिका, वार्त्तिक र एवम् श्रुतम् यस्तो मैले सुने आदिवाट लोक भ्रमित हुनेछन् ॥७८९॥

मेरी आमा वसुमती, पिता विप्र प्रजापति, म कात्यायनगोत्री हुँ, नामले विरजिन हुँ। चीवर लगाएर प्रव्रजि भएँ, हजार सिद्धान्तको उपदेश गरें। त्यो सवै उपदेश गरेर पृथिवीलाई अभिषेक गरेर म पनि निवृत्त हुनेछु ॥७९८-८००।

मतिर्दास्यति धर्माय धर्मो दास्यति मेखले ।
मेखलः शिष्यो दौर्बल्यात्कल्पान्ते नाशयिष्यति ॥८०१॥
काश्यपः क्रकुच्छन्दश्च कनकश्च विनायकः ।
अहं च विरजोऽन्ये वै सर्वे ते कृतिनो जिनाः ॥८०२॥
कृते युगे ततः पश्चान्मतिर्नामेन नायकः ।
भविष्यति महावीरः पञ्चज्ञेयावबोधकः ॥८०३॥
न द्वापरे न त्रेतायां न पश्चाच्च कलौ युगे ।
संभवो लोकनाथानां संबुध्यन्ते कृते युगे ॥८०४॥
अहार्या लक्षणायाश्च अच्छिन्नदशकैः सह ।
मोरचन्द्रसमैश्चन्द्रैरुत्तरीयं विचित्रयेत् ॥८०५॥
द्व्यङ्गुलं त्र्यङ्गुलं वापि चन्द्रं चन्द्रान्तरं भवेत् ।
अन्यथा चित्र्यमानं हि लोभनीयं हि बालिशान् ॥८०६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धि धर्ममा लगाउने छन् र धर्मले ज्ञानदिने छ। मेखल नामक शिष्यले आफ्नो दुर्बलताद्वारा कल्पान्तमा नष्ट गर्ने छ ॥८०१॥

काश्यप ककुच्छन्द, कनक, विनायक, म विरज र अन्य धेरै बुद्धहरू सत्ययुगमा हुने छौ त्यसपछि भिन्न भन्न युगमा उत्पन्न हुनेछौं। पञ्चयज्ञको अव बोधक महावीर हुनुहुनेछ। द्वापार त्रेतामा होइन साथै कलियुगको अन्तिममा पनि होइन। केवल कलिको प्रारंभमानै लोकनाथ बुद्ध हुन्छन् ॥८०३-८०४॥

भिन्न-भिन्न लक्षण द्वारा अविच्छिन्न दशगुणले युक्त, मयूर चित्र जस्तै चन्द्रमाद्वारा उत्तरीयको कल्पना गरोस्। दुइ औंला या तीन औंला एउटा चन्द्र एवम् अर्को चन्द्र बनाउनु। अर्को प्रकारले चित्रित गर्दा मूर्खहरू लोभिन्छन् ॥८०५-८०६॥

रागाग्नि शमयेन्नित्यं स्नायाद्वै ज्ञानवारिणा ।
त्रिशरणं त्रिसंध्यासु योगी कुर्यात्प्रयत्नतः ॥८०७॥
इषुप्रस्तरकाष्ठाद्या उत्क्षेपाद्यैः समीरिताः ।
एकः क्षिप्तः पतत्येकः कुशलाकुशलस्तथा ॥८०८॥
एकं च बहुधा नास्ति वैलक्षण्यान्न कुत्रचित् ।
वायुभा ग्राहकाः सर्वे क्षेत्रवद्दायका भवेत् ॥८०९॥
यद्येकं बहुधा वै स्यात्सर्वे ह्यकृतका भवेत् ।
कृतकस्य विनाशः स्यात्तार्किकाणामयं नभाः ॥८१०॥
दीपबीजवदेतत्स्यात्सादृश्याद्वहुधा कुतः ।
एकं हि बहुधा भवति तार्किकाणामयं नमः ॥८११॥
न तिलाज्जायते मुद्गो न व्रीहिर्यवहेतुकः ।
गोधूमधान्यजातानि एकं हि बहुधा कथम् ॥८१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानरूपी पानीले नुहाएर राग अग्निलाई दमन नगर्नु। तीनै सन्ध्यामा त्रिशरण गमन गर्नु योगीले सँधै ॥८०७॥

वाण, प्रस्तर, काठ आदि भिन्न प्रकारले उपलब्ध हुन्छन्। एउटा हान्दा अर्को खस्दछ त्यस्तै नै कुशल र अकुशल धर्म पनि हुन् ॥८०८॥

एउटै पदार्थ धेरै रूपमा छैन। विलक्षण हुनाले सबै पदार्थहरू वायुद्वारा संप्रेरित छन् सबै नै खेत मात्रै दाता हुन्छन् ॥ ८०९॥

एउटै यदि धेरै रूपमा जाने हो भने सबै अकृतक हुन्छन्। कृतकको विनाश हुन्छ भनेर तार्किकहरू भन्दछन् ॥८१०॥

दियो र वीजवाट मात्रै नै सादृश्य हुनाले धेरै कसरी हुन संभव छ र‼ एउटै धेरै रूपमा परिवर्तित हुन्छ भन्ने तार्किकहरूको मत रहेको देखिन्छ ॥८११॥

तिलवाट मास हुँदैन धान जौको कारण पनि हुँदैन। गहुँ नहुँदा हुँदैनन् त्यसैले एउटै कसरी अनेक हुन्छन् ॥८१२॥

पाणिनिं शब्दनेतारमक्षपादो बृहस्पतिः ।
लोकायतप्रणेतारो ब्रह्मा गर्भो भविष्यति ॥८१३॥
कात्यायनः सूत्रकर्ता यज्ञवल्कस्तथैव च ।
भुढुकज्योतिषाद्यानि भविष्यन्ति कलौ युगे ॥८१४॥
बली पुण्यकृताल्लोकात्प्रजाभाग्याद्भविष्यति ।
रक्षकः सर्वधर्माणां राजा बली महीपतिः ॥८१५॥
वाल्मीको मसुराक्षश्च कौटिल्य आश्चलायनः ।
ऋषयश्च महाभागा भविष्यन्ति अनागते ॥८१६॥
सिद्धार्थः शाक्यतनयो भूतान्तः पञ्चचूडकः ।
वाग्बलिरथ मेधावी पश्चात्काले भविष्यति ॥८१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाणिनि शब्दशास्त्रको नेता, अक्षपाद, वृहस्पति यी सबै नै लोकायतका प्रणेता हुन् । ब्रह्मा मूल हो ॥८१३॥

कात्यायन सूत्र कर्ता, याज्ञवल्य, मूढ ज्योतिषिहरू कलियुगमा हुनेछन् । काव्यकारकलोकले गर्दा बली प्रजाका भाग्यले हुनेछ । राजबली सर्वधर्मको रक्षक हुनेछ ॥८१४-८१५॥

वाल्मिकी, मसुराक्षस, कौटल्य, आश्वलायन र ऋषिहरू पनि भविष्यमा हुने छन् । सिद्धार्थ शाक्यको छोरो भूतान्त, पञ्चचुडक वाग्बलि, मेधावी पनि भविष्यमा हुनेछन् ॥८१६-८१७॥

अजिनं दण्डकाष्ठं च मेखलाचक्रमण्डलम् ।
ददाति ब्रह्मा महेश्वरो वनभूमौ व्यवस्थिते ॥८१८॥
भविष्यति महायोगी नाम्ना वै विरजो मुनिः
मोक्षस्य देशकः शास्ता मुनीनामेष वै ध्वजः ॥८१९॥
ब्रह्मा ब्रह्मशतैः सार्धं देवैश्च बहुभिर्मम ।
अजिनं प्रपात्य गगनात्तत्रैवान्तर्हितो वशी ॥८२०॥
सर्वचित्राणि वासांसि भैक्ष्यपात्रं सुरैः सह. ।
इन्द्रो विरूढकाद्याश्च वनभूमो ददन्ति मे ॥८२१॥
अनुत्पादवादहेत्विष्टोऽजातो जायेत वा पुनः ।
साधयिष्यत्यनुत्पादं वाङ्मात्रं कीर्त्यते तु वै ॥८२२॥

अजिन (छाला) दण्ड, मेखला चक्रमण्डल आदि वनप्रदेशमा महेश्वर एवम् ब्रह्माले दिनेछन् । त्यहाँ विरजनामका मुनि हुनेछन् । मोक्षका उपदेशक, शास्ता यो नै भूमिको चिन्ह हो । सयौं ब्रह्मासहित भएर ब्रह्मा र धेरै देवताहरू सहित मेरा अगाडी अजिन फ्याँकेर बसी त्यहीं अन्तर्ध्यान हुन्छन् । सबै चित्रहरू, वस्त्र भिक्षापात्र आदि देवताहरूसँगै इन्द्रले वनमा बसेका मलाई दिनेछन् । अनुत्पादवादको कारण नै छैन र हुने पनि छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसले अनुत्पादलाई सिद्ध गर्ने छ। केवल वचनमात्रको चर्चा हुनेछ। ८१८-८२२॥

तस्याविद्या कारणं तेषां चित्तानां संप्रवर्तिता ।
अन्तरा किमवस्थासौ यावद्रूपं न जानति ॥८२३॥
समनन्तरप्रध्वस्तं चित्तमन्यत्प्रवर्तते ।
रूपं न तिष्ठते किंचित्किमालम्ब्य प्रवर्त्स्यते ॥८२४॥
यस्माद्यत्र प्रवर्तेत चित्तं बितथहेतुकम् ।
न प्रसिद्धं कथं तस्य क्षणभङ्गोऽवधार्यते ॥८२५॥
योगिनां हि समापत्तिः सुवर्णजिनधातवः ।
आभास्वरविमानानि अभेद्या लोककारणात् ॥८२६॥
स्थितयः प्राप्तिधर्माश्च बुद्धानां ज्ञानसंपदः ।
भिक्षुत्वं समयप्राप्तिर्दृष्टा वै क्षणिका कथम् ॥८२७॥

त्यहाँ अविद्या नै कारण हो जसले गर्दा चित्त प्रवर्तित हुन्छ। त्यसको वीचमा कुन अवस्था हुन्छ जवसम्म यसलाई जान्दैन। समनन्तर प्रत्ययद्वारा प्रध्वस्त चित्त नै पदार्थको रूपमा देखिन्छ। जब त्यहाँ रूप नै छैन भने केलाई अबलम्बन गरेर त्यो प्रवृत्त हुन्छ ? ॥८२३-८२४॥

जुन कारणले वितथहेतुक चिन्त प्रवृत्त हुन्छ। त्यो किन प्रसिद्ध छैन र कसरी क्षणभङ्ग स्वीकृत हुन्छ ? योगीहरू आभास्वर विमानमा अवस्थित छन् र लोकका कारणले अभेद्य हुन्छन्। स्थिति, प्राप्तिधर्म, बुद्धहरूको ज्ञान सम्पति, भिक्षुता आदि देखिन्छन् कसरी क्षणिकत्व त्यहाँ संभव हुन्छ ॥८२५-८२७॥

गन्धर्वपुरमायाद्या रूपा वै क्षणिका कथम् ।
अभूतिका च भूतानि भूताः किंचित्क्व चागतौ ॥८२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविद्याहेतुकं चित्तमनादिमतिसंचितम् ।
उत्मादभङ्गसंबद्धं तार्किकैः संप्रकल्प्यते ॥८२९॥
द्विविधः सांख्यवादश्च प्रधानात्परिणामिकम् ।
प्रधाने विद्यते कार्यं कार्यं स्वात्मप्रसाधितम् ॥८३०॥
प्रधानं सह भावेन गुणभेदः प्रकीर्तितः ।
कार्यकारणवैचित्र्यं परिणामे न विद्यते ॥८३१॥
यथा हि पारदः शुद्ध उपक्लेशैर्न लिप्यते ।
आलयं हि तथा शुद्धमाश्रयः सर्वदेहिनाम् ॥८३२॥
हिङ्गुगन्धः पलाण्डुश्च गर्भिण्या गर्भदर्शनम् ।
लवणादिभिश्च लावण्यं बीजवत्किं न वर्तते ॥८३३॥

गन्धर्वनगर, माया आदि पदार्थ कसरी क्षणिक हुन्छन्। अभूतिक भूतहरू कसरी कहाँ जान्छन् कहाँबाट आउँछन्। चित्त अविद्याको कारणबाट हुन्छ त्यो अनादिकालिकसंस्कारले हुनेहो, उत्पादभङ्ग आदि छ भनेर तार्किकहरू कल्पना गर्दछन्। सांख्यावाद दुई प्रकारको छ। प्रधानबाट परिणत हुने र त्यो कार्यप्रधानमात्रै छ आफैद्वारा गरीएको। प्रधानका सहयोगले गुणभेदहुने गर्दछ। कार्यकारणको विचित्रता छ तर परिणाम केही पनि हुँदैन। जस्तो पारद अरू अशुद्धिद्वारा अशुद्ध हुँदैन। आलय मात्रै शुद्ध आश्रयको रूपमा छ। सबै प्राणीहरूका लागि। हिंगको गन्ध, प्याजको गन्ध गर्भिणीको पेट देखिनु, नून आदि खाँदा नुनिलो हुनु के यी सबै पदार्थ बीजजस्तै छैनन् र ॥८२८-८३३॥

अन्यत्वे च तदन्यत्वे उभयं नोभये तथा ।
अस्तित्त्वं निरूपादानं न च नास्ति न संस्कृतम् ॥८३४॥
अश्ववद्विद्यते ह्यात्मा स्कन्धैर्गोभाववर्जितम् ।
संस्कृतासंस्कृतं वाच्यमवक्तव्यं स्वभावकम् ॥८३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्त्यागमाभ्यां दुर्दृष्टचा तर्कदृष्टचा मलीकृतम् ।
अनिर्धार्यं वदन्त्यात्मा नोपादाने न चान्यतः ॥८३६॥
दोषनिर्धारणा ह्येषां स्कन्धेनात्मा विभाव्यते ।
एकत्वेन तदन्यत्वे न च बुध्यन्ति तार्किकाः ॥८३७॥
दर्पणे उदके नेत्रे यथा बिम्बं प्रदृश्यते ।
एकत्वान्यत्वरहितस्तथा स्कन्धेषु पुद्गलः ॥८३८॥

अन्यमा, फेरी अर्कामा, उभय र अनुभयमा अस्तित्त्व निरूपदान छ र न नास्ति छ न संस्कृत नै छ। घोडा जस्तै आत्मा छ, स्कन्धहरूद्वारा युक्त भएजस्तो, संस्कृत-असंस्कृत, वाच्य र अवाच्य स्वभावका यी छन्। युक्ति र आगमद्वारा कुदृष्टिहरूले तर्कदृष्टिले पनि अशुद्ध पारेको छ। निर्धारित नगरीकनै आत्मा उपादानमा छैन र अन्त्य पनि छैन भन्दछन्। दोषको निर्धारण यिनीहरूले गर्दछन् जसद्वारा स्कन्धद्वारा नै आत्मा ढाकिने गर्दछ। कहिले एक र कहिले अनेकको रूपमा तार्किकहरू कल्पना गर्दछन्। ऐनामा, पानीमा, आँखामा जसरी बिम्ब देखिन्छ त्यस्तै एक अनेक आदिरहित पुद्गल स्कन्धहरूमा देखिन्छ ॥८३४-८३८॥

भाव्यं विभावनाध्याता मार्गः च सत्या च दर्शनम् ।
एतत्त्रयं विभावेन्तो मुच्यन्ते हि कुदर्शनैः ॥८३९॥
दृष्टं नष्टं यथा विद्युच्चक्रं छिद्रगृहे यथा ।
परिणामः सर्वधर्माणां बालैरिव न कल्पयेत् ॥८४०॥
भावाभावेन निर्वाणं बालानां चित्तमोहनम् ।
आर्यदर्शनसद्भावाद्यथावस्थानदर्शनात् ॥८४१॥
उत्पादभङ्गरहितं भावाभावविवर्जितम् ।
लक्ष्यलक्षणनिर्मुक्तं परिणामं विभावयेत् ॥८४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थ्यवादविनिर्मुक्तं नामसंस्थानवर्जितम् ।
अध्यात्मदृष्टिनिलयं परिणामं विभावयेत् ॥८४३॥

भाव्य, विभावना, ध्याता, मार्ग, सत्यको दर्शनबाटै नै कुदर्शनबाट मुक्त हुन सकिन्छ । देखेपछि नष्ट भइहाल्छ जस्तो कि बिजुली प्वाल परेको घरमा, त्यत्तै परिणाम सबै धर्महरूको बच्चाहरूले झैं कल्पना नगर्नु । भावाभावद्वारा निर्वाण हुन्छ भन्नु बच्चाहरूलाई भुल्याउनु जस्तो मात्रै हो आर्यहरू दर्शनसद्भाव र यथार्थ बोधद्वारा मात्र मुक्त हुन्छन् । उत्पाद एवम् भङ्गरहित भावाभावविवर्जित, लक्ष्यलक्षणरहित परिणामको कल्पना गर्नु । तीर्थवादनिर्मुक्त नाम संस्थानरहित, अध्यात्मदृष्टि युक्त परिणामको विचार गर्नु हो ॥८३९-८४३॥

संस्पर्शपीडनाभ्यां वै देवानां नारकाणि च ।
अन्तराभविका नास्ति विज्ञानेन प्रवर्तिता ॥८४४॥
जरजाण्डजसङ्केदाद्या अन्तराभवसंभवाः ।
सत्त्वकाया यथा चित्रा गत्यागत्यां विभावयेत् ॥८४५॥
युक्त्यागमव्यपेतानि निः क्लेशपक्षक्षयावहा ।
तीर्थ्यदृष्टिप्रलापानि गतिमान्न समचरेत् ॥८४६॥
आदौ निर्धार्यते आत्मा उपादानाद्विशेषयेत् ।
अनिर्धार्य विशेषन्ति वन्ध्यापुत्रं विशिष्यते ॥८४७॥
पश्यामि सत्त्वान् दिव्येन प्रज्ञामांसविवर्जितम् ।
संसारस्कन्धनिर्मुक्तं मूर्तिमान् सर्वदेहिनाम् ॥८४८॥
दुर्वर्णसुवर्णगतं मुक्तामुक्तविशेषणम् ।
दिव्यं संस्कारविगतं संस्कारस्थं प्रपश्यते ॥८४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्श एवम् पीडनबाट देवताहरू एवम् नारकीयजीवनहरू पनि पीडित हुन्छन्। त्यसको बीचमा अन्तर्भविक छैन, ती सबै नै विज्ञानद्वारा प्रवर्तित हुन्छन्। जरज, अण्डज, स्वेदज आदि सबै नै अन्तरा भव हुन्। सत्त्वकाय हुन् त्यसैले गति र अगतिको वैचित्र्यको विभावना गर्नु। युक्ति आगमरहित निःक्लेशपक्षरहित, तीर्थदृष्टिकाप्रलयहरू गतिमान् व्यक्तिले ग्रहण गर्नुहुँदैन। अहिंसा आत्मा निर्धारित हुन्छ, उपादानबाट विशेषकृत गरिन्छ। निर्धारण नगरी कन नै विशिष्टता उत्पन्न गर्छन् जस्तै वन्ध्यापुत्र दिव्य प्रज्ञाचक्षुद्वारा मांसा रहित प्राणीहरूलाई हेर्दछु। त्यो संसार एवम् स्कन्धरहित सबै प्राणीहरूको मूर्तिमान् स्वरूप हो। सुवर्ण सुवर्णमा, मोती मोतीमा जस्तै संस्कार रहित दिव्य संस्कारमा रहेको म देख्दछु ॥८४४-८४९॥

मूर्तिमान् गतिसंधौ वै तार्किकाणामगोचरम् ।
अतिक्रान्तमानुष्यगतिमहं नान्ये कुतार्किकाः ॥८५०॥
नास्त्यात्मा जायते चित्तं कस्मादेतत्प्रवर्तते ।
नदीदीपवीजत्तस्य निर्गमः किं न कथ्यते ॥८५१॥
अनुत्पन्ने च विज्ञाने अज्ञानादि न विद्यते ।
तदभावे न विज्ञानं संतत्या जायते कथम् ॥८५२॥
अध्वत्रयमनध्वश्च अवक्तव्यश्च पञ्चमः ।
ज्ञेयमेतद्धि बुद्धानां तार्किकैः संप्रकीर्त्यते ॥८५३॥
अवक्तव्यश्च संस्कारैर्ज्ञानं संस्कारहेतुकम् ।
गृह्णाति संस्कारगतं ज्ञानं संस्कारशब्दितम् ॥८५४॥

गति सन्धिमा मूर्तिमान् तार्किकहरूद्वारा अगोचर र मनुष्य गति भन्दा माथि छ भनेर म भन्छु तर तार्किकहरू भन्दैनन्। आत्मा छैन चित्त हुन्न केबाट यो होस् र नदी बीज दीप जस्तै कसरी निर्गम छैन भन्छौ। विज्ञान उत्पन्न नभएपछि अज्ञानादि छैन। त्यसको अभाव विज्ञान हैन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको संतति कसरी हुन्छ। तीन अध्व नै अनध्व हो, पाँचौ अवक्तव्य हुन्छ। यो सबै बुद्धहरूको लागि ज्ञेय हो भनेर तार्किकहरू भन्दछन्। संस्कारद्वारा अव्यक्त संस्कारहेतुक ज्ञानलाई ग्रहण गरिन्छ र त्यो संस्कारगत ज्ञान हो संस्कार शब्दद्वारा बोध्य पनि हो ॥८५०-८५४॥

अस्मिन् सतीदं भवति प्रत्ययाश्चाप्यहेतुकाः ।
व्यञ्जकेनोपदिश्यन्ते तदभावन्न कारकम् ॥८५५॥
पवनं हि वह्नेर्दहनं प्रेरणे न तु संभवे ।
प्रेर्य निर्वायते तेन कथं सत्त्वप्रसाधकाः ॥८५६॥
संस्कृतासंस्कृतं वाच्यमुपादानविवर्जितम् ।
कथं हि साधकस्तस्य बह्निर्बालैर्विकल्प्यते ॥८५७॥
अन्योन्यस्य बलाधानाद्वह्निर्वै जायते नृणाम् ।
सत्त्वः प्रवर्तितः केन बह्निवत्कल्प्यते यतः ॥८५८॥
स्कन्धायतनकदम्बस्य मनाद्याकारणो नु वै ।
नैरात्मा सार्थवन्नित्यं चित्तेन सह वर्तते ॥८५९॥
द्वावेतौ भास्वरौ नित्यं कार्यकारणवर्जितौ ।
अग्निर्ह्यसाधकस्तेषां न च बुध्यन्ति तार्किकाः ॥८६०॥

यो भएमा यो हुन्छ प्रत्ययहरू हेतुरहित छन् व्यञ्जकद्वारा उपदिष्ट हुन्छन् त्यो नहुँदा ती हुँदैनन्। आगोद्वारा गरिने दहनमा पवन कारण हुन्छ तर उत्पत्तिमा भने हुँदैन। प्रेर्यलाई केले निवारण गर्दछ कसरी प्राणीहरू उत्पन्न हुन्छन्। संस्कृत र असंस्कृत उपादनवर्जित हुन्छ। त्यसको साधक वह्नि कसरी बालकहरूद्वारा विकल्पित हुन्छ। एक अर्काको बलको आधानद्वारा वन्हि मनुष्यहरूका लागि हुने गर्दछ। सत्त्व कसरी हुन्छ किनकि वह्नि जस्तै कल्पना गरिन्छ। स्कन्ध आयतन आदिको मन नै कारण भनिन्छ त्यसैले नैरात्म्य सार्थक छ चित्तसँगै नै हुन्छ। यी दुइ चम्किला सँधै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यकारणरहित, अग्नि चाहिं साधक होइन तर तार्किकहरूले बुझ्दैनन् ॥८५५-८६०॥

चित्तं सत्त्वाश्च निर्वाणं प्रकृत्या भासुरा नु वै ।
दोषैरनादिकैः क्लिष्टा अभिन्ना गगनोपमाः ॥८६१॥
हस्तिशय्यादिवच्छाया (?) स्तीर्थ्यदृष्ट्या मलीकृताः ।
मनोविज्ञानसंछन्ना अग्निराद्यैर्विशोषिताः ॥८६२॥
दृष्टाश्च ते यथाभूतं दृष्ट्वा क्लेशा विदारिताः ।
दृष्टान्तगहनं हित्वा गतास्ते आर्यगोचरम् ॥८६३॥
ज्ञानज्ञेयविभागेन अन्यत्वं कल्प्यते यतः ।
न च बुध्यन्ति दुर्मेधा अवक्तव्यश्च कथ्यते ॥८६४॥
भेरी यथा चन्दनजा बालैः कुर्वन्ति नान्यथा ।
चन्दनागरुसङ्काशं तथा ज्ञानं कुतार्किकैः ॥८६५॥

चित्त, सत्त्व, निर्वाण यी प्रकृतिले नै प्रकाशात्मक छन्। अनादिकालिक दोषहरूद्वारा क्लिष्ट छन् र गगन जस्तै अभिन्न पनि। हरितशय्या जस्तै छाया तीर्थदृष्टिले मलिन गरिए मन एवम् तिनलाई जानेर गहन दृष्टान्तलाई छोडेर ती आर्य दृष्टिमा पुगेका छन्। ज्ञान र ज्ञेयका विभागले अन्य तत्त्वको कल्पना गरिन्छ। तर दुर्योधनहरूले बुझ्दैनन् तीनीहरूका लागि यो कथनीय पनि हुँदैन।

चन्दनबाट बनाइएको भेरी बच्चाहरूले अन्यथारूपमा जसरी बुझ्दैनन् त्यस्तै चन्दन अगरु अदिलाई कुतार्किकहले पनि बुझ्दैनन ॥८६१-८६५॥

उत्थितः खलुभक्तश्च पात्रसंश्रितमात्रकम् ।
दोषैर्मुखविकाराद्यैः शुद्धं भक्तं समाचरेत् ॥८६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमं नयं योऽनुमिनोति युक्तितः
प्रसादवान् योगपरो ह्यकल्पनः ।
अनाश्रितो ह्यार्थपरो भवेदसौ
हिरण्मयीं धर्मगतिं प्रदीपयेत् ॥८६७॥
भावाभावप्रत्ययमोहकल्पना
कुदृष्टिजालं समलं हि तस्य तु ।
सरागदोषप्रतिघं निवर्तते
निरञ्जनो बुद्धकरैश्च सिच्यते ॥८६८॥
तीर्थ्या कारणदिस्मूढा अन्ये प्रत्ययविह्वलाः ।
अन्ये अहेतुसद्‌भावादुच्छेदं आर्यमास्थिताः ॥८६९॥
विपाकपरिणामश्च विज्ञानस्य मनस्य च ।
मनो ह्यालयसंभूतं विज्ञानं च मनोभवम् ॥८७०॥
आलयात्सर्वचित्तानि प्रवर्तन्ति तरंगवत् ।
वासनाहेतुकाः सर्वे यथाप्रत्ययसंभवाः ॥८७१॥

उठेर, पात्रमा खाद्यलाई हलो पनि , मुखविकारारि दोषद्वारा, (खान सकेन) पीडित हुन्छ त्यसैले शुद्ध भात खानुपर्छ, यो गंभीर धर्म, मुनिका उक्तिद्वारा आएको हो प्रसन्नतापूर्वक जसले अर्थपरक भएर, आश्रय लिन्छ उसले हिरण्मय उत्तमगति प्राप्त गर्दछ ।

भावाभावप्रत्यात्मक मोह कल्पनाद्वारा कुदृष्टि जालमा फँस्दछ त्यों मलसहित हुन्छ र जब परागदोषले रहित हुन्छ निरञ्जन हुन्छ त्यो वेला बुद्धका हातहरूद्वारा सिञ्चित हुन्छ तीर्थकहरू कारणआदिबाट मोहित छन् । अरू प्रत्यद्वारा विह्वल छन् । अरू अहेतु सद्‌भावद्वारा उच्छिन्न छन् । त्यसैले आर्यहरूमात्र अवस्थित छन् र निकाय एवम् परिणम विज्ञान एवम् मनका हुन् । मनः आलयबाट उत्पन्न हुन्छ । विज्ञान मनबाट, आलयबाट सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तहरू तरंग झै सबै नै वासनाबाट हुन्छन् जसरी पदार्थहरू कारणबाट हुने गर्दछन् ॥८६६-८७१॥

क्षणभेदसङ्कलाबद्धाः स्वचित्तार्थविग्राहिणः ।
संस्थानलक्षणाकारा मनोचक्ष्वादिसंभवाः ॥८७२॥
अनादिदोषसंबद्धमर्थाभावासनोदितम् ।
बहिर्धा दृश्यते चित्तं तीर्थदृष्टिनिवारणम् ॥८७३॥
तद्धेतुकमेबान्यात्तदालम्ब्य प्रबर्तते ।
यदा संजायते दृष्टिः संसारश्च प्रवर्तते ॥८७४॥
मायास्वप्ननिभा भावा गन्धर्वनगरोपमाः ।
मरीच्युदकचन्द्राभाः स्वविकल्पं विभावयेत् ॥८७५॥
वृत्तिभेदात्तु तथता सम्यग्ज्ञानं यदाश्रयम् ।
मायाशूरंगमादीनि समाधीनि पराणि च ॥ ८७६॥
भूमिप्रवेशाल्लभते अभिज्ञा वशितानि च ।
ज्ञानमायोपमं कायमभिषिक्तं च सौगतम् ॥ ८७७॥

लक्षण भेद आदिद्वारा बद्ध, आफ्नो चित्तगत पदार्थमा बाँधिएका, संस्थान लक्षणकर्ता यी सबै मन चक्षु आदि विज्ञान भएका हुन्। अनादिकालिक दोषमा बाँधिएका अर्थाभासमा लागेका व्यक्तिहरूले चित्तलाई बाहिर मात्र देख्दछ त्यस दृष्टिलाई निवारण गर्नु पर्दछ।

त्यसै हेतुलाई मात्र आलम्बन बनाएर जुन दृष्टि उत्पन्न हुन्छ त्यही नै संसार हो।

पदार्थहरू माया, चित्र, गन्धर्वनगर जस्तै मात्र छन्। मरीची उदक, दुईचन्द्र आदि स्वविकल्प मात्र हुन् भनेर जान्नु पर्दछ।

चित्त वृत्तिका भेदले नै त यस्ता, सम्याग्ज्ञान आदि जसमा आश्रित छन् माया शूरंगम आदि समाधिहरू पनि निर्दिष्ट छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमि प्रवेशद्वारा अभिज्ञा एवम् वशितादि प्राप्त हुन्छन् ज्ञान मायोयम कार्य जुन सुगतको हो लाई अभिषेक गरिन्छ ॥८७२-८७७॥

निवर्तते यदा चित्तं निवृत्तं पश्यतो जगत् ।
मुदितां लभते भूमिं बुद्धभूमिं लभन्ति च ॥८७८॥
आश्रयेण निवृत्तेन विश्वरूपो मणिर्यथा ।
करोति सत्त्वकृत्यानि प्रतिबिम्बिं यथा जले ॥८७९॥
सदसत्पक्षनिर्मुक्तमुभयं नोभयं न च ।
प्रत्येक श्रावको याभ्यां निष्क्रान्ता सप्तमी भवेत् ॥ ८८०॥
प्रत्यात्मदृष्टधर्माणां भूतभूमिविशोधितम् ।
बाह्यतीर्थ्यविनिर्मुक्तं महायानं बिनिर्दिशेत् ॥८८१॥
परावृत्तिर्विकल्पस्य च्युतिनाशविवर्जितम् ।
शशरोमणि प्रख्यं मुक्तानां देशयेन्तयम् ॥८८२॥

जब चित्त निवृत्त हुन्छ जगत्लाई नै निवृत्त देख्छ। मुदिता भूमिपनि प्राप्त हुन्छ र बुद्धिमूमिमा अवस्थित हुन्छन्। शाश्वतवादको निवृत्तिद्वारा विश्वरूप निर्दृष्ट हुन्छ त्यसले सबै कृत्य गर्दछ जसरी जलमा रहेको प्रतिबिम्बितले गर्दछ।

सत् एवम् असतपक्ष र हित दुवै र नोभय पनि होइन, प्रत्येक श्रावक आदिका लागि हुन्छ त्यो सातौं भूमि हो। प्रत्यात्मदृष्ट धर्महरूको भूतभूमि जो संशुद्ध छ, र बाह्य तीर्थिकहरूद्वारा मुक्त पनि छ त्यही महायानको उपदेश गर्नु। विकल्पको परावृत्ति, च्युति एवम् नाश रहित, शशरोम जस्तै शुद्ध, मुक्तहरूलाई नै देशना गर्नु- मेरो सिद्धान्तको लक्ष्य हो ॥८७८-८८२॥

यथा हि ग्रन्थो ग्रन्थेन युक्त्या युक्तिस्तथा यदि ।
अतो युक्तिर्भवेद्युक्तिमन्यथा तु न कल्पयेत् ॥८८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चक्षुः कर्म च तृष्णा च अविद्यायोनिशस्तथा ।
चक्षुरूपे मनश्चापि आविलस्य मनस्तथा ॥८८४॥

जस्तै ग्रन्थ (पुस्तक) द्वारा ग्रन्थ, युक्तिद्वारा युक्ति (तर्क), त्यसैले युक्ति नै युक्तिहुनेछ अन्यथा कल्पना नगर्नु ।

चक्षु, कर्म, तृष्णा, अविद्या,अयोनिशमनस्कार, चक्षुरूप र मन पनि आलय विज्ञानवाट नै हुन्छन् र मनवाट आलयविज्ञान हुन्छ ॥८८३-८८४॥

इत्यार्यसद्धर्मलङ्कावतारो नाम
महायानसूत्रं सगाथकं समाप्तमिति ॥८८५॥
ये धर्मा हेतुप्रभवा हेतुं तेषां तथागतो ह्यवदत् ।
तंषां च यो निरोधो एवम् वादी महाश्रमणः ॥८८६॥

इत्यार्यसद्धर्मलङ्गावतारो नाम महायानसूत्रं सगाथकं समाप्तमिति ।

जुन धर्महरू हेतुवाट उत्पन्न छन् तिको कारण पनि तथागतले वताउनु भएको छ । तिनको निरोध पनि वताउनु भएको छ । यस्तो भन्ने वादी नै महाश्रमण हो ॥८८५-८८६॥

आर्य सद्धर्मलङ्कारवतार ग्रन्थ पूर्ण भयो ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ।।

नेपाल सरकारबाट स्वीकृत प्राप्त सामाजिक एवं प्राज्ञिक गैर-सरकारी संस्था

जयतु संस्कृतम् का प्रकाशनहरु

१.	मङ्गलग्रहः (काव्यम्)	- डा. टीकाराम पन्थी
२.	कृष्णाभिसर्पणम् (काव्यम्)	-महाकवि भरतराज मन्थलीय
३.	मीमांसातर्कभाषा	-डा. काशीनाथ न्यौपाने
४.	चन्द्रप्रभा (काव्यम्)	- डा. टीकाराम अधिकारी
५.	संस्कृतकवितासङ्ग्रहः	- संयुक्त सम्पादन
६.	कलमाक्षरचरितकाव्यम्	- प्रा. तेजकेशरी शर्मा
७.	संस्कृतमा के छ ?	- संयुक्त लेखन
८.	जयतु संस्कृतम् (मुखपत्र)	- संयुक्त सम्पादन
९.	प्राकृतपोखरा (संस्कृतमा)	-अनुवादक डा. लक्ष्मीकान्त पन्थी
१०.	लङ्कावतारसूत्रम्	-अनु. डा. काशीनाथ न्यौपाने
११.	चार्वाकदर्शन	-प्रा.रेवतीरमण खनाल
१२.	गौतमन्यायसूत्रम्	-अनु. प्रा. पद्मप्रसाद भट्टराई
१३.	ब्रह्मसूत्रम्	-अनु. प्रा. डा. दीर्घराज घिमिरे

जयतु संस्कृतम्
केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
दूरभाष: ४-३७०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal